CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ ॥

नि. १०३२५

निगमागमवैज्ञानिकसारः

५.१२.०८
१४३५८.नं.

॥ लेखक ॥

श्री ले. जनरल धनशम्शेर जङ्गबहादुर राणा
(सैनिकदीर्घसेवापट्ट, विश्वविजयी कुलशिरोमणी)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

9834

वाल्मीकि विद्यापीठ-पुस्तकालयः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ॐ ॥

निगमागमवैज्ञानिकसारः

काठमाडौं
२०२८

॥ लेखक ॥

श्री ले. जनरल धनशम्शेर जङ्गबहादुर राणा
(सैनिकदीर्घसेवापट्ट, विश्वविजयी कुलशिरोमणी)

मूल्य ...

सम्वत् २०२९]

॥ प्रथमवार १००० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकः–
श्रीले. ज. घनशम्शेर जङ्गबहादुर राणा
२०/३६५ नक्साल
काठमाडौं।

(सर्वाधिकार लेखकको सुरक्षित)

मुद्रकः–
नेपाल प्रेस,
६/५६८ नयाँ सडक,
काठमाडौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धनशम्शेर

॥ समपणम् ॥

पैले वस्तुनिदानको अनिपछि ध्यानादिसङ्केतको ।
फेरी मन्त्ररहस्यको उसपछि श्रीयन्त्रसङ्केतको ॥
सन्ध्याको अनि तोरणस्थ सुरतव्यासक्तचित्रादिको ।
खोली आशय अन्त्यमा नियमका भेदप्रभेदादिको– ॥
पाएँ शास्त्ररहस्य जो गुरुकृपाद्वारा सबै सो लिई ।
हेरी तन्त्र अनेक मन्थन गरी सारांश सारा झिकी ॥
विज्ञानादि विशेष आर्यकुलको उद्धारको यो रची ।
नेपालेन्द्र महेन्द्रका चरणमा अर्पन्छु पाऊ परी ॥

सदा भक्त सेवक

धनशम्शेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्री

शुभाऽऽशंसा

आगमविद्या आर्यसंस्कृतिका प्रधान आधारस्तम्भहरू मध्येको एक हो। निगम (वेद) र आगम (तन्त्र) आर्यसंस्कृति स्वरूप नदीका दुई तीर हुन भन्न पनि सकिन्छ। कुनै तीरबाट पसेर पनि नदीमा स्नान गर्नु कर्तव्य हो।

ये विप्राः शापनिर्दग्धा ब्रह्मकर्म—विवर्जिताः।
तेषां तु कौलमार्गोऽयं भुक्तिमुक्त्योस्तु साधनम् ॥

सिद्धान्तसारको यो भनाई अनुसार त्याग, वैराग्य र शरीरशुद्धि राख्न नसक्नेहरूका निमित्त मात्रै आगममार्ग बोलिएको हो भन्ने पनि धेरै छन्, तर पूर्ण विरक्त र तपः परिपूत महर्षि वसिष्ठदेखि लिएर आचार्य शङ्करसम्म पनि नियालेर हेर्दा उनीहरूले निगम र आगम दुवै मार्गको अनुसरण गरेको पाइन्छ। बृहद्धर्मपुराणमा त निगमभन्दा आगम जेठो हो भन्ने उल्लेख छ। निगमागमरूप दुई हातले त्रैलोक्यको धारण गर्छु भन्ने जगद्धात्री पार्वतीको भनाई छ—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"आगमस्य भवान् कर्ता वेदकर्ता स्वयं हरिः ।
आदावागमकर्तृत्वे भवान् वै विनियोजितः ।
पश्चाद्वै वेदकर्तृत्वे हरिः सम्यङ् नियोजितः ।
आगमश्चैव वेदश्च द्वौ बाहू मम पुष्कलौ ।
द्वाभ्यामेव धृतं सर्वं त्रैलोक्यं भूर्भुवादिकम् ।"

यहाँ 'आगम' शब्द तन्त्रको पर्याय हो । 'आगम' शब्दको अर्थ रुद्रयामलमा यस प्रकारले गरिएको छ —

"आगतः शिववक्त्रेभ्यो गतश्च गिरिजामुखे ।
मग्नस्तस्या हृदम्भोजे तस्मादागम उच्यते ।"

निगम ईश्वरले बनाएको हो भन्नेहरूसँग आगम महेश्वरले बनाएको हो भन्न सकिन्छ । वस्तुतः निगममा र आगममा तारतम्य वा भेदभाव केही देखिदैन ।

हाम्रो नेपालमा विभिन्न देवी-देवताहरूका आगम-शास्त्रानुसारी पीठहरू आज पनि अनेक ठाउँमा छदैछन् । यी पीठहरूको निर्माण समयमा आगमरहस्यज्ञ विद्वानहरू धेरै थिए । हाम्रो देशमा त्यो समय आगमविद्याको स्वर्णयुग थियो । कालको चक्र बदलियो । तान्त्रिक प्रयोगको त कुरा परै रहोस्, 'यो फलानो तन्त्रको पुस्तक हो' भनेर चिन्ने मानिस पनि दुर्लभ भए । हाम्रा कति ग्रन्थरत्न च्याम्पामा सडेर कति खोलामा बगे । यस्तो अन्धकारमय स्थितिमा आगमविद्याका विभिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्यहरूको विश्लेषण गरेर पुस्तकको रूपमा आलोकप्रदान गर्ने श्रीले० ज० धनसम्शेर जङ्गबहादुर राणा अनेकानेक धन्यवादका पात्र हुनुहुन्छ ।

राणासाहेब अघि पोखरामा हुनुहुंदा उहाँसँग मेरो पिता श्रीपं० देविरमण उपाध्याय पराजुलीज्यूको विशेष सम्पर्क थियो । म पनि कहिले कहीं जाने गर्थें, तर तिनताक मैले उहाँलाई पोखराको बडाहाकिम मात्र संझेको थिएं। १९९८ सालको माघमा तन्त्रसम्बन्धी केही प्रश्नहरू लिए र प्रयागमा अखिल भारतीय शाक्त सम्मेलनका मन्त्री श्रीशिवनाथ काटजू कहाँ पुग्दा श्रीकाटजूले भन्नु भयो 'पण्डितजी, म तन्त्रशास्त्रका इतिहासको विद्यार्थी मात्र हुं प्रयोगात्मक तन्त्रको पूर्ण अभिज्ञाता त तपाईंको नेपालैका राणा धनसम्शेर सिवाय मैले अरु कसैलाई जानेको छैन।' 'मूढः परप्रत्ययनेयबुद्धि' को अनुसार काटजूद्वारा राणा साहेबलाई मैले चिन्न पऱ्यो । अस्तु ।

प्रस्तुत पुस्तक 'निगमागमवैज्ञानिसारमा' वस्तुनिदान, ध्यानसङ्केत, मन्त्ररहस्य, यन्त्रसङ्केत, सन्ध्यारहस्य, तोरणचित्र-रहस्य र नियमभेदप्रभेदको वर्णन क्रमैसँग शास्त्रीय र वैज्ञानिक मर्यादाको परिपुष्टिका साथ योग्यतापूर्वक गरिएको छ । राणा साहेबका पुस्तिकाहरूले नेपाल र भारतका उच्चकोटीका विद्वान्-हरू निकै प्रभावित भएका छन्। सुगूढ तान्त्रिक रहस्यको उद्‌घाटन गर्ने काममा यी पुस्तकहरूले गुरुको स्थान पाउने छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तमा म यसै गरी तन्त्ररहस्य प्रतिपादन गर्न श्रीपशुपतिनाथले प्रस्तुत ग्रन्थका लेखकलाई चिरायु राखुन् भन्ने शुभाशंसा गर्छु ।

गङ्गाधर पराजुली
न्यायाचार्य

टङ्गाल,
२०२१।७।२६।७

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



श्री ले. जनरल धनशम्शेर जङ्गबहादुर राणा
(लेखक)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परिचय

श्रीगणेशाय नमः

यस पुस्तकको लेखक श्रीले. जनरल धनशम्शेर जङ्गबहादुर राणा स्वर्गीय श्री ३ महाराज बीरशम्शेर जङ्गबहादुर राणाका नाती श्रीफिल्डमार्शल रुद्रशम्शेर जङ्गबहादुर राणाका जेठा छोरा हुनुहुन्छ भन्ने कुरा सर्वविदितै छ। म उहाँका पिता श्रीफिल्डमार्शल साहेबको बालसंगाती भई हालैसम्म पनि साथैमा रहेको हुनाले लेखक जनरल साहेबको आग्रहले यो उहाँको परिचय यथाज्ञान लेखीरहेछु।

लेखक जनरल साहेबको जन्म वि. सं. १९५१ साल पौष २८ गते शुक्रवार माघकृष्ण एकादशीको बिहान ७ बजी १७ मिनेट १७ सेकेण्डमा भएको हो। उहाँ आफ्ना पितामह स्वर्गीय श्री ३ महाराजको बहुतै प्रिय हुनुहुन्थ्यो। त्यसकालमा उहा सधै अनेक प्रकारका जुहारत र रेशम मखमलादि वस्त्रले सुसज्जित हुनु हुन्थ्यो। "श्री ३ महाराजको अति प्रिय हुनाले हुर्किए पछि उहाँ अति ऐशी, धनी र बिद्याविहीन मूर्ख हुनुहुनेछ" भन्ने हामी धेरैजनाको अनुमान थियो; तर हालमा सो अनुमानको एकदम उलटो परिणाम हुन आयो। पैरन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुसारको बालककालमा उहाँको रूपलावण्य पनि थियो, त्यस-उसले 'गुण्डाराजा' भन्ने प्यारो नाम उहाँको पितामहबाट राखियो। बालावस्था देखिनै उहाँमा एउटा बिशेष लक्षण थियो, त्यो के हो भने, उहाँ करीव ४ बर्षको उमेर देखिनै श्रीगुह्येश्वरी बनाएर सकली पूजासामग्रीले पूजागरी खेल्नु हुन्थ्यो। वि. सं. १९५६ र १९५७ मा श्री ३ महाराजको मदेश-सवारीमा जाँदा पनि प्रत्येक वासमा उहाँको खेल उस्तै हुन्थ्यो। आफ्नो पितामहको स्वर्गवास भएपछि पनि एकाध घण्टा विहान पूजामै विताउने उहाँको अम्मल थियो। वि. सं. १९६८ श्रावणमा उहाँ वार्षिक रू० १८०० (अठार सय) को भत्ताम्मा रोलवाला ले० कर्णल दर्जामा नियुक्त हुनुभयो। वि. सं. १९७१ मा उहाँले कलकत्ता विश्वविद्यालयबाट द्वितीय श्रेणीमा म्याट्रिक पास गर्नुभयो। उहाँ अक्सर साधक विद्वान्हरू सितको सत्सङ्ग र धार्मिक ग्रन्थहरूको अध्ययन गर्न गर्नुहुन्थ्यो। बिशेषगरी श्रीसुब्बा बीरेंद्रकेशरी अर्याल सित उहाँको सत्सङ्ग थियो र सुब्बाबाजेकै अनुरोधबाट उहाँले वि. सं. १९८२ तिर "श्रीस्तोत्र-मञ्जरी" लेख्नु भयी संशोधन गराई प्रकाश गर्नुभयो। वि. सं. १९८७ भाद्र १ गतेमा सोही १८०० को ले० क० खानगीमा भत्ता रू० २००० (दुई हजार) वार्षिक थप भई भक्तपुरको बृगेडियरमा नियुक्त हुनु भयी ६ गते देखि बहालीगर्नुभयो। भादगाउले राजा श्रीसुमतिजयजितामित्र मल्लबाट वि. सं. १७३५ मा स्थापित भएको ढुङ्गेधाराहरू पछिका भादगाउले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजा श्रीभूपतीन्द्र मल्लले वि. सं. १७६० मा तथा १६१२ मा श्रीकम्यांडर-इन-चीफ जनरल धीरशम्शेर जङ्गबहादुर राणा-बाट जीर्णोद्धार भएकोमा पछि कुनै वेपत्ता र कुनै सुक्खा भई रहेकोमा उहाँ जनरल साहेवले जीर्णोद्धार गरी सरकारबाट दोसल्ला पाई वि. सं. १६८६ माघमा तामापत्र समेत रखाउनु भयो। सोही वि. सं. १६८६ आश्विन शुक्ल पूर्णिमाको दिन वार्षिक रू० ७००० (सातहजार) को रोलवाला मे. जनरल दर्जामा नियुक्त हुनुभयो। उहाँ भक्तपुरमा रहनु हुदा आफ्नो फुर्सदमा निर्माण गर्नु भएको 'श्रीपराविभूतिस्तोत्रम्', 'योगानन्द-लहरी' तथा 'रौद्रीयव्याकरण कौमुदी' (सर्बप्रथम नेपाल राष्ट्र भाषामा संस्कृत व्याकरण) वि. सं. १६६० वैशाखमा उहाले छपाई प्रकाश गर्नुभयो। वि. सं. १६६० मार्गमा तत्कालीन कम्यांडर-इन-चीफ हाल श्रीफिल्डमार्शल रुद्रशम्शेर जङ्गबहा-दुर राणाको असिष्टेण्ट जनरलमा नियुक्ति हुनु भई मुलुकी अड्डामा काम गर्ने हुनु भयो। सो वि. सं. १६६० माघमा ठूलो भूकंप हुदा श्रीचीफको असिष्टेण्ट भई राम्रो बन्दोबस्त गरेबावत उहाँले 'भूकंपपीडितोद्धार' को मेडल पाउनु भयो। सोही सालको चैत्रमा मुक्त्यारी अदलबदल हुदा रोलको परिवर्तन समेत हुदा उहाँ जनरल साहेब पोखरामा प्रस्थान गरी त्यहाको बडाहाकिममा नियुक्त हुनुभयो। वि. सं. २००० मा 'श्रीपरामहिमस्तोत्रम्' निर्माण गरी प्रकाश गर्नुभयो। सोही सालदेखि प्रयागमा "अखिल भारतीय शाक्तसंमेलन" को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्थापना भई त्यसको मुख–पत्रिका 'चण्डी' प्रकाश हुने भयो। उहाँ जनरल साहेब तान्त्रिक विषयका लेखहरूमा धेरै काल अघिदेखि निकै चाख राख्नु हुन्थ्यो। उक्त 'चण्डी' पत्रिकामा प्रकाशित धेरै तान्त्रिक विद्वान्हरूको लेखहरू पढ्नुहुँदा र 'तान्त्रिक' भन्ने कहलिएको हाम्रो देश नेपालबाट भने कुनै पनि लेख उसमा न देख्दा जनरल साहेबको मनमा कुरिकुरि लागेछ र यथाज्ञान तान्त्रिक लेखहरू 'चण्डी' लाई दिनलाग्नुभयो। वि. सं. २००२ देखि प्रत्येक नवरात्रको उपलक्षमा 'अखिल भारतीय शाक्त संमेलन' को संस्थापक स्वर्गीय श्री १०८ बाबा मोतीलालजी महाराजले त्यस सालको 'चण्डी' मा तान्त्रिक लेख दिने तान्त्रिकहरू मध्ये जस जसको लेख उपयोगी ठहरिन्छ, उसउसलाई उपाधि प्रदान गर्ने प्रथा निर्धारित भएकोमा पहिलो साल अर्थात् वि. सं. २००२ सालकै आश्विन नवरात्रको उपलक्षमा पूर्वोक्त श्री १०८ बाबा मोतीलालजी महाराजबाट हाम्रो जनरल साहेबले 'विश्वविजयी कुलशिरोमणि' को उपाधि प्राप्तगरी हाम्रा नेपाली तान्त्रिकहरूको नामराख्नुभयो। सोही साल उहाँले फेरि पनि 'श्रीपराङ्गस्तवराज' निर्माण गरी प्रकाश गर्नु भयो।

वि. सं. २००७ सालको क्रान्तिमा पोखरामा भएको आन्दोलनमा धेरै धनजनको नोक्सान हुने संभावना हुँदा स्वयं जनरल साहेब आफै उत्तेजित सिपाईहरूको साथ साथै १४ (चौध) दिनसम्म अहोरात्र ट्रेञ्च मै रुजूरही उत्तेजित फउजलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शान्त्वना दिई शान्त गराई शन्तिपूर्वक सबै हलगराउनुभयो र सो बावत आफ्नो खान्गीमा वार्षिक रू० २८०० (दुई हजार) थप पाउनु भयो। वि. सं. २००८ मा उहाँ आफैले जिल्ला शान्तिको लागि अघिदेखि कंग्रेसमा काम गर्ने एउटा योग्य व्यक्ति आफ्नो बदला बडाहाकिम आउने सरकारसित अनुरोध गरी, सो नया बडाहाकिम आए पछि, निजलाई आफ्नो भार बुझाई सदरमा आई परेठमा नियुक्त हुनुभयो। धेरै जना भारतीय साधकहरूको अनुरोधले 'श्रीतान्त्रिकोपासनादर्पण' नामक पुस्तक दुई खण्डको हिन्दी-भाषामा बनाई प्रकाश गर्नुभयो। वि. सं. २००९ वैशाखमा उहाँले 'सैनीकदीर्घसेवापट्ट' प्राप्त गर्नु भयी जेष्ठमा आफ्नै खानगीमा ले. जनरल दर्जामा नियुक्त हुनु भयी आषाढ १ गतेमा पेन्सन पाउने भई अवकाश ग्रहण गर्नुभयो।

अवकाश ग्रहण गरेपछि पनि उहाँले देशसेवा छाड्नु भएन। अघि पनि संस्कृत-भाषामा उहाँले धेरै किताबहरू रच्नु भएको कुरा माथिने बर्णन भयो; अब उहाँको आफ्नो राष्ट्र-भाषातिर ध्यान गएछ र अनेक तन्त्रगन्थहरूको गंभीर अध्ययन गरी राष्ट्र-भाषामा 'श्रीतान्त्रिकविज्ञानदर्पण' निर्माण गरी प्रकाशनको लागि नेपाल एकेडमीमा समर्पण गर्नुभयो। त्यस पछि यो द्वितीय पुस्तक 'निगमागमवैज्ञानिकसार' तयार पार्नु भएको छ। उहाँको वय ऐले ६७ वर्षको हुंदा पनि शास्त्रका पुस्तकहरू पढ्न र लेख्नमा रातोदिन संलग्न हुनुहुन्छ; यसको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अतिरिक्त उहाको अरू कुनै प्रकारको व्यायाम छैन। फेरि तेस्रो 'प्रबुद्धसनातनरहस्यम्' नामक पुस्तक पनि झण्डै तयार पारी-सक्नु भएको छ।

अन्त्यमा लेखक जनरल साहेबको परिचय यत्तिकैमा समाप्त गर्छु। यस पुस्तकको बारेमा कुनै पनि टिकाटिप्पनी गर्न म असमर्थ छु; किनकी यसको लेख बहुतै गहन छ फेरि त्यस विषयमा मेरो ज्ञान सारैनै अल्प छ। जे भए पनि यस पुस्तकले तन्त्रशास्त्रमा चाखलिने पाठक महानुभावहरूलाई निकै सहायता गर्नेछ भन्ने पूरा विश्वास एवं आशा गर्दछु। बिशेष धेरै के लेखौं ?

चन्द्रबिक्रम शाह

वि॰ सं॰ २०१८ चैत्र, (भू॰ पू॰ लेफटिनेण्ट)

बानेश्वर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ॐ॥

॥ प्रस्तावना ॥

॥ ॐ नमः परदेवतायै ।.

देवि प्रपन्नार्तिहरे प्रसीद
प्रसीद मात र्जगतोऽखिलस्य ॥
प्रसीद विश्वेश्वरि पाहि विश्वम्
त्वमीश्वरी देवि चराचरस्य ॥

सर्व प्रथम मैले यस भन्दा अघि जति जति पुस्तक-पुस्तिकाहरू बनाएं, त्यसको कारण उसै उसै पुस्तकहरूमा दर्शाएको छु। अब यस पुस्तक लेखनाको कारण दर्शाउनु भन्दा पहिले एउटा कुरा भन्नु छ। साह्रै दुःखलाग्दो कुरा यो छ कि टुहुना, मोहनी र झारफूक इत्यादि कर्म गर्ने झाक्री र झारफूके-हरूमा 'तान्त्रिक' वा 'तन्त्रज्ञ' भन्ने संज्ञा हुने चलन छ। यो त "कता राजा रामशाही कता मनुवा भाँड" भने जस्तो कुरा भयो। हुनत यी झाक्री र झारफूकेहरूका विद्याहरू पनि मूलतन्त्रबाट पौराणिककाल भन्दा पनि धेरै पछि जन्मिएका बच्चाबच्ची हुनाले तन्त्रका अङ्ग नै हुन्। तर यी विद्याहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मुक्तिमार्गका वाधक हुनाले क्षुद्रविद्यामा दर्ता हुनगई मुमुक्षुहरूका सनातनी कुलधर्मबाट बहिस्कार भएर नैर्ऋत्याम्नायमा रहन गए। वास्तविक कुलधर्मको रहस्य पनि लापरवाईले हो वा फेले हो गुरुहरूकै साथमा लागेर परमधामतिर धमाधम बाटो तताउदैछन्। आर्यहरूमध्ये धेरैको मनमा "तन्त्रमार्ग भनेको षट्कर्मादि गर्नु र बामाचारबाट भैरवहरू तथा भगवतीहरूको उपासना गर्नु मात्रै हो; कौल वा कौलिक भनेको कापालिक-बामी मात्रै हुन्, श्मशान साधेर क्षुद्रविद्याद्वारा अनेक इन्द्रजाली चमत्कार देखाउनेहरू र अघोरीहरूलाई ठूलोसिद्ध महात्मा हुन्" भन्ने भ्रामिक धारणा छ। सर्वोल्लासतन्त्रको "पशुभावयुताः कौलाः वैद्यवैष्णवशैवकाः। बीरभावयुताः कौलाः सिद्धान्तो वामदक्षिणौ ॥" अर्थात् "वैद्य (वैदिक), वैष्णव र शैव पाशव-कौल वा पशुकौल अनि सिद्धान्ती (वेदान्ती, गीताभ्यासी, ज्ञानयोगीहरू समेत), बामाचारी र दक्षिणाचारी बीरकौल हुन्।" भन्ने वचन धेरैलाई थाह छैन। "आगतः शिववक्त्रेभ्यो गतश्चगिरिजामुखे ॥ मग्नं तस्य हृदम्भोजे तस्मादागम उच्यते ॥" अर्थात् "शिवको मुखबाट निस्किएर पार्वतीको मुखमा गई उनिको (पार्वतीको) हृदयमा मग्न भई रहेको (शास्त्र) लाई आगम भन्दछन्।" यस्तो शास्त्रको वचन हुनाले र 'रामायण' खास शिवले पार्वतीलाई वताएको हुनाले 'इतिहासरूप आगम-शास्त्र' तन्त्र नै हो त्यसमा शङ्का छैन। फेरि वैदिक कण्डिका वा ऋचारूपमन्त्रहरू र ब्रह्मगयत्री वाहेक अन्य सबै मन्त्रहरू तन्त्रकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले सबै गाणपत्य, सौर, शाक्त, शैव तथा वैष्णवहरू तन्त्र-मार्गबाटै उपासना गरीरहेछन्। अतः वेद अङ्कुर तथा तन्त्र बीजरूप हुनाले कुनै पनि हाम्रो सनातनी धार्मिक कर्म वेद र तन्त्र दुवैको साथसाथै प्रयोग नभई हुनै सक्दैन। पितृश्राद्ध-कर्ममा सर्वत्र वैदिकमन्त्रकै काम हुदा पनि 'ॐ नमो नारायणाय' भन्ने तान्त्रिकमन्त्रको प्रयोग ठाउँ ठाउँमा हुन्छ। यस्तो होता पनि यसमा मानिसले चाख नराख्दा यसको रहस्य धेरै नै हराई सक्यो, थोरै कुनाकापचा तिर मात्रै बाँकी रहे जस्तो बुझिन्छ। अझै पनि यसको खोजी नगरे हाम्रो धर्म विधर्मी-हरूको हस्सिपात्र बन्ने छ, यसमा सन्देह छैन।

दैनिक जीवन व्यवहार गरिने सनातिना वस्तुहरूका विषयमा बर्णन गरिएका पूजापद्धतिहरू भने तन्त्रशास्त्रबाट उद्धृत भएका नेपाल, भारत, भोट र चीनमा अनेक प्रकारका पाइन्छन्। तर तिनमा सबै मार्मिकरहस्यहरू गुप्त गरिएको हुन्छ। विनागुरु कुनै रहस्य पनि पत्तालाग्न सक्तैन। त्यस्ता पद्धतिका भरले पूजारी र लाटासुधा शिष्यहरूका गुरु बन्नत सकिएला तर मूर्ति, यन्त्र, मन्त्र र पूजासामग्रीको वैज्ञानिक प्रयोग गर्ने कुरा त परै रहोस्, वैज्ञानिक रहस्यको ज्ञानसम्म पनि हुन सक्तैन। तान्त्रिकोपासना गर्नु अर्थात् तन्त्रमा लाग्नु नै एकदम आत्मसाधन-योगद्वारा हरेक रहस्य पत्तालगाउन बनेको आफ्नो आत्मालाई चोखाउने हटौटी जानेर अभ्यास गर्नु हो। केवल पद्धतिको भरमा चल्नु नया सिकारूहरूको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लागि साधारणै जस्तो हुन्छ; तर पछि पछि यसको रहस्य बुझ्दै गएपछि 'यो बहुतै भयानक र कठोर रहेछ' भन्ने ज्ञान हुँदैजान्छ। फेरि यो तान्त्रिक-साधन हामी कुलीन सनातनीमा मात्रै नभई बौद्ध र जैनहरूमा पनि प्रशस्त मात्रामा लागु हुनाले बौद्धतन्त्र र जैनतन्त्रका ग्रन्थहरू पनि कमती छैनन्। तिनको वैज्ञानिक रहस्य पनि उत्तिकै गहन हुन्छ। यी सबै विषयहरूमा यथार्थ प्रकाशन र विश्लेषण अझै हुनसकेको छैन। हालमा भने पाश्चात्यहरूले पनि यस शास्त्रमा चाख राखेकोले हो वा केले हो यो लोकप्रिय हुँदै गएको बुझिन्छ। तर के गर्नु ? खेदको कुरा त यो छ कि यसको मार्मिक रहस्यज्ञ भने विलाउँदै गईरहेछन्, थोरै बाँकीरहेकाहरू पनि उही 'गोपनीयम' को पुरानो भावमा परी चुपचापमा छन्।

"वैज्ञानिक रहस्य फेला नपरे पनि प्राचीन हस्तलिखित-ग्रन्थहरू जम्मा गर्नसके तन्त्रमा चाख राख्नेहरूलाई तान्त्रिक विज्ञानको अनुसन्धान गर्न सजिलो भई हाम्रो सनातन कुलधर्मको महत्त्व फैलिएर जाला।" भन्ने अभिप्रायले मेरा पूज्य पितामह स्वर्गीय श्री ३ महाराज बीरशम्शेर जङ्गबहादुर राणाबाट अनेक प्रयासद्वारा 'बीरपुस्तकालय' स्थापित भई हाम्री मातृभूमि नेपालको गौरवान्वित शृङ्गार भएको कुरा लोकप्रसिद्ध छ। अतः "आफ्नो पूज्य पितामहको स्वप्ना केही अंशमा साकाररूप बनाउँन सकौंला कि" भन्ने अभिप्रायले आफूले अनुभव पाएर जानेजति वैज्ञानिक रहस्यको उद्घाटन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी पहिले 'तान्त्रिकविज्ञानदर्पणम्' नामक सानो पुस्तिका लेखी हाल यो पुस्तक लेखीरहेछु। पछि पनि यस्तै प्रयास गर्दै गरी बराबर यस्ता लेखहरू प्रकाश गर्ने हेतुले कलम चलाउन आँटीरहेछु। त्यसमा श्रीजगदम्बाको जो इच्छा होला।

यस पुस्तकमा वेद र तन्त्रको आफूले जानेजति वैज्ञानिक रहस्यको झलक दर्शाएको हुनाले यसको नाम 'निगमागम-वैज्ञानिकसार' भन्ने राखेको छु। (यसलाई सात पटलमा विभाजित गराएको छु। प्रथममा निदानको मतलव, द्वितीयमा ध्यानसंकेत, तृतीयमा मन्त्रसंकेत, चतुर्थमा यन्त्रसंकेत (गणित-शास्त्रको उत्पत्ति समेत), पञ्चममा सन्ध्यासंकेत, षष्ठमा तोरणसंकेत (देवालयहरूमा रहेको रतासनमूर्तिहरूको निदान तथा रहस्य समेत) अनि अन्त्यको सप्तममा नियमादिको निदानको चर्चा गरेको छु।)

श्री पं० गङ्गाधर पराजुली शास्त्रीजीले यस पुस्तकको प्रुफ झण्डै आधा भन्दा वढी संशोधन गरी आफ्नो अनुमति समेत लेखीदिनुभएकोमा तथा श्री पं० विष्णु प्रशाद भण्डारी-जीले वैदिक कण्डिकाहरूको अर्थ गर्दा सहायता दिनुभएकोमा उहाँहरूमा हार्दिक कृतज्ञताको साथ धन्यवाद समर्पण गरी सादर प्रणाम गर्दछु। श्रीछोरानानी कोमलशम्शेर जङ्गबहादुर राणाले यस पुस्तकमा रहेको सबै चित्रहरू लेखीदिएर अंग्रेजी लवजहरूमा समेत सहयोग दिएकोमा हार्दिक स्नेह प्रकट गरी शुभाशिष दिन्छु। मेरा पूज्य बुवाज्यू श्रीफिल्डमार्शल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ प्रस्तावना ॥

रुद्रशम्शेर जङ्गबहादुर राणाका बाल संगाती श्रीलेफ्टिनेण्ट चन्द्रविक्रम शाहजीले (जो 'सानो ठकुरी' नामले प्रसिद्ध हुनुहुन्छ) यस पुस्तकमा मेरो परिचय लेख्नु भएकोमा वहाँलाई धन्यवाद र कृतज्ञता प्रकट गर्दछु। श्रीनानी सन्तनु प्रताप जङ्गबहादुर राणाले छपाउनाको लागि प्रतिलिपि गरी सारी दिएकोमा उनीलाई पनि हार्दिक स्नेह प्रकट गर्दछु।

यो पुस्तक २०१८ साल चैत्रको अन्त्यतिर नै तयार भई सकेको थियो, तर के कारणले हो यसले अनेक जाल पेचको बाधा सहन परेकोले अनेक प्रेसहरूमा चाहार्न पर्‍यो। अन्त्यमा विद्याप्रेमी श्री ५ महाराजाधिराज सरकारबाट यो पुस्तक छपाउन लाग्ने खर्च निगाहरहीबक्सेको हुनाले मात्रै ऐले यो प्रकाश भएको हो; नत्र त अझै २।४ वर्ष यसलाई लर्खराई रहन पर्ने थियो।

यो प्रस्तावना पनि अघि नै तयार भएको थियो, तर यो हालमा मात्रै प्रकाश हुने भएकोले पछि भएको केही कुरा थपी प्रकाश गरेको हुँ। यस पुस्तकको बारेमा विशेष अरू के लेखौं? यसको अध्ययनबाट पाठक महानुभावहरूमा स्वयं विदित हुने छ।

भवदीय (विनीत)

२०/३६५, नक्साल — धनशम्शेर जङ्गबहादुर राणा
काठमाडौं, नेपाल — (लेखक)

विक्रम सम्वत् २०२१ कार्तिक ३० गते रोज १ शुभम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ विषय—सूची ॥

॥ प्रथमः पटलः ॥

विषयः	पृष्ठाङ्कः
निदानशास्त्रको निर्णय	१
मातृकाक्षरको सांकेतिकरूप र प्रयोग	१३

॥ द्वितीयः पटलः ॥

मूलप्रकृतिको बिबिधरूप बन्नाको कारण	४१
पूर्वाम्नायनायिका भुवनेश्वरीको स्वरूपतत्त्व	४६
दक्षिणाम्नायनायिका श्यामाकालीको स्वरूपतत्त्व	५२
एवं दक्षिणाकालीको स्वरूपतत्त्व	५७
पश्चिमाम्नायनायिका कुब्जिकाको स्वरूपतत्त्व	६६
उत्तराम्नायनायिका गुह्यकालीको स्वरूपतत्त्व	७१
ऊर्ध्वाम्नायिका बालाको स्वरूपतत्त्व	७७
एवं त्रिकूटा महात्रिपुरसुन्दरीको स्वरूपतत्त्व	८०
अधराम्नायनायिका ताराको स्वरूपतत्त्व	८२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ तृतीयः पटलः ॥

षट्चक्रनिरूपणको मतमतान्तरको बर्णन ८५
तान्त्रिक पुच्छबीजको प्रयोग र न्यासको रहस्य १०५
वैदिक पुच्छबीजको प्रयोग र उदाहरण ११७
ध्वनितरङ्गको भेद तथा मन्त्रको लिङ्गभेद १२२
मन्त्रावयवहरूको निर्णय १२६
कुनै कुनै मुद्राको प्रयोगको विधान तथा रहस्य १४७

॥ चतुर्थः पटलः ॥

नाडीको विवेचना १५९
यन्त्रको तत्त्वात्मकरूप तथा ज्यामितिशास्त्रको (geometry)
उत्पत्ति १६६
श्रीयन्त्रको विवेचना १७३
श्रीयन्त्र, मानवदेह तथा पीठादिको एकताको वर्णन १८४
गणितशास्त्रको उत्पत्ति १९८
श्रीयन्त्रमा गणितशास्त्रको संवन्धको उदाहरण १९९

॥ पञ्चमः पटलः ॥

सन्ध्याको निर्णय २०७
सूर्यकिरणको समयानुसारको प्रभावको भेद २०९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्ध्यावन्दन गर्ने आवश्यक तथा नियम २१०
प्रातर्वैदिकसन्ध्योक्त गायत्रीको स्वरूपतत्त्व २१४
वैदिकग्रहमन्त्रार्थ २१६
तान्त्रिक श्रीविद्याको सृष्टिस्वरूपतत्त्व २२०
अरू सन्ध्याको देवताहरूको स्वरूपतत्त्व २३०
कल्पभेद तथा महासाम्राज्यमेधाको चर्चा २४८

॥ षष्ठः पटलः ॥

तोरणको विवेचना २५४
आम्नायभेदानुसार रतासनरहस्यको चर्चा २६६
चौरासी रतासनभेदको उत्पत्ति २७५
तोरणस्थापनाको आवश्यक २७७
फर्पिङ दक्षिणकालीको इतिहास २९०

॥ सप्तमः पटलः ॥

नियम र उपासनाको फलको निर्णय २९३
हिंसा र हत्याको भेदको विवेचना ३०१
वैष्णवधर्मको उत्पत्ति ३०३
पुरी जगन्नाथमा भैरवीचक्रको प्रथा ३०४
वर्णभेदको उत्पत्ति ३०५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain, Digitization by eGangotri

भक्षाभक्षको निणय	३०६
यज्ञयागादिको चर्चा	३०८
चोखोविटुलो र छोटावडाको विवेचना	३१०
साहित्यको उत्पत्ति	३२१
लेखकको अनुरोध तथा समाप्ति	३२२

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निगमागमवैज्ञानिकसारः

अथ प्रथमः पटलः

षडाम्नायका मन्त्रहरू सबै मातृकाक्षरबाटै बनेका हुन् भन्ने र मातृकाक्षर भनेको के हो भन्ने बारेमा तान्त्रिक विज्ञान दर्पणमा चर्चा गरेको छु। अब ती मातृकाक्षरको रूप र प्रयोगको वर्णन गर्नु छ। त्यसउसले सर्वप्रथम रूपको मतलब झल्काउने चेष्टा गर्दछु। अक्षरको मनन वा उच्चारणबाट बनेको तत्त्वको रूपद्वारा अर्थात् रूपकालंकारद्वारा तन्त्रले वर्णण गर्दछ। निगम अथवा वेद्ले आदेश वा विचार प्रार्थना भावले गर्दछ। उदाहरणको लागि हेरौं। वेद्माता गायत्रीको एकपाद "भर्गोदेवस्य धीमहि" अर्थात् "जोगाउने र पालनपोषण गर्ने देवको (ठूलो प्रभावतत्त्वरूपको) ध्यान गर्दछु" भन्ने सम्म छ। गायत्रीको पूरा अर्थ गरेमा यस कुराको यथार्थ स्पष्टीकरण हुनेछ। अतः यसबाट रूप सम्झने कुरासम्म निगममा देखियो। उता तन्त्र याने आगमशास्त्रमा भने यस्तो उक्ति छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अचिन्त्यस्याप्रमेयस्य निर्गुणस्य गुणात्मनः ।
उपासकानां सिद्ध्यर्थं ब्रह्मणो रूपकल्पना ॥

अर्थात्—"उपासकहरूको सिद्धिको लागि विचारै हुन नसक्ने अप्रमेय रूपनै नभएका निर्गुण ब्रह्मको (संकेतद्वारा) रूपको कल्पना गरिन्छ ।" यसको मतलब के हो भने आर्ष-सिद्धान्तद्वारा देवदेवीहरूको स्वरूप वा तन्त्रको ज्ञान उपासनाको लागि कल्पित मूर्तिहरू बन्नगए ।

तन्त्रको निदानशास्त्र धनुर्वेद जस्तै लुप्त भयो भन्ने कसै कसैको भनाई छ । तर क्रमज्ञ गुरुहरूद्वारा मन्त्रसंकेत, यन्त्र-संकेत र ध्यानसंकेत अर्थात् मन्त्रको अर्थ र त्यसको निदान, सोह्नि मनन वा उच्चारणबाट निस्केको [1]ध्वनितरङ्गद्वारा जम्वा भएर उपासकको अन्तस्करणमा वनेको आकार वा यन्त्रको निदान अनि मन्त्रार्थको संकेतानुसार कल्पित मूर्त्तिको निदान शिष्यहरुले पाईरहेकै हुनुपर्छ । किनभने मैले मेरा पूज्य श्रीगुरुदेवद्वारा क्रमदीक्षान्तर्गत मूलमन्त्रहरूको उपदेशको साथ-साथै मन्त्रसंकेत, तन्त्रसंकेत र ध्यानसंकेतको ज्ञान पनि पाउने सौभाग्य पायेको थियें । तर आफूले पाएको मन्त्रहरूको बाहेक अरूको यथार्थ निदान गर्न असमर्थ छुतापनि ती अरू मन्त्र-हरूका पनि निदान जान्ने साधकहरू होलान्, तर एउटै व्यक्तिमा सबैको ज्ञान नभए पनि कसैमा कुनैको र कसैमा

1. ध्वनितरङ्ग = Sound-Wave.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुनैको ज्ञान त अवश्यमेव हुनपर्दछ भन्ने अनुमान हुन्छ। मंत्रसंकेत, यन्त्रसंकेत र ध्यानसंकेत जतिसुकै ग्रन्थहरूको अध्ययन गरे पनि योग्य सद्गुरुको कृपा नभई जान्न नसकिने हुनाले "संकेतविद्या गुरुवक्त्रगम्या" भन्ने आगमोक्ति बनेर यो निदान-शास्त्र अघि पनि गुरुवाक्यमै निहित थियो हालमा पनि उस्तै छ। केवल सद्गुरुको अभावले अर्थात् सद्गुरुको लुकाईले मात्र यो शास्त्र हराये जस्तो भान पर्न गएको हो भन्ने मेरो अनुमान छ।

संकेत भन्ने र निदान भन्ने पर्यायवाचक शब्द हुन् अर्थात् दुईटैको अर्थ एउटै हो। यस्तो चिह्न वा इसराको मतलव यो हो भन्ने बुझाउनु नै निदान हो। ऐहिक र पारलौकिक दुबै भावमा निदानको एकनास संवन्ध हुन्छ। सर्वप्रथम केहि रङ्ग अर्थात् वर्णको बारेमा विचार गरौं। [1]कालोरङ्गले शोक, कष्ट, असाध्य, अध्यारो र तमोगुण इत्यादिको संकेत हुन्छ। [2]रातोरङ्गले खतरा, जोस, विजय, हर्ष, सौभाग्य, उष्णता र रजोगुण इत्यादिको; [3]नीलोरङ्गले र [4]आकाशरङ्गले व्याप्तपना र शुद्धः सत्वगुणको; [5]पहेलोरङ्गले ऐश्वर्य, बिभव, भोग, स्तंभन, श्रीः र रजोगुण इत्यादिको; [6]हरियोरङ्गले निरुपद्रवता र अनीष्टनाश इत्यादिको; [7]इन्द्रनीलरङ्गले अन्तर्लीन, अन्तर्मुख, मुक्ति र मोक्ष

1. कालो = Black. 2. रातो = Red. 3. नीलो = Indigo.
4. आकाश = Blue. 5. पहेलो = Yellow. 6. हरियो = Green.
7. इन्द्रनील = Violet.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इत्यादिको अनि [1]सुनौलारङ्गले वैभव, श्रीः रवाफ, सौभाग्य र आरोग्य इत्यादिको संकेत हुन्छ। [2]सेतोरङ्गले कीर्ति, सुख, सत्व-गुण, शान्ति, प्रकाश, श्वच्छ र सुलह इत्यादिको संकेत हुन्छ। यस्तै एकरङ्गवाट धेरै कुराको निदान हुने हुनाले प्रयोग हुनाको कारण, चलन वा परम्पराको भेदले र कस्तो ठाउंमा कुन विषयमा यो (रङ्ग) प्रयोग भएको छ सो सबैमा विचार राखेर मात्रै निदान हुन्छ। यो रङ्गको निदानको चलन संसार भरमै लागु छ। पाश्चात्यहरूमा पनि शोक पर्दा कालो धर वाधने, अनि फेरि रेलहरू चलाउदा रातो झण्डा या वत्ती देखाएमा खतराको संकेत संझी रोक्ने र हरियो देखाउदा निरुपद्रवको संकेत संझी हिडाउने गर्छन्। फेरि लडाईंमा पनि सेतो झण्डा देखाउदा सुलहको संकेत संझी मिलापत्र गर्ने चलन छ। तर आफ-आफ्नो देश र व्यवहारको दृष्टिवाट यी रङ्गका संकेत-हरू विभिन्न प्रकारले मान्ने चलन छ। जस्तो कि आशौच पर्दा पाश्चात्यहरू शोकको सूचक कालो लुगा लगाउंछन्। हामी भने आशौच पर्नगएमा शोक हटाउनाको लागि शान्ति सूचक सेतोवस्त्र धारण गर्दछौं। कसै कसैको त आशौचमा खतरा सूचक लालवस्त्र लगाउने चलन पनि छ। हामी हर्षमा सिंदूर अवीर छरेर पूजा गरी हर्ष सूचक मानेर लाल पार्छौं, फेरि सधवास्त्रीहरूले सौभाग्यको सूचक मानेर सिंदूर निधारमा आँगमा रातो पोशाक पहिरन्छन् र यी सबै कर्म विधवालाई

1. सुनौला = Orange. 2. सेतो = White.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निषेध छ। तर तराई तिर कुनै कुनै जातिमा भने सेतालाई सुखको सूचक संझेर सधवाले सेतो लुगा र विधवाले खतरा सूचक संझिएर लालकपडा लगाउने चलन छ।

अरु धर्म्ममा के कसो छ. हाम्रो आर्यधर्म्ममा भने हतियार, फल, फूल, जरिबुटि, जीवात शारीरिक अवयव इत्यादिको पनि सांकेतिक आर्षप्रयोग प्रशस्तमात्रामा गरिएको हुन्छ। यो कुरा नबुझेर नै हाम्रो प्राचीन मूर्त्तिकला देखदा कोहि कोहि व्यक्ति नाक चेंव्र्याउलान्, तर यसमा गउड गरेर हेरे नतमस्तक हुनेछन्। कुनै मूर्तिकलाबाट ब्रह्मज्ञान, कुनै बाट इति-हास, कुनैबाट कविता, कुनैबाट व्यवहारिक ज्ञान मिल्नेछ। यन्त्रकलाको विषयमा पनि यस्तै हो। देवताका मूर्तिहरू अनेक प्रकारका हुन्छन्। कसैका कति हात, कसैका कति हात, कसैका कति टाउका, कसैका कति टाउका एवं प्रकारले हरेक शारीरिक अवयवहरुको घेरथोर र किसिम किसिमका प्राणीहरूका सारीरिक अवयवहरु एउटै देहमा मिसावट भएको पनि देखिन्छ। फेरि कसैको पुंरूप, कसैको स्त्री रूप, कसैको बाल्या-वस्था, कसैको युवावस्था र कसैको बृद्धावस्था प्रतीत हुन्छ। यस्तै आसन, पहिरन, वर्ण वा रङ्गको पनि अनेक भेद देखिन्छ। फेरि यन्त्रहरुका पनि अनेक किसिमका आकारहरु हुन्छन। यस्ता प्रत्येक मूर्तिमा प्रत्येक यन्त्रमा अनेकानेक मन्त्रसीत गाढा संबन्ध राखेर अनेकानेक सांकेतिक रहस्य निहित भएको हुन्छ। त्यो कुन प्रकारले हुन्छ भन्ने कुरा अलि अलि गरी क्रमशः मेरो यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कलमले दर्साउदै जाने छ। तर सबै मूर्ति र सबै यन्त्रको सांकेतिकरहस्य एउटै व्यक्तिले जान्न असम्भव छ। किनभने आफ्नो आफ्नो गुरु परम्परा अनुसारका क्रमका मन्त्रहरुका मात्रै मन्त्र संकेत, यन्त्रसंकेत, र ध्यानसंकेत आफ्नो गुरुबाट जानिन्छ। अरुको संकेत भने बुझ्न सकिदैन। त्यसर्थ मन्त्र, ध्यान र यन्त्र त ग्रन्थावलोकनद्वारा जान्न सकिन्छ, तर तिनीहरुको संकेत जान्नु आकाश खेती गर्नु जस्तो हो। त्यसउसले संसारमा अनन्त मन्त्र ध्यानादि होलान्, तिनमध्ये परार्द्धांशको एक अंश पनि मैले जानेको हवैन। फेरि सो मैले जानेकोमा पनि धेरै जसो केवल श्रवण र ग्रन्थावलोकनद्वारा जानेको र थोरै मात्र गुरुमुखी भएबाट मैले जाने जतिको केही हतियार र जीवातहरुको निदान दिने चेष्टा गर्दछु।

वस्तु।	निदान।
वरद्मुद्रा।	अभीष्टसिद्धि।
अभयमुद्रा।	निडर।
ज्ञानमुद्रा।	ज्ञान।
खड्ग।	वायाँमा भए ज्ञान, दायाँमा भए सिद्धि कतै मारण।
अङ्कुश।	स्तम्भन, आकर्षण
पाश।	वशीकरण।
नागपाश।	विष, मारण।
टंक (बञ्चरो)।	आग्नेयताप अर्थात् तातोराप।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शूल (भाला)।	वाय्वव्यताप अर्थात् हावाको वेग।
शक्ति।	ताकत, वर्कत, वल।
घण्टा।	अनाहतनाद, नादब्रह्म।
शङ्ख।	प्रतिध्वनि, अनाहतनाद।
तीक्ष्णवाण।	पापमोचक।
पुष्पवाण।	जृम्भण।
वंशधनुः।	ज्ञान वैराग्य।
इक्षुधनुः।	मोहन।
तुला।	विवेक।
त्रिशूल।	त्रिविधोत्पातकनाशक।
गदा।	स्तम्भन, वीरत्व, वैराग्य, ब्रह्मज्ञान।
सुवेणु (बाँसुरी)	आकर्षण, मोहन निनाद।
विणा।	निनाद आहतनाद, गायन।
खट्वाङ्ग।	तापत्रयनाशक।
कुम्भ।	सकलैश्वर्य।
कलश।	श्रीः।
असि (तरवार)।	विजय।
खेटक (ढाल)।	रक्षा।
सेतो कपालपात्र।	सत्त्वगुण, ज्ञान।
ऐजनको मद्य।	ज्ञान, जीवन।
चवक (कटौरा)	पोशक, पोषण।
ऐजनको मद्य।	तृप्ति, तमक, मोह।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कमल।	पृथ्वी, ब्रह्माण्ड, मन, हृदय, स्थल।
रक्त कमल।	पृथ्वी, ब्रह्माण्ड, श्रीः, शोषण।
श्वेत कमल।	ब्रह्मरन्ध्र, बुद्धि, विद्या, संदीपन।
नील कमल।	ज्ञान, मोक्ष, निर्वाणपद, तापन।
रक्तकरवीरपुष्प।	पौरुषेय, मोहन।
श्वेतकरवीरपुष्प।	कामना पूर्ति।
सहकार (आँपको फूल वा मुजुरा)	मादन।
अष्टदल पद्म।	अष्टसिद्धि, हृत्पुंडरीक।
मातुलुङ्ग (विमीरा फुल)	भोग, ऐश्वर्य विभव।
सूत्र वा यज्ञोपवीत (जनै)।	धर्म।
कुशको मुठा।	वैराग्य।
दूर्वा वा दुवोको मुठा।	आरोग्य।
पारीजात पुष्प।	शीतोष्ण सुख दुःख समता।
पुस्तक।	विद्या, ज्ञान।
अक्षमाला।	मोक्ष, मंत्रशक्ति, विश्वचक्र घूर्णक्रिया प्राण।
मुण्डमाला।	विवेक सहितको बुद्धि।
वनमाला।	वैराग्य।
गहना।	रजोगुण, साम्राज्य।
मुकुट।	राजचिह्न, साम्राज्य।
खण्ड चन्द्रमुकुट।	अमृत, नाद, विमर्श।
पूर्ण चन्द्रमुकुट।	अमृत, बिन्दु, प्रकाश।
नागको गहना।	शीतलीकरण, परमौषधिः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रातोवस्त्र ।	रजोगुण, सौभाग्य, खतरा ।
सेतोवस्त्र ।	सत्वगुण, कीर्ति, शान्ति ।
नीलोवस्त्र ।	तमोगुण, सत्वगुण, व्याप्तपन ।
हरियोवस्त्र ।	निरुपद्रवता ।
पहेलोवस्त्र ।	विभव स्तंभन ।
कालोवस्त्र ।	तमोगुण, निद्रा, आलस्य, अविद्या, मृत्यु ।
गेरुवस्त्र ।	वैराग्य ।
दिग्वस्त्र नाङ्गो ।	मायातीत ।
मुक्तकेश (झाक्रो फिजाएको) ।	निर्विकार ।
चुलठो वाटेको वा कपाल कोरेको ।	प्रपञ्च ।
क्रोधीमुख ।	तमोगुण, कष्ट ।
रोएको	तमोगुण, क्षुत्, तृषा, तृष्णा ।
अट्टहास (खित्का छोडेर हाँसेको) ।	परमानन्द ।
मन्दस्मित (मस्केर हाँसेको) ।	रजोगुण, आनन्द ।
दाँत देखाएर हाँसेको वा मस्किएको ।	सत्वगुण, आनन्द ।
हंस (हाँस)	जीव ।
मयूर (मुजूर) ।	चैतन्य ।
चैत्य (चिवहाल) ।	चित्त ।
सिंह ।	ज्ञान ।
गौ (गाई) ।	पृथ्वी, लोकलोकान्तर ।
वृषभ (सांडे)	धर्म ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वानर।	कुण्डलिनी शक्ति, साहस, उत्साह इत्यादि।
हस्ती (हात्ती)।	आधारशक्ति, वैभव, राजचिह्न।
अश्व (घोडा)	वेगशक्ति, तेज, किरण।
ऋक्ष (भालु)	भूचरशक्ति।
मकर (ग्राह)।	जलचरशक्ति।
गरुड्।	खेचर (उड्ने) शक्ति।
शुक (सुगा)।	वाचालशक्ति।
शिवा (स्याल)।	धीः शक्ति, बुद्धि
द्विपी (चितुवा)।	योगशक्ति।
व्याघ्र (बाघ)	अष्टाङ्गयोग।
वराह (वनेल)।	आधारशक्ति।
महिष।	काल, लयशक्ति।
मत्स्य (माछा)	सगुण।
शव (मुर्दा)।	अचर, जड, चेतनारहित ब्रह्म।
श्मशान।	शून्याकाश, तेजोपुञ्ज, केवल प्रकाश।
दन्त (दाँत)।	सत्वगुण।
डरलाग्दो दाँत (दाह्रा)।	केवल सत्वगुण।
मिलेको दाँत।	प्रपञ्चात्मकसत्वगुण।
जिह्वा (जिभ्रो)।	रजोगुण, षड्रस, स्वाद।
मुण्ड (टाउको)।	बुद्धि, विवेक, ज्ञान।
कान।	श्रुति, श्रवणशक्ति, नाद।
नेत्र (आँखा)।	संसार, दृष्टि, ईक्षण (देखने) शक्ति, विन्दु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिनेत्र ।	त्रिन्दुत्रय, सून्द्वर्येग्नित्रय प्रकाश ।
युवावस्था ।	स्थितिकला, अनुग्रहकला र अन्तर्लीनकला ।
बालावस्था ।	सृष्टिकला ।
वृद्धावस्था !	अन्तर्लीनकला, संहारकला ।
रजस्वलावस्था ।	अनुग्रहकला, विश्वसोम ।
हस्त (हात) ।	आत्मा, कर्म ।
हातको लहरको जामा ।	अन्तर्लीनकला ।
घुघुरा वा चाँप ।	नादब्रह्म ।
तुङ्गकुच (उठेको स्तन) ।	पोषक, पालक, स्थितिकला ।
कुचभरनत (ज्यादा ठूलो स्तनले नुहेको) ।	संहारकला, मोक्षद, मोचक ।
ध्वजा ।	राजचिह्न, राष्ट्र, रजोगुण ।
यमदण्ड ।	मृत्यु, काल, संहारकला ।
अग्निज्वाला ।	प्रकाश ।
दण्ड ।	शासन, राजचिन्ह ।
वज्र ।	ऐन्द्रपात ।
छत्र ।	राजचिह्न, रजोगुण, व्यापकता ।
चमर ।	रजोगुण, राजचिह्न, पञ्चप्राण ।
कैंची ।	अभय, विद्वेषण ।
पुष्पमाला ।	लक्ष्मीः ।
मुद्गर ।	ज्ञान वैराग्य ।
नदी ।	वैराग्य, ब्रह्मज्ञान ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चक्र ।	रक्षा ।
पर्वत ।	आधार शक्ति, प्रचूरता ।
तर्जनी ।	सावधानी ।
कुक्कुट (कुखुा) ।	वशीकरणशक्ति ।
कुकुर ।	इमान्दारी ।
षड्स्र ।	षड्स ।
अष्टास्र ।	अष्टसिद्धि ।
कमण्डलु ।	पवित्रता, तीर्थ ।
श्रुक् श्रुव ।	तृप्ति, यस ।
डाडू पन्यू र ताप्के ।	तृप्ति, पोषण ।
मृग ।	मन ।
कूर्म्म (कछुवा) ।	आधार शक्ति ।
वृक्ष ।	रक्षा, आरामी ।
डमरु ।	प्रतिध्वनी, अक्षर, सर्वनाद ।
भुषुण्डी (घुयञो) ।	विकर्षण शक्ति ।
शतघ्नी (तोप) ।	महानाद, अन्तर्लीनकला ।
रथ ।	परिवर्तनशील ।
सिंहासन ।	राष्ट्र, साम्राज्य नायकत्व ।
नाङ्लो कुचो ।	अलक्ष्मीनाश ।
दध्यक्षत (दही चामल) ।	सौभाग्य ।
माषभक्त (खिचडी) ।	ग्रहशान्ति ।
कज्जल (गाजल) ।	मोहन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिदुरे भाँडा (सिन्हमु)।	लक्ष्मी; सौभाग्य।
आदर्श (ज्वाला न्हैकं)।	श्रीः, कान्ति।
धानको बाला।	पोषण।

मैले जानेको निदानहरु मध्ये ऐले संक्षिप्त जति लेखें बाँकीरहेको पनि पछि पछि ध्यान संकेतको वर्णनबाट खुल्दै जाने छ। आधुनिक शक्तिको प्रमाण दिदा Horse-power अर्थात् घोडाको ताकत भने जस्तो आर्षले हातबाट आत्मबल र कर्म बलको प्रमाण दिएको छ। फेरि विजुलीको तेजको प्रमाण दिदा coundle-power अर्थात् मैन वत्तिको तेज भने जस्तो आर्षले शीर वा मुखबाट विवेक विचार वुद्धिको प्रमाण दिएकोछ। जुन जुन जनावरको मुख हुन्छ उस उसको निदानानुसारको वुद्धि रुप शक्ति ठहरिन्छ। तर आफ्नो गुरुवाट पाएको दीक्षाको ध्यानसंकेत भने यथार्थ वुझिन्छ। अरुको त वहुतै प्रयासले केवल अनुमानले मात्र हुन सक्छ। अनुमानको कुरा ठिक वेठिक कसो होला भन्न सकिदैन।

अबत तन्त्र चिन्तामणिको ४५सौं प्रकाशमा वर्णन भएको प्रत्येक मातृ काक्षरको रुप र गुणको वारेमा सबै पूर्णतया दर्शाउँछु। सो यस्तो छ।

श्री भैरव उवाच॥ अर्थात् भैरवले भैरवीलाई बताएबाट भैरवले बताउँछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रृणु देवी प्रवक्षामि पञ्चासद्वर्ण निर्णयम् ।
एकैकस्य तु वर्णस्य ध्यानधारणरूपकम् ॥
आयु धान्यासनं मुद्राः कर्म तेषां पृथक् पृथक् ।
एतत्सर्वं समासेन श्रृणुष्व कथयामिते ॥
वहुशो मन्त्रकोषस्तु संसारे संभवन्ति च ।
सत्याद्याः प्रशवः प्रोक्ता ईशानान्ता सुमध्यमे ॥
व्रह्मा तेषां चरेद्येज्ञो मोचनायात्मकं प्रति ।
पञ्चाशदक्षरा एते कलाः पञ्च तथैव च ॥
पृथिव्यां यानि भूतानि पञ्चैतानि पृथक् पृथक् ।
द्विसप्त भुवनं सर्वं व्रह्मव्याप्ति समन्ततः ॥
एभ्यो मन्त्राः समुद्भूता नानाकर्म कराश्चये ।
मन्त्राणां चैव रूपं च प्रमाणं दैवतं तथा ॥
वक्त्राणि च भुजांश्चैव वर्णान् वर्णायुधानिच ।
साधका ये न जानन्ति न तेषां सिद्धिदाक्वचित् ॥
यानि कर्म्माणि कुर्वन्ति यत्र यत्रापि योजिताः ।
तस्मात्सर्व प्रयत्नेन ज्ञातव्या मातृका वुधः ॥

भावार्थ– हे देवि । पचास (५०) अक्षरको निर्णय सुन यी अक्षरको समुदायले अर्थात् [1]प्रकंपन र [2]ध्वनीतरङ्ग, त्यसबाट निस्किएको [3]तत्व र त्यसको [4]गुणले चराचर जगत् व्याप्त

---

1. प्रकंपन = Vibration. 2. ध्वनीतरङ्ग = Sound-wave. 3. त्यसबाट निस्किएको = Essential and effective a kind of gas 4. गुण = Effect or result.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेको छ। पृथक् पृथक् अक्षरको ध्यान धारण रूप, हतियार, आसन मुद्रा र कर्म्म पृथक् पृथक् हुन्छन्। ती सबै संक्षेपले वर्णन गर्दछु। संसारमा धेरै किसिमका मन्त्रकोष छन्। सत्य आदि सबै ईशान सम्मनै जन्मिएका हुन् भन्ने कहिन्छ अर्थात् सत्य आदि भन्नाले जुन वस्तु धेरै कलपसम्म स्थायी हुने हुँनाले हामीले अजन्म र अमर संझन्छौं त्यसदेखि ईशान भनेको शिव सम्म पनि अक्षर बाटै बनेका हुन। (यसको वर्णन "तान्त्रिकविज्ञान-दर्पण"मा पूर्णतया भएको छ)। यीनै मन्त्रद्वारा ब्रह्मा आफ्नो मोचनको लागि यज्ञ गर्छन्। यी ५० अक्षरहरु मध्ये कुनै कुनैमा र कुनै कुनैमा भएर पृथ्व्यादि पञ्चमहाभूतमा बिभाजित भएर (तान्त्रिकविज्ञानदर्पणमा वर्णित भए झैं भएर) चौध (१४) भूवनमा जताततै व्याप्तछन्। यिनैबाट नाना कर्म गर्ने मन्त्रहरु निस्किएका हुन्। ती मन्त्रहरुका रूप, प्रमाण, देवता, मुख, हात, अक्षर थाहा नपाउने साधकले कवै पनि सिद्धि पाउदैन। त्यसर्थ बुद्धिमान्‌ले जहाँ जे काम गर्दा पनि बडो यत्नको साथ मातृकाको निर्णय जान्नु पर्छ। यी अन्त्यका ५ श्लोकार्द्ध को यथार्थ मतलब पछि चतुर्थ पटलबाट खुल्ने छ।

ककारंकनकाभासं सौवर्णकलसासनम्।
सुवर्णकवचं हैमं महापुरुषविग्रहम्॥
खड्गहस्तं चुतुर्वक्त्रं महारौद्रं चतुर्भुजम्।
क्षोभयेत् पृथिवीं सर्वां विषनाशक का कथा॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ- ककार सुवर्णको कलस माथि बसेका बडा डरलाग्दा सुनने होलान् जस्ता सुनौलाबर्णका महापुरुषरूप ४ मुख ४ हात भएका सुनको कवच पहिरिएर खड्ग हातमा लिएका हुन् यिनको मननले सबै पृथ्वी त क्षोभ हुन्छन् भने विषनाश हुने त कुरै छैन ।

खकारं धूम्रावर्णाभं चापपाणी खरासनम् ।
त्रिशीर्षं त्रिभुजं रौद्रं त्रिकलं नवलोलनम् ॥
सर्वग्रहहरं ह्यन्तमन्तरायहरन्तथा ।
सर्वज्वरहरञ्चैव ग्रहसैन्य विमर्दनम् ॥

भावार्थ- खकार खर माथि बसेका ३ टाउका, ३ हात, त्रिकलात्मक ६ आँखा भएका ध्वासेवर्णका डरलाग्दा रूपमा सबै ग्रहहरुलाई शान्त गर्ने सबै विघ्नलाई नाश गर्ने, सबै ज्वर हटाउने र ग्रहसैन्यमार्ने हुन् ।

गकारं गगनारूढं अष्टवाहुं चतुर्मुखम् ।
त्रिशूलपाणीं रौद्रञ्च हिमकुन्देन्दुसन्निभम् ॥
विषनाशयते ह्येष मज्जात्वगस्थिगं तथा ।
गजवक्त्रं स्वयं ह्यन्तं सर्वविघ्न विनाशनम् ॥

भावार्थ- गकार आकाशमा रहेका ८ हात, हात्तीको जस्तो ४ मुख अनि हिउं, कुन्दपुष्प र चन्द्र झैं सेतो वर्ण भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिशूल हातमा लिएका डरलाग्दा मज्जा, छाला र हड्डीमा गढेको विष र संपूर्ण विघ्ननाश गर्ने हुन्।

घकारं वृषभारूढं दशवहुं महावलम्।
पञ्चवक्त्रं त्रिनेत्रञ्च शूलपाणिं महाभुजम्॥
गजचर्मोत्तरासंगं घण्टाटंकविभूषितम्।
इन्दीवरदलश्यामं मेघगम्भीरनिःस्वनम्॥
ब्रह्मराक्षसवेतालान्नासयेन्नात्र संसयः॥

भावार्थ—घकार वयलमाथि चढेका नीलकमलको पातको जस्तो वर्ण ५ मुख ३ नेत्र १० हात भएका वडावलिया हातमा त्रिशूल लिएका छेउ छेउमा घण्टा र टंक झुण्डाएको हात्तीको छाला ओढेका मेघको झैं गम्भीर स्वर भएका ब्रह्मराक्षस र वेतालहरूलाई नाशने हुन्, यसमा सन्देह छैन।

ङकारं नागमारूढं द्विभुजं पिंगलोचनम्।
हरहाससितं सौम्यं वीणाखड्गरतं सदा॥
स्मरतां चैव सर्वेषां बालग्रहनिमर्दनम्।
नाशयेत स्मरणादेव विषं स्थावरजंगमम्॥

भावार्थ—ङकार नागमा चढेका २ वाहु, कैलो कपाल र केतकीपुष्प जस्तो सेतो वर्ण भएका राम्रा सितारवाजा र खड्गमा लग्गु अर्थात हातमा लिएका सबै वीष नाश गर्ने हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चकारं तु हिमाभासं शशाङ्ककृतशेखरम् ।
चतुवक्त्रं चाष्टभुजं पाशपट्टीशधारिणम् ।।
पद्मासनरतं नित्यं सर्पमण्डितमेखलम् ।
ध्यानधारणसंयुक्तं ये वार्चादिसमन्विताः।।
दुष्टरोगैश्चनः केचिद् व्याधिताज्वरव्याधिभिः ।
सर्वे ते मुक्तरोगाश्च स्मरणादस्य जायते ।।
गोपनासाजरैर्दष्टा दुन्दुमारैश्च मारिताः ।
विषाणां नाशनं ह्येष करोत्येवनसंशयः ।।
तद्विषं नाशमायाति तमः सूर्योदये यथाः ।।

भावार्थ—चकार हिउँ जसो सेतो वर्णका पद्मासनमा बसेका ४ मुख र ८ हात भएका पट्टीश हातमा लिएका शीरमा चन्द्र र कंमरमा सर्प पहिरिएका ध्यान र धारणा सहितको पूजा र आजा गर्नेहरूलाई ज्वरादि रोगहरूबाट निडर गराउने र संझदैमा सूर्योदयले अध्यारो नाशे झैं सबै रोग र अजिंगरले डसेको र दुन्दुमारले मारेको विषनाशने हुन् ।

छकारं श्वेतवर्णा भं छागसंस्थं महावलम् ।
भुजैः षोडस भिर्दिव्यै शोभमानं यथारविम ।।
पट्टिशं परशुं शूलं मुद्गरं कलशं तथा ।
अन्यानि धारयत्यन्तमायुधानि विशेषतः ।।
यस्मिन् स्थानं विषं घोरं स्थितं स्थावरजंगमम् ।
नाशयेत्त्वरितं ह्ययेष स्मरतो नात्रसंशयः ।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–छकार बोकामाथि बसेका साह्रै बलिया सफेद वर्ण सूर्य झैं शोभा भएका १६ वाहुमा पट्टीश, फर्सा, त्रिशूल, मुंग्रो र कलश इत्यादि हतियार धारण गरेका संझनाले स्थावरजंगमका सबै प्रकारका वीष नाशने हुन् ।

जकारं हरिणाकारं द्विभुजं नवशीर्षकम ।
शृंखला चायुधंतस्य शशाङ्काङ्कितशेखरम् ॥
यस्यानुस्मरणाद्देवि विषंस्थावरजंगमम् ।
नाशयेत् पठितो योगी पयोदामिब भास्करः ॥

भावार्थ–जकार मृगको आकारका २ वाहु र ६ टाउका भएका माथमा चन्द्र पहिरिएका सिक्रीको हतियार भएका स्थावरजंगमका विष नाशने सूर्यले बादल झैं सबै विघ्न हटाउने हुन् ।

झकारं कृष्णमेघाभं षड्भुजं नवोलोचनम् ।
त्रिशीर्षं च महाकायं दंष्ट्रालीढं वलीयसम् ॥
यश्चग्रहा महारौद्राज्ज्वरं वा भूतदोषजम् ।
विषं हलाहलं रौद्रं योगानां कृत्तिमं तथा ॥
मुष्टिना ग्राहयित्वा तु उत्स्थापयति तत्क्षणात् ॥

भावार्थ–झकार कालो मेघ जस्ता वर्णका ६ वाहु ६ आँखा ३ टाउका दाह्रा भएका बलिया भयानक ग्रह र भूतको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दोषवाट निस्किएका असर, हलाहल विष र योगक्तिमहरूलाई झट्टै मुठीमा पार्ने हुन् ।

अकारं घनवर्णाभं भिन्नाञ्जननिभोपमम् ।
मकरस्थं चतुर्वक्त्रंभुजाष्टकविभूषितम् ॥
असिमुद्गरहस्तं च वज्रहस्तं महावलम् ।
बालग्रहाणां सर्वेषां पठनादेव नाशनम् ॥

भावार्थ--अकार ग्राहामाथि बसेका मेघ जस्तो वण कालो गाजलको थुप्रो जस्ता ४ मुख ४ वाहु भएका तरवार, मुग्रो र वज्र हातमा लिएका पाठनले सबै बालग्रह नाशने हुन् ।

टकारमग्निवर्णाभं दहन्तमिवपावकम् ।
भुजैः षोडशभिर्दिव्यै र्दिव्यमालाकृतं वपुः ॥
मेषारूढं महाकायं सर्पमेखलमण्डितम् ।
त्रिशीर्षं च वृहद्रुपं सिन्दूराभं महाद्युतिम् ॥
ज्वलन्तं मुद्गरं शक्तिर्ज्वालाजटिलभूषितम् ।
ग्रहाणां निग्रहे ह्येष भूतानां डाकिनीषुच ॥
निमज्ज्योन्मज्जयेदेनं तं नयेद्विषदूषितम् ॥

भावार्थ-टकार भेंडोमाथि चढेका दन्किएको आगो झैं वर्ण सिन्दूर जस्तो तेज ३ टाउका १६ वाहु भएका दिव्य-माला सर्पको मेखला पहिरिएका ठूलो देह धप् धप् बलेको मुग्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र जाज्वल्यमान् शक्ति हातमा लिएका ग्रहनिग्रहकारक भूत डंकीनीहरूको निरोधक र डुबेको व्यक्तिलाई उतार्ने हुन्।

ठकारं कुन्दपुष्पाभं वृषारूढं महाबलम्।
चतुर्भुजं महाकायमेकशीर्षं त्रिलोचनम्।
गोक्षीरधवलं नित्यं विषसैन्यविमर्दनम्।
आत्मरक्षा परस्यैव पथि वा निर्जने वने॥
गजसिंह वराहेषु व्यालव्याघ्रभयेषुच।
विषवन्धे प्रभोक्तव्यं जीवरक्षासु चिन्तयेत्।
सुवर्णममृतं ह्येनं कालदंष्ट्रो भवेद्यदि।
अहिनां स्तंभने प्रोक्तं सर्वसत्येषु शीतलम्॥

भावार्थ–ठकार साँढेमा चढेका बलिया कुन्दपुष्प र गाईको दूध झैं सफेद वर्ण, ठूलो देह, १ मुख, ३ नेत्र र ४ वाहु भएका सँधै सबप्रकारको विषनाशक बाटोमा वा निर्जन वनमा हात्ती, सिंह, वदेल, सर्प, बाघहरूको भय अर्थात् डरमा आफ्नो र सबै जीवहरूको रक्षाको लागि संझना हुन योग्य संझनाले कालदंष्ट्र पनि सुवर्ण अमृत झैं पार्ने प्राणीहरूलाई शान्ति दिने र सर्पलाई स्तंभन गर्ने हुन्।

डकारं हरितं ध्यायेद् दंष्ट्राभीषण विग्रहम्।
चतुर्वक्रं महाकायं चतुर्विंशार्द्धलोचनम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धर्म्मासनसमारूढं दण्डपाणिं जटाधरम् ।
यक्षराक्षसभूतादिडाकिनीसिद्धयोगिनी ॥
स्कंदादीनि शरौघाश्च पिशाचोरगकिन्नराः ।
कुष्माण्डा राक्षसाश्चैव स्मरणादेव नाशयेत् ॥

भावार्थ—डकार धर्म्मासनमा बसेका हरियो वर्ण दाह्रा भएको डरलाग्दा ठूला शरीर १२ नेत्र ४ मुख भएका जटाधारी दण्ड हातमा लिएका स्मरणले यक्ष, राक्षस, भूत' डाकिनी, सिद्ध, योगिनी, स्कन्द, वाण, पिशाच, सर्प, किचर र कुष्माण्ड राक्षसहरूका दोष नाशने हुन् ।

ढकारं भुजगारूढं फणिलक्षण भूषितम् ।
ज्वलनार्क प्रतिकाशमारक्ताग्रवलोचनम् ॥
द्रंष्ट्राकरालिनं घोरं मेघगम्भीरनिःस्वनम् ।
चतुःषष्ठिभुजैर्दिव्यैर्नानाप्रहरणायुधम् ॥
दंष्ट्राटंकाक्षमालांश्च शूलपट्टीशधारिणम् ।
गदामुद्गरपाशांश्च खड्गचक्रं च विभ्रतम् ॥
क्षोभयेत् पृथिवीं सर्वां सशैलवनकाननाम् ।
सुरकिन्नरसिद्धानां दैत्यदानवराक्षसान् ॥
नागानां दमनो ह्येष पातालतलवासिनाम् ।
दृढिमाकर्षणे योज्यं मेगानां च निवारणे ॥
लूतागर्दमविस्फोटा लोहालिंगादि चर्चिका ।
डाकिनीभूतदोषांश्च नाशयेन्नात्र संशयः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–डकार सर्पमाथि चढेका सर्पकै लक्षणले सुशोभित, दाह्रा भएका भयानक बलीरहेको आगोको जस्तो वर्ण र रातो लामो आँखा भएका मेघको झैं गम्भीर स्वर भएका, ६४ दिव्य वाहुमा दन्तमाला, पट्टीश, गदा, मुंग्रो, पाश, खड्ग र चक्र इत्यादि अनेक प्रकारका हतियार धारण गरेका पर्वत वन सहित पृथ्वीलाई कंमाउने, देव, दानव, किन्नर, सिद्ध, दैत्य, राक्षस, नाग र पातालवासीहरूलाई दमन गर्ने प्रयोगले दृढवस्तुको आकर्षक बन्ने र मेघ हटाउने, लुतो, गर्दम, खटिरा, लोहालिंगादि चर्चिका, डाकिनी र भूतहरूको दोष अवश्यै नाशने हुन्।

णकारं गौरवर्णं चं तामसीकुसुमप्रभम्।
चतुर्भुजं चतुर्वक्त्रं कृष्णदंष्ट्रकरालिनम्॥
राजवर्णनिभश्यामज्वलद्भासुरलोचनम्।
मेरुश्रृङ्गयुतं भीमं चापहस्तविभूषितम्॥
त्रासयन्तं महानादं क्षोभयन्तं रसापहम्।
विषानी विविधाकारा नश्यन्ते नात्र संशयः॥

भावार्थ–णकार तामसीकुसुम झैं गौरवर्ण, ४ मुख ४ हात, काला बाङ्गा दाँत, राजवर्ण झैं काला टल्केका उज्याला आँखा, सुमेरु पर्वत झैं सिङ् भएका हातमा धनुः लिएका बुलन्द डाँकोले तर्साएर रसातललाई क्षोभ गराउने संझनाले किसिम किसिमका विष नाशने हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तकारं रक्तवर्णाभं पूर्णकुम्भो परिस्थितम्।
शशांककृत मूर्द्धानं द्विभुजं मीनवाहनम्॥
एकशीर्षं ततः सूक्ष्मनेत्रत्रयविभूषितम्।
निः शेषो विषनागानां अन्तरायं विशेषतः॥
स्मरणान्नाशयेच्छूलं घनवाताहतं यथा॥

भावार्थ—हकार पूर्णकुंभमाथि माछा वाहान गरी बसेका रातो वर्ण ४ वाहु, १ मुख, साना साना ३ नेत्र भएका शीरमा चन्द्र पहिरिएका विशेष गरेर बिघ्न रूप नागहरूको विष नाशक स्मरणले हावाले बादल हटाएझैं शूल रोग हटाउने हुन्।

थकारं हरिवर्णाभं शंखकुन्देन्दुनिर्मलम।
मकरापृष्ठमारूढमारक्तायतलोचनम्॥
दीर्घस्कन्धं सुरूपञ्च शरांश्च पञ्चविभ्रतम।
मन्मथं तं स्वयं देवि कन्दर्पग्रहनाशनम्॥
दीपै रगुरुपुष्पैश्च सुगन्धैश्चानुलेपनैः।
अकालमरणं ह्येष नाशयेत्यचिरात् स्वयम्॥

भावार्थ—मकरमाथि चढेका शंख, कुन्दपुष्प र चन्द्रमा झ सिंहको वर्ण भएका सेतो लामो आँखा र लामो काँध भएका साक्षात्कामदेव जस्ता राम्रा पञ्चवाण हातमा लिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कन्दर्पग्रह नाश गर्ने दीप, अगरु, फूल र सुगन्धिलेपनहरूद्वारा अकाल मृत्यु हर्ने हुन् ।

दकारं श्वेत वर्णाभं कम्बुवाहनसंस्थितम् ।
क्षीरोदकलशावर्तमध्यगं चिन्तयेत्सदा ॥
त्रित्रिशीर्षं महाकायं शोभमानं त्रिलोचनम् ॥
त्रिनेत्राणि च सर्वाणि वक्त्राणि सुस्थितानिच ॥
ज्वरं नाशयते घोरं तृतीयकचतुर्थकम् ।
साध्यं रात्रिज्वरं चैव शीतदाहज्वरं तथा ॥

भावार्थ–दकार सेतो वर्ण, ६ शीर हरेक मुखमा राम्रा ३।३ नेत्र र ठूलो शरीर भएका ३ दिने, ४ दिने कडा ज्वर अनि रात्री ज्वर र शीत ज्वर हर्ने हुन् ।

धकारं पटलाभासं धनुष्पाणिं चतुर्भुजम् ।
एकशीर्षं महाकायं सिंहारूढं महाबलम् ॥
रौद्राट्टहासनिनदं ग्रहसैन्यविमर्दनम् ।
तुष्टा तु हरते दोषं छायादोषं तु नाशयेत् ॥
परदोषकृतं चैव वलीनां लंघनं तथा ।
अविरत्यत्प्रहारैश्च रक्षते नात्र संशयः ॥

भावार्थ–धकार सिंहमाथि चढेका लालकान्ति, ४ वाहु, एकशीर र ठूलो देह भएका धनुर्धारी बलिया भयानक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अट्टहास गर्ने ग्रहसैन्यलाई नाशने खुशी भएमा छायादोष, सबै किसिमको दोष र परकृत्यदोषहरू नष्टगर्ने बलियालाई पनि जितेर वरावर कडा प्रहारबाट जोगाउने हुन् ।

नकारं नीलवर्णाभं कृत्यासारकृतायनम् ।
चतुर्वक्त्रं चाष्टवाहुं ज्वालावंशधरं शुभम् ॥
तोमरास्त्रधरं सत्यं चक्रपाणिं सुभूषितम ॥
विविधानि च यन्त्राणी धारयेत्तु विशेषतः ॥
आकाशगमनं चैव गुटिकाञ्जनसन्निभम् ॥
वेतालान् स्थापनं चैव स्वस्थाने सर्वकर्म्मणि ॥

भावार्थ—नकार कृत्यारूपि वर्षामा बसेका नीलो वर्ण गाजलको जस्तो कान्ति ४ मुख ८ वाहु भएका असल ज्वाला कुल धारण गरेका तोमर र चक्र हातमा लिएका अनेक प्रकारका यन्त्र धारण गर्ने सबै कर्म्ममा वेतालहरूलाई आफ-आफ्ना ठाउँमा राख्ने हुन् ।

पकारं रक्तपद्माभं पद्मस्थं पद्मधारिणम् ।
शंखचक्रगदापाणिं पीतकाषायवासनम् ॥
चतुर्भुजं चतुर्वक्त्रं पद्मेशस्योपरिस्थितम् ।
यक्षराक्षसभूतानि पिशाचा ब्रह्मराक्षसान् ॥
कुष्माडा डाकिनीं चैव भूतवेताल राक्षसान् ।
अपस्मारग्रहां श्चैव तथा बालग्रहानपि ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्मणान्नाशयेत्येष विषं स्थावरजंगमम् ।
कायिकं वाचिकं चैव मानसं त्रिविधन्तथा ।।
जन्मान्तरकृतं पापं नाशयेत् स्मरणादसौ ।।

भावार्थ–पकार पद्मको बोटमाथि पद्मासनमा बसेका ४ मुख ४ हात भएका कमल, शंख, चक्र र गदा हातमा लिएका पहेलो काषाय अर्थात् गेरु वस्त्र पहिरिएका स्मरणले यक्ष, राक्षस, भूत, पिशाच, ब्रह्मराक्षस, कुष्माण्ड, डाकिनी, भूत, वेताल, अपस्मारग्रह, स्थावरजंगमको विष सबै जन्मान्तरको समेत् वाचिक र मानसिक पापहरू नाशने हुन् ।

फकारं पठ्यते योगी योगिनी हृदये तथा ।
चतुर्भुजं चतुर्वक्त्रं हंसारूढं विचिन्तयेत् ।।
कपाली चाक्षमाली च स्रग्वी मेखलवानपि ।
सृष्टिकर्ता जगत्येव त्रैलोक्यप्रभुरव्ययम् ।।
अमृताकर्षणा ह्येष जीवदाने विशेषतः ।
भयनाशं सदा कुर्यात् सस्वानन्दः विशेषतः ।।

भावार्थ–फकार हाँसमा चढेका योगिनीका हृदयमा बसेका योगरूप ४ हात ४ मुख भएका कपालपात्र र अक्षमाला हातमा लिएका माला र मेखला पहिरिएका जगत्मा सृष्टिकर्ता त्रैलोक्यका मालिक विशेष गरेर जीव दिने अमृताकर्षक चिन्तनमा भयानाशक र आनन्द दिने हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बकारं कृष्ण वर्णाभं साक्षाद्वरूणदैवतम् ।
नागासनसमारूढं फणिब्याकुललोचनम् ॥
हिमकुन्देदुसंकाशं शंखगोक्षीरसन्निभम् ।
षड्विंशार्द्ध भुजं सौम्यं मणिरत्नविभूषितम् ॥
गदापाणिं च देवेशं रात्रिचक्रसमाकुलम् ।
खड्गपाशधरं सौख्यं दाहज्वर विनाशनम् ॥
वातिकं पैत्तिकं चैव श्लेष्मकं सन्निपातिकम् ।
वारिधारानिपातेन निर्विषं कुरुतेक्षणात् ॥

भाबार्थ–बकार नागासन नागैले व्याप्त आँखा, कालो वर्ण भएका हिमकुन्दपुष्प, शंख र गाईको दूध झैं सेतो राम्रा मणिले युक्त १६ हातमा गदा, राशिचक्र, खड्ग, पाश धारण गरेका सुख दिने दाह ज्वारवात पैत्तिक श्लेष्म पानीको धाराले विनाश गर्ने साक्षात् वरुण देवता हुन् ।

भकारं कृष्णवर्णाभं पीतकौषेयवासनम् ।
दण्डहस्तं महाकायं महिषासुरवाहनम् ॥
कालपाशधरं रौद्रं आरक्तायवलोचनम् ।
तस्मात्सर्वप्रयत्नेन कालदंष्ट्रास्य योजयेत् ॥

भावार्थ–भकार महिषासुरमाथि चढेका डरलाग्दा कालोवर्ण ठूलो शरीर रातो लामो आँखा भएका पीताम्बर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पहिरिएका कपाल धारण गरेका हुन्। अतः प्रयत्नले यी काल दंष्ट्रको प्रयोग हुन्छ।

मकारं वृषभारूढं भस्मोद्धूलितधूसरम्।
नीलकण्ठञ्च जटिलं सर्वनीतिकरं शिवम्॥
पञ्चबक्रं दशभुजं त्रिशार्द्धपिंगलोचनम।
कपालासिधरं तीक्ष्णत्रिशूलं कुशधारिणम्॥

भावार्थ—मकार साँढेमा चढेका खरानी घसेर फुस्रा नीलो घाँटी ५ मुख १० हात १५ कैलो आँखा भएका कपाल पात्र, खड्ग, तीखो त्रिशूल र अंकुस लिएका जटाधारी नीति गर्ने कल्याणदायक हुन।

यकारं संप्रवक्षामि स्वयंवायु व्यवस्थितम्।
षड्भुजं शतवक्रं च महावलपराक्रमम्॥
कुरगासनमारूढं शुभ्राम्बरधरं तथा।
सर्वदोषाः समंयान्ति सिंहदृष्टायथामृगाः॥

भावार्थ—मृगमाथि चढेका ६ हात १०० मुख भएका सेतो पोशाक पहिरिएका बलपराक्रमी स्मरणले सिंहदेख्दा मृग झैं सबै दोष भगाउने साक्षात् वायु हुन्।

रकारमग्नि वर्णाभं रक्तकौशेयवाससम्।
रक्ताक्षं रक्तदंष्ट्रं च रसनासप्तव्याकुलम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुर्भुजं चतुर्वक्त्रं कालाग्निरुद्रतेजसम् ।
दुष्टानां प्रशमास्थाय विषसुप्तं प्रबोधयेत् ॥

भावार्थ—रकार अग्नि जस्तो वर्ण, रातो आँखा दाह्रा, ७ जिभ्रो, ४ हात, ४ मुख भएका लाल रेशमी पोशाक पहिरिएका कालाग्नि रूद्र झैं तेजिला दुष्टलाई समन गर्ने विषले सुतेकालाई जगाउने हुन् ।

वकारं तु हिमाभासं मूषिकोपरि संस्थितम् ।
आयुधं तस्य पाशं तु चतुर्वक्त्रं चतुर्भुजम् ॥
शुक्लवस्त्रधरं नित्यं सौम्यरूपं सुलोचनम् ।
आप्यायनं च सर्वेषां विषाणां चैव नाशनम् ॥

भावार्थ—वकार मुसामा चढेका हिउँ जस्तो वर्ण ४ मुख ४ हात र राम्रो नेत्र भएका पास समातेका सेतो लुगा पहि-रिएको राम्रा विष नाश गर्ने सबैलाई तृप्ति गराउने हुन् ।

शकारं तु हिमाभासं मयूरोपरि संस्थितम् ।
षड्भुजं शक्तिहस्तं च शिखिवाहन संस्थितम् ॥
षड्वक्त्रं स्वयमेवेशस्तन्निजं शिखिवाहनम् ।
दर्शनात्तस्य नश्यन्ति महापातकराशयः ॥

भावार्थ—शकार सेतो कमलमाथि बसेका मुजूरमा चढेका मुजूरै मन पराउने ६ हात ६ मुख भएका शक्ति हातमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिएका स्वयं नै ईश्वर दर्शनले महापातकहरू नाशने हुन् ।

षकारं षड्भुजं रौद्रंत्रिशीर्षं नवलोचनम् ।
त्रिपदं रक्तनेत्रं च ज्वलन्तमिव पावकम् ॥
भूतपृष्ठे समारूढं पाशतोमरमुग्दरैः ।
शोभितं भुजदण्डैश्च सौम्यरूपं महाप्रभुम् ॥

भावार्थ-षकार भूतमाथि चढेका वलेको जस्ता डरलाग्दा ६ वाहु, ३ शिर, ६ आँखा, ३ खुट्टा र लाल नेत्र भएका बडा समर्थवान् हुन् ।

सकारं सर्वलोकेषु सवभूतेषुसंस्थितम् ।
भूमिकीटपतंगेषु चिन्तयेदमृतोपमम् ॥

भावार्थ-[1]शकार सबै लोकमा सबै भूमिका कीट पतंगादिमा र सबै प्राणीमा रहने अमृतरूप हुन ।

हकारं संप्रवक्षामि शब्दरूपं परात्परम् ।
सूक्ष्मं निरञ्जनं नित्यं शब्दातीतं परात्परम् ।
भिन्नेन्द्रनीलसंकाशं कालिन्दीजलसन्निभम् ।
ध्यात्वा च नाशयेत्येष विषं स्थावरजंगमम् ॥

---

1. सकार = सबैमा रहने अमृत = Vitamin ; यस्मा विसर्ग मिल्दा अर्थात् सः = oxygen gas.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–[1]हकार इन्द्रनील अर्थात् गोलसजन् वर्णका शब्दरूप परभन्दा पनि पररहेका सूक्ष्म, निरञ्जन, नित्य, भन्नैन सकीने परब्रह्मरूप ध्यानले स्थावरजंगमको विषनाशक अर्थात् नादब्रह्म रूप हुन् ।

क्षकारं पठ्यते यस्तु स्वयंभूवरूणायकम् ।
पद्मासनसमारूढं शशांककृतशेखरम् ॥
जटामुकुटसन्नद्धं पञ्चवक्त्रं त्रिलोचनम् ।
अणिमाद्यष्टकप्रोक्तं सर्वायुधविभूषितम् ॥
दण्डकंठाख्यमालां च गदाचक्रत्रिशूलिनम् ।
अंकुशं रत्नपात्रं च सर्वत्रोपरिवारितम् ॥
सर्वसिद्धिकरो ह्येष क्षकारः परिपठ्यताम् ।
ब्रह्माविष्णु महेशाद्या नित्यं ध्यायन्ति योगिनः ॥
एतन्मन्त्रं वरं प्राप्य त्यजेदन्यत्पलालवत् ।
नवतत्वसमायुक्तं क्षकारः परिपठ्यताम् ॥
व्याधितस्करचौरेभ्यो बन्धने ग्रहसंकटे ।
जपेन् स्मरन् तं ध्यायन् वै न भयं विद्यतेकचित् ॥

भावार्थ–क्षकार स्वयंभूवरुणस्वरूप ५ मुख ४ नेत्र भएका जटाजूट बाधेका शिरमा चन्द्र पहिरिएका अणिमादि

1 हकार=नादब्रह्म, विमर्श; यस्मा अनुस्वार मिल्दा अर्थात् हं=Carbondioxide gas यसको यथार्थ विवरण अर्को लेखमा दिने चेष्टा गर्ने छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धिले युक्त भएका दण्ड, हार, गदा, चक्र, त्रिशूल अंकुश धारण गरेका रत्नपात्रहरू चारैतिर राखेका सबै सिद्धि गर्ने क्षकारको पाठ गरियोस्। ब्रह्मा, विष्णु, महेश्वर र योगीहरू सधैं यिनको ध्यान गर्छन्। यस्तो मन्त्र पाएपछि अरू सबै खोष्टा फैं फालियोस्। क्षकारको ध्यानबाट रोग, चोर, बन्धन, र ग्रहहरू मध्ये कुनैको पनि डर रहदैन। (तर यो क्षकारमा नाद बिन्दुको प्रयोग हुँदा अर्थात् क्षँ संवर्तक बीज रूप क्षयकारक तत्त्व क्षौँ भएमा विषनाशक तत्त्व बन्दछ)।

अधुना संप्रवक्षामि कलानां च यथार्थतः।
पूर्वतश्चैव वर्णानां तथैवमनुपूर्वशः॥

भावार्थ—अब अकारदेखि कलावर्णहरू बताउँछु।

अकारं विष्णुदैवत्यं वैष्णव्या चापराजितम्।
शंखचक्रगदापाणिं चतुर्वक्त्रं चतुर्भुजम्॥
गरुडासनमारूढं सर्वदुष्टनिकृन्तनम्॥

भावार्थ—अकार गरुडमा चढेका शंख, चक्र र गदा हातमा लिएका४ बाहु ४ मुख भएका विष्णु दैवतात्मक वैष्णवीको अपराजितामन्त्र सबै दुष्ट नाशने हुन्।

आकारं ब्रह्मदैवत्यं हंसारूढं चतुर्भुजम्।
चतुर्वक्त्रं सुरूपं च सुरक्तायतलोचनम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दण्ड कमण्डलुं चैव मंजुमेखलधारिणम् ।
ब्रह्मसूत्रधरां देवीं ब्रह्माणीं प्रतिपद्यताम् ।।

भावार्थ–आकार हाँसमा चढेका ४ हात ४ मुख लामो लामो लाल नेत्र भएका दण्ड र कमंडलु लिएका मंजुमेखला र ब्रह्मसूत्र धारण गरेका ब्रह्मात्मक ब्रह्माणीको मन्त्र हुन् ।

इकारं पार्वती देवी सौम्यरूपा त्रिलोचना ।
सुभ्रूललटाबिम्बौष्ठो बलित्रितयशालिनी ।।
कुटिला कुञ्चिताकेशी पीनोन्नतपयोधरा ॥

भावार्थ–इकार ३ नेत्र राम्रो आँखिभौं, लाल ओठ, घुंघ्रेको अलख, पुष्ट उन्नत स्तन भएकी राम्री अर्थात् सुन्दरी पार्वती हुन् ।

ईकारमीश्वरं विद्याज्जटामुकुटधारिणम् ।
शशांकशेखरं देवं पंचवक्त्रं त्रिलोचनम् ।।
कपालमालिनं देवं जटामुकुटधारिणम् ।
शिवशक्त्या सहैकात्म्यं त्रिदशैरपि दुर्लभम् ।।

भावार्थ–ईकार ५ मुख, ३ आँखा भएका जटामुकुटमा चन्द्र धारण गरेका मुंडमाला पहिरिएका देवताहरूलाई पनि दुर्लभ शिव (प्रकाश वा काम) र शक्ति (विमर्श वा कला) ऐक्य भएको देहरूप अर्थात् कामकलारूप ईश्वर हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उकारं विनतापुत्रं स्वयं ताक्ष्यर्पतिं शुभम् ।
अव्याहतगतिं नित्यं भुवनानि चतुर्दश ॥
हरिं वाह्ये तुत देवी यक्षभूतविनाशिनी ।
सर्वेषां च ग्रहादीनां उन्मादकारिणी शुभा ॥

भावार्थ–उकार चौधै भुवनमा गति भएका विष्णुका वाहन गरुड हुन् । तिनको देवि भन्नाले तिनको शक्ति वा ताकत शुभ र यक्ष र भूत ग्रहहरूको दोष नाशने हुन् ।

ऊकारं हंसमित्युक्तं शंखकुन्देंदुसन्निभम् ।
स्मरणात् सर्वपापानि नाशयेन्नात्र संशयः ॥

भावार्थ--ऊकार शंख, कुन्दपुष्प र चन्द्र भैं सेता संभनाले सबै पाप नाशने हंसरूप हुन् ।

ऋॠऌॡ वेदं च ऋग्यजुःसामप्रकीर्तितः ।
वेदमाथर्वणं चैव पूजाकाले तु चिन्तयेत् ॥

भावार्थ-ऋ ॠ ऌ ॡ पूजाकालमा चिन्तन हुने ऋग्, यजुः साम र अथर्व वेदहरू हुन् ।

एकारं षण्मुखं विद्याच्चतुर्विंशार्द्धलोचनम् ।
शिखिवाहनमारूढं शक्तिहस्तं महाबलम् ॥
स्मरणान्नाशयेदेष कौमारग्रहपीडनम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ-एकार मुजुरमा चढेका ६ मुख १२ आँखा भएका शक्ति हातमा लिएका संझेमा कौमार ग्रहदोष नाशने स्कन्दकुमार ठूला बलिया हुन्।

ऐकारं सुरराजेन्द्रमैरावतरथे स्थितम्।
तेजस्विनं सहस्राक्षं वज्रहस्तं महाबलम्॥
द्विभुजं सौम्यवदनं त्रिन्दुत्रयविभूषितम्॥

भावार्थ-ऐकार ऐरावत चढेका तेज़िला १००० नेत्र भएका वज्र हातमा लिएका तेजस्वी बलिया सौम्यमुख २ वाहु भएका ३ बिन्दु पहिरिएको बलिया सुरराज इन्द्रराज हुन्।

ओकारं सिंहमारूढं त्रिनेत्रं च महाबलम्।
द्विभुजं सौम्यवदनं शोभमानमहाभुजम्॥
शिवदूती च सा देवी श्मशाननिलयाप्रिया॥

भावार्थ-ओकार सिंहमा चढेका बडा बलिया ३ नेत्र २ लांमा हात राम्रो मुख भएका श्मशानमा बसेका प्यारी शिवदूती नाम गरेकी हुन्।

औकारो भैरवः साक्षाज्ज्वालाकपिललोचनम्।
दंष्ट्राकरालिनं भीमं लेलिहानं सुभीषणम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपादं त्रिकदं ज्ञेयं त्रिशीर्षं करशेखरम् ।
आधारमर्द्धमातृणां योगिनीनां सदालयम् ॥
शूलमुद्गरवीणासिवीणांकुशधरं तथा ।
गजचर्म्मनिबद्धाङ्गं सर्वमेखलमण्डितम् ॥
सर्वाभरणसंयुक्तं मणिकुण्डलभूषितम् ।
नृत्यमानं श्मशानेषु वेतालैःसह क्रीडते ॥

भावार्थ—औकार टल्केको कैलो आँखा, डरलाग्दो दाह्रा, ३ पाउ ३ शिर भएका जिभ्रो फठ्कारीरहने अर्द्ध-मातृकाको आधार भएर योगिनीहरूका घररूप भएका भाला, मुंग्रो, सितार, तरवार, गीतार र अंकुश हातमा लिएका हात्तीको छालाको मेखला, मणि जडाउकुंडल र सबै गहना पहिरिएका श्मशानमा वेतालहरूसित खेल्ने साक्षात् भैरव हुन् ।

अंकारं विन्दुसंयुक्तं शुष्का देवी तु भीषणा ।
तथान्त्रपिशिताहारा चास्थिभिःकृतमेखला ॥
अस्थिचर्मा च निर्मांसा प्रेतवाहनसंस्थिता ।
दंष्ट्राकरालिनी चोग्रा मेघगंभीरनिःस्वना ॥
शुष्का शुष्कमुखी भीमा चोर्ध्वकेशी भयानका ।
समांसरुधिराहारा श्मशाने नित्यवासिनी ॥
गजचर्म्मोत्तरीया तु नागाभरणभूषिता ।
चामुण्डा मुण्डवेगा च खेचरी हृदयंगमा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ--अंकार बिन्दुयुक्त प्रेतमा चढेकी डरलाग्दी हड्डीको मेखला र नागको गहना पहिरिएकी ठाडो केश र बाङ्गो दाह्रा भएकी मेघ जस्तो गर्ज्ने आन्द्रा रगत र मासु खाने हाड्, छाला मात्रकी दुबली हात्तीको छाला ओढेकी संधै श्मशानमा बस्ने हृदय खिच्ने आकाशमा डुल्ने मुण्डवेगा चामुण्डा हुन्।

अःषोडशं चैव बीजं शीतं तु हिमशीतलम्।
पूर्णेन्दुवदनं सौम्यंकरो षोडशवत् सदा॥
सिच्यमानं सदा ध्येयादमृतं श्रवते सदा।
एतच्चाप्यायनं जीवो विषमज्वरनाशनम्॥
एकाह्निकं मुहूर्तञ्च तृतीयक चतुर्थकम्।
शीतज्वरं महाघोरं पित्तोन्मादज्वरं तथा॥
मासे षण्मासिके चैव तथा सम्वत्सरादिकम्।
नाशनं सर्वरोगाणमायुरारोग्यवर्द्धनम्॥

भावार्थ--अः सोह्रौं बीज हिउँ झैं शीतल पूर्णचन्द्र झैं मुख १६ बाहु भएका अमृतले सेचन भइरहेका राम्रा अमृत वर्षीएर १,२,३,४ दिने, ६ महिने सन्निपात ज्वरो र सबै रोग नाशी आयुरारोग्य दिने हुन्।

एतद्देवि मयाख्यातं धर्म्मसर्वस्वमात्मनः।
न कस्यचिन मयाख्यातं त्वां विना वरबार्णिनि॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो न जानाति मूढात्मा मातृकाज्ञानमुत्तमम् ।
व्यर्थः परिश्रमस्तेषां सिद्धिमार्गस्तु दूरगः ॥
क्षेमः शम्भुः स्वयं देवः पंचास्यश्चन्द्रशेखरः ।
खट्वांगांकुशशूलाक्षमालाटंकमणिगदा ॥
दंडमुद्गरचक्रांकदशपाणि हलायुधः ॥
धर्म्माधर्म्मवेदयुगो धर्मासननराद्धत ॥
वर्णा क्षेत्रेश्वरा मन्त्रा न पृथक् तेन संस्थिताः ।
सिद्धिदाः पूजिता नित्यं जपध्यानपरायणैः ॥
तस्मात्सर्वप्रयत्नेन वर्णध्यानं भुजायुधाः ।
कार्यसिद्ध श्चिन्तनीया नियोज्यास्तत्त्वदर्शिना ॥
उमातिलकनित्यैता प्रेक्षवाक्यागमान् बहून् ॥

भावार्थ—हे देवि ! आजसम्म अरू कसैलाई नबताएको आफ्नो सर्वस्व धर्म्म तिमीलाई बताएँ। मातृकाज्ञान नभएको मूर्खको परिश्रम व्यर्थ भएर सिद्धिमार्ग परै रहोस्, कल्याणदायक पंचायन चन्द्रशेखर खट्वांग, अंकुश, भाला, जपमाला, टंक, मणि, गदा, दंड, मुंग्रो, चक्र र हलो लिएका १० बाहु भएका धर्म्माधर्म्म र ४ वेदका आसन गरेका आफसे आफ शम्भुमा र वर्णहरू, क्षेत्रेश्वरहरू र मन्त्रहरूमा केही फरक छैन। यी सबै नित्य पूजा ध्यानादिबाट सिद्ध हुन्छन्। अतः तत्त्वदर्शीले कार्यसिद्धिको लागि यत्नसाथ वर्णको आयुधभुजा समेत ध्यान गरोस्। आगमका धेरै वचनहरूले यी वर्णहरूलाई "उमातिलकनित्या" पनि भन्दछन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो चिन्तामणितन्त्रको ४५ सौं प्रकाश पूर्ण नै उद्धार गरें। यसमा कुनै अक्षरको फलको वर्णन छैन, कतै एउटै पद दोहोरिएको छ, घेरै ठाउँमा व्याकरणको अशुद्धि छ। तर साहित्य र व्याकरणको भन्दा तन्त्रशास्त्रको जन्म घेरै नै अघि भएबाट यस्ता प्रयोगहरू "आर्ष प्रयोग" भन्ने मानिन्छन्।

पूर्वोक्त सबै मातृकाका ध्यानहरू मैले गुरु मुखबाट प्राप्त गरेको होइन केवल ग्रन्थावलोकनबाट जानेकोले ती ध्यानहरूको सांकेतिक वा निर्गुणार्थ दिन नसकेमा क्षमाप्रार्थी छु। अर्को पटलमा लेखद्वारा संझाउन सकेसम्म मैले गुरुमुखबाट जानेको मध्ये आम्नायनायिकाहरूको ध्यानको निर्गुणार्थ समेत यथाशक्ति वर्णन गर्न प्रयत्न गर्ने छु। अब यत्तिकैमा यो पटल समाप्त गर्दछु।

इति श्रीमातृकाध्यानवर्णनन्नाम प्रथमः पटलः।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ द्वितीयः पटलः

ऋतु ६ प्रकारका हुन्छन् र प्रत्येकमा [1]प्रकृतिको रूप फरक हुन्छ, तर प्रकृति त एउटी नै हुन् केवल ऋतु भेदले गर्दा उनको रूप पृथक् जस्तो भान पर्दछ। त्यस्तै ब्रह्मशक्ति पनि एउटी नै हुन् केवल सृष्ट्यादि अवस्थाको भेद र उपासकको भावले गर्दा उनको अनेक पुंस्त्रीरूप जस्तो भान पर्नजान्छ। ब्रह्म जड हुन्। ब्रह्मशक्ति भन्नु नै चैतन्य सहितका ब्रह्म हुन्। जडरूप केवल ब्रह्मबाट कुनै काम नहुने हुँनाले सचैतन्य ब्रह्मको मूर्ति कल्पना भएर उपासना हुन्छ। वेदले विशेष गरेर यिनलाई पुंरूपमा घटाएको छ। त्यो यस प्रकारको हुन्छ।

"सहस्र शीर्षः पुरुषः सहस्राक्षः सहस्रपाद्" इत्यादि पुरुष-सूक्त सर्व प्रसिद्धै हुँनाले लेख विस्तार भयले यहाँ लेखिनं। फेरि वेदको मुख्य मन्त्र ब्रह्मगायत्रीको अर्थ पनि पुंरूप ब्रह्म मै घटेको छ। उपासनाको बारेमा "ब्रह्म" भन्नाले "[2]कर्म्मशील

1. प्रकृति = Nature. 2. कर्म्मशील = Active.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्म" अर्थात् "सचैतन्य ब्रह्म" जसलाई "[1]सर्वशक्तिमान्" भन्दछन् उनै हुन्। तन्त्रले यिनैलाई विशेष गरेर स्त्रीरूपमा घटाउँछ। उदाहरणको लागि महाकालसंहितामा महाकालले कालीको स्तुति गरेको उक्ति दर्शाउँछु। सो यस प्रकारको छ।

"सृष्टेरादौ त्वमेकासीत् तमोरूपमगोचरम्।
तत्त्वाज्जातं जगत् सर्वं परब्रह्मसिसृक्षया॥
महत्तत्त्वादिभूतान्तं त्वया सृष्टमिदं जगत्।
निमित्तमात्रं तद्ब्रह्म सर्वकारणकारणम॥
सद्रूपं सर्वतो व्यापी सर्वमावृत्य तिष्ठति।
सदैकरूपं चिन्मात्रं निर्लिप्तं सर्ववस्तुषु॥
न करोति न चाश्नाति न गच्छति न तिष्ठति।
सत्यं ज्ञानमनाद्यन्तमवाङ्मनसगोचरम्॥
तदिच्छामात्रमालम्ब्य त्वं महायोगिनी परा।
करोषि पासि हंस्यन्ते जगदेतच्चराचरम॥

भावार्थ—"सृष्टिकाल अघि सबै जगत्का तत्त्वहरू अन्धकारमय हुँदा सृष्टि गर्ने इच्छाले पञ्चमहाभूत सहित महत्त्वादि सबै जगत् तिमीले नै वनायौ। ती सबै कारणका पनि कारण जतासुकै व्याप्त भएका सद्रूप ब्रह्म त निमित्त मात्र भएर रहन्छन्। (ती ब्रह्म) सँधै एक रूप चिन्मात्र भएर सबै वस्तुमा

1. सर्वशक्तिमान् = Almighty.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्लिप्त भएका अर्थात् नदेखिने भई खिचडमिचड भएर मिलेका आदि र अन्त्य रहित सत्य र ज्ञानमूर्ति अवाङ्मनसगोचर केही गर्दैनन्, केही खाँदैनन्, कतै जाँदैनन् र कतै बस्दैनन्। तिनको इच्छाको मात्र अवलम्बन गरेर तिमी परायोगिनीबाटै यो चराचर जगत् बन्दछ, जोगिन्छ र भत्कन्छ।"

अब यिनैको रूप केही न भए तापनि स्त्रीरूप र पुंरूप अवस्था भेदले [1]आविर्भूत हुन जान्छ भन्ने बारेमा परातन्त्रमा यस्तो संकेत छ।

एका सा परमा देवी विश्वंव्याप्य व्यवस्थिता।
चतुर्विंशतितत्त्वेन ब्रह्माण्डं चेतयेदिह॥
पृथिवीवायुराकाशजलवह्निमयं वपुः।
धृत्वा संसृज्यते विश्वं कल्पे कल्पे यथेच्छया॥
ब्रह्मा विष्णुश्च रुद्रश्च ईश्वरश्च सदाशिवः।
पञ्चभूतात्मकं चैव शरीरं पञ्चसंस्कृतम्॥
एकीकृत्य तथा पञ्चभूतरूपेण संस्थिताः।
निर्जीवाः जीवरूपेण पञ्चभूतत्वमागताः॥
सिंहासनमहाम्नायपञ्चभूतानि संगता।
आद्या सा परमा शक्तिर्व्योमस्था कुलरक्षिणी॥
ब्रह्माण्डव्यापिनी नित्या परब्रह्मस्वरूपिणी।
चतुर्विंशतिभिस्तत्त्वैः सर्वजीवस्वरूपिणी॥

1. आविर्भूत = Menifested,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मस्वरूपिणी साक्षात् स्त्रीपुंभेदेनभिद्यते ।
लीलया क्रीडते नित्याललितारूप धारिणी ॥
अरूपा रूपवान् भूत्वा पुंरूपं धार्यते शिवे ।
कदाचिल्लीलया देवि मायारूपेण क्रीडति ॥
कदाचिद्धरिरूपेण शिवरूपेण स्वेच्छया ।
ब्रह्मरूपधरा माया स्वेच्छारूपधरा परा ॥
एषा परापरा देवि प्रकृतिर्विश्वमोहिनी ।
प्रवर्तयति संसारं समयापालनाय च ॥
श्रीनाथक्रमसिद्ध्यर्थंषडाम्नायत्वमागता ।
षट्सिंहासनगां देवीं समासं कथयामि ते ॥"

भावार्थ–"सबै संसार ढाकेर बसेकी उनै देवीले २४ तत्त्वद्वारा ब्रह्माण्डैलाई चैतन्य दिएर अर्थात् जगाएर वा व्यूझाएर कलपकलपमा आफ्नो इच्छाले पृथ्वी, जल, तेज, वायु र आकाश रूप धारण गरेर सबै संसार बनाउँछिन् । ब्रह्मा, विष्णु, महेश्वर, रुद्र र सदाशिव रूप पञ्चभूतात्मक ५ शरीर बन्न जान्छन् । सबै मिलेर निर्जीवरूप पञ्चमहाभूत भिन्ना भिन्नै भएर सजीवरूप महाम्नायसिंहासन अर्थात् आम्नायरूप सिंहासन बने । अनि २४ तत्त्वले युक्त भएर सकलजीवरूपिणी उनै आकाशमा रहने कुललाई रक्षागर्न ब्रह्माण्डव्यापिनी परब्रह्मस्वरूपिणी नित्या परमाशक्ति आद्या स्त्रीपुंभेद भएर अर्थात कहीले पोथीरूप कहीले भालेरूप बनेर लीलाले विलास गर्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा ललितारूप बन्दी छंदी कहिले पुंरूप ब्रह्मा, विष्णु र शिव फेरि स्त्रीरूप माया अर्थात् काली, तारा र सुन्दरी इत्यादि रूप धारण गर्छीन्। यिनी पर भन्दा पर रहेकी विश्वमोहिनी प्रकृति देवि समयापालनको लागि अर्थात् दैवी मर्यादा स्थापनको लागि संसार चक्र चलाउदै श्रीनाथक्रमको पूर्तिको लागि अर्थात् श्रीनाथादि गुरुत्रयको क्रम सिद्ध गराउनालाई ६ अम्नायरूप भएर ६ सिंहासनमा रहिन्। यिनै ६ सिंहासनमा रहेकी देवीको बयान राम्ररी क्रमैसित तिमीलाई बताउँछु" भनेर शिवले शक्तिलाई भने।

यो पूर्वोक्त उक्तिको अन्त्यको ३ पंक्तिको रहस्यार्थ अतिगहन छ। यथार्थ क्रमदीक्षा कै वैज्ञानिक रहस्यको कुरा नदर्शाई यो कुरा संझाउन सक्दिैन, फेरि ध्यान-संकेत, मन्त्र-संकेत र यन्त्र-संकेतको वैज्ञानिक रहस्यको केही झलक नपारी क्रमदीक्षाको वैज्ञानिक रहस्यको वर्णन हुनै सक्दैन। अतः ऐले यत्तिकैमा कलम रोक्छु।

"तान्त्रिकविज्ञानदर्पणमा" आम्नायको उत्पत्तिको वर्णन भएबाट कुन कुन आम्नाय कुन कुन [1]भूतको तत्त्वात्मक हो भन्ने र ब्रह्मादि पञ्चदेवमध्ये कुन कुन प्रणवको कुन कुन कलात्मक भई कुन कुन भूतात्मक भएर रहेका छन् भन्ने कुरा सबै वर्णन भइसक्यो। अब यहाँ आम्नायको अवस्थाको विषयमा केही वर्णन गर्नुछ। यस बारेमा कुलार्णवतन्त्रको उक्ति यस्तो छ।

1. भूत = Element.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः ।
संहारः पश्चिमो देवि उत्तरोऽनुग्रहो भवेत् ॥"

अर्थ–"पूर्वाम्नाय सृष्टिरूप हो । अर्थात् पूर्वाम्नायात्मक सबै देवताको मन्त्र, यन्त्र र ध्यानको सांकेतिकार्थ सृष्टि अवस्थाका परब्रह्ममा घट्दछ । उस्तै गरी दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप अनि उत्तराम्नाय अनुग्रहरूप अर्थात् सृष्टिको तयारी रूप हुन् ।

यस उक्तिमा ४ आम्नायको मात्रै वर्णन छ । ऊर्ध्वाम्नाय र अधराम्नायको वर्णन छैन । तर श्रीकुलक्रमचिन्तामणि तन्त्रमा भने षडाम्नायकै वर्णन भएको उक्ति यस प्रकारको पाइन्छ ।

"पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः ।
संहारः पश्चिमो ज्ञेयो ह्यन्तर्लीनस्तथोत्तरः ॥
ऊर्ध्वश्चानुग्रहो भूयश्चाधोविश्रान्तिको भवेत् ॥"

अर्थ–"पूर्वाम्नाय सृष्टिरूप, दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप, उत्तराम्नाय अन्तर्लीनरूप अर्थात् सबै आफैमा लय गराउने रूप, ऊर्ध्वाम्नाय अनुग्रहरूप अनि फेरि अधराम्नाय विश्रान्तिरूप हुन् ।"

अब यहाँ एउटा शंकाको कुरा देखियो । किन भने कुलार्णवतन्त्रमा उत्तराम्नायलाई अनुग्रहरूप र श्रीक्रमकुलचिन्तामणि तन्त्रमा अन्तर्लीनरूप भन्ने वचन भएबाट दुई तन्त्रको उक्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाझेको देखियो। तर यसको रहस्य यस्तो हुन्छ। उत्तराम्नायका सबै देवता अन्तर्लीनात्मक हुनाले श्रीकुलक्रमचिन्तामणिले अम्नायका सबै देवताको संकेत गर्दा उत्तराम्नायलाई अन्तर्लीनाम्नाय भनेर बतायो। तर कुलार्णवले भने ऊर्ध्वाम्नायको कुरा केही पनि न बताएर केवल ४ आम्नायकी नायिका (जस्को विभूति वा भेद त्यस आम्नायका अरु देवता हुन्) को संकेत गर्दा उत्तराम्नाय नायिकालाई अनुग्रहाम्नाय भनेर बतायो। उत्तराम्नायका सबै देवता अन्तर्लीनात्मक भए पनि उत्तराम्नायनायिका महाचण्ड योगेश्वरी अर्थात् भरतोपासिता दशवक्त्रा गुह्यकालिका ऊर्ध्वाम्नाय-नायिकासित अभेद हुनाले अन्तर्लीनात्मिका नभई अनुग्रहात्मिका हुन गइन्। यी सबै कुरा निम्नलिखित महाकालसंहिता र वडवानलतन्त्रको सांकेतोक्तिको आधार र गुरुवक्त्रबाट बुझिन्छ।

" दशवक्त्रा षोडशार्णा चतुष्पञ्चाशद्दोयु ता।
सर्वासां गुह्यकालीनां सा वै मुख्यतमा स्मृता॥"

इति महाकालसंहितायाम्

अर्थ–"दशमुख चउन्न हात भएकी १६ अक्षरको मन्त्ररूपिणी गुह्यकाली चाहिं सबै गुह्यकालीहरूमा मुख्य हुन्।" उत्तराम्नायनायिका गुह्यकाली हुँनाले र १ मुख, ३ मुख, ५ मुख, ६ मुख, ७ मुख, ९ मुख, १० मुख, ११ मुख, ८० मुख, १०० मुख फेरि तिनमा पनि बाहु भेदले गर्दा गुह्यकालीको ध्यान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रादिको भेदबाट गुह्यकालीको रूपभेदको नाम १८ हुन्छन्। ती मध्ये यी पूर्वोक्त गुह्यकाली (जसको नाम महाचण्डयोगेश्वरी हो र भरतोपासितमन्त्र जसको हुन्छ) मुख्य हुनाले यिनीनै आम्नाय-नायिका मानिन्छिन्।

"महात्रिपुरसुन्दर्याश्चण्डयोगेश्वरी परा।
न तयोर्विद्यते भेदो भेदकृन्नरकं व्रजेत्॥"

इतिवडवानलतन्त्रे

अर्थ—"महात्रिपुरसुन्दरी र पराचण्डयोगेश्वरी (महाचण्डयोगेश्वरी) मा भेद छैन, भेद गर्ने नरक पर्छ।" अतः यी गुह्यविद्या भए पनि श्रीविद्या कै स्थानमा गन्निने भयिन्।

प्रत्येक आम्नायमा पुंदेवता र स्त्रीदेवता धेरै हुन्छन् तर आम्नायनायिका स्त्रीरूप एउटी देवी मात्रै हुन्छिन्। संसारमा देवताका जति भेद हुन्छन् अर्थात् देवता जति छन् सबै कुनै न कुनै आम्नायका हुनै पर्छ। कुन कुन आम्नायमा कुन कुन देवता मानिन्छन् भन्ने कुरा मद्रचित "तान्त्रिकोपासनादर्पण" नामक २खण्डहिन्दी भाषाको पुस्तकमा आफूले जाने जति न्यास, ध्यान, मन्त्र, यन्त्र र आवरण समेत दर्शाएर वर्णन गरेको छु। सबैको उपासनाको लागि आम्नायभेद भरसक राम्ररी दर्शाएको छु तर तिनको वैज्ञानिक रहस्यको भने उपासना खण्डमा जरूरत नपर्ने हुँनाले संकेत मात्रै गरी प्रकाश गरेको छैन। अब यहाँ प्रत्येक आम्नायनायिकाहरूको क्रमैसित रूपको सगुण र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गुण अर्थ बताएर यथाशक्ति ध्यानसंकेत वर्णन गर्ने चेष्टा गर्दछु।

पूर्वाम्नायकी नायिका "भुवनेश्वरी" हुन्। अर्थात् भुवनेश्वरी कै विभूतिरूप पूर्वाम्नायका सबै पुंरूप र स्त्री रूप देवताहरू हुन्। अब तिनी भुवनेश्वरीको ध्यान यस प्रकारको हुन्छ।

" उद्यदिनद्युतिमिन्दुकिरीटां।
तुङ्गकुचांनयनत्रययुक्ताम्॥
स्मेरमुखीं वरदाङ्कुशपाशा।
ऽभीतिकरां प्रभजे भुवनेशीम्॥"

अन्वय—"उद्यदिनद्यतिं इन्दुकिरीटां तुङ्गकुचां नयनत्रय-युक्तां स्मेरमुखीं वरदाङ्कुशपाशाभीतिकरां भुवनेश्वरीं प्रभजे।"

व्याख्यार्थ—उद्यदिनद्यतिं (उदाउन लागेका सूर्य झैं कान्ति भएकी अर्थात् लाल वर्ण भएकी। निर्गुणार्थ वा सांके-तिकार्थमा उदाउन लागेको सूर्यबाट दिनको सृष्टि हुने र वेदले दिनलाई सृष्टिको समय र रातलाई लयको समय भन्ने बता-एकोले यसपादबाट "सृष्टि गर्न लागेकी" भन्ने बुझिन्छ; फेरि लाल वर्णले "रजोगुणात्मिका" भन्ने पनि सूचित गर्छ। वाङ्म-यार्थ वा मन्त्रोद्धारमा सूर्य तेजसात्मक हुंनाले र "रकार" तेजस्तत्त्व सूचक हुँनाले यसपदबाट "रेफ" उद्धृत हुन्छ)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इन्दुकिरीटां (चन्द्रमारूप मुकुट पहिरिएकी। निर्गुणार्थमा चन्द्रमाबाट सोमरस वा अमृत पृथ्वीमा चुहुने भएकोले शास्त्रले चन्द्रमालाई अमृतरूप मानेको हुँदा यस पद्बाट "परमामृतरूपिणी" भन्ने संकेत हुन्छ, फेरि यो मुकुट अर्द्धचन्द्र हुँनाले नादरूपिणी विमर्शशक्ति भन्ने पनि संकेत हुन्छ। वाङ्मयार्थमा यस पद्बाट "नादमात्रा" उद्धृत हुन्छ)। तुङ्गकुचां (ठूलो उठेको स्तन भएकी। बिन्दुबाट सृष्टि हुने हुँनाले यो बिन्दुद्वयको सूचक सृष्टिरूप हो, फेरि युवती प्रसूति हुँने बेलामा स्तन भरिलो हुने हुँनाले यो पद्बाट "सृष्टिकला" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा यस पद्बाट "बिन्दु" मात्रा उद्धृत हुन्छ)। नयनत्रययुक्ताम् (तीनओटा आँखा भएकी। निर्गुणार्थमा "सोम, सूर्य र अग्नि यी ३ शिव र शक्तिका ३ नेत्र हुन्" भनेर सोम शुक्लबिन्दु, सूर्य मिश्रबिन्दु र अग्नि रक्तबिन्दु हुँनाले यस पद्बाट "बिन्दुत्रयसमष्टिरूपिणी कामकलात्मिका" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा कामकलाक्षर "ई" उध्दृत हुन्छ)। स्मेरमुखीं (हँसिलो मुख भएकी वा मुसुक्क हाँसेकी। निर्गुणार्थमा आनन्दमा या हर्षमा हँसिलो मुख हुने हाँसो पनि उठ्ने हुँनाले यस पद्बाट "परमानन्दरूपिणी" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा "आनन्द" भन्ने पद्ले "ड"को उद्धार हुन्छ, फेरि "ड" पद्ले "ए, ग, ह, स" यति ४ अक्षर मध्ये मन्त्रचैतन्य र प्रयोग हुने ठाउँको विचारले एउटाको उद्धार हुँने हुँनाले यहाँ "ह" उद्धृत हुन्छ। अरू कुरा यस बारेमा गुरुमुखगम्य छ)। वर-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दांङ्कुशपाशाभीतिकराम् (वरद मुद्रा, अंकुश, पाश र अभय मुद्रा ४ बाहुमा धारण गरेकी । निर्गुणार्थमा ४ बाहुले ४ आत्मा दाहिनेको माथि परमात्मा, तल जीवात्मा अनि बाँयाको माथि ज्ञानात्मा, तल अन्तरात्माको सूचना हुँनाले "सर्वात्मरूपिणी" भन्ने सूचित हुन्छ । फेरि जीवात्मा सूचक बाहुमा वरद मुद्रा हुँनाले "अभीष्ट वर दिने शक्ति" अर्थात् जीवातलाई खानपीन, हिंडडुल इत्यादि जो जो चेष्टा गर्न मनल ाग्छ सो सो गर्न सक्ने ताकत वा शक्ति भन्ने सूचित हुन्छ; परमात्मा-सूचक बाहुमा अंकुश हुनाले "स्तम्भनशक्ति" अर्थात् हदभन्दा कुनै कुरालाई पनि बढी हुन नदिने शक्ति, ज्ञानात्मासूचक बाहुमा पाश हुनाले "वशीकरणशक्ति" अर्थात् मानिसको मनमा उब्जनासाथ कर्म्म देहले बोल्ने र गर्ने गऱ्यो भने सो मानिस पागल बन्दछ; अतः त्यसमध्ये यति गर्न हुँने यति गर्न नहुँने भन्ने अठोट गर्न ज्ञानलाई विवेक भन्दछन्, सोही विवेकको अधीनमा आफूलाई राख्ने शक्ति; अन्तरात्मा–सूचक बाहुमा अभयमुद्रा हुनाले "निडर गराउने शक्ति" भन्ने सूचित हुन्छ । वाङ्मयार्थमा ४ आत्माको सूचकबाट "हँसः सो)हं" उद्धृत भएर त्यसबाट भुवनेश्वरीको यसै स्वरूपात्मक मन्त्रानुसारका बीजहरू हतियारको संकेतबाट उद्धृत हुन्छन् जो गुरुमुखगम्य छन्)। भुवनेशीं (भुवनेश्वरीलाई)। प्रभजे (भजन गर्दछु)।

यस ध्यानबाट मायाबीजको उद्धार भई अरू बीजको उद्धार हुने बुझियो । मन्त्रोद्धार गर्दा यस ध्यानको यस प्रकारले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वय गरिइन्छ।

"स्मेरमुखीं (ह्) उद्यदिनद्युतिं (र्) नयनत्रययुक्तां (ी) इन्दुकिरीटां (ँ) तुङ्गकुचां (०) वरदांकुशपाशाभीतिकरां (स ह × ० :) भुवनेशीं भजे।

यस्तै प्रकारले मूर्तिमा र मन्त्रमा अभेद हुँदा मन्त्रलाई वाङ्मयमूर्ति भन्दछन्। फेरि ध्यानको स्वरूप वा मूर्तिकै अनुसारको मन्त्र हुँने हुँनाले मन्त्रभेदबाट देवताको मूर्ति वा स्वरूपभेद बन्न जान्छ। तसर्थ मन्त्रको निर्गुणार्थ जस्तो हुन्छ उसैमा मिल्ने ध्यान हुनै पर्छ, नत्र परिश्रम विफल हुने हुनाले गुरुले शिष्यको कानमात्र फुकेर नक्कली गुरु न वनी मन्त्र ध्यान र यन्त्र तीनोटैको संकेत यथार्थ बताएर सकली गुरु बन्नु अत्यावश्यक हुन्छ।

दक्षिणाम्नाय की नायिका दक्षिणकाली हुन्। यिनको एक्लो रूपलाई "श्यामाकाली" र महाकालसाथमा भएको [1]द्वन्द्वरूपलाई "दक्षिणकाली" भन्दछन्। श्यामाकाली र दक्षिणकालीको मन्त्रमा पनि "स्वाहा" भन्ने २ अक्षर अन्त्यमा भएका सबै मन्त्र भेदहरू दक्षिणाका र सो नभएका सबै मन्त्र भेदहरू श्यामाका हुन्छन्। श्यामाको ध्यान यस प्रकारको हुन्छ।

---

1. द्वन्द्वरूपमा भैरवरूप Potential-Energy र भगवती Kinetic-Energy हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

" सद्यश्छिन्नशिरः कृपाणमभयं हस्तैर्वरं बिभ्रतीं ।
घोरास्यां शशिशेखरां त्रिनयनामुन्मुक्तकेशावलिम् ॥
सृक्कासृक्प्रवहां श्मशाननिलयां श्रुत्योः शवालङ्कृतां ।
श्यामाङ्गीं कृतमेखलां शवकरैर्देवीं भजे कालिकाम् ॥"

अन्वय– हस्तैः सद्यश्छिन्नशिरःकृपाणं अभयं वरं बिभ्रतीं घोरास्यां शशिशेखरां त्रिनयनां उन्मुक्तकेशावलि सृक्कासृक्प्रवहाम् श्मशाननिलयां श्रुत्योः शवालङ्कृतां श्यामाङ्गीं शवकरैः कृतमेखलां देवीं कालिकां भजे ।

व्याख्यार्थ– हस्तैः (४ हातले । निर्गुणार्थमा पूर्वोक्त प्रकारका ४ आत्मा सूचित हुनाले यस पदबाट सर्वसाक्षिणी भन्ने सुचित हुन्छ। वाङ्मयार्थमा आत्माको सूचक हुँनाले यस पदबाट "हकार" उध्दृत हुन्छ)। सद्यश्छिन्नशिरःकृपाणं (भर्खर काटिएको टाउको र खड्ग। निर्गुणार्थमा विचार विवेक गर्ने बुद्धिको स्थान मस्तिष्क टाउकोमा रहने र भर्खर काटेको भन्नाले आलो टाउकोबाट रजोगुण सूचक रगत चुहिएबाट रजोगुण आफलिएको हुंदा रजोगुणरहित सत्त्वगुणात्मक बुद्धि र ज्ञान भन्ने सूचित हुन्छ। फेरि खड्ग अज्ञानलाई छेदन गर्ने हुनाले यो पद "ज्ञान" सूचक हुन गयो! वाङ्मयार्थमा यी दुइटै पदबाट शुद्ध ज्ञान बुझिदा "कूर्चबीज" उद्धृत हुन्छ)। अभयंवरं (अभयमुद्रा र वरमुद्रा। निर्गुणार्थमा [1]पूर्वोक्तवत्

1. अघिल्लो ध्यानको व्याख्यार्थमा वर्णित भएको कुरा नदोहऱ्याई "पूर्वोक्तवत्" भन्ने लेख्ने गरिरहेछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अभय र वर दिने शक्ति" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा शक्ति बुझिनाले यी २ पदबाट "ई" उध्दृत हुन्छ)। बिभ्रती (धारण गरेकी। निर्गुणार्थमा आफ्नो हातमा लिएको हतियारको निर्गुणार्थको [1]पोषक भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा भने यस पदबाट विशेष केही पनि उध्दृत हुँदैन)। घोरास्यां (डरलाग्दो वा भयंकर मुख भएकी। निर्गुणार्थमा "भयंकर" र "रबाफिलो" भन्नु नै ब्रह्मको तेज हो" भन्ने शास्त्रले बताएबाट तेजोमय ब्रह्म भन्ने बुझिन्छ। वाङ्मयार्थमा "र्कार वा रेफ" उध्दृत हुन्छ)। शशिशेखरां (माथमा चन्द्रमा पहिरिएकी। निर्गुणार्थमा पूर्ववत् "परमामृतरूपिणी' भन्ने सूचित हुन्छ। वाङमयार्थमा पूर्ववत् "नाद मात्रा" उध्दृत हुन्छ)। त्रिनयनां (३ नेत्र भएकी। निर्गुणार्थमा पूर्ववत् "कामकलात्मिका" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा पूर्ववत् "बिन्दुमात्रा" उद्धृत हुन्छ)। उन्मुक्तकेशावलीं (झाक्रो फिजाएकी) निर्गुणार्थमा कपाल कोर्नु चुल्ठो बाटनु इत्यादि शृङ्गारपटार देखि रहित भएकी हुनाले यस पदबाट "निर्विकारा" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा "विकारशून्य" भन्ने बुझिंदा र शून्य बिन्दु सूचक हुनाले यस पदबाट "बिन्दुमात्रा उध्दृत हुन्छ)। सृक्कासृक्प्रवहाम् (जिब्रो निकालेर चलाउँदै) ओंठको २ कुनाबाट रगत मिसाएको र्याल चुहाएकी। निर्गुणार्थमा जिब्रो चलाउँदा रजोगुण सूचक रगत र तमोगुण सूचक र्याल चुहाई रहेकी अर्थात् फ्याकीरहेकी

---

1. पोषक = Supporter.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले "शुद्ध सत्त्वगुणात्मिका स्थितिकला" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा जिभ्रो र २ तीरको रगत च्यालको धाराबाट बिन्दुत्रयात्मक कामकला सूचित भई "ई" उद्धृत हुन्छ)। श्मशाननिलयां (श्मशानमा बसेकी। निर्गुणार्थमा सबै मृतकहरूको लय हुने अर्थात् बिलाउने ठाउँ श्मशान नै हुंदा र प्रलयावस्थामा सबैको लय हुने वा बिलाउने ठाउँ शून्याकाश नै हुदा श्मशान शून्याकाशको सूचक हुन गयो। त्यहाँ बस्ने भन्नाले "सच्चित्स्वरूपिणी" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा श्मशानमा अग्निबाट मृतक वा शव जलाइने हुदा श्मशानमा रहने श्मशानानल अर्थात् श्मशानको आगो हुनाले यस पदबाट "रेफ" उद्धृत हुन्छ)। श्रुत्योः शवालङ्कृताम् (कानमा मुर्दाको गहना पहिरिएकी) निर्गुणार्थमा मुर्दा चेतनारहित लाश हुनाले र शून्य पनि चैतन्यरहित ब्रह्म हुंदा र कान र आवाज सुन्ने यन्त्र हुंदा यस पदबाट नादब्रह्मस्वरूपिणी भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा यस पदबाट "नादमात्रा" उध्दृत हुन्छ)। श्यामाङ्गीं (श्यामवर्ण भएकी। तन्त्रमा केवल "श्याम" मात्रै भन्दा "नीलो" संझन पर्छ भन्ने कुरा तान्त्रिकविज्ञानदर्पणमा वर्णन भएकै छ। निर्गुणार्थमा चिदाकाशको पनि श्यामवर्ण हुनाले र यो सर्वत्र व्याप्त हुनाले यस पदबाट "सर्वव्यापिनी" भन्ने सूचित हुन्छ। यस पदको वाङ्मयार्थले बीजहरूको मन्त्र संकेतानुसार गुण र वृद्धि गराउँछ जुन कुरा गुरुमुखबाट मात्रै बुझिन्छ)। शवकरैः कृतमेखलां (मुर्दाको हातको लहरबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बनेको मेखला पहिरिएकी। निर्गुणार्थमा सबै जीवहरू कल्पावशानमा अर्थात् महाप्रलय हुँदा स्थूलदेह छाडेर आफ-आफ्नो कर्म्म साथमा लिएर लिङ्गदेह धारण गरी ब्रह्मरूपिणी महाशक्तिको अविद्यामायांशमा कल्पारम्भशम्म अर्थात् फेरि सृष्टि नभएसम्म रहन्छन्। अतः सबैको हातैबाट कर्म्म हुने हुनाले मरेका जीवहरूका प्रधानकर्म्म साधनरूप हातको लहरको मेखला विराड्रूपिणी महादेवीको गर्भधारणको संकेत गरेर योनिभन्दा माथि बाधिएको कल्पना भएकोले "विश्वयोनिरूपिणी" भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा गर्भबाटै पैदा हुने हुनाले यसबाट "ककार" उद्धृत हुन्छ)। देवीं कालिकां भजे (देवी कालिकालाई भजन गर्दछु)।

यस ध्यानबाट त्र्यक्षरी विद्या अर्थात् ३ अक्षरको मन्त्रको उद्धार दर्शायें "श्यामांगीं देवीं कालिकां भजे" यति ४ पदबाट मन्त्रान्तरहरू अर्थात् यिनको अरू मन्त्रहरू पनि अन्वयको उलटपलट भएर उद्धृत हुन्छ सो गुरुवक्त्रगम्य छ। यहाँ यो त्र्यक्षरीको अन्वय देखाउँछु। यो यस प्रकारको छ।

शवकरैः कृतमेखलां (क्) श्मशाननिलयां (र्) सृक्कासृक्प्रवहां (ी) श्रुत्योः शवालंकृतां (ँ) उन्मुक्तकेशावलिं (०) सद्यश्छिन्नशिरः कृपाणां (हूँ) अभयंवरं (ी) हस्तैः विभ्रतीं (ह्) घोरास्यां (र्) शशिशेखरां (ँ) त्रिनयनां (०) देवीं कालिकां भजे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब दक्षिणकालीको ध्यान यस प्रकारको छ ।

करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजाम् ।
कालिकां दक्षिणां दिव्यां मुण्डमालाविभूषिताम् ॥
सद्यश्छिन्नशिरःखड्गवामोधोर्ध्वकराम्बुजाम् ।
अभयं वरदं चैव दक्षिणोर्ध्वाधपाणिकाम् ॥
महामेघप्रभां श्यामां तथा चैव दिगम्बराम् ।
कण्ठावसक्तमुण्डालीगलद्रुधिरचर्चिताम् ॥
कर्णावतंसतानीतशवयुग्मविराजिताम् ।
घोरदंष्ट्रां करालास्यां पीनोन्नतपयोधराम् ॥
शवानां करसंघातैः कृतकाञ्चीं हसन्मुखीम् ।
सृक्कद्वयगलद्रक्तधाराविच्छुरिताननाम ॥
घोररावां महरौद्रीं श्मशानालयवासिनीम् ।
दन्तुरां दक्षिणव्यापिलम्बमानकचोच्चयाम् ॥
शवरूपमहादेवहृदयोपरिसंस्थिताम ।
शिवाभिर्घोररूपाभिश्चतुर्दिक्षु समन्विताम् ॥
महाकालेन च समं विपरीतरतातुराम् ।
सुखप्रसन्नवदनां स्मेराननसरोरुहाम् ॥
कोटिकालानलाभासं चतुर्बाहुं त्रिलोचनम ।
श्मशानाष्टकमध्यस्थं मुण्डाष्टकविभूषितम् ॥
पंचप्रेतस्थितं देवं त्रिशूलं डमरुं तथा ।
खड्गं च खर्परं चैव वामदक्षिणयोगतः ॥
बिभ्रतं सुन्दरं देहं श्मशानभस्मभूषितम् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नानाशवैः क्रीडमानं कालिकाहृदयस्थितम् ।।
लालयन्तं रतासक्तं घोरचुम्बनतत्परम् ।
गृध्द्रगोमायुसंयुक्तं फेरवीगणसंयुतम् ॥
जटापटलशोभाढ्यँ सर्वशून्यालये स्थितम् ।
सर्वशून्यं मुण्डभूषं प्रसन्नवदनं शिवम् ।।
एवं ध्यायेद्धन्द्धमूर्तिं परब्रह्मस्वरूपिणीम् ॥

अन्वयः—करालवदनां घोरां मुक्तकेशीं चतुर्भुजां दक्षिणां कांलिका दिव्यां मुंडमालाविभूषितां सद्यश्छिन्नशिरः खड्गवामोघोर्ध्वकराम्बुजां अभयं वरदं चैव दक्षिणोर्ध्वाध-पाणिकां महामेघप्रभां श्यामां तथा चैव दिगम्बरां कंठावसक्तमुंडालीगलद्रुधिरचर्चितां कर्णावतंसतानीतशवयुग्मविराजितां घोरदंष्ट्रां करालास्यां पीनोन्नतपयोधरां शवानां करसंघातैः कृतकांचीं हसन्मुखीं सृक्कद्वयगलद्रक्तधाराविच्छुरिताननां घोररावां महारौद्रीं श्मशानालयवासिनीं दन्तुरां दक्षिणव्यापिलम्बमानकचोच्चयां शवरूपमहादेवहृदयोपरिसंस्थितांघोराभिः शिवाभिः चतुर्दिक्षुसमन्वितां महाकालेन च समं विपरीतरतातुरां सुखप्रसनन्नवदनां स्मेरान सरोरुहां, कोटिकालानलाभासं चतुर्बाहुं त्रिलोचनं श्मशानाष्टकमध्यस्थं मुंडाष्टकविभूषितं पंचप्रेतस्थितं देवं त्रिशूलं डमरुं तथा खड्गं च खर्परं चैव वामदक्षिणयोगतः बिभ्रतं सुन्दरं देहं श्मशानभस्मभूषितं नानाशवैः क्रीडमानं कालिका हृदयस्थितं लालयन्तं रतासक्तं घोरचुम्ब-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नतत्परम् गृध्रगोमायुसंयुक्तं फेरवीगणसंयुतं जटापटलशोभाढ्यं सर्वशून्यालये स्थितम् सर्वशून्यं मुंडभूषं प्रसन्नवदनं शिवम् एवं परब्रह्मस्वरूपिणीं द्वन्द्वमूर्तिं ध्याये।

व्याख्यार्थ—करालवदनां (ठूलो मुख वा च्यूटे मुख भएकी। निर्गुणार्थमा ब्रह्म सबै संसारमा व्याप्त भई सबैलाई आफै भित्र राखेका हुनाले व्यापकरूपमा अति स्थूल र एउटा सानो पिपीलिकाको घरमा समेत अटाएर बसेबाट सर्वसाक्षीरूपमा अतिसूक्ष्म मानिएका छन्। अतः यस पदबाट "विश्वव्यापिनी" भन्ने सूचित हुन्छ)। घोरां (डरलाग्दी। निर्गुणार्थमा पूर्वोक्तवत् "तेजोमयब्रह्म" भन्ने सूचित हुन्छ)। मुक्तकेशीं (झाक्रो फिजायेकी। निर्गुणार्थमा पूर्वोक्तवत् "निर्विकारा" भन्ने सूचित हुन्छ)। [1]दक्षिणां (दक्षिणा नाम भएकी। निर्गुणार्थमा चाँडो गराउने वा बढाउने भन्ने यस पदबाट बुझिएबाट सबै भन्दा छिटो गति र अनेक झंझट बढाउने मन हुनाले "मनः स्वरूपिणी" भन्ने सूचित हुन्छ)। [2]दिव्यां (दिव्यरूपिणी। निर्गुणार्थमा "अलौकिका")। [3]कालिकां (कालिका। निर्गुणार्थमा कालको पनि काल)। मुण्डमालाविभूषिताम् (मुंडमाला पहिरिएकी। निर्गुणार्थमा सबै जीवा-

1. दक्षते। "दक्ष वृद्धौ शीघ्रार्थे च"। द्रु दक्षिभ्यामिन्"। अतःदक्ष+इन्+टाप् = दक्षिणा Mental-energy. 2. दिव्यां = Celestial. 3. कालिका = Infinity and Eternity.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तहरूमा मानिस श्रेष्ठ हुनाले र नरदेहमा ज्ञान, विचार, र विवेकको घर मुंड वा टाउको नै हुंदा सोही टाउकोको लहरको माला पहिरिएबाट "ज्ञानविवेक विचारशक्ति" भन्ने सूचित हुन्छ)। सद्यश्छिन्नशिरः खड्गं वामोघोर्ध्वकराम्बुजां (आलो-काटेको टाउको र खड्ग बायाँ बाहुको तल र माथि धारण गरेकी। निर्गुणार्थमा पूर्वोक्तवत् "सत्त्वगुणात्मक बुद्धि र ज्ञान", । अभयं वरदं चैव दक्षिणोर्ध्वाधपाणिकाम् (अभयमुद्रा र वरदमुद्रा दाहिने २ बाहुको माथि र तल धारण गरेकी। निर्गुणार्थमा पूर्वोक्तवत् "अभय र वर दिने शक्ति") [1]महामेघप्रभां श्यामाम् (गाढा बादल जस्तो अर्थात् कालो नीलो वर्ण भएकी। निर्गुणार्थमा पूर्वोक्तवत् "सर्वव्यापिनी")। दिगम्बरां (नाङ्गी। निर्गुणार्थमा वस्त्र वा लुगा नै मायावरणको चिह्न हुँदा र आङ्मा एक धर कपडा पनि नरही नग्न भएबाट "मायातीता" भन्ने सूचित हुन्छ)। कंठावसक्तमुंडलीगलद्रुधिर चर्चिताम् (घाँटीमा पहिरिएको मुंडमालाका टाउकाहरूबाट रगत चुहाइरहेकी। निर्गुणार्थमा ज्ञान विवेक विचार सूचक टाउकाहरूबाट रजोगुण सूचक रगत आफली रहेबाट "शुद्ध-सत्त्वगुणात्मिका स्थितिकला" भन्ने सूचित हुन्छ)। कर्णावतं-सतानीतशवयुग्मविराजितां (दुवैतिर कानमा एकएक मुर्दा पहिरिएकी। निर्गुणार्थमा पूर्वोक्तवत् "नादब्रह्मस्वरूपिणी")। घोरदंष्ट्रां करालास्यां (ठूलो मुखमा दाह्रा भएकी। निर्गुणार्थमा

1. महामेघप्रभां श्मामाम् = Blue-Black.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सेतो दाह्रा सत्त्वगुणसूचक र खानेमुखबाट नै खाएर मानिस बाँच्ने हुँदा र ठूलो भन्नाले व्यापक ब्रह्मको सूचक हुनाले यस पदबाट "भर्गो देवता" भन्ने बुझिन्छ। यो "भर्गोदेव"को व्याख्या ब्रह्मगायत्रीको अर्थ जाने पछि यथार्थ बुझिने छ) पीनोन्नतपयोधरां (ठूलो ठाडो स्तन भएकी। निर्गुणार्थ पूर्वोक्तवत् "विश्वम्भरा")। शवानां करसंघातैः कृतकांचीं (मुर्दाको हातको लहरको मेखला पहिरिएकी। निर्गुणार्थमा पूर्ववत् "विश्वयोनि-रूपिणी)। हसन्मुखीं (हसिलो मुख भएकी। निर्गुणार्थमा आह्लाद वा खुशीमा हँसिलो मुख हुनाले यस पदबाट "आ-ह्लादस्वरूपिणी" भन्ने सूचित हुन्छ)। सृक्कद्वयगलद्रक्तधारा विच्छुरिताननाम् (जिब्रो निकालेर चलाउदै ओंठको दुई कुनाबाट ऱ्याल मिलेको रगत चुहाएकी। निर्गुणार्थमा पूर्वोक्तवत् "शुद्धसत्त्वगुणात्मिका स्थितिकला")। घोररावां (भयानक स्वर भएकी। निर्गुणार्थमा ब्रह्म सूचक भयानक र नाद सूचक स्वर हुंदा यस पदबाट "नादब्रह्म" भन्ने सूचति हुन्छ)। महा-रौद्रीं (महारुद्रकी शक्ति। निर्गुणार्थमा रुद्र संहारकर्ता हुनाले "महारुद्र" भन्नाले "अन्तर्लीनकर्ता" भन्ने बुझिन्छ। अतः तिनको शक्ति भन्नाले "अनाख्यास्वरूपिणी" भन्ने सूचित हुन्छ)। श्मशानालयवासिनीम् (श्मशानमा बसेकी। निर्गु-णार्थमा पूर्वोक्तवत् "सच्चित्स्वरूपिणी")। दन्तुरां (लामो दाह्रा भएकी। निर्गुणार्थमा सत्त्वगुण सूचक सेतो दाँत हुनाले यस पदबाट "सत्त्वैकमूर्त्ति" भन्ने सूचित हुन्छ)। दक्षिणव्यापि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लम्बमानकचोच्चयां (दाहिनेतिर झुप्पा पारेर लामो झाक्रो फिंजाएकी। निर्गुणार्थमा "दाहिने अङ्ग पुरुष र बायाँ अङ्ग प्रकृति हुन्" भन्ने शास्त्रले बताएको र "निर्विकारा" को सूचक झाक्रो फिंजाएकी हुनाले यस पदबाट "ब्रह्मलाई ढाकेकी विरजा" भन्ने सूचित हुन्छ)। शवरूपमहादेवहृदयोपरि-संस्थिताम् (मुर्दारूप महादेवको छातीमाथि बसेकी। निर्गुणार्थमा शवरूप महादेव चैतन्यरहित ब्रह्म सूचक हुनाले र त्यसमाथि बसेकी हुँदा "ब्रह्मचैतन्यरूपिणी" भन्ने सूचित हुन्छ)। घोररूपाभिः शिवाभिः चतुर्दिक्षु समन्विताम् (भयंकर श्यालहरूबाट चारैतिर घेरिएकी। निर्गुणार्थमा श्याल धीःशक्ति वा बोधको सूचक हुनाले र भयानक ब्रह्मको सूचक हुनाले यस-द्वारा चारैतिर घेरिएबाट "परमबोधरूपिणी" भन्ने सूचित हुन्छ)। महाकालेन च समं विपरीतरतातुराम् (महाकालसित विपरीतरतरति गरिरहेकी। निर्गुणार्थमा शुक्लारुण बिन्दुको सूचक र अंडा र मिश्रबिन्दु सूचक लिंग अनि संवित् सूचक योनि हुँदा महाकालसितको विपरीतरतासनबाट [1]दक्षिणा-म्नायको संकेत हुन्छ)। सुखप्रसन्नवदनां (सुखमा प्रसन्न मुख भएकी। निर्गुणार्थमा "परमसुखरूपिणी" भन्ने संकेत हुन्छ)। स्मेराननसरोरुहां (मस्किएर हाँसेकी। निर्गुणार्थमा पूर्वोक्तवत् "परमानन्दरूपिणी")। कोटिकालानलाभासं (कोटिकालानल

1. ६ आम्नायमा ६ प्रकारको रतासन हुन्छन् सो सबै कुराको षष्ठपटलमा वर्णन हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा कालाग्नि भैँ कान्ति भएका। निर्गुणार्थमा "तेजोरूप वा केवल प्रकाश" भन्ने सूचित हुन्छ)। त्रिलोचनम् (३नेत्र भएका। निर्गुणार्थमा पूर्वोक्तवत् "कामकलात्मकब्रह्म")। चतुर्बाहुं (४ बाहु भएका। निर्गुणार्थमा पूर्वोक्तवत् "आत्मारूप")। श्मशानाष्टकमध्यस्थं (८ श्मशानको बीचमा रहेका। निर्गुणार्थमा ८ श्मशान बिन्दु सूत्रोक्त ७ वर्णका रश्मिसहित श्वेतरश्मिपुंजले गर्दा ८ प्रकाशको सूचक हुनाले त्यहाँ रहेबाट "शून्यरूप महाबिन्दु" भन्ने सूचित हुन्छ)। मुंडाष्टकविभूषितं (८ मुंड वा टाउका पहिरिएका। निर्गुणार्थमा ८ मुण्ड [1] अष्टवर्गको सूचक र फेरि अष्टवर्ग [2]अष्टसिद्धि को सूचक हुनाले यस पदबाट "अष्टसिद्धिरूप" भन्ने सूचित हुन्छ)। पञ्चप्रेतस्थितं देवं (पञ्चप्रेतमाथि बसेका। निर्गुणार्थमा [3]पञ्चमहाभूतकोतत्त्व माथि बसेका हुनाले [4]बिन्दुतत्त्वात्मकसत्तारूप" भन्ने सूचित

1. अष्टवर्गं = अ, क, च, ट, त, प, य, श। 2. अष्टसिद्धि = अणिमासिद्धि, लघिमा, गरिमा, महिमा, ईशित्व, वशित्व, प्राप्ति, इच्छासिद्धि। 3. पञ्चमहाभूतकोतत्त्व = पृथ्व्यात्मक ब्रह्मप्रेत।

4. बिन्दुतत्त्वात्मकसत्ता=Potential Energy.

(Solidity), जलात्मकविष्णुप्रेत (Liquid) तेजसात्मक रुद्र प्रेत (Atom) वाय्वात्मकमहेश्वप्रेत (Gas), आकाशात्मकसदाशिवप्रेत अर्थात् पंचाननशिवप्रेत (Electron, Progitron, Nutron, Proton, Potency).

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ)। त्रिशूलं डमरुं तथा खड्गं च खर्परं चैव वामदक्षिण-योगतः बिभ्रतं (दाहिने दुई बाहुमा त्रिशूल र डमरु बायाँ २ मा खड्ग र कपालपात्र धारण गरेका। निर्गुणार्थमा त्रिशूल [1]त्रिविधोत्पातनाशक, डमरु प्रतिध्वनि, खड्ग ज्ञान, सेतो कपाल सात्त्विकबुद्धि सूचक हुनाले "साधकलाई यो ४ कुराको प्रकाश गराउने" भन्ने सूचित हुन्छ)। श्मशानभस्मभूषितम् (श्मशानको विभूत धारण गरेका। निर्गुणार्थमा श्मशानको खरानी नै सबै मृतकको अवशेष हुनाले सो धारण गरेबाट "परशिव" भन्ने सूचित हुन्छ)। सुन्दरं देहं (राम्रो शरीर भएका। निर्गुणार्थमा यस पदबाट "[2]जगन्मोहनतत्त्व" भन्ने बुझिन्छ)। नानाशवैः क्रीडमानं (अनेक मुर्दासित खेलिरहेका। निर्गुणार्थमा "चेतनारहित ब्रह्म वा केवल सत" सूचित हुन्छ। कालिकांहृदयस्थिताम् (कालिकालाई छातीमा राखेका। निर्गुणार्थमा विमर्श वा [3]नादतत्त्वात्मकसत्ता सूचक कालिका-लाई छातीमा राखेबाट "नादबिन्द्वात्मकरूप" भन्ने सूचित हुन्छ)। लालयन्तं रतासक्तं (रति गरिरहेका। निर्गुणार्थमा पूर्वोक्तवत् "कामकलात्मक")। घोरचुम्बनतत्परं (घोरचुम्बन गर्नामा तत्पर भएका वा अठोट गर्दा छँदा। निर्गुणार्थमा रता-

---

1. त्रिविधोत्पात=आकाशद्वारा, पृथ्वीद्वारा र अन्तरिक्षद्वारा हुने उत्पात।
2. जगन्मोहनतत्त्व=Enchanting-Potency.
3. नादतत्त्वात्मकसत्ता=Kinetie-Energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सनहरू मध्ये चुम्बनरतासन हुनाले र [1]हादिक्रममा दक्षिणाम्नायको क्रम पूर्ण गरी अधराम्नायको क्रम पूर्ण गर्न पर्ने हुनाले यस पदबाट "क्रमदीक्षाको आदिरूप" भन्ने बुझिन्छ)। गृद्धगोमायुसंयुक्तं फेरवीगणसंयुतं (गिद्ध, श्याल, काकहरूबाट घेरिएका। निर्गुणार्थमा श्याल धीशक्तिको काक [2]दिव्यश्रुतिको र गिद्ध [3]दिव्यदृष्टिको सूचक हुनाले "जान्ने, देख्ने र सुन्ने" भन्ने बुझिदा "सर्वसाक्षी" भन्ने सूचित हुन्छ)। जटापटलशोभाढ्यं (केश गुजुमुजाएका। निर्गुणार्थमा "प्रपञ्चसाथ हुंदा पनि अलग रहेका" भन्ने सूचित हुन्छ)। सर्वशून्यालयस्थितं सर्वशून्यं (शून्य ठाउंमा आफू पनि शून्य भएर बसेर अर्थात् एकान्तमा एक्लै बसेका। निर्गुणार्थमा "महाबिन्दुरूप")। मुंडभूषं (मुंडमाला पहिरिएका। निर्गुणार्थमा पूर्वोक्तवत् "बुद्धिविचार विवेकरूप")। प्रसन्नवदनं शिवं (प्रसन्न मुहार भएका शिवरूप। निर्गुणार्थमा "परमानन्द र कल्याणरूप")। एवं परब्रह्मस्वरूपिणीं द्वन्द्व मूर्तिं ध्याये (यस्तो परब्रह्मात्मक युगलरूप वा शिवशक्त्यात्मक रूपको ध्यान गर्छु)।

यिनको सगुण ध्यान यस्तो भयानक छ, तर निर्गुण रूपमा भने सत्त्वगुण भन्दा पनि माथि गुणतीतरूप मानिन्छ।

---

1. हादिक्रम=यो क्रमदीचा बारेको हादिक्रम र सादिक्रमको कुरा पछि तृतीय खण्डमा मात्रै वर्णव गर्ने छु। 2. दिव्यश्रुति=Clari-voince.
3. दिव्यदृष्टि=Clari-odience.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तन्त्रमा सबै कुरा यस्तै छ, बाहिरबाट हेर्दा एक प्रकारको हुन्छ तर भित्र भने त्यसको रहस्य अर्कै हुन्छ। त्यसो हुनाले केवल ग्रन्थको भरले यसमा चल्नु भन्दा बरु यसबाट अलगै रहनु बेस हुन्छ। अतः केवल ग्रन्थावलोकनबाट बनेका गुरुदेखि सावधान हुन अत्यावश्यक छ।

पूर्वोक्त दक्षिणाको ध्यानको वाङ्मयार्थमा २२ अक्षरको मन्त्र उद्धार हुन्छ। एउटै बीज दोहोरो तेहोरो प्रयोग भएकोले कुनै कुनै पदको निर्गुणार्थ एउटै पनि हुन जान्छ। यो सबै गुरुवक्त्रबाट जान्न पर्दछ।

पश्चिमाम्नायकी नायिका कुब्जिका हुन्। यिनको ध्यान यस प्रकारको छ।

वृषभे संस्थितं देवं स्ववर्णरूपशोभितम्।
एकवक्त्रं त्रिनेत्रं च भुजाष्टादशधारिणम्॥
परशुं डमरूं बाणां खड्गमङ्कुशवज्रकम्।
शंखं च वेणुवाद्यं च वरदं दक्षिणे करे॥
वामे खट्वाङ्ग शूलं च धनुःफलकपाशकम्।
घंटां कपालं वेणुं च अभयं भयनाशनम्॥
पट्टेन बन्धितं जानु वामोरूस्था च कुब्जिका।
एकवक्त्रा त्रिनेत्रा च अरुणवरवर्णिता॥
द्विभुजा वरदा देवी सिंहस्थाऽभयसव्यसु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वर्वरा केशपाशेन चारुपीनघनस्तनी ॥
एवं ध्येया कुब्जा माता पश्चिमाम्नायनायिका ॥

यस ध्यानमा व्याकरणको दृष्टिबाट भैरवमा द्वितीयान्त (अम्) र देवीमा प्रथमान्त (सु) को प्रयोगले गडबडी देखिदा आर्ष प्रयोग मानिएको छ। यस प्रकारको आर्ष प्रयोग अर्थात् हरफ वा वाक्यका वाक्य नै व्याकरणका विरुद्ध प्रयोग श्रीविद्या, कुब्जिका, दक्षिणा र दुर्गाका विषयमा धेरै पाइन्छन्, अझ कतै कतै त छन्दोभङ्ग पनि पाइछ। अरूमा पनि पदको आर्षप्रयोग र यति भङ्ग त प्रशस्त मात्रामा पाइन्छ। अतः यसबाट अनुमान हुन्छ कि व्याकरण, अलंकारशास्त्र र छन्दः शास्त्रको नाम निशानासम्म पनि नहुँदै यो तन्त्रमार्ग मानव समाजमा देखापरेको रहेछ, फेरि पूर्वोक्त ४ विद्याको मार्ग त झन् पुरानो रहेछ। अब पूर्वोक्त ध्यानतिर विचार गरौं। 'यस ध्यानबाटकुब्जिकाको ३२ अक्षरको बत्तिसै प्रकारको मन्त्र बत्तिसै किसिमले उद्धार हुन सक्छ' भनेर मेरा पूज्य श्रीगुरुदेवले भन्नु हुन्थ्यो, तर मलाई भने ३ प्रकारको मेरो क्रममा पर्ने सम्म मात्रै बताई दिनु भयो। त्यो पनि मन्त्रको कुरा गुरुमुखबाट मात्रै बुझिने हुनाले यहाँ सगुण र निर्गुण अर्थ मात्रै दर्शाउंदछु।

अन्वय– वृषभें संस्थितं देवं खवर्णरूपशोभितम् एक वक्त्रं त्रिनेत्रं च भुजाष्टादशधारिणम् दक्षिणे करे परशुं, डमरूं,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाणं, खड्गं, अंकुशं, बज्रकम्, खड्गं च वेणुवाद्यं च वरदं वामे खट्वांग, शूलं च, धनुः, फलकं, पाशकं, घंटा, कपालं, वेणुं च, भयनाशनं अभयं पट्टेन बन्धितं जानुवामोरूस्था च कुब्जिका एकवक्त्रा त्रिनेत्रा च अरुणावरवर्णिता द्विभुजा वरदा अभयसव्यसु सिंहस्था देवी नानाभरणभूषांगी खण्डेन्दु-कृतशेखरा वर्वरा केशपाशेन चारूपीनघनस्तनी एवं पश्चिमाम्नाय-नायिका कुब्जा माता ध्येया।

व्याख्यार्थ—वृषभे संस्थितं देवं (साँढेमाथि चढेका देव। निर्गुणार्थमा धर्म्मसूचक साँढेमाथि बसेबाट 'धर्माधिष्टाता देवता' अतः 'परमधर्म्मरूप' भन्ने सूचित हुन्छ)। खवर्ण-रूपशोभितम् (आकाश झैं वर्ण भएका। निर्गुणार्थमा योगको मतले सहस्रार आकाश र मूलाधार पृथ्वी भन्ने मानेको छ, अतः आकाशवर्णका देव भन्नाले र कादिक्रमको गुरुवन्दनाको अन्तिम पाद 'नमत गुरुवरं भैरवं श्रीकुजेशम्' भन्ने भएबाट 'सहस्रारस्थित गुरुरूप' भन्ने सूचित हुन्छ। फेरि आकाशवर्णका भन्नाले पूर्वोक्तवत् 'शुद्धसत्त्व गुणात्मकरूप' भन्ने सूचित हुन्छ)। एकवक्त्रं त्रिनेत्रं (एक मुख र ३ नेत्र भएका। निर्गुणार्थमा त्रिनेत्र पूर्वोक्तवत् ३ बिन्दुसूचक र एक मुख एक बिन्दुसूचक हुनाले यी २ पदबाट महाबिन्दुरूप प्रकाश' भन्ने सूचित हुन्छ)। भुजाष्टादशधारिणम् (१८ बाहु भएका। निर्गुणार्थमा बाहु आत्माको र 'अहमात्मा' भन्ने वैदिकोक्तिबाट आत्मा अहंको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूचक हुनाले दाहिने प्रकाशरूप 'अ' को भाग [1]९ आत्मा र बायाँ बिमर्श 'ह' को भाग ९ आत्मा बएबाट यस पदले 'नवात्माब्रह्म' भन्ने सूचित हुन्छ)। दक्षिणे करे (दाहिने हातमा। निर्गुणार्थमा 'प्रकाशांशमा')। परशुं (बञ्चरो। निर्गुणार्थमा 'आग्नेयताप अर्थात् तातोराप')। डमरूं (डिवडिवे। निर्गुणार्थमा 'प्रतिध्वनि')। बाणं (बाण निर्गुणार्थमा 'पापमोचक')। खड्गं (खड्ग। निर्गुणार्थमा 'अज्ञाननाशक ज्ञान')। अंकुशं (अंकुश। निर्गुणार्थमा 'स्तम्भन')। वज्रकं (बज्र। निर्गुणार्थमा 'ऐन्द्रताप वा [2]बिद्युत्तत्त्व') शंखं (शंख। निर्गुणार्थमा 'अनाहतनाद')। वेणुवाद्यं (गितार बजाई रहेका। निर्गुणार्थमा 'आहतनाद')। वरदं (वरदमुद्रा। निर्गुणार्थमा पूर्वोक्तवत् 'वरदानतत्पर'); वामे (बायाँ हातमा। निर्गुणार्थमा 'विमर्शांशमा')। खट्वांङ्ग (खट्वांग। निर्गुणार्थमा '[3]तापत्रयनाशक'। शूलं (भाला। निर्गुणार्थमा 'वायव्यताप वा हावाको वेग')। धनु (धनु। निर्गुणार्थमा 'मोहन')। फलक (ढाल। निर्गुणार्थमा 'रक्षा')। पाशकं (पाश। निर्गुणार्थमा 'वशी-

---

1. ९ आत्मा वा नवात्म.=जीवात्मा, परमात्मा, अन्तरात्मा, बोधात्मा, ज्ञानात्मा, चिदात्मा, नादात्मा, बिंद्वात्मा र शुद्धात्मा।

2. विद्युत्तत्व=Electricity.

3. तापत्रय=आध्यात्मिक अर्थात् आत्माबाट हुने, अधिभौतिक अर्थात् शरीरबाट हुने अनि आधिदैविक अर्थात् देवताबाट हुने।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करण')। घण्टाम् (घण्टा। निर्गुणार्थमा 'नादब्रह्म')। कपालं (कपालपात्र। निर्गुणार्थमा 'सात्त्विक बुद्धि')। वेणुं (गितार। निर्गुणार्थमा 'निनाद')। भयनाशनं अभयं (अभयमुद्रा। निर्गुणार्थमा 'भयनाशक')। पट्टेन बन्धितं जानु (धोतिपाटा कसेका। निर्गुणार्थमा वस्त्र मायावरणको सूचक हुनाले 'मायावरण साथमा भएका' भन्ने बुझिन्छ)। वामोरूस्था च कुब्जिका (बायाँ तिघ्रामाथि अर्थात् बायाँ काखमा बसेकी कुब्जिका। निर्गुणार्थमा 'च' भन्ने पद पनि भएबाट उरूमाथिको वस्त्र पनि सूचित हुँदा र त्यसमाथि बसेबाट 'मायावरणलाई' थिचेर बसेकी हुँदा 'मायातीता' भन्ने सूचित हुन्छ)। एकवक्त्रा त्रिनेत्राच (एक मुख र ३ नेत्र भएकी निर्गुणार्थमा पूर्वोक्तवत 'महाबिन्दुरूप प्रकाश' भन्ने संझन पर्ने होता पनि स्त्रीलिंगमा प्रयोग भएबाट 'कामकलारूप विमर्श' भन्ने सूचित हुन्छ)। अरुणावरवर्णिता (अरुणवर्ण अर्थात् लाल वर्ण भएकी। निर्गुणार्थमा लाल वर्ण सिंदूरको र सिन्दूर सौभाग्यको सूचक हुनाले यस पदबाट 'सौभाग्यवती' भन्ने सूचित हुन्छ)। द्विभुजा (२ बाहु भएकी। निर्गुणार्थमा पूर्ववत 'अहमात्मास्वरूपिणी')। वरदा (वरदमुद्रा धारण गरेकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'वरदान दिने')। अभयसव्यसु (अर्को हातमा अभयमुद्रा धारण गरेकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'निडर गराउने')। सिंहस्था (सिंहमाथि बसेकी। निर्गुणार्थमा ज्ञानसूचक सिंहमाथि बसेकी हुँदा ज्ञानातीता केवल चिन्मात्रा' भन्ने सूचित हुन्छ)। नानाभरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भूषाङ्गी (अनेक तरहका गहना पहिरिएकी। निर्गुणार्थमा राजसी ठाट भएबाट विश्वराज्ञी अर्थात् विश्वकी महारानी वा मालिकिनी' भन्ने बुझिन्छ)। खण्डेन्दुकृतशेखरा (बालचन्द्र माथमा पहिरिएकी। निर्गुणार्थमा पूर्ववत् 'परमामृतरूपिणी')। वर्वरा केशपाशेन चारु (छरिएको कपालले राम्री भएकी। निर्गुणार्थमा किरण झैं छरिएको भन्नाले सूर्यको किरण झैं जतातत्तै पुग्ने र राम्रो भन्नाले सबैलाई मोह गर्ने भन्ने बुझिनाले 'विश्वव्यापिनी' भन्ने सूचित हुन्छ)। पीनघनस्तनी (ठूलो साह्रो स्तन भएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'विश्वम्भरा')। एवं पश्चिमाम्नायनायिका (यस्ती पश्चिमाम्नायनायिका। निर्गुणार्थमा 'पश्चिमाम्नायात्मकसंहारस्वरूपिणी')। कुब्जा (कुप्री। निर्गुणार्थमा कुण्डली साढे तीन फन्का बेरिएबाट कुप्री भन्नाले 'कुलकुण्डली')। माता (आमा। निर्गुणार्थमा 'विश्वयोनि')। ध्येया (ध्यान गर्ने योग्य हुन्)।

उत्तराम्नायनायिका भरतोपासिता दशानना गुह्यकाली हुन्। यिनको यथार्थ ध्यान ६७ श्लोक अनुष्टुप् छन्दमा छ। यस ध्यानबाट भरतोपासिता षोडशाक्षरी, रामोपासिता सप्तदशाक्षरी र ब्रह्मोपासिता सप्तदशाक्षरीको उद्धार हुन्छ। यहाँ लेखबिस्तारभयले नित्यसन्ध्यामा गरिने उनैको छोटकरी ध्यान दर्शाईरहेंछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्तस्थितं सकलभैरवयोगिनीभि-
र्युक्तं च योजनशतप्रमितश्मशानम् ॥
प्रोज्वालितानलशिखा च तदस्यमध्ये ।
चत्वार एव निगमाश्च युगस्वरूपाः ॥
सिंहासनं तदुपरि स्थितमुत्पलं च ।
पत्रेषु चैव दशदिक्पलयः स्थिताश्च ॥
ब्रह्मादिपंचकमहाशवरूपमञ्च- ।
स्तस्योर्ध्वगे दशशतच्छदविद्रुमाभे ॥
पद्मे च भैरवशिवोपरि नादविन्दु-
मध्यस्थितां भगवतीं घननीलवर्णाम् ॥
दिव्याङ्गनां सुयुवतीं किल नर्तयन्तीं
नानानरास्थिकृतभूषणभूषिताङ्गीम् ॥
योगेश्वरीहरिणराजशिवाकपीभ-
पक्षीन्द्रनृक्षमकराश्वकपंङ्क्तिचक्राम ॥
गुह्यां युगाधिकशतार्द्धभुजां मनोज्ञां
संचिन्तयेत् प्रलयवह्निसुवेष्टिताम्बाम् ॥

अन्वय—रक्तस्थितं सकलभैरवयोगिनीभिः युक्तं योजनशतप्रमितश्मशानं तत् प्रोज्ज्वालितानलशिखा अस्यमध्ये युगस्वरूपाः चत्वार एव निगमाः च तदुपरि स्थितं सिंहासनं उत्पलं च पत्रेषु चैव दशदिक्पतयः स्थिताः च ब्रह्मादिपंचकमहाशवरूपमञ्चः तस्योर्ध्वगे दशशतच्छदविद्रुमाभे पद्मे च भैरवशिवोपरि नाद बिन्दुमध्यस्थितां भगवतीं घननीलवर्णां दिव्याङ्गनां सुयुवतीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किल नर्तयन्तीं नानानस्थिकृतभूषणभूषिताङ्गीं योगेश्वरींहरिण-राजशिवाकपीभपक्षीन्द्रनृक्षमकराश्वकपंक्तिवक्त्राम् युगाधिक-शताद्ध भुजां मनोज्ञां प्रलयवह्निसुवेष्ठिताम्बां गुह्यां संचिन्तयेत् ।

व्याख्यार्थ—रक्तस्थितं (रगतको तालमा रहेको । रगतको ताल हिंसासूचक हुनाले यस पदबाट 'महाप्रलया-वस्थामा' भन्ने सूचित हुन्छ)। सकलभैरवयोगिनीभिर्युक्तं योजनशतप्रमितश्मशानम (सबै भैरव र योगिनीहरू रहेको १०० योजनसम्म फैलिएको श्मशान । निर्गुणार्थमा भैरव भन्नाले जड पदार्थ र योगिही भन्नाले चैतन्ययुक्त पदार्थ सूचित हुँदा 'भैरवयोगिनी' भन्नाले "सबै चराचरविश्व" भन्ने सूचित हुन्छ । अनि 'श्मशान' भन्नाले पूर्वोक्तवत् 'शून्य' भन्ने र १०८ योजन टाढा मानिसले विना यन्त्र देख्न र सुन्न नसक्ने हुँदा १८० योजनसम्म फैलिएको भन्नाले 'अन्त्य नै नपाइने' भन्ने सूचित हुन्छ)। प्रोज्ज्वालितानलशिखा (बलिरहेको आगोको शिखा। निर्गुणार्थमा पूर्ववत् 'प्रकाश') अस्यमध्ये [1]युगस्वरूपाः चत्वार निगमाः (यस्को बीचमा ४ युगस्वरूप ४ वेद । निर्गुणार्थमा वेद धर्मको प्रवर्तक र युगकालको प्रवर्तक फेरि ४ भन्नाले ४ आत्माको सूचक हुनाले यस वचनबाट 'आत्मप्रर्वतक अर्थात् आत्मालाई अनेक प्रकारको परिवर्तन गराई नाना-

1. युगस्वरूपाः चत्वार एव निगमाः=सत्ययुगरूप ऋग्वेद, त्रेतायुगरूप सामवेद, द्वापरयुगरूप यजुर्वेद अनि कलियुगरूप अथर्ववेद ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तरहको दुःखसुखादि भोग गराउने' भन्ने सूचित हुन्छ)। तदुपरिस्थितं सिंहासनं (त्यसमाथि रहेको सिंहासन। निर्गुणार्थमा 'आधारशक्ति') उत्पलं (कमल। निर्गुणार्थमा 'ब्रह्माण्ड') पत्रेषु चैव [1]दशदिक्पतयः स्थिताः (सोहि कमलको पत्रहरूमा १० दिक्पालहरू बसेका। निर्गुणार्थमा 'पूर्वादि १० दिशा')। च (यहाँ यस पदबाट 'त्यसको कर्णिकामा' भन्ने संकेत पर्छ)। ब्रह्मादिपंचकमहाशवरूपमञ्चः (ब्रह्मादि पञ्च महाप्रेतले बनेको सिंहासन। निर्गुणार्थमा पूर्वोक्तवत् 'पंचमहाभूतको तत्त्व')। तस्योर्ध्वगे दशशतच्छदबिद्रुमाभे पद्मे (त्यसमाथि सहस्रदल भएको रातो कमलमा। निर्गुणार्थमा रातो 'सौभाग्यसूचक र सहस्रदल पद्म 'सहस्रार' सूचक हो)। भैरवशिवोपरि नादबिन्दुमध्यस्थितां (भैरव र श्यालमाथि रहेको नादबिन्दुको बीचमा रहेकी। निर्गुणार्थमा भैरव प्रकाश ब्रह्मको सूचक र शिवा विमर्शशक्तिको सूचक, फेरि नादबिन्दु आदि अर्थात् सृष्टिको सबैभन्दा पहिलेको सूचक हुनाले यी सबैमाथि बसेकाबाट 'अनुग्रहकला' भन्ने बुझिन्छ)। भगवतीं (भगवती निर्गुणार्थंर्थमा [2]'षडैश्वर्यवती')। घननीलवर्णाम (गाढा नीलो वर्ण

1. दशदिक्पतयः = पूर्व इन्द्र, आग्नेय अग्नि, दक्षिण यम, नैर्ऋत्य निर्ऋति, पश्चिम वरुण, वायव्य वायु, उत्तर कुवेर, ईशान शिव, ऊर्ध्व ब्रह्मा, अनि अधः अनन्त यति १० दिक्पाल हुन्। 2. षडैश्वर्यवती= ऐश्वर्यस्य समग्रस्य धर्म्मस्य यशसः श्रियः। (ज्ञानवैराग्ययोश्चैव षण्णां भग इतीरणा।) (यति ६ ले युक्त भएकी)। "

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकी। निर्गुणार्थमा पूर्ववत् ‘सर्वव्यापिनी’)। दिव्यांगनां (अलौकिक सुन्दरी। निर्गुणार्थमा निर्लेपा’)। सुयुवतीं (तरूणी। निर्गुणार्थमा तरूणी नै गर्भवती हुन योग्य हुने हुँदा विश्वलाई गर्भमा अन्तर्लीन गर्न तयार भएकी भन्ने संझिई ‘अन्तर्लीनकला’ फेरि विश्वलाई जन्माउन तयार भएकी भन्ने संझिई ‘अनुग्रहकला’)। किल नर्तयन्तीं (निश्चयले नाची रहेकी। निर्गुणार्थमा ‘नृत्यरूप भएकी अर्थात् स्वयं नाच रूप भएकी’)। नानानरास्थिकृतभूषणभूषितांगीम् (अनेक किसिमका मानिसका हड्डीका गहना पहिरिएकी। निर्गुणार्थमा सेतो हाड् सत्त्वगुण सूचक हुनाले र सोही गहना पहिरिएकोले ‘गुणातीता’)। योगेश्वरीहरिणराजशिवाकपीभपक्षीन्द्रनृक्षमकराश्वकपंक्तिवक्त्राम् (योगेश्वरीरूप चितुवा, सिंह, श्याल, बानर, हात्ती, गरुड, मानिस, भालु, ग्राहा र घोडा यिनको आकृतिका १० टाउका भएकी। निर्गुणार्थमा योगेश्वरी [1]योगशक्ति, सिंह [2]ज्ञानशक्ति, श्याल [3]धीशक्ति, वानर तलमाथि गर्ने [4]कुंडलिनीशक्ति, हात्ती [5]आधरशक्ति, गरुड [6]खेचरशक्ति अर्थात्

1. योगशक्ति = Concentrative-power.
2. ज्ञानशक्ति = Sensative-power.
3. धीशक्ति = Intellectuel-power.
4. कुंडलिनीशक्ति = Microcosmic-power.
5. आधारशक्ति = Supporting-power.
6. खेचरशक्ति = Flying-power.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उड्ने शक्ति, मानिस [1]विवेकशक्ति, भालु [2]भूचरशक्ति अर्थात् हिड्ने शक्ति, ग्राहा [3]जलचर शक्ति अर्थात् पौड्ने शक्ति, अनि घोडा [4]वेगशक्तिका सूचक हुन्। अतः इत्यादिले युक्त भएबाट 'विराड्रूपिणी' भन्ने सूचित हुन्छ)। युगाधिकशतार्द्धभुजां (५४ बाहु भएकी। निर्गुणार्थमा षोडशाक्षरी उद्धार गर्ने मतले हात आत्मा सूचक र अहं आत्मा सूचक हुनाले फेरि 'अ' र 'ह' लेनै सबै मातृकाक्षरलाई अन्तर्गर्भित गरेबाट ५४ बाहु भन्नाले '५० मातृकाक्षर, मन, बुद्धि, चित्त अनि अहंकार समेत' सूचित हुन्छ। फेरि सप्तदशाक्षरी उद्धार गर्ने मतले 'अ' र 'ह' २ हुंदा एक आत्माको सूचक २ बाहु भए. एवं प्रकारले कादिक्रम, हादिक्रम र सादिक्रम यिनमा प्रत्येकको एकेक आत्माको सूचक ६ बाहु भए, फेरि यस्तै ६ आत्मा हुंदा ५४ बाहु बन्न गए। फेरि ब्रह्मोपासिता सप्तदशाक्षरी उद्धार गर्ने मतले एक बाहुलाई एक आत्मा संभिदा ६ आम्नायको ६ बाहु भए, अनि यस्तै ६ आत्मा हुँदा ५४ बाहु भए। अतः यस पदबाट 'नवात्मरूपिणी' भन्ने सूचितहुन्छ)। मनोज्ञां (अति राम्री। निर्गुणार्थमा 'जगन्मोहनशक्तिरूपिणी) । प्रलयवह्निसुवेष्टिताम्बां (प्रलयकालका आगोले घेरिएकी आँमा। निर्गुणार्थमा प्रलयकालको आगो भन्नाले 'प्रलय भइसकेको र सबै नष्ट भएर बाँकीरहेको एक प्रकाश मात्र'

1. विवेकशक्ति = Concious-power. 2. भूचरशक्ति = Walking-power. 3. जलचरशक्ति = Swimming-power. 4. वेगशक्ति = Velocity.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने सूचित हुन्छ। फेरि अम्बा वा आँमा भन्नाले 'सृष्टिको कारणी' भन्ने सूचित हुन्छ। अतः यी दुवै सूचना हुनाले 'अवाङ्मनसगोचरा' भन्ने सूचित हुन्छ) गुह्यां (गुह्य रूप भएकी। निर्गुणार्थमा 'अन्तर्लीनावस्थामा केवल सत्को अन्तरमा लुकेर बसेकी शक्ति' भन्ने सूचित हुन्छ)। संचिन्तयेत् (चिन्तन गरोस् वा ध्यान गरोस्)।

ऊर्ध्वाम्नायमा २ मत छन्। एक मतमा 'ऊर्ध्वाम्नायनायिका बाला त्रिपुर सुन्दरी र सर्वाम्नायनायिका षोडशी महात्रिपुरसुन्दरी हुन्' भन्ने र अर्को मतमा उर्ध्वाम्नायनायिका त्रिकूटामहात्रिपुरसुन्दरी र सर्वाम्नायेश्वरी षोडशी महात्रिपुरसुन्दरी हुन्' भन्ने छ।

अब यहाँ बालात्रिपुराको ध्यान दर्शाउँदछु।

रक्ताम्बरां चन्द्रकलावतंसां।
समुद्यदादित्यनिभां त्रिनेत्राम्॥
विद्याक्षमालाभयदानहस्तां।
ध्यायामि बालामरुणाम्बुजस्थाम्॥

अन्वय—रक्ताम्बरां चन्द्रकलावतंसां समुद्यदादित्यनिभां त्रिनेत्रां विद्याक्षमालाभयदानहस्तां अरुणाम्बुजस्थां बालां ध्यायामि।

व्याख्यार्थ—रक्ताम्बरां (लाल पोशाक लाएकी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गुणार्थमा सौभाग्यसूचक लालवर्णको मायाभरण सूचक बस्त्र पहिरिएकोले 'कर्म्मरेखा नाशकर्त्री कर्मरेखा विनोदिनी' भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा भाग्यको उत्पत्ति '[1]सःतत्त्व' बाट हुनाले 'सः' र वस्त्र त्यसबाट रंगीएर देहसित सामरस्य पैदा गर्ने हुनाले 'औ' उद्धार हुन्छ। यसको मतलब के हो भने मानिसको देहमा भन्दा विशेष लुगामा ध्यान जान्छ)। चन्द्र-कलावतंसां (माथमा चन्द्र पहिरिएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'परमामृतरूपिणी' वाङ्मयार्थमा नादात्मक चन्द्र हुँदा 'वाग्बीज' हुन्छ)। समुद्यदादित्यनिभां (भर्खर उदाउन'लागेको सूर्य झैं लाल कान्ति भएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'सृष्टि गर्न लागेकी' भन्ने बुझिएता पनि यो ऊर्ध्वाम्नायको ध्यान हुनाले 'अनुग्रहकला' भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा यस आम्नायमा सूर्यलाई तेजस्तत्त्वात्मक नसंझी मिश्र बिन्दुरूप संझन पर्ने र मिश्र बिन्दु सर्गात्मक हुनाले यस पदबाट पनि 'विसर्ग'को उद्धार भै पूर्वोक्त अक्षरको विसर्गलाई पुष्ट्याई दिई मन्त्रान्तबीज अर्थात् मन्त्रको आखिरी बीज बनाउँछ)। त्रिनेत्रां (तीन नेत्र भएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'कामकलात्मिका'। वाङ्मयार्थमा कामकलाक्षर 'ईँ' उद्धार हुन्छ,। अरुणाम्बुजस्थाम् (रातो कमलमाथि

---

1 सःतत्त्व="स"ककार+हार्द्धकला वा ह को आधि अर्थात्) बिसर्ग): =सःत्यसको तत्त्व=Oxygen gas. यी २को सामरस्य प्रकट गर्ने भन्नाले यो तत्त्व (Gas) को गुण प्रकाश गर्ने "औ"। यसको रहस्य पछि पछिको लेखबाट खुल्ने छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वसेकी। निर्गुणार्थमा रातो कमल पृथ्वी वा ब्रह्माण्डको सूचक हुँदा त्यसमाथि बसेबाट 'विश्वव्यापिनी'। वाङ्मयार्थमा पृथ्वी बुझिनाले 'लकार' उद्धृत हुन्छ)। बालां (बालावस्थाकी। निर्गुणार्थमा सबैको बालावस्था नै पहिले हुने हुँदा 'आदि शक्ति' भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा 'आदि' भन्ने सूचित हुनाले 'ककार' उद्धृत हुन्छ)। विद्याक्षमालाभयदानहस्तां (पुस्तक, जपमाला, अभय र वरदमुद्रा बाहुमा धारण गरेकी। पुस्तक धारण गर्नाले 'ज्ञान शक्ति', जपमालाले 'मन्त्र शक्ति', अभयमुद्राले 'भय हटाउने शक्ति' अनि वरदमुद्राले 'वरदिने शक्ति' भन्ने सूचित हुन्छ। वाङ्मयार्थमा यी हतियारहरूबाट फेरि पूर्वोक्तवत् तीनोटै बीज उद्धार हुन्छ। पुस्तकबाट 'वाग्बीज' अक्षमाला वा जपमालाबाट मानिस केहि न केहि कामना पूर्तिकै लागि अर्थात् हदसे हद नैष्काम्य ठहरिएकोमा पनि इष्ट देवतालाई खुशी पार्न वा तद्रूपसिद्ध गरी ऐक्य भाव प्राप्तिको लागि जप हुने हुँदा 'कामबीज', अनि अभयमुद्रा र वरदमुद्रा-बाट अभय र वरदिने शक्ति नै चाहिने हुँदा 'शक्तिबीज'को उद्धार हुन्छ)। ध्यायामि (ध्यान गर्दछु)।

वाङ्मयार्थको अन्वय—चन्द्रकलावतंसां (वाक्) बालां (क्) अरुणाम्बुजस्थां (ल्) त्रिनेत्रा (ीँ) रक्ताम्बरां (सौ) समुद्यदादित्यनिभां (:) विद्या (वाक्) ऽक्षमाला (काम) ऽभयदान (शक्ति) हस्तां ध्यायामि।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो बालात्रिपुराको ध्यान हो। यही रूपमा अग्निज्वालाले घेरिएकी र पञ्चप्रेतमाथि बसेकी कमल सहित संक्षिए बाला त्रिपुरसुन्दरीको ध्यान हुन गई षडक्षरीको उद्धार हुन्छ।

अब त्रिकूटा महात्रिपुरसुन्दरीको ध्यान दर्शाउँदछु।

सिंहासने कहरिरुद्रमहेश्वराढ्ये
पञ्चाननाख्यफलकोपरिभासयन्तीम्॥
उत्तप्तकाञ्चननिभां धृतचन्द्रचूडां
कन्दर्पकोटिजयिनीं ललितां स्मितास्याम्॥
तुङ्गस्तनीं सुयुवतीमतिकोमलाङ्गीं
पाशाङ्कुशं कुसुमबाणधनुर्दधानाम्॥
रक्ताम्बरां विविरत्नधविभूषणाढ्यां
श्रीमन्महात्रिपुरसुन्दरि नौम्यहं त्वाम्॥

अन्वय–कहरिरुद्रमहेश्वराढ्ये सिंहासने पञ्चाननाख्यफलकोपरि भासयन्तीम उत्तप्तकाञ्चननिभां धृतचन्द्रचूडां कन्दर्पकोटिजयिनीं ललितां स्मितास्यां तुंगस्तनीं सुयुवतीं अतिकोमलांगीम पाशांकुशं कुसुमबाणधनुर्दधानां रक्ताम्बरां विविधरत्न विभूषणाढ्यां त्वां हे श्रिमन्महा त्रिपुरसुन्दरि! अहं नौमि।

व्याख्यार्थ–कहरिरुद्रमहेश्वराढ्ये सिंहासने पञ्चाननाख्यफलकोपरि (ब्रह्मा विष्णुरुद्र महेश्वररूप ४ खुट्टा भएको सिंहासनको फलेकरूप सदाशिवमाथि। निर्गुणार्थमा पूर्वोक्तवत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

'पञ्चमहाभूतको तत्त्वमाथि')। भासयन्तीं (झलकिएकी अर्थात् जगमगाएर बसेकी। निर्गुणार्थमा 'स्वयं प्रकाशस्वरूपिणी')। उत्तप्तकाञ्चननिभां (तताएको सुन जस्तो कान्ति वा वर्ण भएकी। निर्गुणार्थमा सुन किमति र सबैले चाह गर्ने वस्तु हुँदा र सो तताउँदा लालवर्ण हुनाले फेरि लालवर्ण सौभाग्यसूचक हुनाले यस पटबाट 'महासौभाग्यस्वरूपिणी')। धृतचन्द्रचूडां (चन्द्रमा माथमा पहिरिएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'परमामृतरूपिणी')। कन्दर्पकोटिजयिनीं ललितां (सौन्दर्यमा कन्दर्पलाई जितेकी रामी। निर्गुणार्थमा सन्तानोत्पत्तिको कारण नै कन्दर्प हुनाले 'कन्दर्पलाई जितेकी' भन्नाले 'जगदादिकारणी' भन्ने र 'ललिता अर्थात् राम्री' भन्नाले 'जगन्मोहिनी' भन्ने सूचित हुन्छ)। स्मितास्याम् (हँसिलो मुख गराएर मस्किएकी। निर्गुणार्थमा पूर्ववत् 'परमानन्दरूपिणी')। तुंगस्तनीं (ठूलो स्तन भएकी। निर्गुणार्थमा स्तनबाटै बच्चा हुर्कने हुँनाले 'विश्वम्भरा')। निर्गुणार्थमा पूर्वोक्तवत् 'अनुग्रहकला')। अतिकोमलाङ्गीं (अति नरम अङ्ग भएकी। निर्गुणार्थमा कोमल वा नरम हृदयसूचक हुँनाले यस पदबाट 'हृदयसाक्षिणी' भन्ने सूचित हुन्छ)। पाशाङ्कुशं कुसुमबाण धनुर्दधानां (बाहुमा पाश, अंकुश, फूलको बाण र धनु धारण गरेकी। निर्गुणार्थमा पाश धारण गर्नाले 'जगद्वशीकरणशक्ति', अंकुशले 'जगत्स्तम्भनशक्ति', फूलको बाणले 'जगज्जम्भनशक्ति' अर्थात् सबैलाई लठ्याउने शक्ति, अनि धनुले 'जगन्मोहनशक्ति'

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने सूचित हुन्छ)। रक्ताम्बरां (लाल पोशाक पहिरिएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'कर्मरेखानाशकर्त्री कर्मरेखाविनोदिनी')। विविधरत्नविभूषणाढ्यां (अनेक प्रकारका रत्नका गहना पहिरिएकी। निर्गुणार्थमा पूर्वोक्तवत् 'विश्वराज्ञी')। त्वां (एवं स्वरूप भएकी तिमीलाई)। अहं (म) नौमि (नमस्कार गर्छु)। हे श्रीमन्महात्रिपुरसुन्दरि (हे श्रीविद्यास्वरूपिणी महात्रिपुरसुन्दरि!)।

यिनको ध्यान धेरै छन्दमा छन् तर सबैमा स्वरूप, त्यसको निर्गुणार्थ र वाङ्मयार्थ एकै हुन्छ। यिनको ध्यानबाट १५ अक्षर भएको ३ कूटको मन्त्र उद्धृत हुन्छ।

अधराम्नाय को नायिका तारा हुन्, उनको अधराम्नायात्मक पनि दक्षिणाम्नायात्मक पनि मन्त्र ध्यानादि अनेक हुन्छन, तिनमध्ये अधराम्नायात्मक बौद्धमार्गीय हुनाले मलाई त्यस विषयमा ज्ञान छैन, दक्षिणाम्नायात्मकहरूका भने कुनै कुनै मेरो क्रममा परे जति मैले जाने मध्यको एउटा उग्रताराको ध्यान दर्शाउँदछु।

प्रकटविकटदंष्ट्रा घोररूपाट्टहासा
नरशिरकृतमाला मेघवर्णातिखर्वा ॥
त्रिभुवनजयदात्री हस्तविन्यस्तकर्त्री
करकलितकपाला पातु मामुग्रतारा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः—प्रकटविकटदंष्ट्रा घोररूपा अट्टहासा नरशिरकृतमाला मेघवर्णा अतिखर्वा हस्तविन्यस्तकर्त्री करकलितकपाला त्रिभुवनजयदात्री उग्रतारा मां पातु ।

व्याख्यार्थ—प्रकटविकटदंष्ट्रा (उछिट्टिएका टेडा दाँत भएकी । निर्गुणार्थमा सेतो दाँत सत्त्वगुणसूचक हुँनाले यस पदबाट 'सत्त्वगुणात्मिका' भन्ने सूचित हुन्छ) । घोररूपा (भयानक रूप भएकी । निर्गुणार्थमा पूर्ववत् 'परब्रह्मस्वरूपिणी') । अट्टहासा (खित्का छाडेर हाँसेकी । निर्गुणार्थमा पूर्वोक्तवत् 'परमानन्दरूपिणी') । नरशिरकृतमाला (मानिसको टाउकाको मालां पहिरिएकी । निर्गुणार्थमा पूर्ववत 'बुद्धिविवेक विचाररूपिणी') । मेघवर्णा (मेघ झैं श्याम वर्ण भएकी । निर्गुणार्थमा पूर्वोक्तवत्'सर्वव्यापिनी') अतिखर्वा (साह्रै पुड्की । निर्गुणार्थमा पाताल सबै लोक भन्दा तल रहेको हुँदा र षट्चक्रमा अधराम्नायात्मक मूलाधारचक्र सबै भन्दा तल हुदा यस पदबाट 'पातालाम्नाय वा अधराम्नायकी-नायिका' भन्ने सूचित हुन्छ) । हस्तविन्यस्तकर्त्री (कैंची हातमा लिएकी । निर्गुणार्थमा 'अभयप्रदा') । करकलितकपाला (हातमाकपाला पात्र लिएकी । निर्गुणार्थमा 'विजयस्वरूपिणी') । उग्रतारा मां पातु (उग्रताराले मलाई रक्षा गरुन्) । यस ध्यानबाट ताराको ३ अक्षरको मन्त्रको उद्धार हुन्छ । यस पटलमा यथाज्ञान ध्यान संकेतको वैज्ञानिक रहस्यको एक झलक दर्शाएँ । अब यच्चिकैमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो पटल समाप्त गरी अर्का 'पटलमा मन्त्रसंकेतको वैज्ञानिक रहस्यको एक झलकयथाज्ञान दर्शाउने चेष्टा गर्नेछु ।

इति श्रीध्यानसंकेतवर्णनन्नाम द्वितीयः पटलः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ तृतीयः पटलः

ॐनमः परदेवतायै

गहिरो विषयको वर्णन गर्न परेको हुनाले सर्वप्रथम हाम्रो शरीरमा कुन कुन ठाउँमा कस्ता कस्ता [1]चक्रहरू छन् भन्ने विषयमा केही कुरा बताएरमात्रै मन्त्रसंकेततिर कलम चलाउंछु।

[2]मेरुदण्डभित्रको ब्रह्मनाडीमा श्वास वा वायुको ६ ठाउंमा स्पन्दी वा नाडीपुञ्ज पर्नें हुँदा यिनै ६ स्पन्दी ६ प्रकारका कमलरूप कलपना हुन्छन्। यी ६ चक्रहरू मध्ये जुन चक्र शरीरको जुन जुन अवयवको अगाडि मेरुदण्डभित्र रहन्छ उस अवयवकै नामले त्यस चक्रको नामकरण गरिन्छ। अब यिनै चक्रहरूको छोटकरीमा यथाज्ञान वर्णन गर्दछु।.

1. चक्र = Plexus. 2. मेरुदण्ड भित्रको ब्रह्माण्ड=Principal nerve belonging to Spinal cord.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मूलाधारचक्र
(Pelvic Pelxus)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१[1] **मूलाधारचक्र**--यो चक्र [2]मेरुदण्डको सबैभन्दा तलको ठाउँमा लिंग र गुदद्वारको बिचमा रहेको हड्डीमाथि रहन्छ। यो चक्र 'वँ, शँ, षँ, सँ' भन्ने ४ अक्षरांकित ४ पत्र भएको आफ्नो परम्पराअनुसारको वर्ण वा रङ्ग भएको कमलरूप र त्यसको कर्णिकामा पहेलो चतुष्कोण चिह्न वा मतान्तरमा रातो त्रिकोण चिह्नमा 'लं' बीज अंकित भएको अनि त्यसको बीचमा स्वयम्भू लिंगलाई साढे तीन फन्काले बेरेर मुख र पुच्छर जोडेर सुतीरहेकी सर्पको आकार भएकी झलक्ने [3]कुण्डलिनीशक्तिको समेत कल्पना हुन्छ। यो पृथ्व्यात्मक अधराम्नायात्मकचक्र र विश्रान्तिकलात्मक हो। यस चक्रको अधिष्टाता देवता गणेश र मालिकिनी [4]अस्थि धातुकी शक्ति हुन्।

२ [5]**स्वाधिष्ठानचक्र**-यो चक्र लिंगमूलको ठीक पछिलितर रहन्छ। यो चक्र 'बँभँ,मँ,यँ,रँ, लँ' भन्ने छ अक्षरांकित ६ पत्र भएको आफ्नो परम्परानुसारको वर्णको कमलरूप र त्यसको कर्णिकामा रातो माथितिर मुख फर्किएको त्रिकोण रातोमा 'रँ' बीज अंकित, मतान्तरमा सेतो अर्द्ध चन्द्राकार चिह्नमा 'वँ' बीज

---

1. मूलाधार चक्र=Pelvic Plexus
2. हड्डी Hip bone along with the spinel cord.
3. कुण्डलिनीशक्ति=Microcosmic power.
4. अस्थि धातु=Bone.
5. स्वाधिष्ठानचक्र=Hypogastric Plexus.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२



स्वाधिष्ठानचक्र

(Hupogastric Plexus)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंकित भएको भावना हुन्छ। यो चक्र परम्पराभेदले तेजसात्मक पूर्वाम्नायचक्र सृष्टिकला र मतान्तरमा जलात्मक दक्षिणाम्नायचक्र स्थितिकला भन्ने भावना हुन्छ। यस चक्रका अधिष्ठाता देवता ब्रह्मा र मालिकिनी [1]मेदोधातुकि शक्ति हुन्।

३ [2]**मणिपूरकचक्र**- नाभिस्थानको ठिक पछाडि मेरुदण्डभित्र यो चक्र रहन्छ। यो चक्र आफ्नो परम्परानुसारको वर्ण भएको 'डँ, ढँ, णँ, तँ, थँ, दँ, धँ, नँ, पँ, फँ' यति दश अक्षरांकित दश पत्र भएको कमलरूप र त्यसको कर्णिकामा अर्द्धचन्द्राकारमा 'वँ' बीज अंकित मतान्तरमा माथि मुख भएको त्रिकोण रातोमा 'रँ' बीज अंकित भएको भावना हुन्छ। यो चक्र परम्पराभेदले जलात्मक दक्षिणाम्नायचक्र स्थितिकला र मतान्तरमा पूर्वाम्नायात्मक सृष्टिकला भन्ने मानिन्छ। यसको अधिष्ठाता देवता विष्णु र मालिकिनी [3]मांसधातुकी शक्ति हुन्।

४ [4]**अनाहतचक्र**–हृदयप्रदेश अर्थात् फोक्सो र मुटुको बीचको अगाडि यो चक्र रहन्छ। यो चक्र आफ्नो परम्परा अनुसारको वर्ण भएको 'कँ, खँ, गँ, घँ, ङँ, चँ, छँ, जँ, झँ, ञँ, टँ, ठँ' भन्ने बाह्र अक्षरांकित बाह्र पत्रको कमलरूप र त्यसको कर्णिकामा धुम्र वर्णको षट्कोण चिह्नमा 'यँ' बीज अंकित भएको भावना हुन्छ। यो वाय्वात्मक पश्चिमाम्नायचक्र संहारकलात्मक

---

1. मेदोधातु = Fat. 2. मणिपूरकचक्र = Epigastric Plexus.
3. मांस धातु = Flesh. 4. अनाहतचक्र = Cardiac Plexus

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



मणिपूरकचक्र

(Epigastric Plexus)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हो। तर षडन्वयशाम्भव-चिन्तनमा भने यो चक्र उत्तराम्नायात्मक चक्र मानिन्छ। यो षडन्वयशाम्भवको रहस्य अति गहन छ, यसको विवरण पछिको अरु अरु लेखमा प्रकाश गर्ने चेष्टा गर्ने छु। यस चक्रको अधिष्ठाता देवता महेश्वर र मालिकिनी [1]रक्तधातुकी शक्ति हुन्। यो कर्णिकाको बीच केहि बाँया अगाडि बिजुली झैं प्रकाश शक्ति त्रिकोण र त्यहाँ स्वर्णकान्ति भएको वाणलिंग, अनि सो लिंगमा एउटा छिद्र र त्यसमा 'हृत्पुण्डरीक' नामको कमलको भावना हुन्छ। यसै कमलमा अलौकिक शक्ति आफ्नो इष्ट देवताको ध्यान हुन्छ।

५ [2]विशुद्धचक्र–यो चक्र घाँटिमा रहन्छ। यो चक्र आफ्नो परम्परानुसारको वर्ण भएको "अँ,आँ,इँईँ,उँ,ऊँ, ऋृ, ॠँ लृँ, ॡँ, एँ ऐँ, ओँ, औँ, अं, अः" भन्ने १६ अक्षरांकित १६ पत्रको कमलरूप र त्यसको कर्णिकामा गोलाकार चिह्नमा 'हँ' बीज अंकित भएको भावना हुन्छ। यो आकाशात्मक उत्तराम्नायचक्र अन्तर्लीनकला हो, यसको अधिष्ठातादेवता जीवात्मा र मालिकिनी [3]त्वग्धातुकी शक्ति हुन्। शाम्भवचिन्तनमा यो पश्चिमाम्नायचक्र हो।

---

1. रक्तधातुकी = Blood
2. विशुद्धचक्र = Carotid Plexus.
3. त्वग्धातु = Skin.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



अनाहतचक्र



क-अगम्डिको त्रिकोण (Carcic Plixus ख-वाणलिङ्ग ।
ग-छिन्द्रर त्यसभित्रको हृत्पुण्डरीक ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

६ [1]आज्ञाचक्र–यो चक्र भ्रूमध्य अर्थात् २ आँखिभको ठिक पछाडि मेरूदण्डभित्रको ब्रह्मनाडीमा [2]इडानाडी र [3]पिंगलानाडीको बीचमा रहेको [4]सुषुम्नानाडी यति ३ नाडी द्वारा जेलिएर रहन्छ। यो चक्र आफ्नो परम्परानुसारको वर्ण भएको 'हँ, क्षँ' भन्ने दुई असरांकित दुई पत्र भएको कमलरूप त्यसको कर्णिकामा [5]विद्युत्प्रभायुक्त 'इतर' नामक अर्द्धनारीश्वरको लिङ्ग अर्थात् 'इतरलिङ्ग'मा 'ॐ' बीज अङ्कित भएको भावना हुन्छ। यो महत्त्वको स्थान ऊर्ध्वाम्नायचक्र अनुग्रहकला हो। यस्को अधिष्ठा देवता कुल कल्प र बीरकल्पमा परमात्मा र पाशवकल्पमा गुरु, मालिकिनी [6]मज्जाधातुकी शक्ति हुन्।

यति षट्चक्र हुन्। फेरि यिनमाथि पनि अरु तीन चक्र कल्पना हुन्छन्। तिनमध्ये एक 'नादचक्र' ठीक निधारको पछाडि पूर्वोक्त ३ नाडीको टेवामा अडेको 'अ, उ, म' भन्ने अक्षराङ्कित सेतो अर्द्धचन्द्राकारको, अनि अर्को 'बिन्दुचक्र मगज वा गिदि मनि आधा सेतो आधा रातो 'ॐ' बीजांकित बैन्दवाकरको भावना हुन्छ। नादचक्रको अधिष्ठाता देवता आनन्दभैरव मानिन्छन्। तेस्रो चाँही सबैले मान्दछन्।

---

1. आज्ञाचक्र=Medlla. 2. इडानाडी = LeftVagusNerve.
3. पिंगला = Right Vagus Never. 4. सुषुम्ना = Midial-vagus Nerve. 5. विद्युत्प्राभा = Electricity orElectric-current. 6. मज्जाधातु = Marrow.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१ सुषुम्ना
२ बज्रा
३ चित्रिणी
४ ब्रह्मनाडी



विशुद्धचक्र
(Carotid Plexus)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[1]**सहस्रारचक्र**–टाउकोको गीदि वा मस्तिष्कलाई नै यो चक्र मानिन्छ । यो चक्र कर्पूर वर्णको हरेक स्वर र व्यञ्जनवर्ण २०/२० ठाउँमा अक्षरांकित सहस्त्रदल अर्थात् हजार पत्र भएको कमलरूप र त्यसको कर्णिकामा पाशव कल्पमा परमात्मा मात्रै भावित हुन्छन् । तर वीरकल्प र कुलकल्पमा भने पूर्णचन्द्राकार चिह्न त्यस कर्णिकामा रही त्यस भित्र तान्त्रिकविज्ञानदर्पणमा वर्णित भए ॠं 'अकथचक्र' र त्यहाँ बीचको अघिल्तिर शुक्लरूण अर्थात् सेतो र रातो दुई पादुका वा पाइला र ठीक कर्णिकाको बीचमा [2]परशिव वा गुरु अनि यो सहस्त्रार चक्रको बाहिरी घेरामा "ह, स, ख, फ्रें, ह, स, क्ष, म, ल, व, र, यूँ" भन्ने १२ ठूला ठूला पातको भावना हुन्छ । यस चक्रकी नायिका [3]शुक्र-धातुकी शक्ति हुन् । यस चक्रलाई ब्रह्मरन्ध्र पनि भन्दछन् किन-भने यहाँ वा यसमाथि खप्परको जोर्नि जोर्निमा अत्यन्त साना साना रउँ भन्दा पनि साना साना रन्ध्र वा छिद्रहरू छन् यसबाट हावाको त के कुरा [4]लघुवायु पनि बहुतै सिमित भएर मात्रै भित्रबाहिर गर्छ र यसैद्वारा ब्रह्ममा र जीवमा संपर्क भईरहन्छ । फेरि गिदिमाथि र खप्परको हाड्मनि शून्य वा [5]रित्तो ठाउँ अलिकति हुन्छ त्यसलाई परशिव वा गुरु, पराशक्तिरूप चैतन्य

---

1. सहस्रारचक्र=Brain. 2. परशिव वा गुरु=Macrocosmic-power. 3. शुक्रधातु=Simen. 4. लघुवायु=Ether.
5. शून्य वा रित्तोठाउँ=Vaccum.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



आज्ञाचक्र
(Medulla)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वा चेतनाशक्ति साथमा भएको दीपशिखाकाररूप उनै गुरुको भावना हुन्छ। यो शून्यस्थानलाई 'शून्यरन्ध्र' पनि भन्दछन्। यसमा पनि ब्रह्मरन्ध्रमै जस्तो रन्ध्र अर्थात् छिद्र वा द्वार हुन्छ।

यिनै दीपशिखाकार परशिव वा गुरुमा कुण्डलिनी जगाएर संयोग गराउनु नै लय योगको ध्येय हो। फेरि पूर्वोक्त रन्ध्रद्वारा खोजी गरी ब्रह्मसितको आफ्नो संपर्क घनिष्ट गराउनु राजाधिराजयोगको ध्येय हो। लययोगको सारांश यत्ति नै हो कि नश्वपृथ्वी, जल, अग्नि, वायु, आकाश र बुद्धितत्त्वको क्रमशः एउटा अर्कोमा लीन गराएर अन्त्यमा अमर अद्वैत रूपको अनुभव गर्नुनै साधकको लक्ष हुन्छ। यसै उद्देश्यले पंचोपचारले मानसिक पूजा गर्दा [1]हस्तमुद्रा सहित यस प्रकारले गरिन्छ। 'लँ पृथ्व्यात्मकं गन्धं, हँ आकाशात्मकं पुष्पं, यँ वाय्वात्मकं धूपं, रँ बह्न्यात्मकं दीपम्, वँ अमृतात्मकं (जलात्मकं) नैवेद्यं अनि वाग्बीज उच्चारण गरी सर्वतत्त्वात्मने ताम्बूलम्।' यिनकोसमर्पणले पाँचै तत्त्व र बुद्धि तत्त्वरूप ताम्बूल समेत लय गराउनु नै हो।

श्रीविद्याको दक्षिणामूर्तिको मतमा अर्को एउटा 'स्वस्तिक' नामक चक्र अर्थात् 'स्वस्तिकचक्र' मणिपूरकचक्र र अनाहत-चक्रको बीच ठिक [2]ह्याकुलाको पछाडि स्वस्तिकचिह्नाकारको सेतो चक्रमा चित्तरूप हरिहरको मनन हुन्छ। यस चक्रको मणि-पूरकचक्र र अनाहतचक्रसित घनिष्ट सम्बन्ध रहन्छ र यसलाई

1. हस्तमुद्रा = यस बारेमा पछि यसै पटलमा वर्णन हुनेछ।
2. ह्याकुला = Sternum.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



(१) ठूलो गिदी।
(२) सानु गिदी।
(३) मृणाल तन्तु।
(Spinal cord)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

[1]स्वस्तिकचक्र भन्दछन् ।

पूर्वोक्तचक्रको कमलको दल वा पत्र, अक्षर, तत्त्वको बीजहरूको बारेमा जो जति वर्णन भए ती सबै धारणाको लागि [2]रूपकालङ्कार द्वारा रहस्यपूर्ण कल्पना मात्र हुन् । वास्तवमा यी सबै चक्रहरू केवल नाडीपुञ्ज मात्र हुन् । सोही नाडीपुञ्जहरूको कमलरूप कल्पना हुन्छ । यिनीहरूको वर्ण वा रङ्ग पनि केही छैन । केवल रगतको वर्ण वा रङ्गमा आम्नायोपासनाभेदको मनोभाव र बेग्लाबेग्लै तत्त्वको प्रतिविम्ब पर्दा जुन जुन ठाउँको रगतको रङ्गमा जे जे रङ्गको विकृति हुन्छ वा भान पर्छ, सोहि सोहि ठाउँको नाडीपुञ्जमा उस्तै उस्तै रङ्गको कल्पना हुन्छ । आम्नायोपासनाभेद भनेको के हो भने फरक फरक आम्नायमा फरक फरक योगद्वारा उपासना हुने र सबै किसिमको योगको उद्देश्य एउटै भए पनि काइदा फरक फरक हुँदा मनोभाव पनि फरक फरक हुन जाने आम्नायोपासनाको मनोभाव आम्नायै पिच्छे पृथक् पृथक् हुन्छ । योगको बारेमा पछिको पुस्तकमा प्रकाश गर्नें छु । अब चक्रको बारेमा विशेष कुरा भन्नु छ ।

[3]**दल वा पत्र**—मेरुदण्डको ६ ठाउँमा भएको नाडीपुञ्ज मध्ये जुन जुन ठाउँबाट जति जति गुच्छा भएर [4]नाडीहरू

1. स्वस्तिकचक्र=Solar Plexus. 2. रूपकालङ्कार= Personification. 3. दल वा पत्र=Petal. 4. नाडीहरू= Nerves.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शरीरकोवास्तविकस्थान



(१) ह्याकुला



स्वस्तिकचक्र

(Solar Plexus)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निक्लन्छन् उसै उसै ठाउँको कल्पित कमलमा त्यति त्यति पत्र मानिन्छन् ।

[1]दलांकिताक्षर- जुन अक्षर उच्चारण हुँदा नाडीको जुन चाहिं गुच्छा वा कल्पित दलमा वायु वा श्वासको विशेष धक्का पर्दछ, सोही गुच्छा वा कल्पित दलमा सोही अक्षरको भावना हुन्छ । यो नादको विषय गहन हुँदा पछि जपको वर्णन गर्दा, यसै पटलमा दर्शाउने छु ।

[2]चिह्न—चतुष्कोण, त्रिकोण, षट्कोण, अर्द्ध चन्द्राकार, वर्तुलाकार, लिंगाकार फेरि पूर्णचन्द्राकार चिह्नहरू चक्रै पिच्छे एकएक गरी प्रत्येक कर्णिकामा कल्पित भएको कारण के हो भने शरीरका भिन्न भिन्न नाडीमा पवन वा पउनको धक्का लाग्दा भिन्न भिन्न तत्त्व भएको ठाउँको नाडीको विशेषरूपको जस्तो आकार बन्दछ त्यस चक्रमा उस्तै चिह्नको भावना हुन्छ । उदाहरणको लागि बलीरहेको अग्निको ज्वाला संझौं । त्यसको शिखातिर तीखो र फेदतिर बोधो भएको प्रत्येक ज्वाला त्रिकोणाकारको देखिन्छ । अग्नि तेजस्तत्त्व हुँदा तेजस्तत्त्वात्मक चक्रमा माथि मुख फर्केको त्रिकोण चिह्नको भावना हुन्छ । एवं प्रकारले सबै चक्रहरूको चिह्न कल्पना भएको हुन्छ । सबै तत्त्व

---

1. दलांकिताक्षर = Sound of Alphabet.

2. चिह्न॥ Symbol.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हरूको [1]आकृतिको यथार्थ विवरण यन्त्रसंकेतको वर्णन गर्दा यस पछिको पटलमा दर्शाउने छु।

[2]**तत्त्व**—तत्त्वहरूको तात्पर्य यस्तो छ कि, भोजनानन्तर अर्थात् खाए पछि जुन जुन ठाउँबाट जे जै पृथ्व्यादि तत्त्वको उत्पादन हुन्छ सोही सोही ठाउँमा त्यही त्यही तत्त्वको कल्पना हुन्छ। पाशवकल्पमा साधारण भोजनको र वीरकल्प तथा कुलकल्पमा वीरभोजनको विचार हुन्छ। वीरभोजनको वैज्ञानिक रहस्य अति गहन हुनाले पछि पछिको लेखमा अर्चन विज्ञानको वर्णन गर्दा दर्शाउने छु।

[3]**धातुको शक्ति**— सास फेर्दा खानाको सारको विभाजन भई जुन जुन ठाउँमा पुगी त्वगादि धातुको पुष्टि हुन्छ, सोही सोही ठाउँमा उही उही धातुको शक्तिको भावना हुन्छ।

[4]**तत्त्वको बीज**—इञ्जिन वा मेसिन चलेको बेलामा

---

1. आकृति = Figure.
2. तत्त्व = Elements.
3. धातुको शक्ति = Potency belonging to skin, flesh, blood, bone, marrow and simen.
4. तत्त्वको बीज = Mechanical sound arising from elements.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बेग्ला बेग्लै ठाउँका पुर्जाहरूबाट फरक फरक आवाज आए जस्तै शरीरको तत्त्वविशेष भएको ठाउँमा आफ-आफ्नो तत्त्वाअनुसारको जो आवाज निस्कन्छ उस तत्त्वको सोही बीज मानिएको हुन्छ । यथा पृथ्वीतत्त्वको स्थान जहाँबाट मल निस्कन्छ त्यहाँ 'लँ' भने झैं निरन्तर आवाजको प्रतित हुन्छ । त्यस्तै अग्नितत्त्वको 'रँ' जलतत्त्वको 'वँ', वायुतत्त्वको 'यँ', अनि आकाशतत्त्वको 'हँ' हुन्छ ।

यी चक्रहरूको विषयमा परम्परा भेदानुसार भावना गर्ने धेरै मतभेद छन । तर मेरो हकमा म आफ्नै परम्परा मात्रै जान्दछु । तसर्थ आफ्नै परम्परानुसार आफ्नो गुरुवक्त्रबाट जानेको जति विवरण दिएकोछु । अब ग्रन्थहरूको अध्ययन-बाट केही केही यस विषयको कुरा बुझे जति लेख्ने चेष्टा गर्दछु । एउटा मतमा नाभिस्थाननेर 'कन्द' र कुण्डलिनी शक्तिको भावना हुन्छ । कुनै आर्षको मतमा मूलाधारमा ब्रह्मा स्वाधि-ष्ठानमा विष्णु, मणिपूरकमा रुद्र, अनाहतमा महेश्वर, विशुद्धिमा सदाशिव, आज्ञामा अर्द्धनारीश्वर अनि सहस्रारमा परशिवको भावना हुन्छ । फेरि [1]पाश्चात्त्ययोगिमण्डलको मतमा अनाहत चक्रनेर कुण्डिलिनी शक्ति मानिएको छ र मूलाधारमा चन्द्र, स्वाधिष्ठानमा बुध, मणिपूरकमा शुक्र, अनाहतमा सूर्य, विशु-द्धिमा मङ्गल, आज्ञामा वृहस्पति अनि सहस्रारमा शनि यति सात ग्रहको भावना हुन्छ । यस मतको विशेष कुरा मैले बुझ्न

1. पाश्चात्त्ययोगिमण्डल = Rosicrucion Society.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri



१ शून्यरन्ध्र

२ अथकचक्र

३ सहस्रारको तल्लो भाग

४ बिन्दुचक्र।

५ नादचक्र

६ सहस्रार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सकेको छैन । जर्मनी गिखतेल नामक दार्शनिक सत्रौं शताब्दीमा सुविख्यात पाश्चात्य योगिमण्डलका मेम्बर वा सदस्य पनि थिए। तिनले आफ्नो शरीरभित्र यी सबै चक्रहरूको प्रत्यक्ष दर्शन पाएर त्यसको [1]नक्साको तस्वीर समेत छपाएका थिए। सो नक्साको तसवीर सन् १९३४ सम्म पेरिसमा पाइन्थ्यो, हालमा के कसो छ मलाई थाहा छैन ।

अब मन्त्रसंकेत बारेमा यथाज्ञान वर्णन गर्दछु। चैतन्य-सहितको मन्त्रको मन्त्रार्थचिन्तन सहित मनन वा जपबाट जापकको मनोवृत्ति बदलिन्छ । यिनमा विशेष गरेर ६ प्रकारको प्रयोगबाट मनोभाव अर्थात् मनोवृत्ति बदलिने हुन्छ । ती ६ यिनै हुन । "नम,ः स्वाहा, वषट् , वौषट् हुँ, अनि फट्" । फेरि यसको अतिरिक्त 'स्वधा' र 'विच्चे' पनि रूपान्तरले अर्को भाव प्रकट गर्नाको लागि प्रयोग हुन्छन्। यिनमध्ये 'स्वाहा'को रूपान्तर 'स्वधा' अनि 'वषट्' र 'वौषट्'को रूपान्तर तान्त्रिक प्रयोगमा 'विच्चे' र वैदिक प्रयोगमा 'वट्' मानिएका छन्। तर एउटाको रूपान्तर अर्को भए पनि भाव एकदम फरक हुन्छ। जस्तो कि 'स्वाहा'ले त्याग बुझाउँछ, 'स्वधा'ले तृप्ति बुझाउँछ । यिनलाई 'पुच्छबीज' अर्थात् मन्त्रको अन्त्यमा रहने बीज भन्दछन्। तर 'नमः' र 'हुँ' मन्त्रको आदि, मध्य र अन्य अन्य स्थानमा पनि प्रयोग हुन्छ, त्यस अवस्थामा ती पुच्छबीज नभएर अर्कै अर्थ दिने हुन्छन्।

---

1. नक्साको तसवीर = Theosophica Practica.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नमः–यो पुच्छबीजको प्रयोगले सबै दुर्धर्ष, घातक, इत्यादि जस्तै अपकारी तत्त्वहरू पनि नम्रतासित झुक्ने हुँदा अन्तःकरणलाई शान्त गराउँछ।

स्वाहा–यो पुच्छबीजको प्रयोगले शत्रुकै पनि हितको लागि आफ्नो सर्वस्व स्वाहा गरेर अर्थात् त्याग गरेर मित्र बनाए झैं वासना स्वाहा भई [1]षड्रिपुको प्रभाव हटी अन्तःकरण शुद्ध हुन्छ।

वषट्– यो पुच्छबीजको प्रयोगले षड्रिपुलाई तिनको दुर्गुण समेत नष्ट गरी अन्तःकरणको एकाकार वृत्ति गराउँछ।

हुँ– यो पुच्छबीजको प्रयोगले बलको काम गर्दा वा रिसले शत्रुलाई हाँक दिदा हुँकार गरे झैं मनोबलको जागर्ति गराई सबै संताप हटाई मनलाई आनन्द गराउँछ।

वौषट्– यो पुच्छबीजको प्रयोगले मन र इन्द्रियको विद्वेषण अर्थात् फाटो गराई मनलाई शुद्ध गराउँछ।

फट्– यो पुच्छबीजको प्रयोगले षड्रिपुलाई अस्त्र प्रयोग गरी खतम पार्दछ।

यसकारण देवत्वप्राप्तिको लागि गरिने षडङ्गन्यासमा यी पुच्छबीजहरूको प्रयोग गर्नु भन्ने आगमशास्त्रमा यस्तो उक्ति छ।

---

1. षड्रिपु = काम, क्रोध, लोभ, मोह, मद र मात्सर्य।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हृदयायेति शब्देन हृत्स्थो देवः सविग्रहः
उच्यते नमः इत्यस्य ज्ञानं तद्विषयं परम् ॥
शिरः शब्दो देवताया उत्कृष्टत्वाभिधायकः
स्वाहेति विषयाः सर्वे देवतायाः समर्पिताः ॥
शिखायै तत्स्वरूपत्वं वषडपि तदुच्यते
हुमपि व्यापकं तेजो देवतायाः प्रकाश्यते ॥
नेत्रशब्देन देवस्य नित्यज्ञानं प्रकाश्यते
वौषडपि च दैवोक्तमन्त्रशब्देन वारणम ॥
अनिष्टस्य फट्शब्देन दाहकं तेज उच्यते
ज्ञात्वैवमङ्गमन्त्रार्थमङ्गन्यासं समाचरेत् ॥

भावार्थ—'हृदयाय' भन्नाले हृदयमा रहेका रूपवान् देवता र 'नमः' भन्नाले तिनको विषयको ज्ञान कहिन्छ अर्थात् बताइन्छ। 'शिरः' भन्नाले देवताको उत्कृष्टत्व अर्थात बडोपना बन्दछ अनि 'स्वाहा' भन्नाले सबै विषयहरूको देवतामा अर्पण हुन्छ। 'शिखायै' भन्नाले र 'वषट्' भन्नाले तत्स्वरूपत्व अर्थात् देवतामा र आफूमा ऐक्यभाव बुझिन्छ। 'हुँ' भन्नाले देवताको व्यापक तेज प्रकाशित हुन्छ। 'नेत्र' भन्नाले देवताको नित्यज्ञान प्रकाशित हुन्छ र 'वौषट्' भन्नाले अनिष्टको अर्थात अहित कुराको वारण गर्छ अर्थात् छेको बन्दछ। 'फट्' भन्नाले अनिष्टलाई जलाउने तेज बताइन्छ। यसरी अङ्गमन्त्रको अर्थ जानेर अङ्गन्यास गरोस्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रमा यस्तो संकेत छ तर यसको वैज्ञानिक रहस्य भने गहन छ । यो दर्शाउनाको लागी मुद्राको विषयमा केही कुरा झल्काउने चेष्टा गर्दछु ।

हाम्रो यो स्थूल देह पृथ्व्यादि पंचतत्त्वबाट बनेको छ। यस विषयको पूर्ण विवरण पछि पछिको लेखमा राजाधिराज-योगको वर्णन गर्दा दर्शाउने चेष्टा गर्नेछु। अंहिले यहाँ हाम्रो शरीरको कुन कुन तत्त्व कुन कुन प्रकारले जगाएर के के काममा प्रयोग हुन्छ भन्ने कुरा मात्रै दर्शाउने छु। शरीरमा रहेको प्रत्येक तत्त्वको एक एक [1]'उद्दीपक कुन्जिका' अर्थात् बढाउने साँचा हुन्छन। ती यस प्रकारका हुन्छन्—

"कनिष्ठिकां समारभ्य चाङ्गुष्ठान्तं महेश्वरि
क्रमात् तत्त्वानि जायन्ते क्षित्यप्तेजोमरुत्खकाः ॥"

अर्थात्—हातको [2]कान्छि-औंला पृथ्वीतत्त्व, [3]साँहिली औंला जलतत्त्व, [4]माँझी-औंला तेजस्तत्त्व, [5]चोर-औंला वायु तत्त्व अनि [6]बुढी औंला आकाशतत्त्वका साँचा हुन् ।

1. उद्दीपक कुन्जिका = Pchycic push-bottom.
2. कान्छीऔंला = Little Finger.
3. साँहिलीऔंला = Third Finger.
4. माँझीऔंला = MiddleFinger.
5. चोरऔंला = First Finger.
6. बुढीऔंला = Thumb.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि अर्को एउटा कुरो यस्तो छ कि आज्ञाचक्रमा विद्युत्प्रभायुक्त 'इतरलिङ्ग'को पूर्वमै बयान भइसकेको छ। सो इतरलिङ्ग नै [1]'विद्युत्कोष' अर्थात देहको विद्युत्प्रभा वा बिजुलीको प्रभा जम्मा हुने ढुकुटी हो। कसैले वा आफैले एउटा औंलो आँखी भौँको जोर्नि वा भ्रूमध्यनेर छोला छोला झैँ गरी तर नछोएर एक छिन राख्दा एक प्रकारले त्यस ठाउँमा (भ्रूमध्यमा) [2]सकसलाईको अनुभव हुन्छ। यसबाट पूर्वोक्त कुरा सिद्ध हुन्छ। पाठकवर्गले स्वयं यस कुराको अनुभव गर्न सक्नुहुनेछ।

हाम्रो कुनै कुराको उच्चारणबाट अथवा मननबाट नयाँ नयाँ विद्युत्प्रभाको उत्पादन हुन्छ। अनि उत्पादित सबै [3]प्रभातत्त्व इतरलिङ्गमा जम्मा भई चाहिने जति त्यहाँ रही पुरानोबाट बढी भए जति उच्चारण मात्र भएको भए [4]चालबाट, मननमात्र भएको भए [5]रूपविकृति अर्थात् स्वरूपको बदलाईबाट अनि दुबै थोक भएको छ भने दुबै किसिमबाट आफलिन्छ अर्थात् निस्किएर जान्छ। उदाहरणको लागी विचार गरौं; मानिस बोल्दा स्वभावैले हात, टाउको, आँखा वा कुनै न कुनै अवयव हल्लन्छ; कुराको जोसमा थाहा पाएर हवस् वा बेहोसमै हवस् अवश्य नै हल्लन्छ। वचनानुसारको चाल हुने

1. विद्युत्कोष = Electrical pawer-house.

2. सकसलाई = Sensation. 3. प्रभातत्त्व = Current.

4. चाल = Motion. 5. रूपविकृति = Change mood.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनाले मानिसमा स्वर वा आवाज फरक भए अनुसार तिनको चाल अर्थात् हात, टाउको इत्यादि शारीरिक अवयवको हल्लाई र हिडाई समेत जनैपिच्छे फरक हुन्छ । अतः लाटाहरूको चलाई र हिडाइको चाल देखदैमा लाटोपनाको अनुमान हुन्छ । अब मननको बारेमा विचार गरौं । मानिसको मनमा कुरा खेली-रहेको बेलामा कि त बेहोससित कुनै माल खेलाइरहन्छ, कि त टोलाएर कुनै वस्तु वा दृश्यलाई हेरीरहन्छ । त्यसो हुनाले कुनै माल खेलाउँदा चालबाट र टोलाउँदा रूपविकृतिबाट प्रभातत्त्व बहिष्कृत हुन्छ अर्थात् आफलिन्छ । रिसाउनु खुसाउनु, हर्ष हुनु, विस्मात् हुनु इत्यादि सबै आफूमा परी आएको कुराको अर्थसहितको मननको कारण यही हो । इतरलिङ्गमा चाहिने भन्दा बढ्ता प्रभातत्त्व रहनै सक्दैन । जति नयाँ उत्पादित भएको हुन्छ उतिनै पुरानो चाहिं भाव साथमा लिएर चाल वा रूपविकृतिबाट बहिष्कृत हुन्छ । अतः अनुहार हेर्दैमा मानिस रिसाएको, खुशाएको इत्यादि अनुमान हुन सक्छ । विद्युत्कोष-बाट [1]प्रभातत्त्व मात्रै निक्लन्छ, त्यसबाट बत्ति बाल्ने वा पंखा चलाउने वा अरु अरु काममा प्रयोग गर्ने काम मेसिनमा रहन्छ यो कुरा प्रायशः सबैमा विदितै छ । यस्तै उच्चारण वा मननबाट उत्पादित भएजति मात्राको प्रभातत्त्व मात्रै इतरलिङ्गबाट नि-स्कन्छ, तर त्यसको गुण उच्चारण वा मनन भएकोभावमा निहित हुन्छ । यस विषयमा विशेष अरु कुरा पनि वर्णन गर्नु छ, त्यो

1. प्रभातत्त्व = Electricity or Electrical energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अलि पछि वर्णन गर्नें छु। अहिले यहाँ त मननको एक झलक मात्र देखाएको हुँ।

पृथ्व्यादि तत्त्वको फरक फरक वर्ण वा रङ्गको बारेमा 'इनीखहपीस्वराः' भन्ने सूत्रको 'तान्त्रिकविज्ञानदर्पण'मा चर्चा छ। अब यहाँ एउटा अभ्यासको तरिका बताउँछु जसद्वारा पृथ्व्यादितत्त्वको जागर्तिको प्रत्यक्ष प्रमाण मिल्दछ। बीजको मननबाट तत्त्वात्मक विद्युत्प्रभाको उत्पादन हुन्छ। यो कसरी हुन्छ भन्ने कुरा अलि पछि जपको वैज्ञानिक विवरणमा दर्शाउने छु। अहिले यो मामूली अभ्यासलाई त्यसको जरूरत नपर्ने हुँदा नलेखेको हुँ। उत्पादित प्रभातत्त्व नयाँ भएर इतरलिङ्गमा पुगेपछि पुरानो बढी भएको प्रभातत्त्व मननको भावमा निहित भएर रूपद्वारा निस्कन पर्ने भएबाट कुञ्जिकारूप औंला थिचिन्छ र त्यो तत्त्व ज्योतीरूप भएर देखा परेर निस्कन्छ। अब यो कुराको अभ्यास गरौं। 'लँ' यो पृथ्व्यात्मक बीज हो, यस बीजको मनन गर्दै दुइटै कान्छी-औंलाको टुप्पा बेसरी दबाएर अर्थात् थिचेर वा बुढी औंलाले थिचेर आँखा बेसरी चिम्म गरेर चिंलिएर बस्दा पृथ्वीतत्त्वात्मक पहेलो वर्णको ज्योतिको अनुभव हुन्छ। उस्तै प्रकारले 'वँ' यो जलात्मक बीजको मनन र साँहिली औंलाको प्रयोगबाट सेतो ज्योतिको, 'रँ' यो अग्नि बीजको मनन र माझीऔंलाको प्रयोगबाट कुनै बेला हरियो र कुनै बेला ध्वाँसे रङ्गको ज्योतिको अनि 'हँ' यो आकाश बीजको मनन र बुढीऔंलाको प्रयोगबाट झिरबीरे रङ्गको अनु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भव हुन्छ । बुढी औंलाको प्रयोगमा बुढोऔंलाको टुप्पा चोर-औंला खुम्च्याएको गाँठामा थिचिन्छ । यस प्रकारको अभ्यास गरेर चाँडैनै यो अवश्यमेव स्वयं अनुभव हुनेछ ।

अब न्यासको वर्णन गर्दछु । यस बारेमा आगमोक्ति यस्तो छ ।

> हृदये मध्यमानामातर्जनाभिः स्मृतं शिरः
> [1]मध्यमानामिकाभ्यां स्यादंगुष्ठेन शिखा स्मृता ॥
> दशभिःकवचं प्रोक्तं तिसृभिः नेत्रमीरितम्
> तर्जनीमध्यमानामा प्रोक्ता नेत्रत्रये क्रमात् ॥
> प्रोक्तांगुलिभ्यामस्त्रं स्यादंगक्षिप्तिरियं मता ॥

भावार्थ–हृदयमा माँझी साँहिली र चोरऔंलाले, शिरमा माझी र साँहिली औंलाले, शिखामा बुढीऔंलाले, कवचमा दसै औंलाले, ३ नेत्रमा चोर, माँझी र साँहिली औंलाले, अस्त्रमा अघि बताएका औंलाहरूले अर्थात् चोर र माँझी औंलाले अङ्गन्यास हुन्छ ।

अब माथि बताएको र यहाँ बताएको दुबै आगमोक्तिको संकेतबाट वैज्ञानिक रहस्यको विचार गरौं । पहिले मन्त्रको बीजको मनन हुनासाथ पूर्वोक्त प्रकारले विद्युत्प्रभातत्त्वको

1. मतान्तरमा 'मध्यमातर्जनीभ्यांस्यादंगुष्ठेन शिखा स्मृताम्' भन्ने पाठभेद हुँदा 'शिरमा माँझी र चोर औंलाले' पनि न्यास हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उत्पादन त हुने नै भयो अनि 'हृदयाय' भन्ने पदको उच्चारण हुनासाथ आफ्नो हृदय अर्थात् मुटुको संझना हुनु त स्वाभाविकै हो यही मुटु नै देहको पुर्जा चलाउने मुख्य यन्त्र हुनाले यसलाई 'रूपवान् देवता' भन्ने संकेत भयो ! त्यसपछि 'नमः' भन्ने पुच्छ बीजको मननले अन्तःकरणलाई शान्त गराउँदै, वायुतत्त्वको चाबीरूप चोर औंलाको स्पर्शबाट मुटु चलाउने वायुको, तेजस्तत्त्वको चाबी माँझी औंलाको स्पर्शबाट मुटुको रगतको उष्णता वा तातोपनाको अनि जलतत्त्वको चाबी साँहिली औंलाको स्पर्शबाट मुटुको रगतको रस वा झोलपनाको उद्दीपन गराई अर्थात् तागत बढाई 'सो मुटुको विषयको ज्ञान' भन्नाले मुटु ढुक् ढुक् हुँदा उत्पन्न हुने 'धूं' नादको ज्ञान अर्थात् अनुभव गराएर पूर्वोक्त बीजहरूको मननबाट निखिलएको प्रभातत्त्व सो नादमा लय हुन गई त्यसबाट बनेको रूपको अन्तर्मुख गराउँछ। यो कुरा बयान गर्दा यस्तो लामो छ, तर यो न्यास गर्नासाथ पूर्वोक्त सबै साथसाथै तुरुन्तै हुन्छ। यसको अनुभव गुरुको साथमा बसेर गर्नु पर्छ। गुरुबाट यसको किछि बुझेर अनुभव एक फेर पाएपछि सँधैलाई स्वयं आफैले अनुभव गर्न सकिन्छ।

त्यसपछि दोस्रोमा उस्तै गरी मन्त्रको बीज मनन गरी 'शिरसे' भन्नासाथ शिरको संझना हुन्छ। शिरबाटै मुटु लगायत सबै शारीरिक पुर्जाहरूको अनुभव हुने हुनाले 'देवताको उत्कृष्टत्व' भन्ने संकेत भयो। अनि 'स्वाहा' भन्नाले सबै विषयलाई देवतामा समर्पण गराई अर्थात् बिसाई अन्तःकरणलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वासनारहित त्यागमूर्ति बनाउँदै, ब्रह्मरन्ध्रमा रहेका गुरु अर्थात् सबैको अनुभव गर्ने विचार विवेक, ज्ञानात्मक र बोध शक्तिलाई 'कोटिसूर्यप्रतीकाशं चन्द्रकोटिसुशीतलम्' अर्थात कोटि सूर्य झैं उज्यालो र कोटि चन्द्र झैं शीतल भन्ने शास्त्रले बताएबाट र अज्ञानसूचक अध्यारो, ज्ञानसूचक उज्यालो फेरि राग र जोसको सूचक गरम अग्नि, शान्तिको सूचक शील हुनाले गुरुलाईत शान्त ज्ञानतत्त्वात्मक प्रकाश रूप हुनाले तेजस्तत्त्वात्मक अर्थात् तेजस्तत्त्वको चात्री माँभी औंलाले उज्यालोको र जलतत्त्वात्मकसाहिली औंलाले चीसोको (मतान्तरमा वायुतत्त्वात्मक चोर औंलाले) चाबी भएर स्पर्श हुँदा प्रकाशरूप ज्ञान र शीतलरूप शान्तिको उद्दीपन गराई "भर्नौ" नादको अनुभव गराई पूर्वोक्त बीजहरूको मननबाट निक्लिएको प्रभातत्त्व सो नादमा लय हुन गई त्यसबाट बनेको रूपको अन्तर्मुख गराउँछ ।

अनि त्यसपछि तेस्रोमा उस्तै गरी मन्त्रको बीज मनन गरी "शिखायै" भन्नासाथ शिखाको अर्थात् पूर्वोक्तवत् शून्य रन्ध्रस्थित दीपशिखाकाररूप सचैतन्य परशिवको संझना हुन्छ । "वषट्"को मननले षड्रिपुको दुर्गुण हटाई तद्रूपको अर्थात् देवतासित आफ्नो ऐक्य भावको जागर्ति गराउँदै, सो ठाउँ शून्य अर्थात् आकाश हुनाले आकाशतत्त्वात्मक बुढी औंलाको स्पर्शबाट शून्यताको उद्दीपन गराई पूर्वोक्त बीजहरूको मननबाट निक्लिएको प्रभातत्त्व सो अनुभवगम्य भावमा लय हुन गई त्यसबाट बनेको रूपको अन्तर्मुख गराउँछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अब त्यसपछि चौथोमा उस्तै गरी मन्त्रको बीज मनन गरी 'कवचाय' भन्नाले कवच अर्थात् २ पाखुराको संझना हुन्छ। 'हुँ'को मननले [1]मनोबल जाग्रत गराई अर्थात् अन्तः-करण बलियो गराउँदै, पञ्चतत्त्वात्मक पाँचै औंलाको दुईतिर पाखुरामा हुने स्पर्शबाट देवताको व्यापक-तेजको उद्दीपन गराई त्यसमा पूर्वोक्त बीजहरूको मननबाट निस्किएको प्रभातत्त्व लय हुनगई त्यसबाट बनेको रूपको अन्तर्मुख गराउँछ।

फेरि त्यसपछि पाँचौंमा उस्तै गरी मन्त्रको बीज मनन गरी 'नेत्रत्रयाय' भन्नाले ३ आँखा अर्थात् दुई आँखा र भ्रूमध्यको संझना हुन्छ। 'वौषट्'को मननले अघि अन्तर्लीन भएका सबै रूप अर्थात् आकार (जो अन्त्यमा अनिष्ट हुन्छ) हटाई केवल तिनबाट उत्पादित प्रभातत्त्व मात्र जम्मा पारी इतर-लिङ्गमा पुऱ्याई भ्रूमध्यलाई बल्काउँदै, वायुतत्त्वात्मक चोर औंला र जलतत्त्वात्मक साँहिली औंलाको २ आँखामा स्पर्शबाट शीतलीकरण तेजस्तत्त्वात्मक माँझी औंलाको भ्रूमध्यमा स्पर्श भएबाट उद्दीपन भई त्यहाँ भ्रमरनाद अर्थात् भमरा झैं कराउने नादको अनुभव गराई पूर्वोक्त बीजको मननबाट निस्किएको प्रभातत्त्व समेत त्यसमा लय हुन गई सबै इतरलिङ्गमा अन्त-र्लीन गराउँछ। वैष्णव मतमा 'नेत्राभ्यां वौषट्' भनी चोर र र माँझी औंलाले हुन्छ।

---

1. मनोबल = Mental capacity.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि आखिरमा मन्त्रको बीज मनन गरी 'अस्त्राय' भन्नाले अस्त्रको संझना हुन्छ । 'फट्'को मननले सो अस्त्रद्वारा इतरलिङ्गमा वढी भए जति प्रभातत्त्व निकाली तेजस्तत्त्वात्मक माँझी औंला र वायुत्त्वात्मक चोर औंला श्मशानको प्रतिनिधि-रूप बाँया हत्केलामा ठोक्दा अग्नितत्त्वबाट दाह भई वायुतत्त्व-बाट उडेर निस्की जान्छ अर्थात् यस चालले वढी भए जति प्रभातत्त्व खतम हुन्छ ।

मन्त्रको रहस्य नबुझ्नेहरूलाई यी पूर्वोक्त सबै कुराहरू अनौठा र अनुभव नहुन सक्ने जस्तो भान पर्ने सम्भव छ । तर अनुभवी गुरुद्वारा दत्तचित्त भएर प्रयास वा अभ्यास गर्नाले ६।७ दिनमै यसको अनुभव अवश्यमेव हुनेछ । यो अनुभव भएको सत्यको कुरा हो ।

"देवो भूत्वा यजेद्देवं नादेवो देवमर्चयेत् ॥"

अर्थात् 'देवता भएर वा बनेर देवताको पूजा गर्नु, देवता नबनेको व्यक्तिले पूजा नगर्नु' यस्तो उक्ति आगममा भएकोले उपासक मात्रले पूर्वोक्त अनुभव सहितको न्यास अवश्यमेव गर्नै पर्छ । फेरि अर्को उक्ति यस्तो छ ।

"चक्षुर्हीनं यथा सूर्यो न्यासहीनं जपार्चनम् ॥"

अर्थात्—"आँखा नभएकोलाई सूर्य जस्तै न्यास नगर्नेलाई जप र पूजा हुन्छन् ।" तर शक्तिको उपासनामा स्त्रीले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जप गर्दा न्यास गर्न पर्दैन भन्ने पनि यस्तो वचन छ।

"न न्यासं योषितां तत्र न ध्यानं न च पूजनम्
केवलं जपमात्रेण मन्त्राः सिद्ध्यन्ति योषिताम् ॥"

अर्थात्—"स्वास्नीमानिसले न्यास, ध्यान र पूजा केही गर्न पर्दैन, खाली जपले नै मन्त्र सिद्ध हुन्छ।" यस्तो वचन भए पनि पूजा गर्दा स्त्रीले पनि न्यास सम्म त गर्नै पर्छ तर पूर्वोक्त अनुभवको भने उस्तो जरूरत पर्दैन। पूजा र नित्यसंध्याको लागी यो पूर्वोक्त उक्ति धेरै जसो परम्पराले मान्दैन। पुरश्चरणको लागी भने यो उक्ति धेरै जसो परम्परामा लागू हुन्छ। तर मेरो परम्परामा भने बूढी भएर वा बिरामी भएर असक्त भएकी छन् भन्ने मात्रै स्त्रीमा यो उक्ति लागू हुन्छ। पुरुषले भने अनुभवसहित न्यास गर्नै पर्छ किन भने 'रचित युवतिवेशस्तद्धिया ध्यायते सः'।

अर्थात्—"आफूलाई युवतिरूपको संझिएर तिनको अर्थात् शक्तिको ध्यान उसले अर्थात् साधकले गर्दछ।" यस्तो आगमोक्ति छ।

तान्त्रिक प्रयोगमा पुच्छबीजहरूको प्रयोगको झलक दर्शाएँ। अब केहि वैदिक प्रयोग दर्शाउने चेष्टा गर्दछु।

"स्वाङ्कृतोऽसिविश्वेभ्य इन्द्रियेभ्य: पार्थिवेभ्यो मनष्ट्वाष्टु स्वाहा सूर्याय देवेभ्यस्त्वा मरीचियेभ्यो देवा ॐ शो यस्मै त्वेडे तत्सत्यमुपरिप्लुता भङ्गेन हुतोऽसौ फट् प्रणायत्वा व्यानायत्वा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो मन्त्र आभिचारिक प्रयोगको हो। यसमा 'फट्' भन्ने छ। यहाँ यो 'फट्' भन्ने पद (ञिफला विशरणे) भन्ने धातुबाट 'क्विप्' प्रत्यय भएर 'डलयोरभेदः' भएर बनेको हुँदा यसको अर्थ 'फैलियोस्' भन्ने हुन जान्छ। तर यो 'फट्'को अर्थ जे सुकै भएर प्रयोग भए तापनि वैदिक मन्त्रमा यो आभिचारिक प्रयोगमा मात्रै लागु हुन्छ। तान्त्रिक मन्त्रमा भने यसको धेरै अर्थानुसारले प्रयोग हुन्छ।

"वण्महाँ असि सूय वडादित्य महाँ असि
महांस्ते महतो महिमा त्वमादित्य महाँ असि ।।

यो सूर्यको प्रार्थनाको मन्त्र हो। यसमा प्रयोग भएवो 'वट्'को अर्थ 'साञ्चिनै' वा 'सच्चा' भन्ने हो। यस मन्त्रको भावार्थं 'हे सूर्य! आदित्य! हे देव! तिमी साञ्चिनै परब्रह्म हौ। सच्चा अर्थात् सत्यरूप तिम्रो महिमा सबैबाट स्तुति गरिन्छ।

अमा कृत्वा पाप्मानं यस्ते नान्यं जिघांसति
अश्मानस्तस्यां दग्धायां बहुला 'फट्' करिक्रवि ।।

यहाँ 'नाश' भन्ने अर्थमा 'फट्'को प्रयोग भएको छ। यस मन्त्रको भावार्थ यस्तो छ कृत्याद्वारा अर्कालाई मार्न खोज्ने शत्रुहरूको क्रियालाई निरर्थक वा निष्फल गराए पछि, यी ढुङ्गाहरू धेरै भएर ती कृत्याकारक शत्रुहरूलाई नाश गरून्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"सर्वे देवा अत्यायन्ति ये अश्नन्ति वषट्कृतम्
इमां जुषध्वमाहुतिमितो जयत मामुतः ॥
स्वधाकारेण पितृभ्यो यज्ञेनदेवताभ्यः
दानेन राजन्यो वशाया मातुर्हेडं न गच्छति ।।"

यहाँ 'विभाजन'को अर्थमा 'वषट्'को प्रयोग भएको छ। फेरि 'यज्ञ' भन्ने पदले 'नमः' र 'स्वाहा' भन्ने बुझाउँछ। यस मन्त्रको भावार्थ यस्तो छ। 'सबै देवताहरू भाग लगाएर (पुच्छबीजको) विभाजन वा भेदद्वारा हवि खान्छन्। राजन्य अर्थात् क्षत्रियले दिएको यो (हवि) पितृले 'स्वधा'द्वारा र देवताले 'यज्ञ'द्वारा खान्छन्।'

यहाँ 'यज्ञ' भन्नाले 'हवन-पूजनादि कर्म्म' र 'स्वधा' भन्नाले 'श्राद्धकर्म' बुझाउँछ।

यी पूर्वोक्त सबै मन्त्रहरू अथर्ववेका हुन्। अब यजुर्वेदका केही मन्त्र दर्शाउँछु।

यजुर्वेद (७।३)मा एउटा यस प्रकारको वाक्य छ।

"उप रिप्रताभङ्गेन हतोऽसौ फट्"

अर्थात्—'भङ्गद्वारा बनेको लायकदार कोर्राको भारले पछारिएर यो मऱ्यो।' यहाँ पछारिएको आवाजको अनुकरण 'फट्' शब्दले गरेको छ। सायद वही 'फट्'को अपभ्रंश 'चूट्' भन्ने शब्द हाम्रो मातृभाषामा आएको हुनु पर्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पितृभ्यः स्वधायिभ्यः स्वधानमः पितामहेभ्यः
स्वधायिभ्यः स्वधा नमः प्रपितामहेभ्यः
स्वधायिभ्यः स्वधा नमः अक्षन्त पितरो तीतृपन्त
पितरःपितरः शुन्धदूध्वम ॥"

यहाँ 'स्वधा' भन्नाले तृप्ति गराउने भाव र 'नमः' भन्नाले विनयको अर्थात् नम्रताको भाव झल्काएको छ। अघि जुन अवस्थामा व्याकरणको नाम निशानै थिएन त्यस अवस्थामा जुन शब्दमा 'ङेयुत' अर्थात चतुर्थ्यन्त भएर प्रयोग हुन्छ सो 'निमित्तार्थै भएरै प्रयोग हुन्थ्यो। अतः पुच्छबीजको अर्थबाट झल्किएको भाव इष्टदेवता वा कुनै व्यक्तिको निमित्त प्रयोग हुन्छ वा दिइन्छ अर्थात् समर्पण गरिन्छ। जस्तै–'पितृभ्यः स्वधा नमः' यसको मतलब के भयो भने 'पितृहरूको लागी वा निंति स्वधा अर्थात् तृप्ति गराउनेपना र नमः अर्थात् विनम्रपना चढाउँदछु।' यस्तै प्रकारले अर्थ लिएर मन्त्रहरू उत्पन्न हुन गए। कालान्तरमा धेरै काल पछि जब यी पुच्छबीजहरूको रहस्यार्थ साधारण जनतामा सद्गुरुको अभावले हराऍदै गयो र विशेष भाषातिर जनताको ध्यान जान थाल्यो अनि व्याकरण बनेर यस्तो सूत्र बन्यो।

"नमः स्वस्तिस्वाहास्वधाऽलंवषट्योगाच्च।"

अर्थात्–"नमः, स्वस्ति, स्वाहा, स्वधा, अलं, वषद् प्रयोगबाट पनि चतुर्थ्यन्त हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"नमः शम्भवाय च मयोभयाय चः नमः शङ्कराय च मयस्कराय च नमः शिवाय च शिवतराय च।"

यहाँ 'नमः'ले अभिनन्दन भाव झलकाएर ३ फेरा अभिनन्दन गरेको छ। फेरि यजुर्वेद (४०।१७)मा 'खँ ब्रह्न' भन्ने मन्त्र पनि पाइन्छ। यसमा 'खँ' र 'ब्रह्म' भन्ने २ शब्दद्वारा परमात्माको लक्ष्य गरिएको छ। ती परमात्मा आकाश झैं विभु अर्थात् जताततै ढाक्ने र सबैका कारण हुन्, फेरि आफ्नो सबै सृष्टिको अपेक्षा वृहत् अर्थात् ठूला छन्। यहाँ 'खँ' यो बीजले शून्य वा आकाशलाई लक्ष गर्दछ।

यी सबै व्यहोराहरू विचार गर्दा आर्यहरूले यजुर्वेदको उत्पत्ति भए देखि नै बीजाक्षर मन्त्रहरूको उपासना गर्दा रहेछन्। अतः तन्त्रशास्त्रमा बीजाक्षर मन्त्रकै विशेष प्रयोग देखिनाले तन्त्रशास्त्रको जन्म यजुर्वेदको उत्पत्ति हुनासाथ भएको सावित हुन्छ। अनि त्यसै बेलादेखि सनातन कुलधर्मको प्रादुर्भाव भएर निगमको मन्त्र गायत्री र आगमको मन्त्र दीक्षा ग्रहण गरेर त्रिकाली र तुरीया सन्ध्याको प्रथा रहेको हो। यी सन्ध्याको बारेमा पछि यसैको पञ्चम पटलमा वर्णन गर्नेछु।

पूर्वोक्त मन्त्रार्थको विचारबाट स्पष्ट हुन्छ कि वैदिक ऋचाहरूद्वारा देवतालाई 'परमात्मा' र आफूलाई 'जीवात्मा' संझी प्रार्थना अर्थात् पुकारा गरी 'दासोऽहं' भन्ने भावले उपासना हुन्छ। त्यस्तै तान्त्रिक बीजरूप मन्त्रहरूद्वारा आफूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तद्रूप अर्थात् परमात्मरूप नै संभिएर जपद्वारा 'सोऽहं' भावले उपासना हुन्छ ।

अब मन्त्रको विषयमा एउटा गौड गरेर बुझ्न पर्ने कुरा छ । मन्त्रका रूप तीन प्रकारको [1]लिंगभेदले गर्दा तीन थरीका हुन्छन् । [2]पुंलिङ्गको रूपलाई 'मन्त्र' र [3]स्त्रीलिङ्गको रूपलाई 'विद्या' भन्ने संज्ञा हुन्छ । [4]क्लीबवलिङ्गको बारेमा पछि वर्णन हुनेछ । पुंमन्त्रले पुंदेवताको मात्र न भई स्त्रीदेवताको रूपको पनि उत्पादन हुन सक्छ । अर्थात् पुंमन्त्रको अधिष्ठाता स्त्री-देवता पनि हुन सक्छ, फेरि स्त्रीमन्त्रको अधिष्ठाता पुरुष पनि हुन सक्छ । यसको मतलब के हो भने मन्त्रोच्चारणबाट बन्ने [5]ध्वनितरङ्गको रूपबाट मन्त्रको अवयव बन्दछ अर्थात् पुरुष, स्त्री वा नपुंसक रूप बन्न जान्छ । फेरि मन्त्रार्थबाट बन्न गएको अर्थात् उत्पादन भएको रूप त्यस मन्त्रको इष्टदेवता अर्थात् अधिष्ठाता देवता ठहरिन्छ । यो तान्त्रिक मन्त्रको कुरा हो । तर वैदिक मन्त्रमा भने मन्त्रको ध्वनितरङ्गबाट बनेकै रूप त्यस मन्त्रको अधिष्ठाता देवता ठहरिन्छ । यसको मतलब पछि सन्ध्याको प्रकरणबाट खुल्ने छ । तान्त्रिक मतको इष्टदेवताको ध्यान वा स्वरूपको र मन्त्रको ऐक्य भावको झलक पूर्व पटलमा झल्काइयो । मन्त्रको अवयव अर्थात् रूप जस्तो सुकै भए पनि

---

1. लिंगभेद = Gender.
2. पुंलिग = Masculine.
3. स्त्रीलिङ्ग = Feminine.
4. क्लीबलिङ्ग = Neuter.
5. ध्वनितरङ्ग = Sound-wave.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आखिर सो मन्त्रको इष्टदेवता अर्थात् त्यसको अधिष्ठाता देवतामै लय भएर ऐक्य हुन्छ । अतः मन्त्रलाई देवताको वाङ्मयमूर्ति मानेको हो। अब मन्त्रावयवको वर्णन गर्नाको लागी यहाँ ध्वनितरङ्गका आकारको एउटा नक्सा दर्शाउँछु ।



ऊको यो पुरुष-ध्वनितरङ्ग



ईको यो स्त्री-ध्वनितरङ्ग

यहाँ केवल पुंरूप 'ऊ' र स्त्रीरूप 'ई'को ध्वनितरङ्गको नक्सा उदाहरणको लागी दिएको हुँ । प्रत्येक अक्षर वा आवाजको ध्वनितरङ्ग प्रत्येक मानिसको अनुहार फरक भए जस्तो फरक हुन्छ । तर सबैको शारीरिक अवयव एकै किसिमको भए पनि पुरुष र स्त्रीकोमा केही फरक हुन्छ । त्यस्तै पुंतरङ्ग नक्सा झैं साधा र स्त्रीतरङ्ग किरिङ्मिरिङ् हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रको लिङ्गको बारेमा शारदातिलक तन्त्रमा यस्तो छ ।

"मातृकावर्णभेदेभ्यः सर्वे मन्त्राः प्रजज्ञिरे
मन्त्रविद्याविभेदेन द्विविधा मन्त्रजातयः ॥
मन्त्राः पुंदेवता ज्ञेया विद्याः स्त्रीदेवताः स्मृताः
पुंस्त्रीनपुंसकात्मानो मन्त्राः सर्वे समीरिताः ॥
पुंमन्त्रा हुँफडन्ताः स्युर्द्विठान्ताःस्युःस्त्रियो मताः
नपुंसका नमोऽन्ताः स्युरित्युक्ता मनवस्त्रिधा ॥

भावार्थ—सबै मन्त्रहरू मातृकाक्षरका भेदबाट बनेका हुन । 'मंत्र' र 'विद्या' भन्ने भेदले दुई भागमा विभाजित छन । पुंदेवता अर्थात् भालेरूप जतिको 'मन्त्र' भन्ने संज्ञा र स्त्री-देवता अर्थात पोथीरूप जतिको 'विद्या' भन्ने संज्ञा हुन्छ । सबै मन्त्रको कि भाले, कि पोथी, कि नपुंसक रूप भएर मन्त्र तीन प्रकारका हुन्छन । (यहाँ 'मनु' शब्द 'मंत्र' सब्दको पर्याय-वाचक भएर प्रयोग भएको छ) । जुन मंत्रको अन्त्यमा 'हुँ फट्' हुन्छ त्यो भाले, त्यस्तै 'द्विठान्ता' अर्थात अन्त्यमा 'स्वाहा' हुने पोथी र 'नमः' अन्त्यमा हुने नपुंसक हुन । (नपुंसकलाई 'क्लीबमनु' भन्दछन् यो कुरा भने यस उक्तिमा छैन ।)

'मानिस' भन्दा स्वास्नीमानिस र लोग्नेमानिस दुवै थरीलाई बुझाए झैं 'मंत्र' भन्दा सबै थरीका मंत्र बुझिन्छ । तर 'आइमाई' भन्नाले स्वास्नीमानिस मात्र बुझिए झैं 'विद्या' भन्नाले स्त्रीरूप मात्रै बुझिन्छ । तर मानिसमा नपुंसक थोरै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भए झैं मंत्रमा पनि 'क्लीबमनु' थोरै हुन्छन। 'मनु' पनि 'मंत्र' को पर्यायवाचक शब्द हुनाले, दुबै एकै अर्थमा प्रयोग हुन्छन्। पूर्वोक्त तीन प्रकारका पुच्छबीज प्रयोग नभएका मंत्रहरूमा अन्त्यको अक्षर वा बीज जो रूपको हुन्छ अर्थात् भाले, पोथी र नपुंसकमा जो हुन्छ त्यस मंत्रको त्यही रूप ठहरिन्छ। अन्त्यमा पुच्छबीज नभएका मन्त्रहरूमा कुन चालले लिङ्ग छुट्याउने भन्ने बारेमा गौरीकञ्चुकीय तन्त्रमा यस्तो पाइन्छ।

"आत्मालताकर्णयुग्मसद्यान्ता मंत्रविग्रहाः
पाशनेत्रद्वयागस्त्यविच्वेऽधरान्तकास्तथा ।।
विद्याख्या श्वेत सर्गनादबिन्दुयुक्तास्तथैव च
स्त्रीरूपा वौषडन्ताश्च हलन्ता इतरे शिवे ।।
पुंस्वरूपाश्च क्लीबान्ता क्लीबमन्त्रा न संशयः ।।"

अर्थ—"आत्मा (अ), लता (ए), कर्णयुग्म (उ, ऊ), सद्य (ओ) यति अन्त्यमा भएका जति मन्त्रहरू हुन् अर्थात् पुंमन्त्र हुन्। पाश (आ), नेत्रद्वयं (इ, ई), अगस्त्य (औ), विच्चे, अधर (ऐ) यति अन्त्यमा भएका विद्या कहिएका अर्थात् स्त्रीमन्त्र हुन्। सर्ग अर्थात् विसर्ग, नाद, बिन्दुले युक्त भएको अर्थात् पूर्वोक्त अक्षरहरूमा नाद, बिन्दु वा विसर्ग प्रयोग भएको भए पनि अक्षरकै मतको लिङ्ग हुन्छ। 'वौषट्' अन्त्यमा भएको स्त्रीरूप र अरू सबै हलन्त पुंरूप हुन्। क्लीब (ऋ, ॠ, ऌ, ॡ, नमः) अन्त्यमा भएका त क्लीबमन्त्र नै हुन्छन्, त्यसमा शंका छैन।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्लीबशब्दको ध्वनितरङ्ग अनियमित अर्थात् कहिले पुंम्भैं साधा र कहिले स्त्री भैं किरिमिरि हुन्छ। प्रत्येक वर्ण वा अक्षरको उच्चारणबाट फरक फरक ध्वनितरङ्ग बन्ने हुँदा धेरै अक्षरको मन्त्रबाट धेरै किसिमको तरङ्ग बन्न जान्छ, तर मन्त्रको सबै भन्दा पछिल्लो अक्षरबाट जुन लिङ्गको तरङ्ग बन्दछ त्यस मन्त्रको सोही लिङ्ग ठहरिन जान्छ।

अब मन्त्रार्थको विषयमा केही झलक झल्काउने चेष्टा गर्दछु। प्रत्येक आम्नायको प्रत्येक मन्त्रमा एक अक्षर मात्रै भए सो आफ्नै आम्नायको बीजात्मक बनेर सोही अर्थ दिने हुन्छ। दुई अक्षरको मन्त्रमा २ आम्नायात्मक, तीन अक्षरकोमा ३ आम्नायात्मक एवं प्रकारले ६ अक्षरसम्म भएमा प्रत्येक अक्षर एक एक आम्नायात्मक भएर निहित भएको हुन्छ र सोही बमोजिम आम्नायको भेदले अर्थ हुन्छ। त्यस भन्दा बढी अक्षर-हरू भएका मन्त्रहरूमा भने ६ आम्नायकै बीजहरू विद्यमान् त हुन्छन्, तर यस आम्नायको यति नै अक्षर हुन्छ भन्ने कुनै नियम हुँदैन। कुनै कुनै मन्त्रहरूमा अरु आम्नायका अक्षरहरू भन्दा आफ्नो आम्नायको अक्षर धेरै कम्ती वा एउटै मात्र पनि हुन सक्छ। उदाहरणको लागी विचार गरौं। संझौं कि एउटा १८ अक्षरको मन्त्र रहेछ, त्यसमा ७ अक्षर दक्षिणाम्नायको, ५ अक्षर पश्चिमाम्नायको २ अक्षर पूर्वाम्नायको, १ अक्षर उत्त-राम्नायको, १ अक्षर अधराम्नायको र २ अक्षर ऊर्ध्वाम्नायको रहेछ। अब यो मन्त्र कुन आम्नायको र कुन देवताको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहेछ भन्ने विचार गर्न पर्‍यो। सबै भन्दा बढी अक्षर दक्षिणाम्नायको हुँदैमा यो मन्त्र दक्षिणाम्नायात्मक हुँदैन, फेरि उत्तराम्नायको एउटा मात्रै अक्षर हुँदा यो मन्त्र उत्तराम्नायात्मक पनि हुँदैन। ती सबै मध्ये जुन आम्नायको बीजको कलात्मक भावको त्यसमा स्फुरण हुन जान्छ सो मन्त्र सोही आम्नायको ठहरिन्छ। प्रत्येक मन्त्रमा एउटा एउटा कलात्मक बीज विद्यमान हुन्छ। कुन कुन आम्नाय कुन कुन कलात्मक हुन् भन्ने र षट्चक्र मध्यमा कुन कुन चक्र कुन कलात्मक हुन् भन्ने सबै कुरा माथिनै वर्णन भइसकेको छ। यस मन्त्रमा यो चाहिं कलात्मक बीज हो र यसमा यो कलाको भाव छ भन्ने कुरा हामीहरू जस्ता अदना व्यक्तिले गुरुवक्त्रबाट मात्रै थाहा पाउन सक्छौं। पारखी साधकले भने मन्त्रोच्चारणबाट मनन गर्दा [1]प्रकंपनको विचारबाट सबै [2]चक्रमा प्रकंपनको [3]अनुभव त हुने नै भयो, तर कलात्मक बीजको प्रकंपन विशेष गरी आफ्नो आम्नायको चक्रमा केही तीव्र गति भएको अनुभव पाएर यो मन्त्रको यो कलात्मक बीज हो र यो आम्नायको हो भनेर ठहर्‍याउन सक्छन् रे। यो कुरा मेरा पूज्य गुरुदेवले बताउनु भएको हो। तर मलाई त्यसको कुनै अनुभव छैन। आफ्नो क्रममा परेका मन्त्रहरूको मात्रै स्वगुरुमुखद्वारा खुलबुझेको हुँ। सर्वप्रथम मन्त्रको अर्थ गर्दा त्यसको अक्षर वा बीजहरू कति

1. प्रकंपन = Vibration. 2. चक्र=Plexus.

3. अनुभव=Sensation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कति कुन कुन आम्नायात्मक भएर प्रयोग भएका छन् र ती मध्ये कुन चाहिं कुन तत्त्वात्मक बीज हुन आउँछ भन्ने कुराको विचार गर्नु पर्छ र त्यस आम्नायको पत्ता लगाई अर्थात् यस यस आम्नायको मन्त्र रहेछ भन्ने ठहराई, त्यस मूल मन्त्रको आम्नायमा वर्णन भएको देवता मध्ये जुन देवताको नाम त्यस मन्त्रमा पर्दछ उसैको त्यो मन्त्र ठहर्छ। देवताको नाम भएको मन्त्रको भने कलात्मक बीजको अर्थ प्रधान नगराएर मन्त्रार्थ गरी नामैले यस देवताको मन्त्र हो भन्ने ठहराउन पर्दछ। यी सबै कुराहरू गुरुकृपाबाट बुझेको सम्म छु, तर आफूले अनुभव गरेर ठहराउन सक्तिन।

षडाम्नायको भेदले गर्दा प्रत्येक बीजका प्रधानार्थ ६ प्रकारका हुन्छन्। तर गौणार्थ भने कुनैको धेरै कुनैको थोरै हुन्छ। आम्नायको भावना प्रयोग भएबाट बीजको अर्थ हुन्छ। उदाहरणको लागि अहिले यहाँ मायाबीज र कालीबीजको बारेमा केही लेख्ने चेष्टा गर्दछु।

मायाबीज 'हकार' आकाशरूप, 'रकार' तेजोरूप, 'ईकार' कामकलारूप, 'नाद' विमर्शरूप र 'बिन्दु' प्रकाशरूपको संयोगबाट ऐकीकरण भएर बनेको छ। मन्त्रको आदिमा अर्थात् मन्त्रको सबै भन्दा पहिलेमा, अथवा उत्तराम्नायात्मक र पश्चिमाम्नायात्मक बीजहरू अगाडि, पछाडि र बीचमा कादिक्रमानुसार प्रयोग भएमा यो पूर्वाम्नायात्मक बनेर एकप्रकारको अर्थ हुन जान्छ। यो बीज एक्लो हुँदा पनि पूर्वाम्नायात्मक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै भएर उही अर्थ हुन्छ। फेरि यो प्रणव भन्दा पछि रही त्यस-पछि श्रीबीज बाहेक अरू बीज भए अथवा दक्षिणाम्नायात्मक र अधराम्नायात्मक बीजहरूको अगाडि, पछाडि वा बीचमा हादिक्रमानुसार प्रयोग भएमा ऊर्ध्वाम्नायात्मक भएर अर्कै प्रकारको अर्थ हुन्छ। अनि अरु कुनै बीज पूर्वाम्नायात्मक भएर यस बीजको आदिमा वा अन्त्यमा रही हादिक्रमानुसार प्रयोग भए अधराम्नायात्मक भएर एक प्रकारको अर्थ र यस्तै भएर कादिक्रमानुसार प्रयोग भए उत्तराम्नायात्मक भएर अर्कै अर्थ हुन्छ। श्रीबीजको अगाडि यो बीज रहे दुवै ऊर्ध्वाम्नायात्मक भई ह्रीस्सी अर्थ दिने हुन्छ, तर यी २ को अगाडि प्रणव भए तिनओटै बीज पूर्वाम्नायात्मक भएर अर्कै अर्थ हुन्छ। फेरि यो मन्त्रको सबै भन्दा पछाडि हादिक्रमानुसार प्रयोग भए दक्षिणाम्नायात्मक भएर एक प्रकारको अर्थ र कादिक्रमानुसार प्रयोग भए पश्चिमाम्नायात्मक भएर अर्कै अर्थ हुन्छ। अरु अरु ठाउँमा रहेकोमा यो बीजको कादि र हादिक्रमको विचारले भिन्नाभिन्नै आम्नायात्मक भएर गौणार्थ दिने हुन्छ।

कालीबीज 'ककार' आदि शिवरूप, 'रकार' तेजोरूप, 'ईकार' कामकलारूप 'नाद' विमर्शरूप र 'बिन्दु' प्रकाशरूपको संयोगबाट एकीकरण भएर बनेको छ। यो बीज एक्लो मात्रै भएमा वा मन्त्रको आदि अन्त्यमा कादि वा हादि जुनसुकै क्रमानुसार प्रयोग भए तापनि दक्षिणाम्नायात्मक भएर एक प्रकारको अर्थ हुन्छ। फेरि कादिक्रमको पंक्तिमा यो बीज प्रयोग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँदा उत्तराम्नायात्मक बनेर अर्कै अर्थ हुन्छ। यो बीज अरू आम्नायात्मक भएर प्रयोग हुँदा कि 'र'कारको बदला 'ल'कार भएर कामबीजको आकृति बनेर कि त 'ईकार'को बदला 'ओ' कार भएर अकुंश बीजको आकृति बनेर मात्रै प्रयोग हुन्छ। तर कामबीज र अकुंशबीज स्वयं मायाबीजहरूकै किसिमका बीज हुन्। यिनको पनि उस्तै किसिमले ६ आम्नायात्मक भएर प्रयोग भई फरक फरक अर्थ दिने हुन्छन्। तर कालीबीजको रूपान्तर भएर प्रयोग हुँदा भने कालीबीजमै गणना भएर कालीबीजकै अर्थ दिने हुन्छन्। यसको रहस्य साह्रै गहन र विनागुरुमुख संझन मुस्कील हुँनाले विशेष अरू कुरा नलेखी केवल झलक देखाएको हुँ। यसको कोट्यंशको एक अंशको एक झलकसम्म पनि मैले जान्न र बुझ्न सकेको छैन। तैपनि आफ्नो गुरुकृपाबाट बहुतै थोरै प्राप्त भएको आधारले पूर्वोक्त २ बीजको झलक दर्शाई अरू बीजको पनि यस्तै हो भन्ने नमूना देखाएको हुँ।

यही पूर्वोक्त कालीबीजको दक्षिणाम्नायको भावमा र मायाबीजको पूर्वाम्नायको भावमा मुसलमानले पनि 'करीम' र 'रहीम' जप्दछन्।

अब मन्त्रको प्रयोगको बारेमा केही वर्णन गर्ने चेष्टा गर्दछु। 'मन्त्र' भन्ने शब्दको तन्त्रशास्त्रले यस्तो वर्णन गरेको छ।

"मननाद्विश्वविज्ञानंत्राणं संसारबन्धनात्
यतः करोति संसिद्धि मन्त्र इत्युच्यते ततः॥" इति पिङ्गलामते।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्–'मनन गर्नाले अर्थात् मनले उच्चारण गर्नाले वा संझनाले [1]विश्वविज्ञानं यहाँ 'विश्व' भन्नाले शरीर र त्यसको 'विज्ञान' भन्नाले तत्त्वको उत्पादन गर्ने अर्थात् बनाउने सत्ता भन्ने बुझिन्छ र संसारबन्धनबाट त्राण=छुटकारा गराउने सत्ता। यति दुइको जसबाट सिद्धि हुन्छ त्यो मन्त्र कहिन्छ।

जपको सम्पत्ति-अर्थात् जपको सामानको बारेमा मेरुतन्त्रको यस्तो उक्तिछ।

"मनः संहरणं शौचं मौनं मन्त्रार्थचिन्तनम।
अव्यग्रत्वमनिर्वेदो जपसंपत्तिकारकम्॥"

अर्थात्–मनको खिचाई अर्थात् मनलाई यताउति जान नदिने प्रयत्न, पवित्रता अर्थात् चोखोपना, मौन, मन्त्रको अर्थको विचार, [2]मन खाली राख्ने प्रयास र उत्साह जपका संपत्तिका कारण हुन्!

मन्त्र कसरी जप्न पर्छ भन्ने बारेमा सनत्कुमारसंहितामा यस्तो वचन छ।

"मनः संहृत्य विषयान् मन्त्रार्थगतमानसः।
नद्रुतं न विलम्बित्वं जपेन्मौक्तिकपंक्तिवत्॥

---

1. विश्वविज्ञानं=Chemical energy belonging to body.
2. मनखाली=Vacancy of mind.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जपः स्यादक्षरावृत्तिर्मानसोपांशुवाचिकैः ।
धिया यदक्षरश्रेणीं वर्णस्वरपदात्मिकाम् ॥
उच्चरेदर्थमुद्दिश्य मानसःस जपः स्मृतः ।
जिह्वौष्टौ चालयेत् किंचिद्देवतागतमानसः ॥
किंचिच्छ्रवणयोग्यः स्यादुपांशुः स जपः स्मृतः ।
मन्त्रमुच्चारयेद्वाचा वाचिकः सः जपः स्मृतः ॥
वाचिकाल्लक्षगुणित उपांशुः परिकीर्तितः ।
उपांशोः कोटिगुणितो मानसस्तु प्रशस्यते ॥"

भावार्थ–"मनलाई विषयबाट खिचेर मन्त्रार्थमा लगाएर धेरै छिटो पनि धेरै ढिलो पनि नगरी ठीकसित मोतीको पंक्ति झैं छुट्टा छुट्टै अक्षर उच्चारण गरी पटक पटक दोहो-र्‍याउनाले जप हुन्छ। सो जप ३ प्रकारको हुन्छ। तिनको नाम मानस, उपांशु र वाचिक हो। मन्त्रको मनमनै हुने जप मानस, केही सुनिएला झैं गरी अली अली जिब्रो र ओंठ चलाएर गर्ने जप उपांशु अनि स्पष्टै मुखले भनेर गर्ने जप वाचिक हुन्छ। वाचिककोभन्दा लाखगुण फल उपांशु जपको हुन्छ, फेरि उपांशुकोभन्दा कोटिगुण फल मानस जपको हुन्छ।"

यस्ता यस्ता कर्ममा यस यस प्रकारले जप्नु भन्ने बारेमा कुलार्णवतन्त्रमा यस्तो उक्ति छ।

"मानसः सिद्धिकामानां पुष्टिकामैरुपांशुकः ।
वाचिको मारणे चैव प्रशस्तो जप ईरितः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ—सिद्धिको लागि मानस जप, पुष्टिको लागि उपांशु जप अनि मारणको लागि वाचिक जप प्रशस्त हुन्छन् ।

फेरि मेरुतन्त्रको उक्ति यस्तो छ ।

"[1]षट्कर्मकृद्वाचिकः स्यात् ततोऽन्यः [2]क्षुद्रकर्म्मकृत् ।
मानसः साधयेन्मोक्षं कायिकः सर्वसिद्धिकृत् ।।
जपेन देवता नित्यं स्तूयमाना प्रसीदति ।
जपात् सिद्धिर्जपात् सिद्धिर्जपात् सिद्धिर्नसंशयः ।।

भावार्थ—षट्कर्म्मको लागि वाचिक जप अनि क्षुद्रकर्ममा पनि लागु हुन्छ । मानस जपबाट मोक्ष हुन्छ । कायिक अर्थात् उपांशु जपबाट सबै सिद्धि हुन्छ । जपद्वारा नित्य स्तुति गरिएका देवता प्रसन्न हुन्छन् । त्यसैले जपबाटै सिद्धि हुन्छ त्यसमा शंका छैन ।

तर यी सबै कुरा काटेर डामर तन्त्रको ठोकुवा वचन यस्तो छ ।

"मनसा यः स्मरेत् स्त्रोत्रं वचसा च मनुं जपेत् ।
उभयं निष्फलं याति भिन्नभाण्डोदकं यथा ।।"

---

1. षट्कर्म्म=मारण, मोहन, उच्चाटन, वशीकरण, स्तंभन र विद्वेषण ।
2. क्षुद्रकर्म्म=लाउ भाउ गराउनु अर्काको अपकार गराउनु इत्यादि छोटा काम ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–"मनमनै स्तोत्रपाठ र भनेर अर्थात् वाँचेर मन्त्र जप गर्नेलाई चुहुने भाँडामा पानी हाले झैं निष्फल अर्थात् निरर्थक हुन्छ।" अतः जप मानस नै गर्नु, पाठ बाँचेर नै गर्नु।

अब मन्त्रको अतिगहन विषय जो गुरुमुखमा नै निहित रहन्छ, त्यस विषयको तन्त्रशास्त्रले बताएका संकेतहरू दर्शाएर तिनको रहस्यार्थ पनि साथसाथै दर्शाउने चेष्टा गर्दछु। पाठक महानुभावहरूले केही सावधानी साथ पढ्नु हुनेछ भन्ने उमेद गर्दछु।

मनोऽन्यत्र शिवोऽन्यत्र शक्तिरन्यत्र मारुतः।
न सिद्ध्यति वरारोहे कल्पकोटिशतैरापि॥
मन्त्रार्थं मन्त्रचैतन्यं योनिमुद्रां न वेत्तियः।
शतकोटिजपेनापि तस्य सिद्धिर्न जायते॥
लुप्तबीजाश्च ये मन्त्रा न दास्यन्ति फलं प्रिये।
मन्त्राश्चैतन्यसहिताः सर्वसिद्धिकराः स्मृताः॥
चैतन्यरहिता मन्त्राः प्रोक्ता नैव फलप्रदाः॥"

इतिकुलार्णवतन्त्रे।

व्याख्यार्थ–मनोऽन्यत्र(मन एकातिर)। शिवोऽन्यत्र (शिर एकातिर)। शक्तिरन्यत्र मारुतः (शक्ति अर्कोतिर फेरि हावा एकातिर)। यो एउटा पंक्तिको संकेतले कति कुरा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझाएको छ भने 'शिव र शक्ति भन्नाले [1]'आकर्षण र विकर्षण', [2]'पिंगलानाडी र ईडानाडी' फेरि [3]'सहस्रारका परशिव र मूलाधारकी कुण्डलिनी शक्ति' भन्ने तीन पदार्थ बुझाउँछ। अनि 'मारुतः' भन्नाले [4]'पञ्चप्राण' र [5]'सुषुम्णानाडी' बुझाउँछ। वरारोहे (यो पार्वतीलाई शिवले संबोधन गरेको शब्द हो)। कल्पकोटिशतैः (सय कोटि कल्प सम्म पनि) न सिद्ध्यति (सिद्ध हुँदैन)। यी २ हरफको सारांश 'मन्त्र शिखाको विज्ञानको (यसको पछि वर्णन हुनेछ) प्रयोग रहित जपले मन्त्र सिद्ध हुँदैन' भनेको हो। मन्त्रार्थं (मन्त्रको अर्थ) मन्त्रचैतन्यं (मन्त्रको चैतन्य, यसको पछि चर्चा हुनेछ) योनिमुद्रा (हातले बनाउने योनिमुद्रा, यसको पनि पछि चर्चा हुनेछ) यः (जो)। नवेत्ति (जान्दैन)। शतकोटिजपेनापि (सय कडोर जपे पनि)। तस्य (त्यस्को)। सिद्धिर्नजायते (सिद्धि हुँदैन)। लुप्तबीजाश्चये

---

1. आकर्षण र विकर्षण = Posetive and Negative.
2. पिंगलानाडी र ईडानाडी = Right and left vagus nerves.
3. सहस्रारका परशिव र मूलाधारकी कुण्डलिनी शक्ति = Macrocosmetic-power and Microcosmetic-power.
4. पञ्चप्राण = प्राण, अपान, व्यान, उदान र सामान।
5. सुषुम्नानाडी = Midial vagus nerve.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्राः ([1]लुप्तबीज भएका मन्त्रहरू अर्थात् बीजाक्षर नभएका मन्त्रहरू) । न दास्यन्ति फलं (फल दिंदैनन्) । प्रिये (यो सम्बोधित शब्द)। मन्त्रचैतन्यसहिताः सर्वसिद्धिकराःस्मृताः (चैतन्य भएका मन्त्र सबै सिद्धि दिने हुन्छन्। चैतन्यरहिता मन्त्राः प्रोक्ता नैव फलप्रदाः (चैतन्य नभएका मन्त्र कहिले पनि फल नदिने हुन् भन्ने कहिन्छन्।)" जप भनेको अवयव सहितको [2]मन्त्रको बराबर अर्थात् बारंबार मनन गर्दै त्यसको भावमा लय गराएर आफ्नो आत्मालांई [3]तल्लय गराउनु हो। [4]मन्त्रार्थ, [5]मन्त्रचैतन्य र [6]मन्त्रशिखा यति ३ प्रधान अनि [7]प्रणायाम, [8]आसन र [9]योनिमुद्रा यति ३ गौण मन्त्रका अवयव हुन्।

---

1. लुप्तबीज मन्त्र=यस्ता मन्त्रमा प्रणाव वा मायाबीज वा नामको पहिलो अक्षरमा नाद बिन्दु राखेर बीज बनाएर मन्त्रको अगाडि राखेर जपिन्छ।
2. मन्त्र = Afforism or Mental-affermantion.
3. तल्लय गराउनु = To be one with.
4. मन्त्रार्थ = Meanings of mantra or Otto-suggestion.
5. मन्त्रचैतन्य=Consciousness of afforism.
6. मन्त्रशिखा = Internal vibration produced by afforism.
7. प्राणायाम = Breathing exercise.
8. आसन=Posture for meditation.
9. योनिमुद्रा = A kind of triangular form made out of fingers of hands.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रार्थको एक झलक माथि दर्शाइसकेको छु त्यसको अतिरिक्त गुरुमुखबाट मात्रै बुझिने हुनाले नलेखेको हुँ। अब मन्त्रशिखाको बारेमा केही चर्चा गर्ने चेष्टा गर्दछु। मन्त्रशिखाको संकेत आगमशास्त्रमा यस्तो छ।

"शृणु देवि परं तत्त्वं सर्वज्ञानोत्तमोत्तमम्।
येन विज्ञानमात्रेण क्षिप्रं विद्या प्रसीदति॥
[1]मूलकुण्डे तु या शक्तिः भुजंगाकाररूपिणी।
तद्भ्रमावर्तवातोऽयं प्राण इत्यमिधीयते॥
तं त्यक्त्वाऽव्यक्तमधुरं कूजन्ती सहसोत्थिता।
गच्छन्ती ब्रह्मरन्ध्रेण प्रविशन्ती पुनस्तनुम्॥
यातायातक्रमेणैव तत्र कुर्यान्मनोलयम्।
तेन मन्त्रशिखा जाता सर्वमन्त्रप्रदीपिणी॥
तमःपूर्णगृहे यद्वत्न किञ्चित् प्रतिभासते।
शिखाहीनास्तथा मन्त्रा न सिद्ध्यन्ति कदाचन॥
शिखोपदेशः सर्वत्र गोपितः परमेश्वरि।
विना येन न सिद्धिः स्याद्वर्षकोटिशतैरपि॥

साधारणार्थ– शिवले पार्वतीलाई संबोधन गरेर भन्नु हुन्छ कि 'हे देवि ! जसको विज्ञानले विद्या चाँडो खुशी हुन्छ सो सबै ज्ञान मध्यको उत्तम भन्दा पनि उत्तम परमतत्त्व

1. मूलकुण्ड = मूलधार चक्र Pelvic Plexus.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुन । मूलाधारमा जुन शक्ति सर्पको आकारकी छन्, तिनलाई घेरेर रहेको हावालाई 'प्राण' भन्दछन्। सोही प्राणलाई त्यहाँ नै छाडेर अर्थात् त्यहीं रहन दिएर आफू (पूर्वोक्त कुण्डलिनी शक्ति) मात्रै मन्त्रको मनन 'स' र 'ह'द्वारा अर्थात् सास फेर्दा सुषुम्णाद्वारा ब्रह्मरन्ध्रमा पुगेर फेरि 'तनु' भन्नाले आफ्नै ठाउँ मूलाधारमा पस्दै माथि तल गर्दाको चालमा मन लय गर्दा अर्थात् ध्यान दिएर मन लगाउँदा सबै मन्त्रलाई प्रदीपन गर्ने अर्थात् उज्यालो पारेर जगाउने 'मन्त्रशिखा' बन्दछ । अँध्यारो कोठामा कुनै वस्तुको पनि प्रतिभास नभए झैं शिखा नभएको मन्त्रको कहिले पनि सिद्धि हुँदैन । हे पार्वति ! यो मन्त्रशिखाको उपदेश जतातत्तै गोप्य छ अर्थात् गुरुमुखबाट उपदेश पाएको स्वयं जापकले पनि अत्यन्त सूक्ष्म विचारले मात्रै अनुभव पाउन सक्छ । यो अनुभव नभए सय कडोर वर्षमा पनि सिद्धि हुँदैन ।'

तन्त्रशास्त्रमा यस्ता रहस्यहरूको प्रयोग तीन प्रकारले गरिएको हुन्छ । अतः यस्ता संकेतको रहस्य आ-आफ्नो परम्परानुसार आफ्नै गुरुको मुखबाट मात्रै संझन सकिन्छ । यी तीन प्रकारका संकेत यिनै हुन्, [1]सूत्ररूपसंकेत, [2]श्लेषरूपसंकेत र [3]विस्ताररूपसंकेत । यी तीन यस प्रकारका हुन्छन् ।

---

1. सूत्ररूपसंकेत = Symbolic use.
2. श्लेषरूपसंकेत = Confused use.
3. विस्ताररूपसंकेत = Hyperbolic use.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूत्ररूपसंकेतमा अति सूक्ष्मतवरले अक्षरै पिच्छे रहस्यार्थ निहित हुन्छ। यस्तो संकेतको कुनै कुनैको चर्चा 'तान्त्रिकविज्ञान दर्पण'मा प्रकाश भएकै छ।

श्लेषरूपसंकेतमा श्लोकको बीच-बीचमा शब्द वा पद-हरू र कुनै कुनैमा त सबै उक्तिनै श्लेष गराएर अर्थात् २।३ र त्यस भन्दा बढी अर्थ लाग्ने वा साधारण तवरले अर्थै नलाग्ने गराएर प्रयोग भएको हुन्छ। यस्ता धेरै संकेतको माथि चर्चा भएकै छ।

विस्ताररूपसंकेतमा थोरै कुरालाई धेरै जस्तो गराएर कुरा घुमाएर नबुझ्ने छाँटले अर्थात् बुझ्न गाह्रो हुने गरी प्रयोग भएको हुन्छ।

यो मन्त्रशिखा बारेको पूर्वोक्त उक्तिविस्ताररूपसंकेतबाट भएको छ। यसको रहस्यार्थ बताउनाको लागि पहिले एउटा कुरा भन्नु छ। त्यो के भने 'कुनै एक वस्तुमा कुनै आर्को वस्तुको आघात पर्दा भएको प्रकंपन जतिसम्म रहन्छ उतिसम्म नाद सुनिन्छ' भन्ने इत्यादि कुराको र 'जस्तो सुकै नाद पनि श्रवण-गोचरबाट बिलाई सकेपछि पनि नादब्रह्ममा नमिलेसम्म यही विश्वमा गुञ्जीरहन्छ' भन्ने इत्यादि कुराको 'तान्त्रिक विज्ञान-दर्पणमा' चर्चा भईसकेको छ। आहत नादको कुरा त त्यस्तो भयो।

अब अनाहतनादको बारेमा विचार गरौं। 'अनाहतनाद पनि शरीरको प्राकृतिक आघात अर्थात् सास फेर्दा वा प्राकृ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिक तत्त्वद्वारा शारीरिक पुर्जाहरूको हिलाई अर्थात् चाल भएबाट आफूमा भएको अनाहतनाद आफूले मात्र सुन्न सक्छ' भन्ने इत्यादि कुराको पनि उक्त पुस्तिकामै चर्चा भईसकेको छ। मन्त्रको मननबाट सो अनाहतनादको केही विकृति हुन जान्छ। उदाहरणको लागि एउटा कुरा विचार गरौं। 'मानिसको मनमा लागेको कुराबाट चेहरा बदलिन्छ' भन्ने कुराको माथि वर्णन भएकै छ। मानिसको त के कुरा पशु पक्षीको पनि मन हुनाले मनमा लागेको कुराबाट चेहरा बदलिएको हुन्छ। किन भने पशु पक्षी पनि रिसाएको र खुसाएको उसको चाल र चेहराबाट अनुमान हुन सक्छ। अब यस्तो कसरी हुन्छ भन्ने बारेमा कुरा यस्तो छ। माथि बताए बमोजिम हृत्पुण्डरीकको केही माथि मन रहेको हुन्छ र सो मनले विषयको वातावरण मनन गर्नासाथ स्वस्तिकचक्रमा रहेको चित्तमा मनन भएको विषयको अर्थ झलिकन्छ। अनि सूर्यको किरणबाट काँचद्वारा आगो पारेर सल्किए जस्तो गरी शून्यरन्ध्रमा रहेको पराम्बासहित परशिव-रूप चेतनाको जागर्ति हुन्छ र तिनको प्रेरणाले सहस्रारमा रहेको बुद्धि र त्यस भन्दा केही तल रहेको विवेकको समेत जागर्ति भएर आज्ञाचक्रमा रहेको इतरलिङ्गमा जान्छ र त्यसको विद्युत्प्रभा बढ्न जान्छ। अनि पूर्वोक्तवत् बढी भए जति पुरानो प्रभा आफलिएर मुटुमा एकदम पुगेर त्यहाँको 'धूँ'को चाल अर्थात् मुटु ढुक् ढुक् भएको चाल बढाएर त्यसको धक्काले मणि-पूरकचक्रमा रहेको अहंकारलाई जगाउँछ। अनि सोही अहंकार-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बाट योग्य नाडीद्वारा रूपविकृति अर्थात् चेहराको बदलाई वा चाल अर्थात् चलाई अथवा दुवै थोक गराई त्यो बढी भएको जति विद्युत्प्रभाको बहिष्कार हुन्छ। यो कुरा बयान गर्दा यति लामो छ, तर काम हुँदा मनको गति अति सूक्ष्म र अति छिटो हुनाले मनन हुनासाथ पूर्वोक्त सबै काम हुन्छ। यही पूर्वोक्त विद्युत्प्रभा खेर जान नदिनाको लागि मन्त्रशिखाको जरूरत पर्दछ। अतः पूर्वोक्त उक्तिको मतलब यो हो 'मन्त्रार्थद्वारा बहिष्कार हुने विद्युत्प्रभालाई निस्कन नदिई त्यसको प्रकंपनद्वारा बरिपरि रहेको प्राणलाँई दखल नपारी सीधा कुण्डलिनीमा पार्दा त्यो कुण्डलिनी स्वयं सुषुम्णाद्वारा प्रत्येक चक्र भेदन गर्दै तल-माथि गरिरहदा ठाउँ ठाउँमा हुने प्रकंपन नै मन्त्रशिखा हो। यसैमा मन लय गर्नु।'

मन्त्रमा मन्त्रार्थ र मन्त्रशिखाको आवश्यक भएको कारण के हो भने मन्त्रार्थले [1]तद्रूप बनाउनेनै भयो, तर जिभ्रो, मुख इत्यादि कुनै पनि शारीरिक अङ्ग प्रत्यङ्ग न चलाउँदा चालद्वारा बहिष्कार हुन पर्ने विद्युत्प्रभा कुनै न कुनै नाडीमा घुस्नै पर्ने आवश्यक पर्छ र मनमा रहेको सूक्ष्म वायुद्वारा मन लय गराएर त्यसलाई (विद्युत्प्रभालाई) सुषुम्णानाडीमा घुसाए पछि स्वयं पूर्वोक्त कर्म्म भएर सास फेर्दा फेर्दै भित्री प्रकंपनको अर्थात् मन्त्रशिखाको अनुभव हुन्छ। यसै प्रकंपनबाट

1. तद्रूप बनाउनु=To make one with the meaning of Mantra i.e. God.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उठेको प्रतिनादसित मिलेर सो पूर्वोक्त बहिष्कार हुनु पर्ने विद्युत्प्रभा मन्त्रोच्चारणरूप मनन हुँदा निस्किएको नाद समेत साथमा लिई शून्यरन्ध्रको सूक्ष्मद्वारबाट अतिसूक्ष्म भएरनिस्की सीधा नादब्रह्ममा पुगी उहीं लय हुन्छ। यसको निरन्तराभ्यासले सूक्ष्मरन्ध्रको द्वारको वरिपरि नरम हुँदै गएर अन्त्यमा सोही द्वारबाट प्राण निस्की ब्रह्ममा मिलेर कैवल्यमुक्ति हुन्छ। यो नाद साह्रै सूक्ष्म र नेत्र र कर्णगोचरदेखि पर भई मननबाट उत्पन्न भएबाट मनोगोचर हुनाले निस्किएर गएको अनुभव पाइदैन। मानिसको मनमा सँधै जसो कुनै न कुनै कुरा मनन भईनै रहने हुनाले [1]बाष्परूप अर्थात् बाफ जस्तो भएर विद्युत्प्रभा रन्ध्रद्वारा निस्किएको भान घाममा पीठ फर्काएर बसी टाउकोको छायामा हेर्दा छायामा अनुभव हुन्छ अर्थात् देखिन्छ। माथि मन्त्रशिखाको बारेमा जो वर्णन भयो सो सबै नैष्काम्य प्रयोगको लागि हो। तर काम्य प्रयोगको बारेमा भने मन्त्रशिखाको प्रयोग अर्कै प्रकारबाट हुन्छ। नैष्काम्य र काम्य भनेका कस्ता हुन् भन्ने र काम्यमा मन्त्रशिखाको प्रयोग कसरी हुन्छ भन्ने बारेमा पछि चर्चा हुनेछ। अहिले मन्त्रचैतन्यको वर्णन गर्दछु। यस बारेमा आगमशास्त्रको संकेतरूप वचन यस्तो छ।

"मन्त्ररूपी भवेद्देवो देवरूपी गुरुर्भवेत्।
गुरुरूपी भवेदात्मा आत्मरूपी मनुर्भवेत्॥

1. बाष्परूप=Vapour.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

इति ते कथितं देवि मन्त्रचैतन्यमुत्तमम्
यस्य विज्ञानमात्रेण अद्वैतं ज्ञानमुत्तमम् ॥"

सामान्यार्थ–'मन्त्ररूपी देवता देवरूपी गुरु 'गुरुरूपी आत्मा र आत्मरूपी मन्त्र होऊन्। हे देवि! यो उत्तम मन्त्रचैतन्य तिमीलाई बताइयो। यसको [1]विज्ञानले मात्रै पनि [2]अद्वैतज्ञान (देवतासित अभेद भएर 'सोऽहं' भाव) हुन्छ।

व्याख्या–यस उक्तिमा 'भू धातु'को [3]विधिलिङ्लकार' को प्रयोग हुँदा 'होओस्' भन्ने अर्थ हुन आउँछ। 'होओस्' भन्नाले 'गराइयोस्' वा 'भए भन्ने कल्पना गरियोस्' भन्ने भाव झल्कन आउँछ। अतः 'मन्त्ररूपी देवः भवेत्' भन्नाले मन्त्रार्थको मननद्वारा त्यस मन्त्रको अधिष्ठाता देवताको सगुणरूपमा त्यस मन्त्रलाई घटाउनु अर्थात् एउटै सम्झनु भन्ने बुझिन्छ। 'देवरूपी गुरुः भवेत्' भन्नाले सोही सगुणमूर्तिको निर्गुणार्थ संझी सहस्रारमा रहेका दीपशिखाकार सर्वसाक्षीरूप गुरुमा घटाउनु। 'गुरुरूपी आत्मा भवेत्' भन्नाले सोहि दीपशिखाकार गुरुलाई आफ्नो आत्मा अर्थात् 'अहं'

---

1. विज्ञान यस ठाउँमा = Ocult-science.
2. अद्वैतज्ञान = Knowledge of oneness.
3. विधिलिङ्लकार=Potential-Mood.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावको 'अ' 'र' 'ह'को निर्गुणार्थमा घटाउनु । 'आत्मरूपी मनुः भवेत्' भन्नाले सोहि अहंको निर्गुणार्थमा मन्त्रको निर्गुणार्थ घटाइऐक्यभावको जागर्ति गराउनु । तल्लो २ हरफको व्याख्याको उस्तो प्रयोजन छैन । मामूलीनै हुनाले विशेष केही लेख्न परेन ।

मन्त्रार्थ, मन्त्रशिखा र मन्त्रचैतन्यको परस्पर घनिष्ट संबन्ध हुनाले जपको लागि यी तीनओटैको आवश्यक भएको हो। लेख्दा र बयान गर्दा जति विस्तार भए पनि जपदा गुरुमुखबाट सबै चुटकी बुझेर मन्त्रार्थ बुझेर मन्त्रको मनन हुनासाथ सबै काम स्वयं नै साथसाथै भएर जान्छ। यसको उदाहरणको लागि केही कुरा दर्शाउने चेष्टा गर्दछु ।

शब्द र अर्थ जमठ भएर गाभिएको हुन्छ । तर त्यो अर्थ बुझे पछि मात्रै यथार्थ फल मिल्दछ । हरेक शब्दको तीन तीन अर्थ हुन्छ । यो कुरा यथार्थ बुझ्न अनुभव सहितको ज्ञान चाहिन्छ । त्यो कस्तो हुन्छ भने कसैको मुखबाट 'कुकूर' भन्ने शब्द आउनासाथ हाम्रो मातृभाषाको लवज हुनाले त्यसको रूप, गुण र कर्म्म अर्थात् चाल चलन तिनैं थोकको झलक हामी पाउँछौं। तर यो मातृभाषा नभएकाहरूले भने यो लवजबाट कुनै कुरा जनाएको होला भन्ने संझनु बाहेक यसबाट अरु विशेष प्रभाव पाउन सक्तैनन् । अनि जब यसको पर्याय उनिहरूको भाषामा अरु कसैले बताइ दिन्छ, तब मात्रै उनिहरूले यसको झलक पाउँछन। फेरि हाम्रै मातृभाषा बुझ्नेमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कसैले 'सिंह' नदेखेको भए यो लवज सुन्दा अर्काको मुखबाट कुरा सुनेको भरले ठूलो बाघ या बिरालो जस्तो भयानक हिंस्रक एउटा कल्पित जन्तुको झलक उसको मनमा झल्कन्छ। यो यस शब्द वा लवजको पहिलो कक्षाको अधम अर्थ भयो। अनि कुनैबाट सिंहको तस्वीर वा बनावटी मूर्ति देखेर चिनेपछि 'सिंह' भन्ने लवजले उसमा सिंहको शकल झल्काउँछ। यो दोस्रो कक्षाको मध्यम अर्थ भयो। फेरि जनावर पालेको ठाउँमा गएर प्रत्यक्ष सिंह देखेपछि र त्यसको सबै चाल चलन बुझेपछि 'सिंह' भन्ने लवजले सिंहको यथार्थ शकल र चाल-चलन उसमा झल्काउँछ। यो तेस्रो कक्षाको उत्तम अर्थ भयो। [1]संज्ञाको बारेमा यस्तो हो। अब [2]क्रियाको बारेमा विचार गरौं। 'हिड्यो' भन्ने शब्द आयो भने त्यसको पहिला कक्षाको अर्थले [3]चाल बुझाउँछ। दोस्रोले एउटा खुट्टो अघि सारेर टेकी अर्को खुट्टो उचाली फेरि अघि सारी टेक्नु इत्यादि कर्म्म समेत बुझाउँछ। फेरि तेस्रोले सो खुट्टा यसरी चाल्न पर्छ भन्ने समेत बुझाउँछ। त्यस्तै [4]विशेषणमा पनि 'राम्रो' भन्ने शब्द आयो भने त्यसको पहिलो अर्थले मनलाई रोचक गराउने भन्ने बुझाउँछ। दोस्रोले त्यसको [5]विशेष्यवस्तुको पनि रूप झल्काई त्यसलाई सुहाउँदो आकार भन्ने बुझाउँछ। अनि तेस्रोले त्यसको

1. संज्ञा = Noun. 2. क्रिया = Verb. 3. चाल = Motion.
4. विशेषण = Adjective. 5. विशेष्यवस्तु = Qualified object.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुण समेत बुझाउँछ । [1]कल्पितसंज्ञाको बारेमा 'दया' भन्ने शब्द आयो भने त्यसको पहिलो अर्थले अर्कोको कष्टमा समवेदना र सहानुभूतिको भाव झल्काउँछ । दोस्रोले यो दया के कारणले भयो भन्ने भाव समेत झल्काउँछ । अनि तेस्रोमा दया उठ्दा मनमा लाग्ने अनुभवगम्य भाव समेत झल्काउँछ । वचनबाट हुने शब्दको यस प्रकारको अर्थ हुन्छ । अरु प्रकारको शब्दको पनि अर्थ हुन्छ । उदाहरणको लागि संझौं कि वीणाको शब्द आउनासाथ पहिला अर्थले 'यो वीणाको आवाज' भन्ने चिनाउँछ, दोस्रोले वीणाको रूप संझाउँछ । अनि तेस्रोले बजाइको भाव समेत झल्काउँछ । अतः शब्दमात्रमा तीन प्रकारको अर्थ संझनेको अधिकारानुसारको हुन्छ ।

एवं प्रकारले मन्त्रको पनि तीन प्रकारका अर्थ हुन्छन् । पहिलो कक्षाको अर्थमा सिकारू अर्थात् अधम अधिकारी साधकको लागि देहाभिमानले जप हुने हुनाले साधारणार्थ भई 'दासोऽहं' अर्थात् देवतामा र आफूमा फरक भाव देखिएको हुन्छ । दोस्रोमा मध्यम अधिकारी साधकको लागि आत्माभिमान-द्वारा मनन हुने निर्गुणार्थ 'सोऽहं' अर्थात् देवता र आफूमा ऐक्य भाव देखिएको हुन्छ । अनि तेस्रो अर्थमा उत्तम अधि-कारी साधकको लागि निरभिमानद्वारा मनन हुने अद्वैतार्थ भई 'शून्य'को अर्थात् 'अहं', इदं र त्वं' अर्थात् 'मं, त्यो र तिमी'

1. कल्पित संज्ञा = Abstract-Noun.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्ने भाव समेत लेश मात्रै पनि नभएको 'नाहं' भन्ने अनुभवगम्य भाव देखिएको हुन्छ। शब्दको चैतन्य भनेको कस्तो हुन्छ भने, शब्दको मननद्वारा वा वचनद्वारा मनमा आभास पर्नासाथ आत्मामा त्यसको अर्थ झलिकएर मन, बुद्धि, चित्त र अहंकारद्वारा त्यसको कल्पित चित्र अर्थात् तस्वीरको अनुभव गराउने हुन्छ। जस्तै कि हामीले कसैको मुखबाट कथा सुन्दा वा कुनै कथाको किताब पढ्दा वा मनन गर्दा बहिश्चक्षुले सिनेमा वा थिएटर हेर्दा देखे झैं मनरूपि चक्षुले कथाको कल्पित चरित्र देख्न लाग्छ, त्यो अनुभव सिद्धै कुरा हो। कथाको हरेक लफज वा शब्दको अर्थ स्पष्टतया यथार्थ झलिकएपछि मात्रै यो चरित्रको चित्र मनले देख्छ। यस्तै गरी मन्त्रको पनि अर्थ खुले पछि मात्र चैतन्य हुन्छ।

अब मन्त्रार्थ गर्दा के कुरामा ध्यान दिन पर्छ भन्ने बारेमा सबै भन्दा पहिले कलात्मक बीज पहिल्याई मूल आम्नायको पत्ता लगाई त्यसमा भएका कुन कुन बीज कुन कुन आम्नायात्मक भएर प्रयोग भएको छ भन्ने ठहराई अर्थ गर्न पर्छ। पारखी योग्य अनुभवी साधकहरू सबै मन्त्रको अर्थ गर्न सक्छन् रे, तर मँ त आफ्नो गुरुमुखबाट उपलब्ध मन्त्रहरू बाहेक अरू मन्त्रको अर्थ गर्न सक्तिन। अर्थ गर्ने काइदासम्म जो जानेको छु सो दर्शाएको हुँ।

अब योनिमुद्रा भनेको के हो र यो नभई मन्त्र सिद्ध हुँदैन भनेर किन भनेको हो भन्ने बारेमा केही चर्चा गरौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बायाँ साहिली-औंलोमाथि दाहिने साहिली औंलो खप्टाई दाहिने चोर औंलोले बायाँ साहिलीको र बायाँ चोरले दाहिने साहिलीको टुप्पालाई दवाउनु र त्यसमाथि टुप्पा टुप्पा जोडेर र माझी औंला राखी त्यसको बीचमा दुवै कान्छी औंला जोडेर राखी तिनको टुप्पामा दुई बुढी औंलाले थिच्नु अनि योनिमुद्रा बन्दछ ।

अब यस बारेमा विचार गरौं । दुई वायुतत्त्वात्मक औंलाको आधारमा र थिचाइमा रहेका जलतत्त्वात्मक दुई औंला रही तेजस्तत्त्वात्मक दुई औंलाले थिच्नाँले परस्परको जोडाइको सम्बन्धबाट पूर्वोक्त तीन तत्त्व हुडलिएको प्रभाव उत्पन्न हुन्छ र पृथ्वीतत्त्वात्मक औंलाहरू आकाशात्मक दुई औंलाबाट थिचिएर रहँदा पृथ्वी र आकाशात्मक तत्त्व उत्पादन भएको हुन्छ र सो तत्त्व पूर्वोक्त हुडलिएको प्रभावमा पर्दा अनुभवगम्य एक प्रकारको प्रभाव वनीं ती पाँचैतत्त्वको प्रदीपन भएर एक तत्त्व उत्पन्न हुन जान्छ । अनि वाग्बीजको मनन हुँदा सो तत्त्व हुडलिएर एकसाथ प्रदीपन भई शरीर व्याप्त गराएर [1]मननशक्ति बढाउँछ । यसको विशेष रहस्य गुरुमुखबाट यथार्थ बुझेर अभ्यास गरेपछि अनुभव पाइन्छ ।

अत्र केही मन्त्रमननसहितको मुद्राको नतिजाको चर्चा गर्दछु । जल नभई कुनै पनि बहिः पूजादि हुँदैन भन्ने कुरा सर्व

1 मननशक्ति = Mental-Capacity.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विदितै छ। सो जल शोधन गर्न मत्स्यमुद्रा, धेनुमुद्रा र अंकुश-मुद्राको आवश्यक पर्ने हुनाले अब यी ३ मुद्राकै बारेमा केहि कुरा झल्काउने चेष्टा गर्दछु। वचन वा मननको र चालको घनिष्ट संवन्ध झण्डै वचन र अर्थ जस्तो रहेछ भन्ने कुराको माथिनै चर्चा भई सक्यो। फेरि वचनबाट वा मननबाट विद्युत्प्रभा उत्पादन भई इतरलिंगमा बढी भएको चालबाट आफलिन्छ भन्ने इत्यादि कुराको पनि चर्चा भईसक्यो। अब यहाँ अर्को एउटा विचार गर्न पर्ने कुरा छ। इतरलिङ्गनै विद्युत्कोष हो भन्ने त वर्णन भएकै छ। त्यहाँ पाँचै तत्त्वात्मक विद्युत्प्रभा खचित हुन्छ। अतः शारीरिक पुर्जाहरूलाई हंसद्वारा अर्थात् सास फेराइद्वारा यिनै विद्युत्प्रभाले प्रेरणा गर्छन्। यो यो अक्षर वा ध्वनि यो यो तत्त्वात्मक हो भन्ने कुरा तान्त्रिक विज्ञानदर्पणमा वर्णन भइसकेको छ। तर यो नियम साधारण विषयमा मात्रै लागु हुन्छ। मन्त्रहरूका बीजाक्षर वा कूटाक्षर-हरूमा त जुनसुकै तत्त्वात्मक अक्षर भए पनि नादबिन्दु (ँ) वा विसर्ग (:) ले युक्त भएर आम्नायात्मक बनी प्रयोग हुने हुनाले आफ्नै आम्नायको तत्त्व उत्पादन गराउने हुन्छन्। त्यस-कारण वचन वा मननबाट जो तत्त्वात्मक शब्द वा ध्वनि-निस्कन्छ उसै तत्त्वको विद्युत्प्रभा इतरलिङ्गमा पुग्छ र त्यहाँबाट उत्तिनै सोही प्रभाको पुरानोबाट चालद्वारा वा चेष्टाद्वारा बहिष्कार हुन्छ। [1]रासायनिक तरिकाद्वारा एक तत्त्व अर्को

1. रासायनिक तरिका = Chemical-experiment.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्वमा परिणत भएर अर्कै गुण दिने भए झैं मन्त्रको अक्षरमा पनि मात्रा अर्थात् नादबिन्दु र विसर्गको प्रयोगको जोडले बीजाक्षर वा कूटाक्षर बनेर आम्नाय बमोजिमको अर्कै तत्त्व उत्पादन गराई सोही फल अर्थात गुण दिने हुन्छ। अब मुद्राहरूको चर्चा गरौं।

मत्स्यमुद्रा—यसमा शिवरूप दाहिने हात घोप्टो पारी त्यसको चार लिङ्गरूप चार औंलाका गाँठामाथि शक्तिरूप बायाँ हात घोप्टो पारी चार योनिरूप औंलाको कापा जोड्दा बन्ने योनिरूप छिद्र मिलाई [1]विपरीतरतासन गराई दुई आकाशात्मक बुढी औंला तेर्सो पारी सुस्तरी चलाउँदा मत्स्य-मुद्रा बन्दछ। यस मुद्राबाट स्थित्यात्मक शोधन हुने हुनाले यो मुद्रा दक्षिणाम्नायको रतासन भएको हो। यस्तो चाल गर्नाले [2]पञ्चलिङ्गतत्त्वको उत्पादन भई त्यसको साथ बहिष्कार हुने विद्युत्प्रभा दाहिने हत्केला मनिबाट आफलिएर तत्त्व उत्पादन हुन्छ।

---

1. विपरीतरतासन = यो दक्षिणाम्नायको रतासन हो, यसको वर्णन षष्ठ पटलमा हुनेछ।

2. पञ्चलिङ्गतत्त्व = यो लता साधन (जस्को बाह्य र आभ्यन्तर दुबै रहस्य गुरुवक्त्रगम्य छ) बाट उत्पादित तत्त्वको प्रभा = A kind of current issued by the union of macrocosmic and Microcosmic powers.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो गरेर उसै हात चलाउँदा पनि पूर्वोक्त प्रकारले विद्युत्प्रभा त आफलिन्छ, तर मानिसको मनले हमेशा कुनै न कुनै कुरा मननै गरी रहने हुनाले सोही मननबाट बेकम्मा तत्त्व उत्पन्न हुन जान्छ, मन्त्रको मननबाटै पनि मन एकदम खाली हुन नसके मनको अरू फजूल मनन भएको कुरामा मुछिएर यथार्थ फल हुँदैन। जलशोधन गर्दा जलमात्रमाथि 'यँ' यस वायुतत्त्वात्मक बीजको दश फेरा मनन गर्दै यो मत्स्यमुद्रा देखाई रहदा वायुतत्त्वयुक्त पञ्चलिङ्गतत्त्वले जलको दोष अर्थात् कसरको शोषण हुन्छ अर्थात् सुख्छ। अनि 'रँ' यस अग्निबीजकोमननले उस्तै गर्दा तेजस्तत्त्वयुक्त पञ्चतत्त्वमुद्राले यो सुखेको दोषलाई डढाएर खाक पार्छ। अनि धेनुमुद्राको पालो आउँछ। त्यो मुद्रा निम्नलिखित प्रकारको हुन्छ।

धेनुमुद्रा– पृथ्व्यात्मक दुई कान्छी-औंलासित जलात्मक साहिली औंला मिलाई परस्पर थिची, फेरि दुई तेज-स्तत्त्वात्मक दुई माझी औंलासित वाय्वात्मक दुई चोर औंला मिलाई थिची दुई बुढी औंला अलग राख्दा यो धेनुमुद्रा बन्दछ। यस्तो हुँदा पृथ्वीतत्त्व र जलतत्त्वको संयोगले [1]उत्पादन-शक्ति, फेरि अग्नितत्त्व र वायुतत्त्वको संयोगले [2]पाचनशक्ति

---

1. उत्पादनशक्ति = Supporting or Developing Energy.

2. पाचनशक्ति = Disesting Energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निस्की यी दुवैको जोडले [1]सुधांशुतत्त्वको उत्पादन हुन्छ । अनि २।२ औंला जोरिएको ठाउँमा योन्याकार बन्न जाँदा चार योनि बन्दछन् । त्यसपछि 'वँ' यो जलतत्त्वात्मक बीजको १० पल्ट मनन गरेसम्म यो मुद्रा सो जलमाथि बाँधी राख्नाले परस्पर औंलाको थिचाइको चालबाट सो चार योनिद्वारा अनुभवगम्य हावाको सिर्का जस्तो जलतत्त्वयुक्त सुधांशुतत्त्व निस्की सो जल अमृतमय बन्दछ । यति पूर्वोक्त दुई मुद्राको काम हरेक वस्तुको शोधनको काममा लागु हुन्छ । त्यसपछि जस जसको शोधन गरेर जुन जुन तत्त्वको उत्पादन गराई जे जे बनाउन पर्छ सोहि सोहि मन्त्रको प्रयोग मत्स्यमुद्राले गरी मन्त्रबाट निस्किएको तत्त्वसहित पञ्चलिङ्ग तत्त्वद्वारा शोधन हुन्छ । त्यसपछि जल शोधनको लागि तीर्थ आवाहन गर्न आवश्यक पर्ने हुनाले अंकुश मुद्राको काम आउँछ ।

अंकुशमुद्रा—पृथ्वीतत्त्वात्मक कान्छी औंला र जलतत्त्वात्मक साहिली औंला आकाशात्मक बुढी औंलामा जोडदा योन्याकार बन्दछ; अनि तेजस्तत्त्वात्मक माझी औंला ठाडो पारी वायुतत्त्वात्मक चोर औंला केहि खुम्चाउँदा लिंगाकार

---

1. सुधांशुतत्त्व = यो दूतीयागको बाह्य र आभ्यन्तरिक दुवै रहस्य गुरुमुखबाट बुझेपछि अनुभवगम्य तत्त्व हो = A kind of current organised by the copuletion of positive and Nagative powers.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्दछ। अनि यिनैको संयोगबाट अंकुशमुद्रा बन्दछ। अनि अंकुशबीज मनन गर्नाले [1]आकर्षणशक्तिको उत्पादन हुन्छ र जोडसित यो मुद्राको झोक्काको अर्थात् झट्काईको चालले सूर्यको किरणले छोए जति सबै तीर्थको गुणरूप [2]तैर्थेयतत्त्व निस्कन गई सो जल पवित्र हुन्छ। सबै तीर्थहरू आफ्नै देहमा मौजुद छन्। यस बारेमा चतुर्थ पटलमा चर्चा हुनेछ।

सबै अरु मुद्राको पनि यस्तै रहस्य हुन्छ। कुनैले [3]मनोविज्ञानको रूप बनेर [4]आत्मसाधनको [5]हतियार बनी [6]आत्मशक्ति बढाउँछन् र कुनैले वस्तुहरूको गुण बदली दिने हुन्छन्। यस्तै वचन वा मननबाट निस्किएको विद्युत्प्रभा पूर्वोक्त प्रकारले मुद्राद्वारा मात्रै नभई जुनसुकै चालबाट पनि पूर्वोक्त प्रकारले बहिष्कार हुन्छ। मन्त्र मनन भए मन्त्रको प्रभाव आउँछ, नत्र उसै खेर जान्छ।

मन्त्र मनन गरेर जप्दा वा मनन गरेर मुद्रा बाँधदा पनि हामी यथार्थ फल पाउन सक्तैनौं। यसको कारण के हो भने

---

1. आकर्षणशक्ति = Attracting-energy.
2. तैर्थेयतत्त्व = Purifying-current.
3. मनोविज्ञान = Ocult-Science.
4. आत्मसाधन = Will-Culture.
5. हतियार = Instrument.
6. आत्मशक्ति = Will-power.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुरुमुखबाट मन्त्रार्थ, मन्त्रचैतन्य र मन्त्रशिखा नजानेर उसै प्रयोग भएको मन्त्रको फल फुस्सा त हुने नै भयो, फेरि यी तीनै कुरा बुझेर मन्त्र प्रयोग हुँदा पनि कर्ताको सामर्थ्यानुसारको मात्रै फल हुन्छ। किन भने मानिसको मन अति चञ्चल हुनाले एउटा काम गरिरहँदा पनि यसले अनेक कुरा मनन गरिरहेको हुन्छ। प्रायः हामीमा धेरैले जपमा लागीरहँदा मनले मन्त्रमनन गरिरहन्छौं, तर उता भित्री मनले भने चाहिदो नचाहिदो कुरा उब्जाएर अनेक तरहको तर्क वितर्क गरिरहन्छ। अतः मन्त्रको मननबाट निस्किएको भन्दा फजूल कुराबाट निस्किएको विद्युत्प्रभाको मात्रा बढी भएर मिश्रित हुँदा मन्त्रको फल एकदम थोरै हुन जान्छ। हामीलाई मनले यति जितेको छ कि त्यो मन कुनै बेला पनि खालि रहन मान्दैन, हामीले शुद्धि नै नपाउने गरी यो खुस्किएर भागी अनेक नचाहिदो कुरा मनन गर्न लाग्छ। हामीले यो कुरो पत्ता पाएर यस (मन)को मुहुडा मोड्न खोजछौं तर उ देखाएको वाटो छोडेर अर्कैतिर सड्किन्छ। तसर्थ मन जति मात्रासम्म खालि राखिन्छ उति सम्मको फल मन्त्रको मननले दिन्छ। अतः मनलाई काबुमा राखेर एकदम खालि पारेर केवल मन्त्रार्थ, मन्त्रशिखा र मन्त्रचैतन्य सहित मन्त्रमनन गरेको खण्डमा अवश्यमेव यथार्थ फल हुन्छ। त्यसमा कुनै शंका छैन। 'मन खालि राख्न पर्छ' भनेर परोपदेश गर्न बहुतै सजिलो हुन्छ तर आफूले गर्न त पहाड फोडाई हुन्छ। यथार्थं पूर्वोक्त विधिपूर्वक मन्त्रप्रयोग गर्नु नै एक प्रकारको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रयोग हो शास्त्रले पनि '[1]योगश्चित्तवृत्तिनिरोधः' अर्थात् 'चित्तवृत्तिको निरोध अर्थात् मन खालि राख्नु नै योग हो' भनेर बताएको हो।

यसकारणले मन खालि राख्ने साधक शिवरूपै बन्दछ। किन भने उसले शुद्ध मन्त्र प्रयोग गर्न सक्छ। 'दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः' अर्थात् 'सबै जगत् देवताका अधीनमा छन्, फेरि देवता मन्त्रको अधीनमा छन्' भनेर मुक्तकण्ठले अनेक शास्त्रहरूले भन्दछन्। यसैले तन्त्रचिन्तामणि, शक्ति संगम, कुलार्णव, बृहद्वडवानलादितन्त्रहरुमा यस्तो वचन छ।

"सुन्दरी तारिणी काली क्रमदीक्षाभिगामिनी
क्रमपूर्णो महेशानि क्रमाच्छम्भुर्भविष्यति ॥"

अर्थात्–'सुन्दरी, तारिणी र काली क्रमदीक्षाका देवी हुन्, यिनका क्रम अर्थात क्रमदीक्षापूर्ण भएको साधक क्रमैसित शिव बन्दछ।' पहिलो पंक्तिको मतलव के हो भने 'हादिविद्या' अर्थात् 'हादि' वा हंसःक्रमदीक्षास्वरूपिणी सुन्दरी, 'सादिविद्या' अर्थात् 'सादि' वा सम्त्ररौधिक्रमदीक्षास्वरूपिणी तारिणी अनि 'कादिविद्या' अर्थात् 'कादि' वा कुण्डलिनी क्रमदीक्षास्वरूपिणी काली हुन्। फेरि दोस्रो पंक्तिको मतलव के हो भने क्रमदीक्षाको उपदेश हुँदा योग्य गुरुबाट आफ आफ्नो परम्परानुसार क्रममा

1. योगश्चित्तवृत्तिनिरोध= Yaga is the concentretion of mind.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पर्ने सबै मन्त्रहरूका अर्थ, शिखा र चैतन्य सहितका मन्त्रसंकेत, यन्त्रसंकेत र ध्यानसंकेत तथा मुद्राहरू समेत सबैको ज्ञान पाएको हुन्छ र ती सबैको उपयोग गर्दै अलि अलि गरेर मन खालि गर्ने अभ्यास गर्दा गर्दै मन एकदम खालि राख्न सक्ने भए पछि मन्त्रद्वारा देवतालाई आफ्नो अधीनमा राख्न सकेर अर्थात् आफ्नो आत्मालाई नै मन्त्रमय बनाएर शिवरूप बन्दछ। यस क्रमदीक्षाको रहस्यविज्ञानको बारेमा पछि पछिको लेखमा चर्चा गर्दै गर्नै छु। शास्त्रको अभिप्रायः यस्तो छ, वास्तवमा यो कुरा सत्य पनि हो। तर खेदको कुरा यो छ कि पूर्वोक्त कुनै पनि कुराको पत्तै नपाई केवल मन्त्रको मात्रै प्रयोग गर्दा केही फल नमिल्दा 'मन्त्र' भन्ने लवज नै हस्सीमा उडीरहेछ। कहिले काँही 'लाटोको खुट्टा बाटोमा परे झैँ' पूर्वोक्त कुनै कुरा नजाने पनि केवल विश्वासको भरमा जप्दा काकतालीय परेर मन्त्रको मननबाट अनेक फजुलको मननसित मुछिएर भए पनि निस्कि-एको विद्युत्प्रभा धेरै पटकको उच्चारणबाट एकत्रित हुन जान्छ, अनि सगुणमूर्तिमा गाढा प्रेम र भक्ति समेतको ध्यान गर्दा हृदयमा देवरूपको एकोटा भाव झल्की मन्त्रको मननमा 'दासोऽहं' भाव उत्पन्न भई मन्त्रको अधमार्थको भाव कुनै पटकको उच्चारणमा पर्न जाँदा थोरै मात्रामा भए परि केही न केही फल मिल्दछ। यसलाई भक्तियोग भन्दछन्। यसमा भक्ति र विश्वास चाहिन्छ। अतः '[1] विश्वासःफलदायकः' भनेर

1. विश्वासः फलदायकः = Faith brings effect.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रले बताएको हो। मेरो मन खालि राख्ने समर्थ नभएबाट स्वयं आफूले यथार्थ फल निकाल्न नसके पनि उदाहरणको लागि विषनाशक ताक्ष्र्यमुद्राको चर्चा गर्दछु।

ताक्ष्र्यमुद्रा—ताक्ष्र्य बीजको मनन गर्दै दुई हातको पृष्ठ जोडेर पृथ्व्यात्मक दुई कान्छी औंला र वाय्वात्मक दुई चोर औंला परस्पर बटारेर मिलाउँदा परस्परको अचेटाइबाट पूर्वोक्त दुइ तत्त्वको उद्दीपन भई पृथ्वीतत्त्वले फिंजिएको विष सोहोरेर [1]एकत्र पार्ने शक्ति र वायुतत्त्वबाट [2]शोषणशक्ति उत्पादन हुन्छ। अनि यिनको बीचमा अग्नितत्त्वात्मक माझी औंला र जलतत्त्वात्मक साहिंली औंला जोडेर सुस्तरी दुईतिर हल्लाउँदा अग्नि तत्त्वले त्यसको दोष जलाई जलतत्त्वले पखाली [3]निर्विषीकरण तत्त्वको उत्पादन भई भेटेसम्मको जहरिलो विष पनि हटाउँछ।

मन्त्र मनन गरेर विविध कार्यमा जप, पूजा तथा हवन मध्येमा कुनै एउटा, दुइटा अथवा तीनवटैको कर्म्मानुसार प्रयोग हुन्छ। यस विषयको चर्चा गर्दा धेरै गहिरा गहिरा वैज्ञानिक रहस्यको वर्णन गर्न पर्ने हुँदा मौका मिले अर्को लेख प्रकाश गर्दा लेख्ने चेष्टा गर्नेछु। अब यत्तिकैमा यो पटल समाप्त

---

1. एकत्र पार्ने शक्ति = Gathering Energy.

2. शोषणशक्ति = Diluting Energy.

3. निर्विषीकरणतत्त्व = Anti-poisonous Gas.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गर्छु । अर्को पटलमा यन्त्रसंकेतको वैज्ञानिकरहस्यको एक झलक यथाज्ञान दर्शाउने चेष्टा गर्नेछु ।

इति श्रीमन्त्रसंकेत वर्णनन्नाम तृतीयः पटलः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ चतुर्थः पटलः

ॐ नमः परदेवतायै

मनन गर्ने काम यन्त्रमा पनि हुन्छ। मन्त्रमा मनद्वारा मनन हुन्छ। यन्त्रमा विवेकद्वारा मनन हुन्छ। मन्त्रको सूक्ष्मदेह अर्थात् मन, बुद्धि, चित्त र अहंकारसित घनिष्ट सम्बन्ध भए जस्तो यन्त्रको पनि स्थूल शरीरसित घनिष्ट सम्बन्ध रहन्छ। त्यस कारण यहाँ सर्वप्रथम शरीरको नाडीको वर्णन गर्दछु। यस विषयमा शिवस्वरोदयमा यस्तो उक्ति छ।

"नाडीस्था कुण्डलीशक्तिर्भुजंगाकारशायिनी।
ततो दशोर्ध्वगा नाड्यो दशैवाधः प्रतिष्ठिताः॥
द्वे द्वे तिर्यग्गते नाड्यौ चतुर्विंशतिसंख्यया।
प्रधाना दश नाड्यस्तु दश वायुप्रवाहकाः॥
तीर्यगूर्ध्वास्तथाधःस्था वायुदेहसमन्विताः।
चक्रवत्संस्थिता देहे सर्वाः प्राणसमाश्रिताः॥
तासांमध्ये दश श्रेष्ठा दशानांतिस्र उत्तमाः।
इडा च पिंगळा चैव सुषुम्णा च तृतीयका॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गान्धारी हस्तिजिह्वा च पूषा चैव यशस्विनी ।
अलंवुषा कुहुश्चैव शंखिनी दशमी तथा ।।
इडा वामे स्थिता भागे पिंगला दक्षिणे स्मृता ।
सुषुम्णा मध्यदेशे तु गान्धारी वामचक्षुषि ।।
दक्षिणे हस्तिजिह्वा च पूषा कर्णे च दक्षिणे ।
यशस्विनी वामकर्णे आनने चाप्यलंवुषा ।।
कुहुश्च लिंगदेशे तु मूलस्थाने तु शंखिनी ।
एवं द्वारंसामाश्रित्य तिष्ठन्ति दशनाडिकाः ।।
इडापिंगला सुषुम्णा प्राणमार्गं समाश्रिताः ।
एताहि दश नाड्यस्तु देहमध्ये व्यवस्थिताः ।।

व्याख्यार्थ—नाडीहरुबाट जेलिएर रहेकी सर्पको आकार भएर सुतीरहेकी कुण्डलिनी शक्तिदेखि माथितिर दश नाडी र तलतिर दशनाडी गएका हुन्छन्, फेरि दुई दुई नाडी तेर्सो अर्थात् दायाँ बायाँतिर गएका हुन्छन्। यस्तै छाँटले जम्मा चौबिस नाडी हुन गएका छन। यिनमध्ये दश नाडी प्रधान अर्थात् मुख्य हुन। यी दश मध्येमा पनि इडा, पिंगला र सुषुम्णा यति तीन नाडी झन् मुख्य हुन्। ती दश प्रधान नाडीमध्ये तीन पूर्वोक्त नाडीको अतिरिक्त अरु सात नाडीका नाम यस प्रकारको हुन्छन् गान्धारी, हस्तिजिह्वा, पूषा, यशस्विनी, अलंवुषा, कुहु अनि शंखिनी। यिनीहरू शरीरमा कुन कुन ठाउँमा छन् भने, बाया भागमा इडा, दाहिने भागमा पिंगला र मध्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भागमा सुषुम्णा रहन्छन्। अनि बायाँ नेत्रमा गान्धारी, दाहिने नेत्रमा हस्तिजिह्वा, दाहिने कानमा पूषा, बायाँ कानमा यशस्विनी, मुखमा अलंबुषा, लिङ्गमा कुहू र गुदद्वारमा शंखिनी रहन्छन्। इडा, पिंगला र सुषुम्णा प्राणमार्गमा आश्रित भएर रहन्छन्, अर्थात् सास फेर्ने काममा लागु हुन्छन्। एवं प्रकारले पूर्वोक्त दश नाडीहरू प्रधान भएर रहेका हुन्छन्।

शरीरमा रहेका वायुहरूको विषयमा सोही शास्त्रको उक्ति यस्तो छ।

"नामानि नाडिकानां तु वातानां तु वदाम्यहम।
प्राणोऽपानः समानश्च उदानोव्यान एव च ॥
नागःकूर्म्मोऽथ कृकलो देवदत्तो धनञ्जयः।
हृदि प्राणो वसेन्नित्यमपानो गुदमण्डले ॥
समानो नाभिदेशे तु उदानः कण्ठमध्यगः।
व्यानो व्यापी शरीरेषु प्रधाना दश वायवः ॥
प्राणाद्याः पञ्चविख्याता नागाद्याः पञ्च वायवः।
तेषामपि च पंचानां स्थानानि च वदाम्यहम् ॥
उद्‌गारे नाग अख्यातः कूर्म्म उन्मीलने स्मृतः।
कृकलः क्षुतकृतज्ज्ञेयो देवदत्तो विजृम्भणे ॥
न जहाति मृतं वापि सर्वव्यापी धनञ्जयः।
एते नाडीषु सर्वासु भ्रमन्ते जीवरूपिणः ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ—नाडीहरूका नाम त्यस्ता भए, अब उनै नाडीका आश्रयभूत अर्थात् आधारमा रहेका वायुहरूका नाम भन्दछु। प्राण, अपान, समान, उदान व्यान। फेरि नाग, कूर्म्म, कृकल, देवदत्त र धनञ्जय। यिन मध्ये हृदयमा प्राण गुद्द्वारमा अपान, नाभिमा समान, घाँटीमा उदान र सबै शरीरमा व्याप्त भएर व्यान रहन्छन्, यिनलाई पञ्चप्राण भन्दछन्। अब नागादि पञ्चवायुको ठाउँ बताउँछु। डकार्दाको नागवायु, आँखा झिका-उदाको कूर्म्मवायु, छ्यु ँ कदाको कृकलवायु, हाई गर्दाको देवदत्त वायु र मरेपछि पनि नछाड्ने सर्वव्यापी धनञ्जयवायु हुन्। यति सबै दश वायुहरू जीवरूप भएर सबै नाडीहरूमा भ्रमण गरी रहन्छन्।

सोही शास्त्रले मुख्य तीन नाडी इडा, पिंगला र सुषुम्णाको बारेमा यस्तो भन्छ।

"प्रकटं प्राणसंचारं लयक्षयेद्देहमध्यतः।
इडापिंगलासुषुम्णाभिर्नाडीभिस्त्रिभिर्बुधः॥
इडा वामे च विज्ञेया पिंगला दक्षिणे स्मृता।
इडा नाडी स्थिता वामा ततो व्यस्ता च पिंगला॥
इडायां तु स्थितश्चन्द्रः पिंगलायां च भास्करः।
सुषुम्णा शंभुरूपेण शंभुर्हंसः स्वरूपतः॥
हकारो निर्गमे प्रोक्तः सकारेण प्रवेशनम्।
हकारः शिवरूपश्च सकारः शक्तिरुच्यते॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिरूपस्थितश्चन्द्रो वामनाडीप्रवाहकः।
दक्षनाडीप्रवाहश्च शंभुरूपो दिवाकरः ॥"

अर्थ—जान्ने मानिसले इडा पिंगला र सुषुम्णा यिनै नाडीद्वारा देहमा रहेको प्रकट प्राणको संचार लक्ष गर्दछ अर्थात् यिनै तीन नाडीको विचारबाट "अहिले प्राणको यस्तो हालत छ" भन्ने जान्न सक्छ। इडा बायाँ भागमा वामा वर्तले र पिंगला दाहिने भागमा दक्षिणावर्तले रहन्छन्। इडामा चन्द्र, पिंगलामा सूर्य र सुषुम्णामा हंसरूपले शम्भु रहेका हुन्छन्। सास फेर्दा हकारले बाहिर फाल्दछ सकारले भित्र तान्दछ। अतः हकार (विकर्षणरूप) शिवरूप र सकार (आकर्षणरूप) शक्तिरूप कहिन्छन्। शक्ति रूपमा रहेका चन्द्रले बायाँ नाडीको र शिव रूपमा रहेका सूर्यले दाहिने नाडीको प्रवाह गराउँछन् अर्थात् चलाउँछन्।

फेरि त्यही शास्त्रमा यी ३ नाडीको गुणको बारेमा यस्तो उक्ति छ।

"वामे चामृतरूपा स्याज्जगदाप्यायनं परम्।
दक्षिणेन च भागेन जगदुत्पादयेत् सदा ॥
मध्यमा भवति क्रूरा दुष्टा सर्वत्र कर्म्मसु।
सर्वत्र शुभकार्येषु वामा भवति सिद्धिदा ॥
निर्गमे तु शुभा वामा प्रवेशे दक्षिणा शुभा।
चन्द्रः समः सुविज्ञेयो रविस्तु विषमः सदा ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चन्द्रःस्त्री पुरुषः सूर्यश्चन्द्रो गौरोऽसितो रविः।
चन्द्रनाडीप्रवाहेन सौम्य कार्याणि कारयेत्॥
सूर्यनाडीप्रवाहेण रौद्रकर्माणि कारयेत्।
सुषुम्णायाः प्रवाहेण भुक्तिमुक्ति फलानि च॥

भावार्थ—बायाँ भागमा रहने (चन्द्रनाडी) जगत्लाई पोसने अमृतरूपकी, दायाँ भागमा रहने (सूर्यनाडी) सँधै जगत्लाई बनाउने, मध्य भागमा रतने (सुषुम्णाडी) सबै कामको लागि क्रूर दुष्ट हुन्। कतैबाट बाहिर निस्कदा चन्द्रनाडी र भित्र पस्दा सूर्यनाडी चलेको बेलामा शुभ हुन्छ। चन्द्र सम, सूर्य विषम फेरि चन्द्र पोथी र सूर्य भाले हुन्। चन्द्रनाडी चलेमा सौम्यकर्म्म अर्थात् साधा काम, सूर्यनाडी चलेमा क्रूरकर्म्म अर्थात् कडा काम अनि सुषुम्णा नाडीमा भुक्तिमुक्तिसाधन कर्म्म अर्थात् जप, तप र यज्ञ यागादिको काम गर्नु।

मानिसको अवस्थानुसारको श्वासगतिको बारेमा यस्तो छ।

"कायनगर मध्यस्थो मारुतो रक्षपालकः।
प्रवेशे दशभिः प्रोक्तो निर्गमे द्वादशांगुलः॥
गमने तु चतुर्विंशन्नेत्रवेदास्तु धावने।
मैथुने पंचषष्टिश्च शयने च शतांगुलम्॥
प्राणस्य तु गतिर्देवि स्वभावाद् द्वादशांगुला।
भोजने वमने चैव गतिरष्टादशांगुला॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ–शरीररूपी नगरमा वायुरूपी रक्षपाल रहन्छ। सो वायु भित्र पस्दा १० अंगुलको बाहिर निस्कदा १२ अंगुलको हुन्छ। सोही वायु गमन गर्दा अर्थात् हिड्दा २४ अंगुलको, दगुर्दा ४२ अंगुलको, मैथुन गर्दा ६५ अंगुलको, सुत्दा अर्थात् निदाउदा १०० अंगुलको, स्वाभाविक अर्थात् साधारण अवस्थामा १२ अंगुलको, खाँदा र वमन गर्दा १८ अंगुलको गति भएको हुन्छ। (यसैको मतबाट आम्नायात्मक यन्त्र बन्दछ। यो रहस्य जान्न कठिन र गुरुमुखगम्य छ)।

"पञ्चमहाभूतमय स्थूलदेह हो" भन्ने कुरा माथिल्लो पटलमा वर्णन भई सकेको छ। यिनबाट कुन कुन अवयव बने भन्ने बारेमा यस्तो उक्ति छ।

"पृथिव्यापस्तथा तेजो वायुराकाशमेव च।
पञ्चभूतात्मको देहो ज्ञातव्यश्च वरानने॥
अस्थि मांसंत्वचा नाडी रोमं चैव तु पंचमम्।
पृथ्वी पंचगुणाः प्रोक्ता ब्रह्मज्ञानेन भाषितम्॥
शुक्रशोणितमज्जाश्च मूत्रं लालं च पञ्चमम्।
आपः पञ्चगुणाः प्रोक्ता ब्रह्मज्ञानेन भाषितम्॥
क्षुधा तृष्णा तथा निद्रा कान्तिरालस्यमेव च।
तेजः पञ्चगुणं प्रोक्तं ब्रह्मज्ञानेन भाषितम॥
धावनं चलनं ग्रन्थः संकोचनप्रसारणे।
वायोः पञ्च गुणाः प्रोक्ता ब्रह्मज्ञानेन भाषितम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रागद्वेषौ तथा लज्जा भयं मोहश्च पञ्चमः।
नभः पञ्चगुणाः प्रोक्ताः ब्रह्मज्ञानेन भाषितम् ॥"

भावार्थ—पृथ्वी, जल, तेज, वायु र आकाश यिनै पंच-महाभूतद्वारा यो देह बनेको छ। हाड, मासु, छाला, नाडी अर्थात् नसा अनि रौं यति पाँच पृथ्वीको, शुक्र अर्थात् वीर्य, रगत, मज्जा, मूत्र अनि खकार यति पाँच जलको, भोक, तीर्खा, निद्रा, कान्ति अनि आलस्य यति पाँच तेजको; दौडाई, चलाई, डुलाई, खुंचाई अनि पसाराई यति पाँच वायुको फेरि राग, द्वेष, लाज, डर अनि मोह यति पाँच आकाशको गुणका विकार हुन।

पञ्चमहाभूतको चाबी अर्थात् साचोको माथिल्लो पटलमा वर्णन भएकै छ। अब यिनको स्थानको बारेमा यस्तो वचन छ।

"स्कन्धद्वये स्थितो वह्निर्नाभिमूले प्रभञ्जनः।
जानुदेशे क्षितिस्तोयं पादे तु मस्तके नभः॥

भावार्थ—दुई काँधमा अग्नितत्त्व, नाइटोको फेदमा वायुतत्त्व, घुँडामा पृथ्वीतत्त्व, पैतालामा जलतत्त्व अनि शिरमा आकाशतत्त्व रहन्छन।

यिनै पञ्चमहाभूतको यन्त्राकारको बारेमा यस्तो वचन छ।

"चतुरस्रं चार्द्धचन्द्रं त्रिकोणं वर्तुलं स्मृतम्।
बिन्दुभिस्तु नभो ज्ञेयमाकारैस्तत्त्वलक्षणम्॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ—[1]चतुरस्र, [2]अर्द्धचन्द्र, [3]त्रिकोण, [4]वृत्त अनि [5]बिन्दुरूप आकाश यी आकारहरू तत्त्व अर्थात पञ्चमहाभूतका लक्षण हुन् ।

यन्त्रको बारेमा यहाँ यति मात्रै संकेत छ । पूर्वोक्त यी सबै शिवस्वरोदयका उक्ति हुन् । यो पनि तन्त्र शास्त्र नै हो केही न केही मात्र भए पनि यस शास्त्रको ज्ञान नपाई तन्त्रमा चल्नु नुन नभएको तर्कारी खाए जस्तो हुन्छ ।

तान्त्रिक उपासनामा मन्त्र, ध्यान, र यन्त्रको संकेत जान्नु अत्यावश्यक हुन्छ । मन्त्र देवताको आत्मा र यन्त्र, देवताक शरीर मानिएका छन् । पृथ्व्यादि पञ्चमहाभूतबाट अनेको प्रकारका चराचर जगत्का आकार अर्थात् देह बने झैं [6]रेखायुक्त पूर्वोक्त चतुरस्त्रादि पञ्चाकारबाट अनेक प्रकारका यन्त्ररूप देवताका देह बन्दछन् । यी आकारहरूको महाभूतत्वसूचक प्रमाण यस प्रकारका छन् ।

कतै आगो बलिरहेको बेलामा शिखा चुच्चो भएर माथि-

---

1. चतुरस्र = Rectangle.
2. अर्द्धचन्द्र = Carved-line as a half-moon.
3. त्रिकोण = Triangle.
4. वृत्त = Circle.
5. बिन्दु = Point.
6. रेखा = Line.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिर जाँदा माथितिर तिखो र तलतिर बोधो भई त्रिकोणाकार बन्दछ। फेरि अग्निको ऊर्ध्वगति हुनाले त्रिकोणको [1]शीर्षकोण माथितिर फर्किएमा अर्थात् "माथि मुख फर्किएको त्रिकोण" तेजस्तत्त्वसूचक भयो।

जलको अधोगति हुनाले सरल यानि सोझो केही लुलो पदार्थमा पानी हाल्दा त्यो वस्तु पानीको तोड्ले अर्द्ध चन्द्राकार बन्दछ। फेरि एउटा पातलो कपडामा पानी हाल्दा माथि बोधो र तल चुच्चो वा तीखो भएर शीर्षकोण तलतिर फर्किएको त्रिकोणाकार बन्दछ र तलतिरबाट पानी चुहुने हुनाले यस्तो त्रिकोणले योनिको पनि संकेत गर्छ। अतः "अर्द्ध चन्द्राकार" र "योन्याकार" अर्थात् "तल मुख फर्किएको त्रिकोणाकार" जल-तत्त्वका सूचक भए।

[2]उदयचक्राकारगतिबाट वृत्ताकारको कल्पना हुन्छ। एउटा विन्दु बिजुलीको पङ्खा घुमे झैं गरेर अर्को विन्दुलाई परिक्रमा गर्दा चक्राकारगति बन्दछ। अनि सोहि चक्राकार-गतिबाट वृत्त बन्दछ। यो चक्राकारगति प्राकृतिक जगत्मा हावाको [3]घूर्णनक्रियामा देखापर्छ। फेरि [4]चक्रवायुमा आगोको

1. शीर्षकोण = Vertical-angle.
2. उदयचक्राकारगति = Rotation.
3. घूर्णनक्रिया = Whirling-motion.
4. चक्रवायु = Whirlwind.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

संयोग हुँदा आगोको राँको र पानीको संयोग भएमा पानीका छिटाहरू समेत घुम्न थाल्दछन्। यही घुमाई चक्राकारगति भएर वृत्ताकार बन्न जान्छ। अतः "वृत्ताकार" वायुतत्त्वको सूचक भयो।

हरेक प्रकारका गतिमा योग दिने र हरेक आकारमा हरेक तत्त्वभित्र [1]अनुप्रवेश गर्ने अर्थात् घुस्ने नैसर्गिक-गति-शीलता बिन्दुमा रहन्छ। अर्थात् बिन्दु स्वयं नै गतिशील हुन्छ। तसर्थ बिन्दु [2]अनुप्रवेशको चिह्न ठहरिन गयो। अनि अनुप्रवेश भाव आकाशतत्त्वको हुनाले "बैन्दवाकार" आकाशतत्त्वको सूचक हो! सबै प्रकारको बाह्य प्रभावबाट शून्य हुँदा बिन्दुको गति सरल हुन जान्छ। अतः बिन्दुको [3]अनिरुद्ध गतिले समान-रूप उन्नतिको लक्ष्य गराउँछ।

[4]विस्तारको भाव पनि महत्त्वपूर्ण हुन्छ। यो भाव झण्डै [5]बहुमुखताको भावसित मिले जस्तो हुन्छ। [6]बहुभुजाकार मध्यमा चतुरस्र सबै भन्दा थोरै [7]भुज भएको हुन्छ। अतः

---

1. अनुप्रवेशगर्ने = Penetrating.
2. अनुप्रवेश = Penetration.
3. अनिरुद्धगति = Free-motion.
4. विस्तार = Expansion.
5. बहुमुखता = Meny-sidedness.
6. बहुभुजाकार = Polygon.
7. भुज = Side of any figure.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चतुरस्र विस्तार भावको सूचक हुँदा र विस्तार पृथ्वीको गुण हुँदा "चतुरस्र" पृथ्वीतत्त्वको सूचक भयो, फेरि यस्तै अरु "बहुभुजाकार" पनि पृथ्वीतत्त्वकै सूचक हुन गये। संसारमा जुनसुकै वस्तुको पनि पूर्वोक्त आकार बाहेक अरु आकार हुनै सक्तैन, यो कुरा ध्रुव सत्य छ यसै कारणले [1]ज्यामितिशास्त्रको गुह्यमतमा ठूलो महत्त्व हुन्छ।

अब देवताको यन्त्रको बारेमा विचार गरौं। हामीले रुवा वा प्युरीबाट धमाधम धागो कातैर न वेरी भुइँमा त्यसै थुपार्दा धागोहरू जम्मा भएर कुनै न कुनै आकारमा थुप्रिन्छन्। यस्तै गरी मन्त्र मनन गर्दा पश्यन्ती नाडीबाट मध्यमा नाडी-सम्म त ध्वनिको आघात पर्दछ, तर वैखरीबाट बाहिर निस्किल-एर ध्वनितरङ्ग बाहिरतिर जान नपाउँदै आज्ञाचक्रतिर पुगेर उत्पादित विद्युत्प्रभा जति त्यहाँ बिसाएर त्यसबाट बहिष्कार हुन पर्ने विद्युत्प्रभा साथ लिएर बन्न पर्ने ध्वनितरङ्गका रेखाहरू मस्तिष्कमा पुगेर रूप विकृति भएर यन्त्राकार बन्दछन्। अतः जुन देवताको मन्त्रबाट जस्तो यन्त्र बन्न जान्छ, तिनी देवताको त्यही यन्त्र ठहरिन जान्छ। यस विषयमा अरु कुरा पनि भन्नु छ। माथिल्लो पटलमा ध्वनितरङ्गको र मन्त्रको लिङ्गको चर्चा भईसकेको छ। यहाँ त्यस विषयमा विशेष अर्को कुराको पनि चर्चा गर्नु परेको छ। मन्त्रहरूमा एक अक्षर भन्दा बढिका पनि हुन्छन् भन्ने बुझिएकै कुरा हो। एउटा अक्षर मनन

---

1. ज्यामितिशास्त्र = Geometry.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुनासाथ त्यसको ध्वनितरङ्ग स्त्री, पुरुष वा नपुंसक मध्यको कुनै एक लिङ्गको रूप उत्पन्न भई हाल्दछ। विश्रान्तिको तरङ्ग अर्थात् आखिरी अक्षरको तरङ्गको लिङ्गका तरङ्गहरू पनि उत्पादित भई राखेका हुन्छन्। मन्त्रका बीज, कूट र वर्णहरूका आम्नायभेदले गर्दा हरेक तत्त्व पैदा हुन गई ती तरङ्गहरूका आकारहरु पनि फरक फरक तत्त्वात्मक बन्न जान्छन्, अनि ती मध्ये मन्त्रका पुंतरङ्गबाट शैव भागका र स्त्रीतरङ्गबाट शक्ति भागका यन्त्र बन्न गई तत्त्वको वर्ण अर्थात् रङ्गले रंगिई देवताको यन्त्र खडा हुन जान्छ।

एउटै देवताका मन्त्रहरू थरी थरीका हुन्छन्। कसै कसैका त रूप समेत पनि भिन्नाभिन्नै हुन्छन्, तर धेरैको यन्त्र भने एउटै हुने पनि संभव हुन्छ। जस्तो कि भुवनेश्वरीको एकाक्षरी र एउटा त्र्यक्षरीमा एक मुखलाल वर्ण र चार बाहुमा एक प्रकारका आयुध अर्थात् हतियार छन्, फेरि अर्को त्र्यक्षरीमा एक मुख श्यामवर्ण र चार बाहुमा अर्कै प्रकारका आयुध छन्, फेरि पञ्चाक्षरीमा तीन मुख तिनै वर्णको र ६ बाहुमा ६ प्रकारकै हतियार लिएकी छन्। सबै मन्त्रको एउटै पूर्वाम्नायात्मक मूल यन्त्र हुन्छ। यसको रहस्य के हो भने यन्त्रको बनावटमा अक्षर वा बीजको हिसाबले शक्तिभाग र शैवभागको बन्ने नियमको तलमाथि पर्न जाँदा यन्त्रको अवयव पनि अघिपछि भएर बन्न जान्छ। अनि यही यन्त्रको क्रमले गर्दा सगुण मूर्तिको ध्यान पनि फरक हुन जान्छ। यस्तो सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमको रहस्य अर्थात् यस्तो किसिमले यसो भयो भन्ने तरिकाको ज्ञान प्राप्त गर्ने सौभाग्य त मैले पाउन सकेको छैन, तथापि भुवनेश्वरी, कुब्जिका, दक्षिणकाली, सिद्धिकराली गुह्यकाली र श्रीविद्याको यन्त्रको भने केही अंशमा बुझ्ने सौभाग्य गुरुकृपाद्वारा पाएको हुँ। त्यसमा पनि धेरै कुरा गुरुमुखबाट बुझेर आफ्नै अनुभवले जान्न पर्ने कुरा छ। अतः सबै मन्त्रको पूरा आफूले जानेजति स्थूल देहमा घटाएर विवरण दिदा लेखलम्बिने हुँदा सबै यन्त्रको समष्टिरूप श्रीयन्त्रको नक्सा अर्थात् चित्र समेत राखी विशेष चर्चा गर्नेछु। त्यसैबाट अन्य अन्य यन्त्रहरूको बारेमा पनि स्वयं अनुमान हुन सक्नेछ।

श्रीविद्याको पञ्चदशी विद्या (जसको तान्त्रिक विज्ञानदर्पणमा पनि चर्चा भई सकेको छ) उच्चारण वा मनन हुनासाथ महात्रिपुरसुन्दरीको श्रीयन्त्र बन्दछ। फेरि महाषोडशी विद्यामा अरु बीजहरू पञ्चदशी विद्याको अगाडि र पछाडि विद्यमान हुन्छन्। यिनको पनि उही श्रीयन्त्र नै हो। यसको रहस्य के हो भने सबै यन्त्रको समष्टिरुप श्रीयन्त्र नै हो, यो यन्त्र बनेपछि यन्त्रको हद पुग्छ र अन्य अन्य प्रकारका आकारहरू त्यसमा थपिने त कुरै भएन। अतः अरु बीजबाट अनुभवगम्य प्रकारले सोही श्रीयन्त्रलाई प्रदीपन गर्दछ अर्थात् सत्ता बढाउँछ। अनि सगुण ध्यानमा पनि युगल मूर्ति बन्न जान्छ। यो युगल मूर्ति र पञ्चदशीको एकलो मूर्ति रूप सन्ध्या भेदको मन्त्रोच्चारणको भेदले फरक हुन जाँदा श्रीयन्त्र उही नै भए पनि यसको अवयव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बन्ने क्रम फरक हुन जान्छ । सन्ध्याको यस भन्दा पछिल्लो पटलमा चर्चा हुनेछ । अहिले कुन कुन क्रममा कस्तो कस्तो प्रकारले श्रीयन्त्रको उद्धार हुने हुन्छ भन्ने विषयमा लेख्ने चेष्टा गर्नेछु ।



सृष्टिक्रममा अर्थात् प्रातः सन्ध्याको क्रमले मन्त्र मनन गर्दा श्रीयन्त्र निम्नलिखित क्रमबाट उद्धृत हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बिन्दुत्रिकोणवसुकोणदशारयुग्म-
मन्वस्त्रनागदलसंगतषोडशारम् ॥
वृत्तत्रयञ्च धरणीसदनत्रयञ्च ।
श्रीचक्रराजमुदितं परदेवतायाः ॥"

व्याख्यार्थ—यहाँ 'बिन्दु' देखि 'षोडशारम्' सम्म द्वन्द्व समास भएर प्रयोग भएको छ । यसको अर्थ यस प्रकारको हुन्छ । बिन्दु (बैन्दवचक्र) । त्रिकोण (त्रिकोणचक्र) । वसुकोण (अष्टकोणचक्र) । दशारयुग्म (दुईटा दशकोणचक्र-हरू) । मन्वस्त्र (चतुर्दशकोणचक्र) । नागदल (अष्टदलचक्र) । संगतषोडशारम् (संलग्न भएको षोडशदलचक्र) । वृत्तत्रयं (वृत्तत्रयचक्र) । धरणीसदनत्रयं (तिनोटा भूपुर भएको भूपुरचक्र) । श्रीचक्रराजं (श्रीयन्त्र) । परदेवतायाः (परदेवता अर्थात् महात्रिपुरसुन्दरीको) । उदितं (कहियो) । यसबाट सृष्टिक्रम यस्तो बुझियो । १. बिन्दु, २. त्रिकोण, ३. अष्टकोण, ४. अन्तर्दशार, ५. बहिर्दशार, ६. चतुर्दशकोण, ७. अष्टदल, ८. षोदशदल, ९. वृत्तत्रय, १०. भूपुर । यति १० चक्र बुझियो । यस उक्तिमा यस्तो हुन्छ । अब स्थितिक्रममा अर्थात् मध्याह्न सन्ध्याको मतले मनन गर्दा यस प्रकारले उद्धार हुन्छ ।

"भूबिम्बचक्रमथ षोडशचाष्टबिन्दु-
रग्न्यष्टसंयुतमहत्त्रितयं दशारम ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वेदारसंयुतदशास्पदमध्यरूपां-
त्वां वै महात्रिपुरसुन्दरि नौम्यहं श्रि ॥"

भावार्थ—यसको क्रम यस्तो हुन्छ। १. भू (भूपुर) २. बिम्बचक्र (वृत्तत्रय), ३. षोडश (षोडशदल) ४. अष्ट (अष्टदल), ५. बिन्दु, ६. अग्नि (त्रिकोण), ७. अष्ट (अष्ट-कोण), ८. संयुतमहत्त्रितयं (अन्तर्दशकोण), ९. दशारं(वहिर्द-शकोग), १० वेदारसंयुतदशास्पद ("वेदार" भन्नाले ४ कोण "संयुत" भन्नाले मिलेको 'दशास्पद" भन्नाले १० कोण, अतः चतुर्दशकोण)।

फेरि संहारक्रममा अर्थात् सायं सन्ध्याको मतले मनन गर्दा यस प्रकारको हुन्छ।

"भूवेश्मगत्रिवृतषोडशनागशक्र-
दिग्युग्मवस्वनलकोणगबिन्दुमध्ये ॥
सिंहासनोपरिगतारकपीठमध्ये।
प्रोत्फुल्लपद्मनयनां त्रिपुरां भजेऽहम ॥"

भावार्थ—यसको क्रम यस्तो छ। १. भूवेश्म (भूपुर), २. त्रिवृत (वृत्तत्रय), ३. षोडश (षोडशदल), ४. नाग (अष्टदल), ५. शक्र (चतुर्दशार), दिग्युग्म (६-७ वहिर्दशार, र अन्तर्दशार); ८. वसु (अष्टार), ९. अनलकोण (त्रिकोण), १०. बिन्दु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीचक्रो उपासनामा ३ मत हुन्छन् । हयग्रीवमत, आनन्द भैरवमत र दक्षिणमूर्तिमत । यति तीन मध्यमा दक्षिणामूर्ति-मतले मात्रै श्रीयन्त्रमा दश चक्र मानिन्छन्, अरु दुई मतमा भने वृत्तत्रयलाई चक्र नमानेर नौ चक्र मात्रैं मानिन्छन् । यस विषयमा उपासनाकाण्डको जति कुरा यथाज्ञान पूर्णतया हिन्दी भाषामा "श्रीतान्त्रिकोपासनादर्पण" नामक पुस्तकमा प्रकाश गरेको छु । अब यो वैज्ञानिकसारमा विज्ञानकाण्डको बारेमा यथायोग्य वर्णन गर्ने चेष्टा गर्दछु ।

यो श्रीयन्त्रलाई आगम र निगम दुबैले ब्रह्माण्डमा घटा-एको छ, फेरि हाम्रो स्थूल देहलाई पनि ब्रह्माण्डकै सकल मानेको छ । अतः श्रीयन्त्रको चक्रहरू स्थूल देहमा घटाएर निगमशास्त्रले "ललितोपनिषत्"मा र आगमशास्त्रले धेरै श्रीविद्याकल्पका तन्त्र-हरूमा वर्णन गरेको छ । मनोविज्ञानद्वारा राजाधिराज योगाम्नास गरी इष्टदेवतारूप श्रीयन्त्रमा आफ्नो रूपको [1]ऐक्यभावमा चित्तको [2]एकाग्रता गराएर उनको [3]तादात्म्य-भाव उब्जाउनु नै श्रीचक्रोपासना हो ।

शैवभाग र शक्तिभागमा कुन कुन चक्र कस कसका भाग हुन् भन्ने बारेमा यस्तो छ ।

---

1. ऐक्यभाव = Oneness.
2. एकाग्रता = Consentration of mind.
3. तादात्म्यभाव = Oneness with God.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"बिन्दु चाष्टदलं पद्म षोडऽशारं त्रिवृत्तकम् ।
चतुरस्राख्यचक्रं च शैवभागानि पञ्च च ॥
त्रिकोणमष्टकोणं च दशकोणद्वयन्तथा ।
चतुर्दशारमेतानि शक्तिभागानि सुन्दरि ॥"

भावार्थ–बिन्दु, अष्टदल, षोडशदल, वृत्तत्रय र चतुरस्र यति ५ चक्र शैवभाग, अनि त्रिकोण, अष्टकोण, अन्तर्दशार, बहिर्दशार र चतुर्दशार यति ५ शक्तिभाग हुन् । यसबाट त्रिकोणांकित चक्रहरू शक्तिभाग र अरु शैवभाग हुने नियम जुनसुकै यन्त्रमा पनि हुन्छ भन्ने बुझियो ।

अब श्रीयन्त्रको कुन कुन भाग कुन कुन आम्नायका हुन् भन्ने बारेमा यस्तो छ ।

"भूवृत्तत्रयनागेन्दुकला सृष्टिप्रदं भवेत् ।
पूर्वाम्नायात्मकं चक्रं भवेच्छक्रारदिग्द्वयम् ॥
दक्षिणाम्नायचक्रं च सर्वरक्षाप्रदं तथा ।
अष्टारानलबिन्द्वन्तं सर्वसंहारकारकम् ॥
पश्चिमाम्नायगं चक्रं भवेत् सर्वमनाख्यकम् ।
उत्तराम्नायचक्रं वै बिन्दोरन्तर्गतं यदा ॥
संयुज्यते च चक्रेऽस्मिन् भाषारूपो भवेत्तदा ।
ऊर्ध्वाम्नायात्मकं दिव्यं श्रीचक्रं भुक्तिमुक्तिदम् ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावार्थ—भू (भूपुरचक्र), वृत्तत्रय (वृत्तत्रयचक्र), नाग (अष्टदलचक्र) र इन्दुकला (षोडशदलचक्र) यति चार चक्र मिलाउँदा सृष्ट्यात्मक पूर्वाम्नायचक्र बन्दछ। शक्रार (चतुर्दशारचक्र), दिग्द्वयम् (अन्तर्दशारचक्र र बहिर्दशारचक्र) यति तीन चक्र मिलाउँदा स्थित्यात्मक दक्षिणाम्नायचक्र बन्दछ। अष्टार (अष्टकोणचक्र), अनल (त्रिकोणचक्र) र बिन्द्वन्तं (बैन्दवचक्र सम्म) यति तीन चक्र मिलाउँदा संहारात्मक पश्चिमाम्नायचक्र बन्दछ। सर्वं (सबै पूर्वोक्त दश चक्रहरू) मिलाउँदा अनाख्यात्मक उत्तराम्नायचक्र बन्दछ। अनि यस चक्रमा अर्थात् पूर्वोक्त अनाख्यात्मक चक्रमा बिन्द्वन्तर्गत चक्र थपिएमा भाषारूप ऊर्ध्वाम्नायात्मक दिव्य श्रीयन्त्र भुक्तिमुक्ति दिने बन्दछ।

अब पछि पत्रमा अङ्कित भएको श्रीयन्त्रको चित्र हेरौं। अष्टदलको कर्णिकामा रहेको बिन्दु बाहिर ठूला ठूला नौ त्रिकोण मध्ये एकातिर शीर्षकोण वा मुख फर्किएका चार अर्कोतिर मुख फर्किएका पाँच छन्। ती मध्ये चार इच्छा, ज्ञान, क्रिया र शान्ता भन्ने चार श्रीकण्ठ हुन्। अनि अर्कोतिर फर्किएका ५ चाहिं वामा, ज्येष्ठा, रौद्री, अम्बिका र परा भन्ने पांच शिवयुवति हुन्। ती ४ श्रीकण्ठ मज्जा, शुक्र, प्राण र जीव हुन्। अनि ५ शिवयुवति त्वक् (छाला), असृक् (रगत), मांस (मासु), मेद (बोसो)र अस्थि (हाड) हुन्। यिनै नौ मध्ये पाँचलाई तल मुख पारेर योनिसूचक र चारलाई माथि मुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारेर अग्निसूचक मानेर कौलाचारबाट उपासना हुन्छ । अनि त्यसको विपरीत अर्थात् चारलाई तल मुख पारेर योनिसूचक र पाँचलाई माथि मुख पारेर अग्निसूचक बनाएर समयाचारबाट उपासना हुन्छ ।

श्री १०८ स्वामी शंकराचार्यजी पनि समयाचारकै उपासक हुनुहुन्थ्यो । अतः उहाँबाट स्थापित सबै मठहरूमा समयाचारबाटै विशेष गरेर कतै हयग्रीव मतले र कतै आनन्द भैरव मतले दक्षिणामूर्ति मतले पनि दशावरण पूजाले मात्रै उपासना हुन्छ । दक्षिणामूर्ति मतमा कौलाचारबाट उपासना हुँदा षोडशावरण हुछ । संन्यासीले शिखासूत्र त्यागनाले २४ स्पन्दिमा २४ गायत्री पूजने अधिकार नहुँदा सो क्रमको सपर्या संन्यासीहरूमा हुँदैन ।

अब अरु गन्थन छाडेर उही नौ त्रिकोणतिर विचार गरौं । यी नौ त्रिकोणको मिश्रणबाट ४३ साना साना त्रिकोण बन्दछन् । फेरि तीन देखि बाहिर आठ पत्रको कमल त्यस बाहिर सोह्र पत्रको कमल अनि तीन घेरारूप वृत्तत्रय त्यसको बाहिर चार मुख भएको तीन रेखाले बनेको भूपुर विद्यमान छन् । यिनैबाट पूर्वोक्त दश चक्र बन्दछन् । यिनै दश चक्र देवताको देहायदवसूचक हुन् । यिनको विवरण यस प्रकारको हुन्छ ।

१. बैन्दवचक्र—यो चैतन्यरूप हो । यसको नाम "सर्वानन्दमयचक्र" हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. त्रिकोणचक्र-यसको तीन कुना प्रकृतितत्त्व, महत्तत्त्व र अहंकारतत्त्व हुन्। यसको नाम "सर्वसिद्धिप्रद-चक्र" हो।

३. अष्टारचक्र-यसको साना साना आठोटा त्रि-कोणमा क्रमशः शीत, उष्ण, सुख, दुःख, इच्छा, सत्त्व, रज र तम हुन्। यसको नाम "सर्वरोगहरचक्र" हो।

४. अन्तर्दशारचक्र--यसको साना साना दशोटा त्रिकोण क्रमशः रेचक, पाचक, शोषक, दाहक, प्लावक, क्षारक, उद्धारक, क्षोभक, जृम्भक र मोहक हुन्। यसको नाम "सर्व-रक्षाकरचक्र" हो।

५. बहिर्दशारचक्र-यसको साना साना दशोटा त्रिकोणमा क्रमशः छाला, आँखा, कान, नाक र जिब्रो यति पाँच ज्ञानेन्द्रिय अनि वाक्, हात, खुट्टा, पायु र उपस्थ यति पांच कर्मेन्द्रिय हुन्। यसको नाम "सर्वार्थसाधनकरचक्र" हो।

६. चतुर्दशारचक्र-यसको साना साना चौधोटा त्रिकोणमा क्रमशः अलंबुसा, कुहू, विश्वदरी, वारणा, हस्तिजिह्वा, यशोवती, पयस्विनी, गान्धारी, पूषा, शंखिनी, सरस्वती, इडा, पिंगला र सुषुम्णा यति १४ नाडी हुन्। यसको नाम "सर्वसौभाग्यदायकचक्र" हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

७. **अष्टदलचक्र्**— यसको आठ दलमा क्रमशः वचन, आदान, गमन, विसर्ग, आनन्द, हान, उपादान र उपेक्षा हुन्। यसको नाम "सर्वसंक्षोभणचक्र" हो।

८. **षोडशदलचक्र्**-यसको सोह्र दलमा क्रमशः मन, बुद्धि, अहंकार, शब्द, स्पर्श, रूप, रस, गन्ध, चित्त, धैर्य, स्मृति, नाम, वार्धक्य, सूक्ष्मशरीर, जीवन र स्थूल शरीर हुन्। यसको नाम "सर्वाशापरिपूरकचक्र" हो।

९. **भूपुरचक्र्**—यसको चार द्वार भएको एउटा रेखामा क्रमशः संक्षोभण, बिद्रावण, आकर्षण, वशीकरण, उन्मादन, महांकुश,, खेचर, बीज, योनि, र त्रिखण्डा यति १०। फेरि अर्को रेखामा क्रमशः काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, पाप र पुण्य यति ८। अनि अर्को रेखामा क्रमशः अणिमा, लघिमा, गरिमा, महिमा, ईशित्व, वशित्व, प्राकाम्य, भुक्ति, प्राप्ति र सर्व काम यति १० हुन्। यसको नाम "त्रैलोक्य-मोहन चक्र" हो।

यो श्रीयन्त्रको नवचक्र मान्ने परम्पराको मत हो। अब दश चक्र मान्ने परम्परामा यस्तो हुन्छ।

१. **सर्वानन्दमयबैन्दवचक्र्**— सर्वसाक्षी ईश्वर हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२. सर्वसिद्धिदप्रत्रिकोणचक्र्– अग्नितत्त्व, सोमतत्त्व र सूर्यतत्त्व हुन् ।

३. सर्वरोगहराष्टारचक्र्– चिति, चित्त, चैतन्य, चेतना, इन्द्रियकर्म, जीव, कला र शरीर यति ८ [1]सूक्ष्मदेह हुन् ।

४. सर्वरक्षाकरान्तर्दशारचक्र्– हेतु परहेतु मतले अर्थात् एउटा वस्तुको [2]कारणरूप फलरूप संभने मतले पूर्वोक्त पाँच ज्ञानेन्द्रिय डबलिएर बन्ने दश रूप ।

५. सर्वार्थसाधक बहिर्दशारचक्र्– उस्तै गरी पाँच कर्मेन्द्रिय डबलिएको दशरूप ।

६. सर्वसौभाग्यदायक चतुर्दशारचक्र्– मन, बुद्धि, [3]चित्त, अहंकार [4]चेतना, [5]चैतन्य, उच्छ्वास, निःश्वास, इच्छा, ज्ञान, क्रिया, परा, लय, र शून्य यति चौध रूप ।

७. सर्वसंक्षोभणाष्टदलचक्र्–अव्यक्ततत्त्व, मह-

---

1. सूक्ष्मदेह = चितिःश्चित्तं च चैतन्यं चेतनेन्द्रियकर्म च ।
   जीवः कला शरीरं च सूक्ष्मपूर्यष्टकं भवेत् ॥
2. कारणरूप र फलरूप = Cauuse and effect.
3. चित्त = यहाँ मनोबल ।
4. चेतना = चिच्छक्ति भन्ने यहाँ बुझिन्छ ।
5. चैतन्य = यहाँ विवेक शक्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तत्त्व, अहंकारतत्व, शब्द, स्पर्श, रूप, रस र गन्ध यति आठ रूप ।

८. सर्वाशापरिपूरकषोडशदलचक्र्– बहिर्गत मन अर्थात् बाहिरी मन, [1]दश इन्द्रिय र पाँच महाभूत गरेर जम्मा सोह्र रूप ।

९. त्रैवर्गसाधनकरवृत्तत्रयचक्र्– बालावस्था, यौवनावस्था, वृद्धावस्था, जाग्रदवस्था, स्वप्नावस्था, सुषुप्त्यवस्था, तुर्यावस्था, तुरीयातीतावस्था, कामावस्था क्रोधावस्था इत्यादि, भोजनावस्था इत्यादि, गमनावस्था इत्यादि र सुखावस्था इत्यादि, २९ अवस्था रूप ।

१०. त्रैलोक्यमोहन भूपुरचक्र्– ओज, रस, असृक्, मांस, मेद, अस्थि, स्नायु, मज्जा, शुक्र र रोम यति दश रूप । त्यस बाहिर सुन, चाँदी, तामा, फलाम, राङ्, पित्तल, काँसो र सिसा यति आठ रूप । फेरि त्यस बाहिर हिरा, मोति, पन्ना, नीर, पुष्पराग, गोमेद, लसुनी, मुगा, माणिक र [2]पारसमणि (सालिग्रामपत्थर) यति दश रूप । पीठ, ग्रह, राशि, नक्षत्र इत्यादि श्रीयन्त्रको उत्पत्तिको कारणीभूत अक्षरद्वारा मानव देहमा निहित छन् । अब यहाँ श्रीयन्त्रको कारणीभूत

---

1. दशइन्द्रिय = यहाँ खाश इन्द्रिय नै । माथि बताएको त्यसको गुण र फल ।
2. पारसमणि = Electronic touch stone.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षर बारेमा चर्चा गरौं ती यस प्रकारका छन्।

१. बिन्दु = ॐ। २. त्रिकोण = वाग्बीज + कामबीज + शक्तिबीज। ३. अष्टार = पँ + फँ + बँ + भँ + मँ + शँ, षँ, सँ। ४. अन्तर्दशार = तँ + थँ + दँ + धँ + नँ + टँ + ठँ + डँ + ढँ + णँ। ५. बहिर्दशार = चँ + छँ + जँ + झँ + ञँ + कँ + खँ + गँ + घँ + ङँ। ६. चतुर्दशार = अँ + आँ + इँ + ईँ + उँ + ऊँ + ऋँ + ॠँ + ऌँ + ॡँ + एँ + ऐ + ओँ + औँ। ७. अष्टदल = अँ + कँ + चँ + टँ + तँ + पँ + यँ + शँ। ८. षोडशदल = अ + आ + इ + ई + उ + ऊ + ऋ + ॠ + ऌ + ॡ + ए + ऐ + ओ + औ + अं + अः। ९. वृत्तत्रय = श्री-प्रासादबीज + लँ + क्षँ। १०. भूपुर = पराप्रासादबीज + हँ + क्षँ। यस बारेमा संस्कृत भाषामा "श्रीपराविभूतिस्तोत्रम्" बनाएर प्रकाश गरेको छु।

अब अक्षर र देह सितका सम्बन्ध यस प्रकारका हुन्छन्।

पीठको विवरण

अक्षर	पीठ	अङ्ग
अं	कामरूपीठ	शिर
आँ	जालन्धरपीठ	मुखवृत्त
इँ	नेपालपीठ	दाहिने आँखो
ईँ	पौंड्रवर्द्धनपीठ	बायाँ आँखो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उँ	परिस्थितपीठ	दाहिने कान
ऊँ	कान्यकुब्जपीठ	बायाँ कान
ऋँ	पूर्णगिरिपीठ	दाहिने नाक
ॠँ	अर्बुदपीठ	बायाँ नाक
ऌँ	आम्रातकपीठ	दाहिने गाला
ॡँ	एकाम्रपीठ	बायाँ गाला
एँ	त्रिश्रोत्रपीठ	माथिल्लो ओंठ
ऐं	कामकोटीपीठ	तल्लो ओंठ
ओं	कैलाशपीठ	माथिल्लो दन्तपंक्ति
औं	भृगुनन्दनपीठ	तल्लो दन्तपंक्ति
अं	केदारपीठ	ब्रह्मरन्ध्र
अः	चन्द्रपुरपीठ	जिब्रो
कं	श्रीपीठ	दाहिने पाखुराको जोर्नि
खं	एकवीरपीठ	दाहिने कुहिना
गं	जालन्धरपीठ	दाहिने नारी
घं	मालवपीठ	दाहिने हातको औंलाको फेद
ङं	कुलान्तकपीठ	दाहिने हातको औंलाको टुप्पा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चँ	देवीकोटपीठ	बायाँ पाखुराको जोर्नि
छँ	गोकर्णपीठ	बायाँ कुहिना
जँ	मरुकेश्वरीपीठ	बायाँ नारी
झँ	अट्टहासपीठ	बायाँ हातको औंलाको फेद
ञँ	वीरजपीठ	बायाँ हातको औंलाको टुप्पा
टँ	राजगृहपीठ	दाहिने तिघ्रोको जोर्नि
ठँ	महापथपीठ	दाहिने घुँडा
डँ	कोल्लापुरपीठ	दाहिने गोली गाँठो
ढँ	एलापुरपीठ	दाहिने गोडाको औंलाको फेद
णँ	ओंकारपीठ	दाहिने गोडाको औंलाको टुप्पा
तँ	जयन्तीपीठ	बायाँ तिघ्रोको जोर्नि
थँ	उज्जयनपीठ	बायाँ घुँडा
दँ	चरित्रपीठ	बायाँ गोलि गाँठो
धँ	क्षीरिकापीठ	बायाँ गोडाको औंलाको फेद
नँ	हस्तिनापुरपीठ	बायाँ गोडाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

		आलाको टुप्पा
पँ	उड्डीशपीठ	दाहिने काखी मनि
फँ	प्रयागपीठ	बायाँ काखी मनि
बँ	विल्वपीठ	पीठ्युँ
भँ	मायापुरपीठ	नाइटो
मँ	जलेश्वरपीठ	पेट
यँ	मलयगिरिपीठ	छाति
रँ	श्रीगिरिपीठ	दाहिने पाता
लँ	मेरुगिरिपीठ	गर्धन
वँ	गिरिवरपीठ	बायाँ पाता
शँ	महेन्द्रपीठ	छातिदेखि दाहिने हातसम्म
षँ	बामनपीठ	छातिदेखि बायाँ हातसम्म
सँ	हिरण्यपुरपीठ	छातिदेथि दाहिने घुँडासम्म
हँ	महालक्ष्मीपुरपीठ	छातिदेखि बायाँ घुँडासम्म
ळँ	उड्डियानपीठ	छातिदेखि पेटसम्म
क्षँ	छायाछत्रपीठ	छातिदेखि मुखसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लोकको विवरण

अक्षर	लोक	योगिनी	अङ्ग ।
अ आ इ	अतललोक	गुह्याद्य योगिनी	दुई खुट्टा ।
ई उ ऊ	वितललोक	अतिगुह्यतर योगिनी	दुई गोली गाँठा ।
ऋ ॠ ऌ	सुतललोक	महातिगुह्याचिन्त्य योगिनी	दुई पिडौंला ।
ॡ ए ऐ	महातललोक	महागुह्यस्थ योगिनी	दुई घुँडा ।
ओ औ	तलातललोक	परमगुह्यस्थ योगिनी	दुई तिघ्रा ।
अं अः	रसातललोक	रहस्यज्ञान योगिनी	गुह्य ।
क ख ग घ ङ	पाताललोक	अतिरहस्यतर योगिनी	मूलाधार ।
च छ ज झ ञ	भूर्लोक	गुप्ततर योगिनी	स्वाधिष्ठान ।
ट ठ ड ढ ण	भुवर्लोक	महारहस्य योगिनी	मणिपूरक ।
त थ द ध न	स्वर्लोक	परमरहस्य योगिनी	अनाहत ।
प फ ब भ म	महर्लोक	गुप्त योगिनी	विशुद्धि ।
य र ल व	जनलोक	गुप्ततर योगिनी	आज्ञा ।
श ष स ह	तपोलोक	अतिगुप्ततर योगिनी	निधार ।
ळ क्ष	सत्यलोक	महातिगुह्यतर योगिनी	ब्रह्मरन्ध्र ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रहको विवरण

शरीरमा नवग्रहको स्थानको गुरुपरम्परानुसार २ मत छन्। फेरि तिनको नायिका पनि मतभेदले फरक फरक महाविद्या मानिएका छन्।ती २ मा एउटा मत यस्तो हुन्छ।

"हृदयस्थो रविः साक्षाल्ललाटस्थश्च चन्द्रमाः।
नेत्रस्थो मंगलश्चैव स्थितो वक्षस्थले बुधः॥
कण्ठस्थानस्थित श्चैव नाकस्थो देवतागुरुः।
ललनास्थोऽसुरगुरुर्नाभिस्थानस्थितः शनिः॥
मुखछिद्रस्थितो राहुः केतुस्तु गुदमण्डले।
एते नव ग्रहाः सर्वे देहमण्डलगाः सदा॥"

भावार्थ–हृदयमा सूर्य, निधारमा चन्द्र, नेत्रमा मङ्गल, छातिमा बुध, घाँटीमा बृहस्पति, लिग्लिगेमा शुक्र, नाभिमा शनि, खाने मुखमा राहु अनि गुदद्वारमा केतु। यति देहको नौ ठाउँमा नवग्रहहरू सधैं मौजुद छन्।

यिनका नायिका महाविद्या यस प्रकारका छन्।

"आदित्ये त्रिपुरेश्वरी भगवती सोमेऽथ लक्ष्मीः परा
भौमेशे भुवनेश्वरी भयहरा सोमात्मजे तारिणी॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

देवानां सुगुरौ तथैव बगला शुक्रे तथा भैरवी
काली भास्करनन्दने च कथिता राहौ च छिन्ना तथा ॥
विज्ञेया कथिता मया सूरवरे धूमावती केतवे ।
मातंगी ग्रहमातृका निगदिता सा संकटा योगिनी ॥"

भावार्थ– सूर्यकी त्रिपुरसुन्दरी, चन्द्रमाकी कमलात्मिका, मङ्गलकी भुवनेश्वरी, बुधकी तारा, बृहस्पतिकी बगला, शुक्रकी भैरवी, शनिकी काली, राहुकी छिन्न मस्ता, केतुकी धूमावती, मुन्थादि योगिनीकी मातङ्गी हुन् ।

अब फेरि मतान्तरमा यस्तो हुन्छ ।

"नादस्थाने स्थितः सूर्यो बिन्दुचक्रे तु चन्द्रमाः ।
लोचनस्थ कुजो ज्ञेयो हृदये ज्ञः प्रकीर्तितः ॥
विष्णुस्थाने गुरुर्विद्यात् शुक्रे शुक्रो व्यवस्थितः ।
नाभिस्ने स्थितो मन्दः मुखे राहुः प्रकीर्तितः ॥
पायुस्थाने स्थितः केतुः शरीरे ग्रहमण्डलम् ॥"

भावार्थ - नादमा सूर्य, बिन्दु चक्रमा चन्द्र, नेत्रमा मङ्गल, हृदयमा बुध, मणिपुर चक्रमा बृहस्पति, शुक्रमा शुक्र, नाभिमा शनि, मुखमा राहु तथा गुदद्वारमा केतु बस्छन् ।

यस मतमा ग्रहनायिक महाविद्या यस प्रकारका मानिन्छन् ।

"रवेस्तारा विजानीयाच्चन्द्रस्य बगलामुखी ।
धूमावती च भौमस्य बुधस्य भुवनेश्वरी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिपुरा सा सुरगुरोरन्नपूर्णा च केतवे ।
शनेः काली च ज्ञातव्या मातंगी लग्नशुद्धितः ॥
राहोस्तु भैरवी प्रोक्ता केतोस्तु छिन्नमस्तका ॥"

भावार्थ–सूर्यकी तारा, चन्द्रकी बगलामुखी, मङ्गलकी धूमावती, बुधकी भुवनेश्वरी, बृहस्पतिकी त्रिपुरा, शुक्रकी अन्नपूर्णा शनिकी काली, राहुकी भैरवी, केतुकी छिन्नमस्ता र लग्न शुद्धिको लागि मातंगी ।

फेरि यिनै ग्रहका मातृकाहरू यस प्रकारका छन् ।

पिंगला सूर्यजननी शशांकस्य च मंगला ।
भौमस्य भ्रामरी माता बुधमाता च भद्रिका ॥
धान्या बृहस्पते र्ज्ञेया सिद्धा देवगुरोः स्मृता ।
उल्का शनेस्तु विज्ञेया राहोस्तु संकटा मता ॥
केतोस्तु विकटा ज्ञेया योगिन्यो नवकाः स्मृताः ॥"

भावार्थ–सूर्यकी पिंगला, चन्द्रकी मङ्गला, मङ्गलकी भ्रामरी, बुधकी भद्रिका, शनिकी उल्का, बृहस्पतिकी धान्या, शुक्रकी सिद्धा, राहुकी संकटा, र केतुकी विकटा माता अर्थात् शक्ति हुन् ।

यसबाट जुन जुन ठाउँमा जो जो ग्रह छन् सोही सोही ग्रहका महाविद्या र योगिनी त्यही त्यही ठाउँमा छन् । तिनका अक्षरहरू यस्ता हुन्छन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अक्षर	ग्रह
अं आं इं ईं उं ऊं ऋं ॠं ऌं ॡं एं ऐं ओं औं अं अः	सूर्यः ।
यं रं लं वं	चन्द्रः ।
कं खं, गं, घं, ङं	मङ्गलः ।
चं छं जं झं ञं	बुधः ।
टं ठं डं ढं णं	बृहस्पतिः ।
तं थं दं धं नं	शुक्रः ।
पं फं बं भं मं	शनिः ।
शं षं सं हं	राहुः ।
ळं क्षं	केतुः ।

अब यी ग्रह मध्ये कस कसले देहको के केलाई उद्दीपन गर्छन् भन्ने बारेमा यस्तो वचन छ ।

"कालात्मादिनकृत् मनस्तु हिमगुः सत्त्वं कुजो ज्ञो वचो
जीवो ज्ञानप्रदो भृगुश्च सुखदो दुःखे दिनेशात्मजः ॥
राजानौ रविशीतगू क्षितिसुतो नेता कुमारो बुधः
सूरिर्दानवपूजितश्च सचिवौ प्रेष्यः सहस्रांशुजः ॥

भावार्थ–सूर्यकाल र आत्मा, मन चन्द्रमा, सत्त्व मंगल, वचन बुध, बृहस्पति ज्ञान, शुक्र सुख र शनि दुःखका उद्दीपक हुन् । सूर्य र चन्द्र राजा, मंगल नेता, बुध कुमार, बृहस्पति र शुक्र मन्त्री अनि शनि दूत हुन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नक्षत्रको विवरण

अक्षर	नक्षत्र	अङ्ग
अं आं	अश्विनी	निधार
इं ईं	भरणी	दाहिने नेत्र
उं ऊं	कृत्तिका	बायाँ नेत्र
ऋं ॠं	रोहिणी	दाहिने कान
ऌं ॡं	मृगशिरा	बायाँ कान
एं ऐं	आर्द्रा	दाहिने नाक
ओं औं	पुनर्वसु	बायाँ नाक
कं	तिष्य	कण्ठ
खं गं	अश्लेषा	दाहिने काँध
घं ङं	मघा	बायाँ काँध
चं	पूर्वफाल्गुनी	दाहिने कुहिना
छं जं	उत्तरफाल्गुनी	बायाँ कुहिना
झं ञं	हस्ता	दाहिने नारी
टं ठं	चित्रा	बायाँ नारी
डं	स्वाति	दाहिने हात
ढं णं	विशाखा	बायाँ हात
तं थं दं	अनुराधा	नाभि
धं	ज्येष्ठा	दाहिने कम्मर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नं पं फं	मूल	बायाँ कम्मर
बं	पूर्वाषाढा	दाहिने तिघ्रो
भं	उत्तराषाढा	बायाँ तिघ्रो
मं	श्रवण	दाहिने घुंडा
यं रं	धनिष्ठा	बायाँ घुंडा
लं	शतभिषा	दाहिने पिडौंला
वं शं	पूर्वभाद्रा	बायाँ पिडौंला
षं सं हं	उत्तरभाद्रा	दाहिने पाउ
लं क्षं अं अः	रेवती	बायाँ पाउ

यस्तै प्रकारले करणादिको पनि हुन्छ त्यस विषयमा ग्रन्थावलोकन गर्नु छ।

राशिको विवरण

अक्षर	राशि	अङ्ग
अं आं इं ईं	मेष	दाहिने गोली गाँठो
उं ऊं ऋं	वृष	दाहिने घुंडा
ॠं लृं लॄं	मिथुन	दाहिने अण्ड
एं ऐं	कर्कट	दाहिने कम्मर
ओं औं	सिंह	दाहिने काँध
अं अः	कन्या	दाहिने शिर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कं खं गं घं ङं	तुला	बायाँ शिर
चं छं जं झं ञं	वृश्चिक	बायाँ काँध
टं ठं डं ढं णं	धनुः	बायाँ कम्मर
तं थं दं धं नं	मकर	बायाँ अण्ड
पं फं बं भं मं	कुम्भ	बायाँ घुंडा
यं रं लं वं शं षं सं हं ळं क्षं	मीन	बायाँ गोली गाँठा

श्रीमन्त्रको र स्थूल देहको ऐक्य

श्री यन्त्रको चक्र	अङ्ग
बैन्दवचक्र	शिर
त्रिकोणचक्र	दुई नेत्र र भ्रूमध्य
अष्टारचक्र	एउटा कानदेखि अर्को कानसम्म
अन्तर्दशार	त्यसदेखि च्यूडोसम्म
बहिर्दशार	कण्ठ
चतुर्दशार	छातिदेखि नाभिसम्म
अष्टदल	दुई बाहु र नाभिदेखि उरुसम्म
षोडशदल	उरुदेखि घुंडासम्म
वृत्तत्रय	इन्द्रिय र जाँघ
भूपुर	घुंडादेखि पैतालासम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीनायिका, श्रीचक्र र देहान्तर्गतचक्रको ऐक्य

श्रीचक्र	देहान्तर्गतचक्र	श्रीनायिका ।
त्रैलोक्यमोहन भूपुरचक्र	मूलाधारचक्र	त्रिपुरा ।
त्रैवर्गसाधनकरवृत्तत्रयचक्र	स्वाधिष्ठानचक्र	त्रिपुरेशिनी ।
सर्वाशापूरक षोडशदलचक्र	मणिपूरकचक्र	त्रिपुरेशी ।
सर्वसंक्षोभणाष्टदलचक्र	स्वस्तिकचक्र	त्रिपुरसुन्दरी ।
सर्वसौभाग्यद चतुर्दशारचक्र	अनाहतचक्र	त्रिपुरावासिनी ।
सर्वार्थसाधक वहिर्दशारचक्र	विशुद्धिचक्र	त्रिपुराश्रीः ।
सर्वरक्षाकरान्तर्दशारचक्र	आज्ञाचक्र	त्रिपुरमालिनी ।
सर्वरोगहराष्टारचक्र	नादचक्र	त्रिपुरासिद्धा ।
सर्वसिद्धिप्रदत्रिकोणचक्र	बिन्दुचक्र	त्रिपुराम्बा ।
सर्वानन्दमयबैन्दवचक्र	सहस्रारचक्र	त्रिपुरभैरवी ।
परब्रह्मात्मकबिन्द्वन्तर्गतचक्र	शून्यरन्ध्रचक्र	महात्रिपुरसुन्दरी ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो श्रीयन्त्रको रहस्य अति गहन छ। यसको कोट्यंशको एकांश पनि मैले जानेको छैन। यसको उपासनाको विषयमा "श्रीतान्त्रिकोपासनादर्पण" नामको हिन्दी भाषामा र बिलासको विषयमा "श्रीपराविभूतिस्तोत्रम्" नामक संस्कृत भाषामा पुस्तिकाहरू आफूले जाने बुझे जति कनि-कुथि गरी लेखी मुद्रित गरेको छु। यसको वैज्ञानिक रहस्यको बारेमा यहाँ केही झलकाएको मात्रै हुँ। यसमा [1]ज्यामितीशास्त्रको अतिरिक्त [2]बीजगणित र [3]त्रिकोणमिति शास्त्रहरूको पनि केही ज्ञानको जरूरत पर्ने हुनाले यहाँ स्थालीपुलाकन्यायले एक झलक दर्शाउने यथाज्ञान चेष्टा गर्दछु। श्रीयन्त्र बारेको गणितको झलक दर्शाउनु भन्दा पहिले एउटा सानो कुरा भन्नु छ। त्यो के हो भने, तन्त्रको उत्पत्ति 'सूत्रत्रय' अर्थात् ३ सूत्रको संमेलनबाट भएको हो। ती ३ सूत्रमा सर्वप्रथम बिन्दुसूत्र (इनीखहपीस्वराः) अनि नादसूत्र (षऋगमपधनि)को उत्पत्ति भई बिन्दुको शुक्लबिन्दुरूप र नादको रक्तबिन्दुरूपमा परिणत भएर यी दुई बिन्दुको [4]परस्परानुप्रवेशबाट फेरि अर्को मिश्रबिन्दु खडा भयो भन्ने इत्यादि सबै 'तान्त्रिक विज्ञानदर्पणमा' तथा 'पराविभूतिस्तोत्रमा'

---

1. ज्यामितिशास्त्र = Geometry.

2. बीजगणित = Algebra.

3. त्रिकोणमिति = Trignometry.

4. परस्परानुप्रवेश = Penitration.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यथाज्ञान चर्चा गरेको छु । सोही नान्दबिन्दुको मेलबाट निम्नलिखित मिश्रबिन्दुसूत्र बन्यो ।

"ॐकारतत्त्वभूतस्यानेकरूपस्य धीमहि
सृष्टिस्थित्यन्तादिकस्य तन्नः कहं प्रचोदयात् ॥"

अन्वय"–सृष्टिस्थित्यन्त दिकस्य ॐकारतत्त्वभूतस्य अनेकरूपस्य धीमहि, तत् नः कहं प्रचोदयात् ।

व्याख्या–"सृष्टिस्थित्यन्तादिकस्य=सृष्टि, स्थिति, संहारको कारण भएको (यहाँ 'आदि' पदको प्रयोगले अन्तर्लीन र अनुग्रह पनि संझनु पर्छ)। ॐकारतत्त्वभूतस्य= ॐकारको तत्त्वबाट बनेको अर्थात् 'ॐकारतत्त्वबाट बनेको' भन्नाले अकारको सृष्टितत्त्व, उकारको स्थितितत्त्व, मकारको संहारतत्त्व, बिन्दुको अन्तर्लीनतत्त्व अनि नादको अनुग्रहतत्त्व हुनाले 'यिनबाट बनेका' भन्नाले सृष्टितत्त्वबाट पूर्वाम्नाय र वायव्याम्नाय, स्थितितत्त्वबाट दक्षिणाम्नाय र आग्नेयाम्नाय, संहारतत्त्वबाट पश्चिमाम्नाय र अधराम्नाय, अन्तर्लीनतत्त्वबाट उत्तराम्नाय र ईशानाम्नाय अनि अनुग्रहतत्त्वबाट केवल ऊर्ध्वाम्नाय गरी जम्मा नौ आम्नायको(यस पदले १ देखि ९ सम्मको अङ्क सूचित हुन्छ)। अनेकरूपस्य=धेरै रूपको(यहाँ 'रूप' भन्नाले पुंरूपको विकर्षण धनचिह्न (+) स्त्रीरूपको आकर्षण ऋणचिह्न बुझियो, फेरि 'धेरै' भन्नाले धनचिह्नको समूहले गुणनचिह्न (×)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

र ऋणको समूहले भागाहारचिह्न (÷) समेत बुझियो) । धीमहि =ध्यान गर्दछु अर्थात् १ देखि ६ सम्मको गन्तिको र जोड्ने, घटाउने, गुन्ने तथा भागलिने विधानलाई संभन्छु । तत् =त्यसो गर्नाले । नः =हाम्रो कहं =कहलाई (यसको व्याख्या अतिगहन छ । क्रमदीक्षाको चर्चा हुंदा मात्रै यसको यथार्थ व्याख्या होला) अर्थात् चेतना र शून्य (०)लाई । प्रचोदयात् =प्रेरणा गरोस् ।" अब 'कह'को बारेमा एउटा सानो कुरा दर्शाउंछु । 'शक्तिसंगमतन्त्रमा' यस्तो वचन छ ।

"कादिर्विराट् शून्यरूपः ककारः परिकीर्तितः
हादिर्हकारः श्रीविद्या चित्कला कामसुन्दरी ॥"

भावार्थ–"(विराट्) सर्वव्यापी (कादि) कालकी स्वामिनी ककार शून्यरूप तथा श्रीविद्या कामसुन्दरी (हादि) समयकी स्वामिनी हकार चाहिं चित्कला अर्थात् चैतन्यरूप हुन् ।" यो 'काल' र 'समय'को भेदको कुरा पञ्चम पटलको अन्त्यमा खुल्नेछ ।

अब श्रीयन्त्र विषयको अर्को एक उक्तिमा विचार गरौं ।

"आदौ दशाष्टदशषोडशचाष्ट चासि
पश्चाच्चतुर्दशदशासि ततो दशाष्टौ ॥
पश्चाच्चतुष्ट यमपित्रितयं च षट्कं
सप्तोत्तरा शतमयी त्वमसि त्वमेका ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थ—पहिले १०, ८, १०, १६ र ८ रूप, अनि १४, १०, १० र ८ रूप त्यसपछि ४, ३ र ६ रूप यति १०७ रूप भएकी तिमी एउटी नै हौ।

व्याख्या—यो उक्ति उपासनाकाण्ड र विज्ञानकाण्ड दुवैमा लागु हुन्छ। उपासनाकाण्डमा पहिले भूपूरको प्रथम रेखामा दश सिद्धिरूप, बीचकोमा अष्टमातृकारूप र भित्रकोमा दश मुद्रारूप फेरि षोडशदलमा कामकर्षिण्यादि षोडशगुप्त योगिनीरूप र अष्टदलमा अनंगकुसुमादि अष्ट गुप्ततरयोगिनीरूप (यति सृष्टिचक्र), अनि चतुर्दशारमा सर्वसंक्षोभिण्यादि चतुर्दशसंप्रदाययोगिनीरूप, बहिर्दशारमा सर्वसिद्धिप्रदादि दश कुलकौलयोगिनीरूप अन्तर्दशारमा सर्वज्ञादि दश निगर्भ योगिनीरूप (यति स्थितिचक्र), त्यसपछि अष्टारमा वसिन्यादि अष्ट परापररहस्य योगिनीरूप, त्रिकोण बाहिर चार आयुध शक्तिरूप, कोणको टुप्पाको अगलबगलमा षडङ्ग युवतिरूप र कोणमा भित्र कामेश्वर्यादि अतिरहस्ययोगिनीरूप (यति संहार चक्र), यति १०७ रूप तिमी एउटी नै हौ। यो उपासना विषयको कुरा हुनाले "तान्त्रिकोपासनादर्पण"मा यथाज्ञान वर्णन गरी सकेको छु। अब यहाँ विज्ञानकाण्डको विषयमा वर्णन गर्दछु। यो बहुतै गहन विषय हुनाले पाठकवर्गमा विशेष ध्यान दिने अनुरोध गर्दछु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परशिव वा प्रकाशको धनात्मकरूप +१, र पराम्बा वा ऋणात्मकरूप-१ हुन्। यी दुईको मेलबाट शून्यरूप अर्थात् बिन्दु चक्र बन्यो; जस्तो कि +१-१=० हुन गयो। अनि सोही बिन्दु श्रृंगाटकरूप बनेर इच्छा, ज्ञान, र क्रियारूप ३ [1]भुज भएको त्रिकोण बनाएर आफू वेरिएर बस्छ। अनि सो बिन्दुको अन्तर्गत जो मूलप्रकृति [2]मूलरूप भएर पराम्बालाई अन्तर्गर्भित गरेर बसेको हुन्छ अर्थात् $\sqrt{-१}$ यस्तो रूप भएर अवाङ्मनसगोचर हुन्छ। यहि विमर्शात्मक शून्यरूप उष्णता प्रकाशमा जति मात्रामा मिल्दछ उति दशगुण प्रकाशको तेज बढ्दछ अर्थात् १ मा ० थपिदा १० हुन्छ एवं १००, १००० इत्यादि हुन्छ। अब सर्वप्रथम द्वन्द्वरूप भएर साकाररूप हुनुलाई [3]वर्ग हुनु भन्दछन्, फेरि 'साकाररूप' भन्नु नै 'पार्थिवतत्त्व प्रधान भएको देह' भन्नु हो र 'पार्थिवतत्त्वको सूचक चतुरस्र चिह्न हो' भन्ने माथि वर्णन भएकै छ। अतः चारैतिर बराबर भुज भएको चतुरस्र अर्थात् [4]समभुजचतुरस्र वर्गको रूप हुनाले "क"को मूल "$\sqrt{क}$"बाट र "क"को वर्ग "$क^2$" रूपबाट सूचित हुन्छ। बिन्दु भित्रको मूल प्रकृतिको आभास [5]त्रिकोणको [6]शीर्षकोणदेखि इच्छा, ज्ञान र क्रियात्मक भुजहरूसम्म मिलेर इच्छालाई इच्छा र अनिच्छा, ज्ञानलाई ज्ञान र अज्ञान अनि क्रियालाई क्रिया र अक्रियामा

---

1. भुज = Side.
2. मूल = Root.
3. वर्ग = Square.
4. समभुजचतुरस्र = Square.
5. त्रिकोण = Triangle.
6. शीर्षकोण = Vidtical-angle.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभाजन गर्दा ३ कोणको तिनोटा कुना कुनामा क्रमशः वाक् काम, शक्ति यति ३ बीजहरू रहन गई क्रमशः वाक्कोण, काम-कोण र शक्तिकोण बनी निम्नलिखित आकार खडा भयो।

अब यो बिन्दु र त्रिकोण चक्रबाट एक बन्ने हिसाब दर्शाउँछु।



यस नक्सामा यस्तो हुन्छ। क ह = इच्छा। ह ख = अनिच्छा। ख क्ष = ज्ञान। क्षग = अज्ञान। गल = क्रिया। लक = अक्रिया। खल = वि । गह = वि * । कक्ष = विZ। यो संकेत मात्रै हो। विद्वन्तर्गतचक्र = $\sqrt{-१}$, त्यसको [1]द्वन्द्वभूतसाकाररूप अर्थात् वर्ग = $(\sqrt{-१})^2 = \sqrt{-१} \times \sqrt{-१} = -१$। फेरि प्रकाश धनात्मकरूप = +१ को वर्ग पनि = $+१ \times +१ = १$। अब त्रिकोणसित 'वि' नामक भुजद्वारा सम्बन्ध हुँदाको विचार

1 द्वन्द्वभूतसाकाररूप = Mani festation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरौं। शक्ति अर्थात् शक्ति बीजात्मक कोणको [1]ज्या $= \frac{\text{वि}}{\text{खग}}$ हो। फेरि त्यसको [2]कोज्या $= \frac{\text{क्रिया}}{\text{खग}}$ हो। अतः शक्तिकोणको ज्या र कोज्याको द्वन्द्वसाकाररूप अर्थात् वर्ग हुँदा ज्या^{2}वाक्+कोज्या^{2}वाक् $= \left(\frac{\text{वि}}{\text{खग}}\right)^2 + \left(\frac{\text{क्रिया}}{\text{खग}}\right)^2 = \frac{\text{वि}^2}{\text{खग}^2} + \frac{\text{क्रिया}^2}{\text{खग}^2}$ $= \frac{\text{वि}^2 + \text{क्रिया}^2}{\text{खग}^2}$ अनि ज्यामितिको मतले $\frac{\text{खग}^2}{\text{खग}^2} = १$ फेरि उस्तै गरी ज्या^{2}काम+कोज्या^{2}काम=१। फेरि उस्तै गरी ज्या^{2}वाक् +कोज्या^{2}वाक्=१।

अब अरु अष्टारादि चक्रमा हरेक कोणमा अक्षर हुन्छन् ती अक्षर वा बीज यी यी हुन् भन्ने माथि वर्णन भएकै छ। तिनै मध्ये प्रत्येक अक्षरमा बिन्दु अर्थात् ० को आभास पर्दा, क^0 = क$^{1-1}$ $= \frac{\text{क}}{\text{क}}$ =१। एवं प्रकारले हरेकबाट १ बन्न जाने हुनाले "त्वमसि त्वमेका" भनेको हो।

फेरि पूर्वोक्त प्रमाणबाट 'क्षेत्र' भन्नाले 'स्थूल देह' बुझिन्छ। फेरि 'स्थूलदेह वर्ग अर्थात् समभुजचतुरस्राकारको सूचक हो' भन्ने माथिको बयानबाट बुझियो। अब यसैबाट १ हुन आएबाट सच्चैतन्यको स्थूलदेह -१^2 = १ हुनाले र बोधको स्थूलरूप

---

1. ज्या=Sine. 2. कोज्या=Cosine.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१^2=१ हुन जाँदा १ क्षेत्रको आकार १×१ अर्थात् एकेक मात्राको समभुज चतुरस्र हुन गयो। जो आकारमा जति ओटा क्षेत्रको अङ्क हुन आउँछ त्यसको त्यति [1]क्षेत्रफल हुन जान्छ। यसै प्रकारले यन्त्रका आवरण देवताहरूमा मूल देवताको कति अंश पाएर कुन स्थानमा विभूतिरूप बनेका हुन् भन्ने थाह हुन्छ। अब यो क्षेत्रफल कसरी जान्ने भन्ने बारेमा हिसाब यस्तो हुन्छ। चतुरस्र पृथ्वीतत्त्व सूचक विस्ताररूप हुनाले लमाई[2]×[3]गजबाट क्षेत्र फलहुन्छ। त्रिकोण अग्निसूचक हुनाले [4]माँझको उचाईलाइ [5]तलको मोटाइले गुणन गरेर अग्निको लक्षण तलबाट माथिसम्म एकनास नभई २ तिरबाट घट्दै तीखारिने हुँदा त्यसको आधा गरेपछि क्षेत्रफल हुन्छ। अर्थात् यो नक्सामा 'कखग' त्रिकोणको क्षेत्रफल यस्तो हुन्छ।



1. क्षेत्रफल = Area.
2. लमाई = Lenght
3. गज = Breadth.
4. माँझको उचाई = Altitude.
5. तलको मोटाई = Base.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

$$\frac{\text{खग} \times \text{कअ}}{२} = \triangle \text{ कखगको क्षेत्रफल ।}$$

अब वृत्तको क्षेत्रफलतिर विचार गरौं। वृत्ताकार वायुतत्त्वको सूचक हुनाले प्राण अर्थात् वायु १० प्रकारका हुन्छन् भन्ने माथि चर्चा भएकै छ। त्यसमा मूल प्रकृतिको सगुणरूप अर्थात् $(\sqrt{-१})^2 = \sqrt{-१} \times \sqrt{-१} = -१$ र फेरि त्यसको वर्ग गर्दा १ हुन्छ यो १ थपिदा ११ हुन गयो अनि सोही द्वन्द्वमूर्ति अर्थात् प्रकृति र पुरुष रूप द्विधा बन्न जाँदा $११ \times २ = २२$ हुन गयो।



फेरि वृत्ताका र बिन्दुसूचक हुनाले र बिन्दुमा सूत्रोक्त "इनिखह पीस्वराः" भन्ने ७ वर्ण अर्थात् रङ्ग विद्यमान हुनाले सो २२ लाई ७ ले भाग लिई सो वृत्तको मोटाईलाई वायु क्रियाशील हुनाले आधा गराई द्वन्द्वभूतसाकार अर्थात् वर्ग वनाई गुणन गर्दा वृत्तको क्षेत्रफल हुन्छ। अर्थात् यो नक्साका वृत्तको क्षेत्रफल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस्तो हुन्छ । $\frac{२२}{७} \times \left(\frac{क\,ख}{२}\right)^२$ = वृत्तको क्षेत्रफल । यस्तै वृत्तको क्षेत्रफलको आधा गर्दा पद्मपत्र एउटाको र अरु आकारलाई छाँटेर त्रिकोणहरू र चतुरस्रहरू बनाएर क्षेत्रफल निकाल्न पर्दछ । यस विषयमा सबैको वर्णन गर्दा [1]स्पर्श, [2]कोस्पर्श, [3]छेदन, [4]कोछेदन, [5]उत्क्रमज्या र [6]कोउत्क्रमज्याको समेत विवरण दिन पर्ने हुनाले र यो संझाउन पनि मुस्किल हुने र लेख पनि धेरै नै लम्बिने हुनाले यत्तिकैमा यो पटल समाप्त हुन्छ । अर्को पटलमा सन्ध्याविज्ञानको वर्णन गर्नेछु ।

इति श्रीयन्त्रसंकेतवर्णनन्नाम चतुर्थः पटलः

---

1. स्पर्श = Tangent.
2. कोस्पर्श = Cotangent.
3. छेदन = Secant.
4. कोछेदन = Cosecent.
5. उत्क्रमज्या = Versine.
6. कोउत्क्रमज्या = Coversine.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चमः पटलः

ॐ नमः परदेवतायै

पहिले आफ्नो देह ठीक राख्नाको लागि स्वास्थ्य बनाउने उपाय गरी मन वशमा राख्न कोशिश गर्न पर्दछ ।

अब सर्वप्रथम "सन्ध्या" भनेको के हो भन्ने कुराको निर्णय गर्न पर्‍यो। साधारण हिसाबले रात र दिन छुट्याउने अर्थात् ती दुईको साँधलाई "सन्ध्या" भन्ने चलन छ । तर "सन्ध्याकाल" खास गरेर तीन र उपसन्ध्याकाल एक गरेर ४ सन्ध्याकाल हुन्छन्। प्रातः सन्ध्याउ षाकाल अर्थात् झिस्मिसे बेहान मध्याह्नसन्ध्या मध्याह्नकाल अर्थात् ठिक आधा दिन, सायंसन्ध्या सायंकाल अनि निशीथसन्ध्या निशीथकाल अर्थात् आधा रात। यति चार सन्ध्या चार काल अर्थात् बेला हुन भनेर शास्त्रले मानेको छ। अतः यिनै चार बखतमा गर्नु पर्ने जो धार्मिक कर्म्म हो त्यसलाई पनि "सन्ध्या" भन्दछन् । यो सन्ध्याकर्म्म भन्नाले कुनै न कुनै दुई वस्तुको संयोग गराउनु भन्ने पनि संझाउँछ तसर्थ धार्मिक वा पारमार्थिक सन्ध्याकर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भनेको के हो भने निगमागमको मेल गराएर स्वधर्म्मपालनको साथ साथै आफूलाई चिन्न खोज्नु हो। अब [1]धर्म [2]अधर्म तथा [3]पाप र [4]पुण्यको बारेमा एउटा विचार गर्नु पर्ने कुरा छ। "धर्म" भन्नु र "पुण्य" भन्नु एउटै हो भन्ने भ्रमात्मक विचार घेरैमा हुन्छ। वास्तवमा "धर्म" भनेको कर्तव्य हो। धर्म नगरे अधर्म हुन्छ, फेरि अधर्म नगरे धर्म हुन्छ। तसर्थ धर्म नगरी नहुने कुरो हो। तर पुण्यमा त्यस्तो वन्देज हुँदैन। किन-भने पुण्य नगर्नाले पाप हुँदैन, फेरि पाप नगर्नाले पुण्य हुँदैन। अतः अधर्म्मबाट बच्नाको लागि र सनातन धर्मको रक्षाको लागि सन्ध्याकर्म गर्ने पर्दछ। फेरि "कुलधर्मः सनातनः" भन्ने शास्त्रवचन हुनाले सनातन धर्म भन्नु नै कुल धर्म हो। यस विषयमा तान्त्रिकविज्ञानदर्पणमा वर्णन भईसकेको छ। यी पूर्वोक्त चार सन्ध्याकर्म गर्दा पहिले वैदिककर्म गरेर अर्थात् वैदिक मन्त्र गायत्रीको विधान गरेर दीक्षाको विधान अर्थात् तान्त्रिक कर्म गर्न पर्दछ। सन्ध्याको तात्पर्य नै स्वास्थ्य ठीक राख्नुको साथ-साथै चित्तको एकाकार बृत्ति जगाएर आत्माको पुष्टि गर्नु हो। शास्त्रले गायत्रीको ध्यान सूर्यमण्डलमा गर्नु भन्ने बताएको छ। यसको मतलव के हो भने विन्दुसूत्रले

1. धर्म = Religion.
2. अधर्म = Irriligion.
3. पाप = Sin.
4. पुण्य = Virtue.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बताए बमोजिम सात वर्ण वा रङ्ग सूर्यमा हुन्छ। सूर्योदयदेखि सूर्यास्त सम्ममा ती सात वर्णहरू पालैसित आफ-आफ्नो मोटाईको हिसाबको कालसम्म प्रातःकालदेखि मध्याह्नकालसम्म सुल्टा र त्यसदेखि सायंकालसम्म उल्टा गरीहामीमा सातो-टैको प्रभाव परे पनि एउटा रङ्गको [1]किरणको विशेष प्रभाव पर्न जान्छ। अर्थात् "इनीखहपीस्वराः"को इन्द्रनील सबै भन्दा मिहिन र एवं क्रमले रक्त सबै भन्दा मोटो हुनाले २८ घडीको दिनमा-न भए [2]इन्द्रनीलकिरण १ घडी, [3]नीलकिरण २ घडी, [4]खकिरण ३ घडी, [5]हरित्किरण ४ घडी, अनि "इनीखहपी-स्वराः"को उल्टो गरी [6]रक्तकिरण ७ घडी, [7]स्वर्णकिरण ६ घडी, र [8]पीतकिरण ५ घडी, यस प्रकारले समय समयमा एकेकको अरूको भन्दा विशेष प्रभाव हुन्छ। एवं प्रकारले दिनमानको दक्षिनायण र उत्तरायणको हिसाबले घटवढ हुँदा किरणको काल पनि दामासाहिले घटवढ हुन जान्छ। अतः दिनमा सबै भन्दा मसिनो इन्द्रनीलको पालोमा बेहान सबेरै मौसमानु-सारको बढी ठण्डा र दिउँसो मध्याह्नतिर सबै भन्दा मोटो रक्तको पालोमा मौसमानुसारको बढी गरम हुन जाने कुरा

---

1. किरण = Ray. 2. इन्द्रनीलकिरण = Violet ray.
3. नीलकिरण = Indigo ray. 4. खकिरण = Blue ray.
5. हरित्किरण = Green ray. 6. रक्तकिरण = Red ray.
7. स्वर्णकिरण = Orange ray. 8. पीतकिरण = Yellow ray.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनुभव सिद्धै छ। त्यसकारणले प्रातःकाल इन्द्रनील किरणको समयलाई दिनको बालावस्था, मध्याह्नकाल रक्तकिरणको समयलाई दिनको युवावस्था र सायंकाल पीतकरिणको समयलाई दिनको वृद्धावस्था भनेर शास्त्रले बताएको हो। इन्द्रनील-वर्णले आरोग्य दिन्छ र आरोग्यबाट सृष्टि हुन्छ, त्यस्तै रक्त-किरणले जोश र फूर्ति बढाउँछ र जोश र फूर्तिबाट व्यावहारिक स्थिति हुन्छ अनि फेरि पीतकिरणले शान्ति गराउँछ र शान्ति-बाट चित्तको विश्रान्ति भई लय हुन्छ।

अतः प्रातस्कालमा स्नान गरेर अर्द्धनग्न भएर सूर्य पूर्वतिर हुनाले पूर्वैतिर फर्किएर इन्द्रनीलकिरण (कलिलो घाम) सन्मुख पारेर त्यसको राप ताप्दै [1]सुखासनबांधी [2]प्राणायाम गरी साङ्गो पाङ्ग जपादि क्रिया गर्नाले आरोग्य प्राप्त भई मन्त्र मननको जागर्ति हुन्छ। अनि मध्याह्नकालमा स्नान गरेर रक्त-किरण (चर्को घाम) ज्यादा कडा हुनाले सो पिठौं पारी उत्तरतिर फर्की उस्तै गर्नाले जोश र फूर्ति आई मन्त्र-मननको प्रबल जागर्ति हुन्छ। फेरि स्नान गरेर सायंकालमा सूर्य पश्चिम-तिर हुनाले पश्चिमैतिर फर्कि पीतकिरण (पहेंलो घाम) तापी उस्तै गर्नाले चित्तको विश्रान्ति भएर आनन्द प्राप्त भई मन्त्रमन-नको अनुभव पाइन्छ। त्यसउसले उपनयन भएपछि ब्रह्मचर्य-धर्ममा रहेर वैदिकाचारले पाशवकल्पबाट "दासोऽहं"भावले

1. सुखासनबाँधी = Sitting in an easy posture.
2. प्राणायामगरी = Breathing exercise.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केवल गायत्रीको उपासना गरी स्वास्थ्य तंदुरुस्ती बनाई मनको भाव ठीक गराइन्छ। अनि विवाह गरेपछि गृहस्थ–धर्म पालन गर्न दीक्षाग्रहण गरी वीरकल्पोक्तनियममा रही क्रमैसित वीराचारले "सोऽहं" भावले उपासना गर्दै पूर्ण दीक्षग्रहण गरी अर्थात क्रमदीक्षा पूर्ण गरी कुलाचारले "सोऽहं" भाव समेत छाडी अनुभवगम्य एकाकार "नाहं" भाव सिद्ध गर्नाको लागि उपासना गरिन्छ। क्रम-दीक्षाको वैज्ञानिक-रहस्य ज्यादै गम्भीर र रहस्यपूर्ण हुनाले पछिपछि यस विषयमा चर्चा गर्नेछु। अहिले यहाँ पूर्णक्रम भएपछि हुने सन्ध्याको यथा ज्ञान चर्चा गर्नेछु। किनभने सबैभन्दा माथिको रहस्यको ज्ञान भएपछि तल तलको कुरा आफै अनुमान हुन सक्छ।

ब्रह्मचर्याश्रमबाट "दासोऽहं" भावले अर्थात् देहाभिमानले उपासना हुने हुनाले सूर्यको वर्णात्मक किरणानुसार सन्ध्योपासना पूर्वोक्तवत् हुन्छ। किनभने "सूर्य आत्मा हुन्" भन्ने माथि नै वर्णन भइसकेको छ। अतः यो वैदिक उपासनामा धेरै नियम र निष्ठा चाहिन्छ, फेरि ब्रह्मचर्याश्रममा रहँदा व्यवहारिक टंटा केही नपर्ने हुनाले यी नियमहरू पालन गर्न पनि सजिलोसित सकिन्छ। तर गृहस्थाश्रममा व्यावहारिक झंझट धेरै पर्न आउने हुनाले र "चन्द्रमा मन हुनाले" मनको पवित्रताको भरले "सोऽहं" भावले वैदिक र तान्त्रिक मिलेको अर्थात् गायत्री र दीक्षामहा-मन्त्रको उपासना हुन्छ। यस बारेमा आगममा वचन यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"न स्नानान्न व्रताद्दानान्निष्ठया न भवेच्छुचिः ।
मनो यस्य पवित्रंस्यात् स पूतो नात्रसंशयः ॥
तस्मात्सर्व प्रयेत्नेन मनः पूतं समाचरेत् ॥"

अर्थात्—"स्नान गर्दैमा, व्रत बस्दैमा दान गर्दैमा वा अनेक निष्ठा गर्दैमा पवित्र हुँदैन । जसको मन पवित्र हुन्छ, उही चोखो हुन्छ । अतः सबै प्रयत्नले मन चोखो राख्न पर्दछ ।"

अतः 'गायत्रीको लागि आत्मारूपि सूर्यको विचार र दीक्षाको लागि मनरूपी चन्द्रमाको विचारले सन्ध्या गर्न पर्ने हुनाले दुबै पक्षको विचार राखेर हामी गृहस्थाश्रमी कुलीनले आफ्नो सनातन--धर्म थाम्न पर्दछ । सन्यासाश्रमीहरूले भने शिखासूत्र त्यागेर गायत्रीको उपासना छाडी सकेबाट केवल स्वेच्छा नियम पालन गर्न सक्लान्, तर हामी गृहस्थीहरूले सर्वथा सन्यासीलाई गुरु थापेर दीक्षा ग्रहण गर्न हुँदैन । फेरि हामीले पूर्णक्रमदीक्षाको बाटो लिन पर्छ, सन्यासी बन्न हुँदैन । घरवार त्याग्न मन भए महासाम्राज्यमेधा दीक्षा-ग्रहण गरेर ब्रह्मचारी भएर अवधूत बन्न सकिन्छ, जस्तो मेरो पूज्य गुरुदेव श्री १०८ पूर्णानन्द ब्रह्मचारीज्यू हुनुहुन्थ्यो । त्यस्तासित भने दीक्षाग्रहण गर्नु अहो भाग्य हो । सन्यासीलाई गुरु नथाप्नु भन्ने वारेमा आगमोक्ति यस्तो छ ।

"पितुर्दीक्षा यतेर्दीक्षा दीक्षा च वनवासिनः ।
विविक्ताश्रमिणोदीक्षा सा न कल्याणदायिनी ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अज्ञानात्तु भवेद्दीक्षा सन्यासाश्रमिणो यदि ।
तां त्यक्त्वा सद्गुरुं प्राप्य पुनर्दीक्षणमाचरेत् ॥"

अर्थात्—"बाबुबाट, जोगीबाट, वनवासीहरूबाट र विविक्ताश्रमी अर्थात् कहिले सन्यासि कहिले गृहस्थी कहिले अघोरी कहिले वैष्णव कहिले केहि कहिले केही आश्रम ग्रहण गर्नेहरूबाट भएको दीक्षाले कल्याण गर्दैन । थाहा नपाएर सन्यासीबाट दीक्षा भएको भए सो दीक्षा त्यागी सद्गुरु प्राप्त गरेर फेरि दीक्षा ग्रहण गर्नु' । महाविद्याको नियमको बारेमा यस्तो उक्ति छ ।

"नदेशकालनियमो भक्षादिनियमो नहि ।
शौचादिनियमो नास्ति महामन्त्रस्य साधने ॥"

अर्थात्—"महामन्त्रको साधनको लागि देश, काल, खानपिन र शौचादिमा नियम कुनै पनि गर्नु पर्दैन अर्थात् स्वेच्छाचारमा गरे हुन्छ ।" गायत्रीमा त्यस्तो नियम र दीक्षामा यस्तो नियम हुनाले आर्ष गुरुहरूले गृहस्थीको लागि मन पवित्र राखेर प्रातः सन्ध्या प्रातस्कालदेखि मध्याह्नकाल भन्दा एक घडी अघि सम्ममा, मध्याह्नसन्ध्या मध्याह्नकालदेखि अपराह्नकालसम्म र सायंसन्ध्या सायंकालदेखि अर्द्धरात्री सम्ममा आफ्नो फुर्सदमा गरे हुने प्रथा राखेका छन् । यस्तो उक्ति छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"प्रातर्मध्याह्नपर्यन्तं मध्याह्नादपराह्नतः ।
सायाह्नादिनिशीथान्तं त्रिसन्ध्यं कर्ममाचरेत् ॥
प्रत्यहं तु प्रकर्तव्यं सन्ध्यालोपं नकारयेत् ॥"

अर्थात्–"बेहानदेखि मध्याह्नसम्म, मध्याह्नदेखि अपराह्नसम्म र सायंकालदेखि निशीथकालसम्म तीन पटक सन्ध्या कर्म हररोज गर्नुपर्छ, सन्ध्यालोपन गर्नु हुँदैन।"

निशा-सन्ध्या अर्थात् तुरीया-सन्ध्याको बारेमा यस्तो छ।

"गते तु प्रथमेयामे तृतीयपहरा वधिः ।
तावज्जपं प्रकर्तव्यं रात्रिशेषे जपेन्नहि ॥"

अर्थात्–"पहिला प्रहर बितेपछि तेस्रो प्रहरसम्म जप गर्नु; रात्री शेषमा अर्थात् चौथो प्रहरमा जप नगर्नु ।"

अब सन्ध्याको उपास्य देवताको बारेमा चर्चा गरौं। प्रातस्कालमा अर्थात् सबेरै जब सबै निद्राबाट जागेर शौचस्नानादि कर्म्म गरेर ताजा हुन्छन । तब त्यसबेला सबैको आत्माको स्फुर्ति नयाँ जस्तो हुन जान्छ र आत्मचेतनाको हालत अनुभवगम्य हुन जान्छ। सोहि अवस्थाको चेतनालाई गायत्री र ब्रह्माणी भन्दछन्। उनको ध्यान यस्तो छ।

"ब्रह्माणी चतुराननाक्षवलयं कुंभंकरैः स्रुक्स्रुवौ ।
बिभ्रारणारुणकान्तिरिन्दुवदना ऋग्रूपिणी बालिका॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हंसारोहणकेलि रम्बरमणे विवाञ्चिता भूषिता।
गायत्री हृदिभाविता भवतु नः संपत्समृद्धौ सदा ॥"

भावार्थ—"अरुणोदयको समय झैं लालवर्ण भएकी चारमुख र अक्षमाला, कुंभ, स्रुवो, अनि स्रुवाले युक्त चारहात भएकी बालावस्थाकी हाँसमाथि चढेकी अनेक रत्नको गहना गुरुवा पहिरिएकी ब्रह्माणी भनिएकी गायत्री ऋग्वेदरूपिणी हाम्रो हृदयमा संपत्संमृद्धिको लागि भावना होउन्।

त्रिगुणार्थको भाव—चार मुखले परा, पश्यन्ति, मध्यमा र वैखरी यति चार नाडीको (हंस) वा हाँसले जीवको र त्यसमाथि चढेकोले सकल जीब साक्षिणी भन्ने समेत सूचना हुन्छ। अनि बालावस्थाकी भन्नाले भरखर संसारमा जन्मिएकी अर्थात् सृष्टिरूपिणी, फेरि ऋग्रूपिणी भन्नाले ऋग्वेदको महावाक्य "प्रज्ञानं ब्रह्म"को तत्व स्फुरण गराउने भन्ने बुझिन्छ।

अब यहाँ एउटा विचारको कुरा छ। वेदमन्त्रहरू सबैमा "दासोऽहं" भावले उपासना हुने र मन्त्रार्थ समेत प्रार्थनारूपको हुने हुनाले मन्त्रको अर्थको मननसम्म मात्रै भई मन्त्रको रूपलाई नै इष्टमानी उपासना हुन्छ। यसकारणले गायत्रीको अर्थ पुंरूप ब्रह्ममा घट्दछ। तर सो मन्त्रको स्त्रीरूप हुन्छ। अतः यस मन्त्रको इष्टदेवता स्त्रीरूपिणी गायत्री ठहरिन गइन्। यस्तै धेरै वैदिक मन्त्रहरूमा अर्थ एउटा देवतामा घटी मन्त्रको रूपको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हिसाबले इष्टदेवता अर्कै ठहरिन्छ । यहाँ उदाहरणको लागि केहि मन्त्रहरू दर्शाउने चेष्टा गर्दछु । प्रायः ग्रहहरूको मन्त्रमा यस्तो हुन्छ ।

"अग्निम्मूर्द्धा दिवः ककुत्पतिः पृथिव्या अयम् ।
अपा ७ं रेता ७ं सिजिन्वति ॥"

यो भौमग्रहको मन्त्र हो, तर यसको अर्थ भने अग्निको प्रार्थनारूप यस प्रकारको हुन्छ । "दिवः (आकाशको) मूर्द्धा (शिर झैं भएको) ककुत् (साढेको जुरो झैं रूप भएको यसको मतलव सूर्यरूप भएको भन्ने हो) पृथिव्याः (पृथ्वीको) पतिः (मालिक) अयं (यो) अग्निः(आगो) अपां (पानीको अर्थात् वर्षाको) रेतांसि (बीजहरूलाई) जिन्वति (प्रेरणा गर्छ अर्थात् पुष्ट गर्छ)"

"शन्नो देवीरभीष्टये आपो भवन्तु पीतये
शंयोरभिःस्रवन्तुनः ॥"

यो शनिग्रहको मन्त्र हो, तर यसको अर्थले भने जललाई संकेत गर्ने यस प्रकारको हुन्छ । देवीः (प्रकाशमान् भएका जलहरू) नः (हामीहरूको) अभीष्टये (अभिलासा पूर्तिको लागि) पीतये (पिउनाको लागि) शं (सुख दिने) भवन्तु (होउन्) आपः (जलहरू) शंयो (रोग र शोक समन गर्नको लागि) अभिःस्रवन्तु (सामर्थ होउन्)" यसै मन्त्रको तान्त्रिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भावले प्रयोग गरी कर्मपात्रमा जल हाल्दा पनि यही मन्त्र पढिन्छ।

"उद्बुध्यस्वाग्ने प्रतिजागृहि त्वमिष्ठापूर्त्ते संसृजेथामयञ्च अस्मिन् सधस्थे अध्युत्तरस्मिन्विश्वेदेवा यजमनश्च सीदत ॥"

यो बुध ग्रहको मन्त्र हो, यसको अर्थले अग्निलाई पुकारेको यस प्रकारको हुन्छ। "अग्ने (हे अग्नि)॥ त्वं (तिमी) उद्बुध्यस्व (सावधान होउ)॥ प्रतिजागृहि (यजमानलाई जगाउ) इष्टापूर्त्ते (श्रौतस्मार्तकर्ममा) अयं (यो यजमान) संसृजेथां (योग्य होओस्) विश्वे देवाः (हे विश्वेदेवहरू) यजमानः (यजमान) अस्मिन् उत्तरस्मिन (यो सर्वोत्कृष्ट भएको) सधस्थे (रविलोकमा) अधि सीदत (धेरै कालसम्म वसोस्)॥

"कयानश्चित्र आभुवदुती सदा वृधः सखा
कया शचिष्टया वृता ॥"

यो राहुग्रहको मन्त्र हो, यसको अर्थले इन्द्रलाई संबोधन गरेको यस प्रकारको हुन्छ। "चित्र (विचित्र अर्थात् पूज्य भएका) सदावृध (सँधै बढ्ने) कया (कुन चाहिँ) उति (तर्पणले) नः (हामीहरूको) सखा (सहायक) आभुवद् (सन्मुखमा हुन्छ) कया (कुनचाहिँ) वृता (वरणगरिएका) शचिष्टया (अतिशय याग क्रियाले)"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"केतुं कृण्वन्नकेतवे पेशोमर्या अपेशसे
समुषद्भिरजायथाः ॥"

यो केतुको मन्त्र हो। यसको अर्थमा पनि अग्निलाई संबोधन गरेको यस प्रकारको हुन्छ। "अकेतवे मर्याः (अज्ञानी मानिस उपर) केतुं (ज्ञान) अपेशसे (सुन चाँदी नभएकालाई अर्थात् गरीबगुरुवालाई) पेशः (सुन चाँदीले युक्त भएको अर्थात् धनी) कृण्वन् (गरीरहेका यहाँ गराइरहेका भन्ने संझन पर्छ) उषद्भिः (हवन गर्नेहरूद्वारा) अजायथाः (उत्पन्न भएका छौं)"

यस्ता धेरै मन्त्रहरू छन् पूर्वोक्त पाँच मन्त्र त दिग्दर्शन रूपले मात्रै दर्शाएको हुँ। अब फेरि सन्ध्योपासनातिर विचार गरौं।

जब गायत्रीको जपबाट "प्रज्ञानं ब्रह्म" को भाव आउँछ, तब मनमा ब्रह्म-तत्त्वको भाव झल्कन्छ। तर सूक्ष्मतवरले ब्रह्म र आफूमा इदं अर्थात् यो, त्वं अर्थात् तिमी र अहं अर्थात् मँ भन्ने भेदभाव मनमा घुसीरहेकोहुन्छ। किनभने यस महावाक्यले "प्रज्ञान नै ब्रह्म हो" भनेर त बतायो तर त्यो भाव बुझ्ने र सुन्ने त मन ठहरियो। फेरि यही मन वासनाको कारण हो। अतः मनोनाश नभई वासना क्षय हुँदैन, फेरि वासनाक्षय नभई एकाकारवृत्ति आउँदैन भन्ने ध्रुवसत्य हुनाले र तान्त्रिक बीजात्मक तथा कूटात्मक मन्त्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अहंत्वमिदं" को भावलेश मात्र पनि नरही मनोनाश वासनाक्षय गराएर एकाकारवृत्ति जगाई तद्रूपसिद्ध गराउने भावको अर्थ हुनाले, गायत्री जपबाट बाँकिरहेको भेदभाव हटाउँन दीक्षा जप्नु पर्छ। यसकारणले उपनयनमा गायत्री ग्रहण गरी केही दिन व्रह्मचर्यमा रही कायशुद्धि भए पछि दीक्षाग्रहणगरी निगमागमको मन्त्रद्वारा आत्मा र मनको शुद्धि गर्नेतिर लाग्ने प्रथा सनातन कुलधर्मको हो। जसले जुनसुकै "हरेराम" आदि मत अपनाए पनि यो गायत्री र दीक्षा ग्रहण गर्ने प्रथालाई द्विज मात्रले नतमस्तक भएर सकार्न पर्दछ। चाहे दीक्षा जुनसुकै देवताको लिए पनि वेदमाता गायत्री ग्रहण गरी शाक्त त वन्नै पर्दछ। शाक्त न वनी द्विज नै हुदैन।

अतः पहिले गायत्री जपेर दीक्षा जप्दा आफ आफ्नो अधिकार अनुसारको मन्त्र जपिन्छ। प्रत्येक आम्नायमा नायिकाहरूको गायत्री कै जस्तो तीनप्रकारका न्यास, ध्यान र जप हुन्छ। तर तुरीयसन्ध्यामा भने सर्वाधिकार अर्थात् त्यस आम्नायको निर्वाणदीक्षा प्राप्त भएपछि मात्रै जपादि कर्म हुन्छ। तर सकलाम्नाय समष्टिरूपिणी सर्वाम्नायनायिका श्रीविद्यामा भने तुरीयसन्ध्यामा सर्वाधिकार-निर्वाण-विद्याको अतिरिक्त तुरीय न्यास, ध्यान र जप पनि हुन्छ। फेरि गायत्रीमा नभएको तुरीयातीतसन्ध्या पनि यस श्रीविद्यामा हुन्छ।

"तान्त्रिक उपासनामा मन्त्रको रूपको वास्ता नभई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रको अर्थबाट इष्टदेवताको रूप बन्दछ" भन्ने कुरा माथिनै चर्चा भईसकेको छ। लेख विस्तार भयले अरू आम्नायको चर्चा छाडी केवल सर्वाम्नायनायिका श्रीविद्याको मात्र वर्णन गर्दछु। त्यसैबाट अरूको पनि अनुमान हुनसक्ने छ।

जब गायत्रीको जबबाट मनमा "प्रज्ञानं ब्रह्म" को भाव स्फुरण हुन्छ त्यसबेला आत्मामा अनुभवगम्य असर पर्न जान्छ। अनि त्यस अवस्थाको चेतनालाई "महाषोडशी महात्रिपुरसुन्दरी" र उनको पुरुष वा भैरवलाई "परशिव महाकामेश्वर" भन्दछन्। तिनको युगल मूर्तिको ध्यान यस-प्रकारको हुन्छ।

"अरूपां रूपिणीभूतां पब्रह्मस्वरूपिणीम्।
भुक्तिमुक्तिप्रदां साक्षात्सुन्दरीं कथयामिते ॥
अमृताणवमध्यस्थे मणिद्वीपे मनोहरे।
कल्पवृक्ष बनान्तस्थे चिन्तामणिगृहे शुभे ॥
दिव्यरत्नविनिर्माणवेदिकोज्वलकं स्मरेत्।
तत्र सिंहासनं रम्यं पंचब्रह्मात्मकं स्मृतम् ॥
ब्रह्माच्युतौ च रुद्रेशौ मञ्चपादचतुष्टयम्।
तदूर्ध्व मञ्चफलकरूपो देवः सदाशिवः ॥
सदाशिवस्य नाभिस्थपद्मनालोज्वलं भवेत्।
तदूर्ध्वे तु सहस्रारकर्णिकायां परः शिवः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाशाङ्कुशधनुर्वाणधरस्त्र्यक्षश्चतुर्भुजः ।
बालार्कारुणवर्णाभः पूर्णेन्दुकृतशेखरः ॥
अरुणाम्बरभूषाढ्यो दिव्यरत्नविभूषितः ।
जटाजूटः सुललितः स्मेराननसरोरुहः ॥
स्वस्तिकासनसंपन्नो महाकामेश्वरो विभुः ।
ततो ध्यायेन्महादेवीं तस्य वामांङ्कसंस्थिताम् ॥
पद्मरागप्रतिकाशां कुंकुमोदकसन्निभाम् ।
सुभ्रवाचां त्रिनेत्रा श्च सुस्तनीं चारुहासिनीम् ॥
रत्नाभरणभूषाढ्यां स्मरकोटिमनोहराम् ।
रक्तवस्त्रपरीधानां प्रोद्भिन्नवयौवनाम् ॥
कृशमध्यां चतुर्वाहुं खण्डेन्दुकृतशेखराम् ।
वामोर्ध्वे पाशहस्ताढ्यां दक्षिणेऽङ्कुशधारिणीम् ॥
तदधो वामहस्तेन चेक्षुकोदण्डधारिणीम् ।
हयारिः कमलं चैव कह्लारं, सहकारकम् ॥
इन्दीवरं समायुक्तं पंचवाणाभिधायुधम् ।
धारयन्तीं सुरम्येन दक्षिणाधः करेणतु ॥
एवं धात्वा महामायां जगत्कारणकरिणीम् ।
इहलोके श्रियं भुक्त्का चान्ते ब्रह्मपदंलभेत् ॥

अन्वयः—परब्रह्मस्वरूपिणीं रूपिणीभूतां अरूपां साक्षात् भुक्तिमुक्तिप्रदां सुन्दरीं ते कथयामि । अमृतार्णव-मध्यस्थे मनोहरे मणिद्वीपे कल्पवृक्षवनान्तस्थे शुभे चिन्तामणि-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गृहे दिव्यरत्नविनिर्माणवेदिकोज्वलकं स्मरेत्। तत्र पंचब्रह्मात्मकं रम्यं सिंहासनं स्मृतम्। ब्रह्माच्युतौ रुद्रेशौ च मञ्चपाद-चतुष्टयम्, तदूर्ध्वे मञ्चफलकरूपः सदाशिवः देवः (स्युरिति भावः) सदाशिवस्य नाभिस्थपद्मनालोज्वलं भवेत्। तदूर्ध्वेतु सहस्रारकर्णिकायां पाशांकुशधनुर्बाणधरः चतुर्भुजः त्र्यक्षः बालार्कारुणवर्णाभः पूर्णेन्दुकृतशेखरः स्वस्तिकासनसंपन्नः परः शिवः महाकामेश्वरः (जयतीति भावः)। ततः तस्य वामांकसंस्थितां पद्मरागप्रतीकाशां कुंकुमोदकसन्निभां सुभ्रुवाचां त्रिनेत्रां सुस्तनीं चारुहासिनीं रत्नाभरणभूषाढ्यां स्मरकोटि-मनोहरां रक्तवस्त्रपरीधानां प्रोद्भिन्नवयौवनाम् खण्डेन्दुकृत-शेखरां कृशमध्यां चतुर्बाहुं वामोर्ध्वे पाशहस्ताढ्यां दक्षिणे अंकुशधारिणीं तदधः वामहस्तेन च इक्षुकोदण्डधारिणीं हयारिः, कमलं, कह्लारं, सहकारकं, इन्द्रीवरं चैव समायुक्तं पंचबाणाभिधायुधम् सुरम्येन दक्षिणाधः करेण तु धारयन्तीं महादेवीं ध्यायेत्। एवं जगत्कारणकारिणीं महामायां ध्यात्वा इहलोके श्रियं भुक्त्वा अन्ते च ब्रह्मपदं लभेत्।

व्याख्यार्थः—परब्रह्मस्वरूपिणीं (परब्रह्मरूप भएकी) रूपिणीभूतां (रूप धारणगरेकी) अरूपां (आकार नभएकी) साक्षात् (प्रत्यक्षरूप अर्थात् साँच्चिकै) भुक्तिमुक्तिप्रदां (भुक्ति मुक्ति दिने) सुन्दरी (सुन्दरी अर्थात् महाषोडशी) ते (तिमीलाई) कथयामि (बताउदछु) अमृतार्णवमध्यस्थे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(अमृतको सुमुन्द्रको बीचमा रहेको। निर्गुणार्थमा अमृतको समुद्र भन्नाले विश्वसोम[1] त्यसको बीचमा रहेको भन्नाले अनन्तविश्वसोमहरूको बीचमा रहेको भन्ने बुझिनाले अनन्त-कोटि ब्रह्माण्डको बीचमा अर्थात् शून्याकाशमा) मनोहरे (राम्रो। निर्गुणार्थमा मनलाई हरण गर्ने भन्नाले मनोनाश-वासना क्षय गराउने) मणिद्विपे (मणिद्विप नाम गरेको देवीलोकमा। निर्गुणार्थमा कल्पना गर्ने मन भित्र रहेको) शुभे (शुभरूप) निर्गुणार्थमा पनि शुभरूप) चिन्तामणि गृहे (चिन्तामणिको घरमा। निर्गुणार्थ मा "एकोऽहंनानास्याम" भन्ने विचारले चिन्ता गराउने ब्रह्म शक्ति नै चिन्तामणि हुन् तिनको घरमा वा वासस्थानमा भन्नाले मनोवाग्गोचरागम्य स्थानमा) दिव्यरत्नविनिर्माणवेदिकोज्वलकं (अलौकिक जुहारत जडाउ भएको उज्यालोवेदिका। निर्गुणार्थमा मन, बुद्धि, चित्त र अहंकारले बनेको देह) स्मरेत् (संझनु) यति सबै क्रम बताएर निर्गुणार्थले आफ्ना देहको संझना गराई फेरि शरीर भित्रको वर्णन गरिन्छ। यथा तत्र (त्यहाँ। निर्गुणार्थमा मन, बुद्धि, चित्त र अहंकाररूपी सूक्ष्मदेहमा) पञ्चब्रह्मात्मकं (पञ्चमहाप्रेतरूप भएर बनेको। निर्गुणार्थमा पृथ्व्यादिपञ्चमहाभूतबाट बनेको) रम्यं (राम्रो निर्गुणार्थमा "रन्तुम्" (खेलनलाई) योग्यं (योग्य)" भन्ने अर्थ गर्दा उच्छ्वासनिःश्वासको खेल खेलनामा योग्य भन्ने बुझिन्छ)

1. विश्वसोम = Nebula.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सिंहासनं (खाट्। निर्गुणार्थमा सूक्ष्मदेहको मुख्य आसन भन्नाले स्थूलदेह) स्मृतं (संझियोस्) यसबाट स्थूल देह बुझियो, अब सो स्थूल देह मा भएको पूजाहरूको वर्णन हुन्छ ब्रह्माच्युतौ (ब्रह्मा र विष्णु। निर्गुणार्थमा ब्रह्मा भन्नाले पृथ्व्यात्मक मूलाधारचक्र र विष्णु भन्नाले जलात्मक मणिपूरक-चक्र) रुद्रेशौ (रुद्र र महेश्वर। निर्गुणार्थमा तेजसात्मकरुद्र भन्नाले स्वाधिष्ठानचक्र र वाय्वात्मक महेश्वर भन्नाले अनाहत-चक्र) यो निर्गुणार्थको पुष्टि गरेर श्री १०८ स्वामी शंकराचार्यजीले "सौन्दर्य लहरी" मा यस प्रकारले वर्णन गरेका छन्।

"महीं मूला धोर कमपि मणिपूरे हुतवहम्।
स्थितं स्वाधिष्ठाने हृदि मरुतमाकाशमुपरि॥
मनोऽपि भ्रूमध्ये सकलमपि भित्वा कुलपथम्।
सहस्रारे पद्मे सह रहसि पत्या विरहसि॥"

मंचपादचतुष्टयं (चार खाटका खुट्टाहरू। निर्गुणार्थमा उत्तमांग भएको शिरलाई थाम्ने सिंहासनरूप देहको चार खुट्टा रूप चार टेवा) तदूर्ध्वे (त्यस माथि) मंचफलकरूपोदेवः सदाशिवः (खाटको फलेकरूप देव पंचमुखी महादेव अर्थात् सदाशिव। निर्गुणार्थमा उत्तमांग शिर रहने ठाउँ अर्थात् घाँटिरूप देवः सदाशिवः भन्नाले आकाशात्मक विशुद्धिचक्र)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सदाशिवस्यनाभिस्थपद्मनालोज्वलं (सदाशिवको नाभिमा रहेको चहकिलो पद्मनाल अर्थात् कमलको डाठ। निर्गुणार्थमा इडा, पिंगला र सुषुम्णारूप षट्चक्र पद्महरू गाँसिएको नाल त्यसको चहक भन्नाले तिनीहरू जोलिएको ठाउँ अर्थात् आज्ञाचक्र) भवेत् (हवस्) तदूर्ध्व (त्यसमाथि) सहस्रदल कर्णिकायां (हजार पात भएको कर्णिकामा। निर्गुणार्थमा सहस्रारको कर्णिकामा) अब चैतन्यरूप युगलमूर्तिको वर्णन हुन्छ पाशांकुशधनुर्बाणधरः, (पाश, अंकुश, धनु र बाण हातमा लिएका। निर्गुणार्थमा पाशले जगद्वशीकरणत्व, अंकुशले जगत्स्तंभनत्व, धनुले जगन्मोहनत्व र वाणले जगज्जम्भनत्वको सूचक र यति कुरा हातमा लिएको भन्नाले र पुंरूप बुझ्नाले यी सबै कुराको विकर्षणात्मकतत्त्वरूप[1]) त्र्यक्षः (तीन नेत्र भएका। निर्गुणार्थमा सर्वलोकचक्षु अर्थात् सर्वसाक्षी) बालार्कारुणवर्णाभः (भर्खर उदाउका सूर्य झैं लाल वर्ण भएका। निर्गुणार्थमा शुभ र हर्षरूप सगुणसौभाग्यसूचक सिंदुरे अर्थात् लालवर्ण हुँनाले सौभाग्यरूप) पूर्णेन्दुकृतशेखरः (माथमा पूर्णचन्द्र पहिरेका। निर्गुणार्थमा महाविन्दुरूप प्रकाश) जटाजुटः (कपालको जुरो बाँधेका। निर्गुणार्थमा सबै विकारहरूलाई बाँधेर राखेका) अरूणाम्बर भूषाढ्यः (लाल पोसाक पहिरेका। निर्गुणार्थमा रजोगुणात्मक सृष्टिरूप) दिव्यरत्न विभूषितः (दिव्य गहना पहिरेका। निर्गुणार्थमा

---

1. विकर्षणात्मकतत्व=Potential-energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजसी ठाँटवाँट भएकोले सवै जगतका राजा अर्थात् मालिक) सुललित (राम्रा। निर्गुणाथमा असल प्रकारको लिलागर्न तत्पर अर्थात् "एकोऽहं नाँनास्याम्" भन्ने विचार भएका) स्मेराननसरोरुहः (हँसिलो मुख भएका। निर्गुणार्थमा परमानन्दरूप) स्वस्तिकासनसंपन्नः (स्वस्तिकासनमा बसेका अर्थात् एउटा पाउ लटकाएर अर्को पाउ त्यस्को तिघ्रो माथि राखेका। निर्गुणार्थमा स्वागतरूप) परः (जगत् भन्दा पर रहेका। निर्गुणार्थमा पनि उही) शिवः (कल्याणरूप। निर्गुणार्थमा पनि उही। महाकामेश्वर (महाकामेश्वर नाम भएका। निर्गुणार्थमा मुमुक्षुले कामना गर्ने पदार्थ अर्थात ब्रह्म) हुन् भन्ने संभन्न पर्छ अव शक्तिको वर्णन हुन्छ। तस्य (तिनको) वामांकसंस्थिताम् (वायां काखमा बसेकी। निर्गुणार्थमा "वाम" भन्नाले "पशुपतिको उत्तरमुख वामदेव" हुन्। यिनैबाट उत्तराम्नाय निस्किएको हो। फेरि "उत्तरानुग्रहो भवेत्" भन्ने क्रमचिन्तामणीको वचन हुँनाले अनुग्रहकला र अन्तर्लीनकला भन्ने दुवै बुझीयो यी कला माथि वसेकी हुँनाले त्यसपछिको सृष्टिकला रूपिणी) यो निर्गुणार्थमा यस्तो समास हुन्छ। वामस्य अर्थात् वामको अङ्के अर्थात काखमा तिष्ठति अर्थात् वस्दछिन् या सा अर्थात् जो तिनी, ताम्) पद्मरागप्रतिकाशां (पद्मरागमणि झैं झलिकए की। निर्गुणार्थमा पद्मरागमणि झैं किमती अर्थात् दुर्लभा) कुङ्कुमोदक सन्निभां (कुंकुम हालेको पानी झैं लाल वर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएकी। निर्गुणार्थमा सौभाग्यरूपिणी। सुभ्र वाचां (राम्रो वचन भएकी। निर्गुणार्थमा संगीतकी आदिकारणी।) यो निर्गुणार्थलाई सूचित गर्ने प्रमाण वृहद्वडवानलतन्त्रमा "गुह्यकाली तालरूपिणी अर्थात् नृत्यरूपिणी, त्रिपुरा गीत-रूपिणी र महात्रिपुरसुन्दरी नाच र गान मिलेको संगीत-रूपिणी हुन्" भन्ने उक्ति यस्तो छ।

"ताल योगेश्वरी गुह्या स्वरस्तु त्रिपुरेश्वरी।
तालात् संजायते नृत्यं स्वरात् गीतमनुत्तमम् ॥
नृत्यगीतसमायुक्तं संगीतमुच्यते बुधैः।
संगीतरूपिणी साक्षाच्छ्रीमत्त्रिपुरसुन्दरी ॥"

फेरि दुर्गासप्तशतीमा पनि यस्तो उक्ति छ।

"शब्दात्मिका सुविमलर्ग्य जुषां निधान—
मुद्गीथरम्यपदपाठवतां च साम्नाम् ॥
देवी त्रयी भगवती भवभावनाय।
वार्ता च सर्वजगतां परमार्तिहन्त्री ॥"

यस्तो उक्तिले त्रिपुरा गीत स्वरूपिणी हुन् भन्ने सिद्ध हुन्छ। किनभने सुन्दरी स्तवमा आगमोक्ति यस प्रकारको छ।

"ब्राह्मीरौद्रीवैष्णवीति शक्तयस्तिस्र एवहि।
पुरं शरीरं यस्या सा त्रिपुरेति प्रकीर्तिता ॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसै उक्तिको आधारले "त्रयी भगवती" भन्नेबाट "त्रिपुरा" भन्ने सिद्ध हुन्छ। फेरि गुह्यकालीको ध्यानमा "नृत्यपादाम्" भन्ने र गुह्यकालीको महाकालकृत सुधाधारा-स्तवमा "नटन्ती पतन्ती चलन्ती हसन्ती" भन्ने उक्तिबाट गुह्यकाली नृत्य नाच स्वरूपिणी भन्ने सिद्ध हुन्छ। सुनेत्रां (राम्रो आँखा भएकी। निर्गुणार्थमा जताततै देख्ने) सुस्तनीं (राम्रो स्तन भएकी। निर्गुणाथमा विश्वम्भरा) चारु हासिनी (राम्रो हाँसो हाँसेकी अर्थात् हीस्सीलाग्दो गरी हाँसेकि। निर्गुणार्थमा परमानन्दरूपिणी। रत्नाभरणभुषाढ्यां (रत्नहरू पहिरीएकी। निर्गुणार्थमा जगत्की मालिकिनी) स्मरकोटि-मनोहरां (कोटिकन्दर्पभन्दाराम्री। निर्गुणार्थमा सन्तानोत्प-त्तिको कारण कन्दर्प भएकोहुनाले जगदादिकारणी) रक्तवस्त्रपरीधानं (लाल पोशाक पहिरीएकी। निर्गुणार्थमा रजोगुणात्मक सृष्टिरूपिणी) प्रोद्भिन्ननवयौवनां (भर्खरकी तरुणी। निर्गुणार्थमा जगत् जन्माउन तत्पर भएकी अर्थात् अनुग्रहरूपिणी) खण्डेन्दुकृतशेखरां (खण्डचन्द्र पहिरिएकी। निर्गुणार्थमा महानादस्वरूपिणी विमर्शरूपिणी) कृशमध्यां (सानो वा वारुले कम्बर भएकी। निर्गुणार्थमा गर्भवतीको वच्चा जन्मिए पछि कम्वर सानो हुने हुँनाले "कृशमध्या" भन्नाले विश्वजननी) चतुर्वाहुं (चारवाहु भएकी। निर्गुणार्थ-मा चार आत्मास्वरूपिणी) वामोर्ध्वे पाशहस्ताढ्यां (वाँयाँ माथिल्लो वाहुलिले पाश लिएकी। निर्गुणार्थमा जगद्वशी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

करणतत्त्व) दक्षिणे अंकुशधारिणीं (दाहिनेमा अंकुश धारण गरेकी। निर्गुणार्थमा जगत्स्तंभनतत्त्व) तदधो वामहस्तेन चेक्षुकोदण्डधारिणी। वायाँ हातले उखुको धनु लिएकी। निर्गुणार्थमा जगन्मोहनतत्त्व) हयारिः (रातो करविरको फूलको कोपिला। निर्गुणार्थमा मोहन) कमलं (रातोकमलको कोपिला। निर्गुणार्थमा शोषण) कह्लारं (सेतोकमलको कोपिला (निर्गुणार्थमा संदीपन) इन्दीवरं (नीर्कमलको कोपिला। निर्गुणार्थमा तापन) सहकारकं (आँपको मुजुरा। निर्गुणार्थमा मादन) समायुक्तं पञ्चवाणाभिधं सुरम्येन दक्षिणाधः करेण धारयन्ती (यति पाँच कोपिला जम्मा भएर वनेको पञ्चवाण नाम भएको हतियार दाहिने तह्रो वाहुले समातेकी। निर्गुणार्थमा जगज्जृम्भरणत्व) यति सबै कुराको आकर्षणात्मकतत्त्वरूप[1] भन्ने बुझिन्छ) महादेवीं (ठूली देवीलाई। निर्गुणार्थमा श्रीः) ध्यायेत् (ध्यान गरोस्) एवं (यस्ती) जगत्कारणकारिणीं (जगत्को कारणको कारण भएकी। निर्गुणार्थमा विश्वयोनिरूपिणी महामायां (महामायालाई) धात्वा (ध्यान गरेर) इहलोके (यस लोकमा) श्रियं भुक्त्वा (ऐश्वर्यको सुखभोगादि गरेर) चान्ते (अन्त्यमा अर्थात् मरे पछि) व्रह्मपदंलभेत् (व्रह्ममा मिलेर मुक्ति पाओस्)

श्री यन्त्र पनि देहमा घट्ने र यो ध्यानको वाङ्मयार्थ गर्दा महाषोडशीमन्त्रको सृष्टिक्रमको उद्धार हुन्छ। यी सबै

1. आकर्षणात्मकतत्वरूप = Kinetic-energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुराको रहस्य गुरुमुखबाट मात्रै यथार्थ जान्न सकिन्छ।

मध्याह्नमा सबै आफ-आफ्ना काममा संलग्न भएर पूराव्यवहारी वनेर केहि बेर थकै मारेर आरामी लिदा र सूर्यको किरण पनि रातो वर्णमा वदलिएर त्यस दिनको गरमको हदसम्म पुग्दा मानिसको आत्माको भाव बदलिने हुँदा उनै गायत्री सावित्रीरूप वन्दछिन् र सोही मन्त्र स्थिति क्रमले जपिन्छ। तिनको ध्यान यस प्रकारको हुन्छ।

"रुद्राणी नवयौवना त्रिनयना वैयाघ्रचर्म्माम्वरा।
खट्वांगत्रिशिखाक्षसूत्रवलयाभीतीदधानाम्विका ॥
विद्युत्पुञ्जजटाकलापविलसद्बालेन्दुमौलिः सदा।
सावित्री वृषवाहना सिततनु ध्येया यजूरूपिणी ॥"

यिनलाई रूद्राणी र माहेश्वरी पनि भन्दछन्। यो ध्यानको भावार्थ यस्तो छ। "सेतो देह तीन नेत्र भएकी, वाघको छाला पहिरिएकी खट्वाङ्ग त्रिशिखा, अक्षमाला र अभयमुद्रा चार वाहुमा धारण गरेकी तरुणी जटामा बालचन्द्र पहिरिएकी साँढेमा चढेकी यजुरूपिणी रूद्राणी सावित्री ध्यानगर्न योग्य हुन्।"

यसको निर्गुणार्थको भाव यस्तो छ। "सेतो देहले सत्वगुणात्मिका, तीन नेत्रले विन्दुत्रयात्मक स्थितिकला, चारवाहुले चार आत्मारूपिणी, बाघको छाला पहिरिएबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मरूपिणी, चन्द्रमा पहिरिएबाट परमामृतरूपिणी, साँढेरूप धर्ममाथि चढेबाट धर्मस्वरूपिणी, तरुणी भन्नाले जीवनको व्यवहार चलाउने उमेरकी हुनाले प्रपञ्चरूपिणी भन्ने सूचित हुन्छ। यजूरूपिणी भन्नाले यजुर्वेदको महावाक्य "अहं ब्रह्मास्मि" को तत्त्व स्फूरण गराउने भन्ने बुझिन्छ।"

यस महावाक्यमा पनि अहं, इदं र त्वं को भावका लेश हटाउनाको लागी उनै महाषोडशी महात्रिपुरसुन्दरीको परमेश्वरी र परशिव महाकामेश्वरको परमेश्वर महाकामेश्वर रूप हुन जान्छ। यिनको युगलध्यान यस्तो हुन्छ।

"अथ वक्षे महागोप्यां महात्रिपुरसुन्दरीम्।
सुरासुरैरलक्षां तां ब्रह्मचैतन्यरूपिणीम॥
क्षीरकुन्देन्दुधवलां स्मेराननसरोरुहाम्।
षोड़शाब्दां सुयुवतीं पीनोन्नयपयोधराम्॥
कोटिकन्दर्पलावण्यां त्रिनेत्रां च चतुर्भुजम्।
वामेन पाणिना पाशं पुस्तकं चापरेण तु॥
अंकुशं जपमालां च दक्षपाणिद्वयेनच।
ऊर्ध्वाधतः क्रमेणैव बिभ्रतीं विश्वमोहिनीम्॥
सूर्यभास्वन्महारत्नहारकुण्डलभूषिताम ।
शुभ्रवस्त्रकटीवद्धां खण्डेन्दुमुकुटोज्वलाम॥
मुक्तदेशीं वज्ररत्नालंकारयुतमस्तकाम्।
दाडिमीबीजपंक्त्याभदन्तपंक्त्यै सुहासिनीम॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पारिजातमयीमालामापादान्तावलम्बिनीम् ।
पाशांकुशेक्षुकोदण्डपुष्पवाणधरेण तु ॥
जितकन्दर्परूपेण पूर्णेन्दुमुकुटेन हि ।
कर्पूरधवलेनैव महाकामेश्वरेण च ॥
चरणकाकाररूपेणसुरतां परमेश्वरीम ।
पीयूषवर्षिणीं नित्यां जगदाह्लादकारिणीम ॥
पंचब्रह्ममयश्रीमत्सिहांसनगताम्वुजे ।
निषण्णां तां विष्णुमायां मतात्रिपुरसुन्दरीम् ॥
सर्वशक्ति मयीं साक्षाज्जगद्धातृस्वरूपिणीम् ।
सर्वसिद्धिप्रदां देवीं ध्यात्वा मोक्षमवाप्नुयात ॥"

अन्वयः—महा गोप्यां सुरासुरैः अलक्ष्यां ब्रह्मचैतन्यरूपिणीं तां महात्रिपुरसुन्दरीं वक्ष्ये, क्षीरकुन्देन्दुधवलां त्रिनेत्रां चतुर्भुजां वामेन पाणिना पाशं अपरेण च पुस्तकं दक्षपाणिद्वयेन च अंकुशं जपमालां च ऊर्ध्वाधतः क्रमेण एव विभ्रतीं विश्वमोहिनीं सूर्यभास्वन्महारत्नहारकुंडलभूषितां शुभ्रवस्त्रकटीवद्धां दाडिमीबीजपंक्त्याभदन्तपंक्त्यैः सुहासिनीं परीजातमयीमालां आपादान्तावलम्बिनीं पाशांकुशेक्षुकोदण्डपुष्पवाणधरेण जितकन्दर्परूपेण पूर्णेन्दुनुकुटेन कर्पूरधवलेन महाकामेश्वरेण (सह) चणकाकाररूपेणा सुरतां परमेश्वरीम् पीयूषवर्षिणीं नित्यां जगदाह्लादकारिणीं पंचब्रह्ममयश्रीमत्सिहासनगताम्वुजे निषण्णाम् विष्णुमायां सर्वशक्तिमयीं साक्षात् जगद्धातृस्वरूपिणीं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वसिद्धिप्रदां तां देवीं महात्रिपुरसुन्दरीं ध्यात्वा मोक्षं अवाप्नुयात् ।

व्याख्यार्थः—अथ (अव) महागोप्यां (अतिगोप्य भएकी) सुरासुरैः देवदानवहरूले) अलक्ष्यां (लखगर्न- नसकिने । निर्गुणार्थमा मनोवाग्गोचरागम्या) ब्रह्मचैतन्य रूपिणीं (ब्रह्मको चैतन्यरूप भएकी) तां (तिनी) त्रिपुरसुन्दरीं (त्रिपुरसुन्दरीलाई) वक्ष्ये (वताउँछु) क्षीरकुन्देन्दुधवलां (दूध, कुन्दपुष्प र चन्द्रमा भैं सेती । निर्गुणार्थमा दूध भन्नाले पुष्टिरूपिणी कुन्दपुष्प भन्नाले महौषधिरूपिणी, चन्द्र भन्नाले परमामृतरूपिणी र सेती भन्नाले शान्तिरूरिणी भन्ने बुझिन्छ) स्मेराननसरोरूहाम् (हँसिलो मुख भएकी । निर्गुणार्थमा परमानन्दरूपिणी) षोडशाब्दां (सोह्रवर्षकी । निर्गुणार्थमा षोडशाक्षररूपिणी) सुयुवतीं (पट्ठी । निर्गुणार्थमा अनुग्रह- कारिणी) पीनोन्नतपयोधरां (स्पष्टस्तन भएकी । निर्गुणार्थमा विश्वम्भरा)[1] कोटिकन्दर्पलावण्यां (कोटिकन्दर्प भैं राम्री । निर्गुणार्थमा जगदादिकारणकारिणी) त्रिनेत्रां (तीन आखा भएकी । बिन्दुत्रयरूपिणीं) चतुर्भुजां (आत्माचतुष्टयरूपिणी) वामेनपाणिना पाशं (वायाँ हातले पाश । निर्गुणार्थमा जगद्वशीकरणशक्ति) अपेरण पुस्तकं (अर्कोले पुस्तक । निर्गुणार्थमा विद्यारूपिणी) दक्षपाणिद्वयेन (दाहिने दुईहातले)

1. विश्वचक्र = Orbit.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अंकुशं (अंकुश। निर्गुणार्थमा जगत्स्तंभनशक्ति) जपमालां (जपमाला। निर्गुणार्थमा विश्वचक्ररूपिणी) ऊर्ध्वाधतः क्रमेणैवविभ्रतीं (माथितलको क्रमले धारण गरेकी) विश्वमोहिनी (विश्वलाई नै मोहपार्ने। निर्गुणार्थमा मायामोहस्वरूपिणी) सूर्यभास्वन्महारत्नहारकुंडलभूषिताम् (सूर्य झैं चंकिला ठूला रत्नहरूकोछातीमा हार र कानमा कुंडल पहिरेकी। निर्गुणार्थमा सूर्यको किरण जतातत पुगे झैं हार भन्नाले सबैको मनको चाल बुझ्ने, कुंडल भन्नाले सबै कुरा सुन्ने बुझिएबाट अन्तर्यामिनी) शुभ्रवस्त्रकटीवद्धां (सेतोकपडाकम्वरमा बाँधेकी। निर्गुणार्थमा सत्वणागुत्मकस्थितिरूपिणी) खण्डेन्दुमुकुटोज्वलां (माथमा खण्डचन्द्र पहिरिएकी। निर्गुणार्थमा महानादस्वरूपिणी बिमर्श) मुक्तकेशी (झांक्रोफिजाएकी। निर्गुणार्थमा निर्विकारा) वज्ररत्नालंकारयुतमस्तकाम् (माथमा हिराकोगहनापहिरेकी। निर्गुणार्थमा हिरा सेतोहुँदा सत्वगुणात्मक, राजमुकुटमा रहने हुँदा रजोगुणात्मक फेरि झलकाइले अर्कालाई लालचगराउने हुँदा तमोगुणात्मक भएबाट गुणत्रयात्मिका) दाडिमीबीजपंक्त्याभदन्तपंक्त्यैः सुहासिनीं (दारिमको दाना जस्तो मिलेको दाँत देखाएर हाँसेकी। निर्गुणार्थमा विश्वको प्रपञ्च मिलाएर आनन्दमा रहेकी) पारिजातमयीमालां आपादान्तावलम्बिनीं (पारीजातको माला पाउसम्म लटकाएकी। पारिजातको सेतो पातले सीत अर्थात् चीसो र रातो डाँठले उष्ण अर्थात् तातो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बुझिएबाट सीतोष्णसुखदुःखादिस्वरूपिणी) अव भैरवको वर्णन हुन्छ पाशांकुशेक्षुकोदण्डपुष्पवाणधरेण (पाश, अंकुश, उखुको धनु र पुष्पवाणलिएका । निर्गुणार्थमा वशीकरणत्व, स्तंभनत्व, मोहनत्व र जृम्भणत्व) जितकन्दर्परूपेण (कामदेव भन्दा राम्रा । निर्गुणार्थमा जगदादिकारणरूप) पूर्णेन्दुमुकुटेन (माथमा पूर्णेन्दुपाहिरिएका । निर्गुणार्थमा महाविन्दु प्रकाश) महाकामेश्वरेण (महाकामेश्वरसित) अव देवीको र उनको आसनको वर्णन हुन्छ । चणकाकाररूपेणसुरतां (चरणकाकार-रतासन[1]गरीरहेकी । निर्गुणार्थमा उर्ध्वाम्नायात्मिका) परमेश्वरीं (ठूली ईश्वरी । निर्गुणार्थमा परब्रह्मात्मिका) पीयूषवर्षिणीं (रतद्वारा अमृत चुहाउँदी छँदी । निर्गुणार्थमा विश्वसोम-रूपिणी) नित्यां (सँधै रहने । निर्गुणार्थमा आद्यन्तरहिता) जगदाह्लादकारिणीं (जगत्लाई आह्लादगराउने । निर्गुणार्थमा आह्लादरूपिणी) पंचब्रह्ममयश्रीमत्सिंहासनगताम्बुजे (माथि-वताए झैं ब्रह्मादिपाचवाट वनेको सिंहासनमाथि पूर्ववत् कमलमा । निर्गुणार्थमा षटचक्रमाथिको सहस्त्रारमा) निषण्णाम् (रहेकी) विष्णुमायां (सवै ठाउँमा व्याक्तभएकी माया) सर्वशक्तिमायीं (सवै की शक्ति भएकी) साक्षात् (साच्चिकै) जगद्धातृस्वरूपिणीं (विश्वम्भरा) सर्वसिद्धिप्रदां (सवै प्रकारको सिद्धि दिने) तां देवीं त्रिपुरसुन्दरीं (तिनी देवीत्रिपुरसुन्दरीलाई) ध्यात्वा (ध्यान गरेर) मुक्ति अवाप्नुयात

---

1. चणकाकाररतासन=यसको वर्णन पछिल्लो पटलला हुनेछ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(मुक्ति पाईन्छ)

यसबाट वाङ्मयार्थगर्दा स्थितिक्रमको श्रीमहाषोडशीको उद्धार हुन्छ । सायम्सा सवै आफ–आफ्नाकाम सकेर आरामी लिदा र सूर्यको किरण पनि पहेलो वर्णमा बदलिएर त्यसदिनको गरमको र उत्यालोको अन्त्य हुन लाग्दा मानिसको आत्माको भाव बदलिने हुँदा उनै सावित्री सरस्वतीरूप बन्दछिन । यिनी सरस्वतीलाई वैष्णवी पनि भन्दछन् यिनको ध्यान यस्तोहुन्छ ।

"वृद्धा नीलघनप्रभापरिलसत् पीताम्वराभूषिता ।
दिव्यैराभरणै रथांगकमले शंखं गदां विभ्रती ॥
तार्क्षस्कन्धगता समस्तजगदाराध्या परा वैष्णवी ।
ध्येया सैव सरस्वती भगवती सामस्वरूपा परा ॥

यस ध्यानको भावार्थ यस्तो हुन्छ । "बुढी घननीलवर्ण भएकी पीताम्वर पहिरिएकी अनेक गहनागुरुवा पहिरिएकी चारवाहुले शंख, चक्र, गदा र पद्म धारणगरेकी गरुडमा चढेकी सवैले आराधना गरिएकी परावैष्णवी सरस्वती सामरूपा ध्यानगर्न योग्य हुन् ।"

अव यस्को निर्गुणार्थको भाव यस्तो हुन्छ । वृद्धा भन्नाले जीवनको अन्त्यावस्था हुँनाले अवकाशदा, घननील-वर्ण हुँनाले तमोगुणात्मिका, पीतांवरा भन्नाले सूर्यको पहेलो किरणरूप, ४ वाहुहुंनाले आत्मचतुष्टयरूपा, निर्विषीकरण सूचक गरुडमाथि वसेकोले अमृतरूपिणी फेरि सामस्वरूपिणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भन्नाले सामवेदको महावाक्य "तत्त्वमसि" को तत्त्व स्फुरण गराउने भन्ने बुझिन्छ ।

यस महावाक्यको पनि "अहं, इदं र त्वम्" को भावको लेश समेत हटाउनाको लागी उनै परमेश्वरीमहात्रिपुरसुन्दरीको र उनै परमेश्वर महाकामेश्वरको चक्रेश्वर महाकामेश्वर रूप बन्दछ । उनको युगल ध्यान यसप्रकारको हुन्छ ।

"पञ्चब्रह्ममयश्रीमत्सिंहासनोपनिस्थिताम् ।
ज्ञानासनसमासीनां दिव्यां गलितचूलिकाम् ॥
सुस्तनीं मृदुसर्वाङ्गीं तथा प्रथमपुष्पिणीम् ।
रजोबिन्दुसमायुक्तनीलाम्बरधरां शिवाम् ॥
नीलोत्पलदलश्यामां यौवनोन्मत्तविग्रहाम् ।
प्रशन्नां स्मेरवदनां पाणिद्वयसमन्विताम् ॥
दक्षिणे शुद्धिगुटिकां वामेच मधुपात्रकम् ।
धारयन्तीं परां साक्षाज्जगन्मोहनकारिणीम् ॥
स्मरघूर्णत्रिनयनां कज्जलांकितलोचनाम् ।
चतुष्मचन्दनं भाले सिन्दूरञ्च तथोपरि ॥
संलिप्तां मुक्तचिकुरां ताम्बूलपूरिताननाम
मुक्ताजालसमाकीर्णपूर्णेन्दुमुकुटोज्वलाम् ॥
नानालंकारभूषांगीं जितकन्दर्परूपिणीम्
वृषासनगतं दक्षे लोहिताभं चतुर्भुजम् ॥
दक्षिणे चांकुशं खड्गं वामे खेटकपालकौ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विभ्रतं मुण्डमालाढ्यं रक्तवस्त्रं त्रिलोचनम् ॥
उर्ध्वकेशं चन्द्रभूषं महाकामेश्वरं विभुम् ।
स्नेहात्कारुण्यभावेन संवीक्षन्तीं मुहुर्मुहुः ॥
स्वयोनिं दर्शयित्वा तं मोहयन्तीं महेश्वरीम् ।
इमां चक्रेश्वरीं ध्यायेन्महात्रिपुरसुन्दरीम् ॥"

अन्वयः—पञ्चब्रह्ममयश्रीमत्सिंहासनोपरिस्थितां ज्ञानसनसमासीनां दिव्यां गलितचूलिकाम् सुस्तनीं मृदुसर्वाङ्गीं प्रथमपुष्पिणीम् रजोबिन्दुसमायुक्तनीलाम्वरधरां शिवाम् नीलोत्पलदलश्यामां यौवनोन्मत्तविग्रहाम् प्रशान्तां स्मेरवदनां पाणिद्वयसमन्वितां दक्षिणे शुद्धिगुटिकाम् वामे च मधुपात्रकं धारयन्तीं परां साक्षात् जगन्मोहनकारिणीम् स्मरघूर्णत्रिनयनां कज्जलांकितलोचनां चतुष्मचन्दनं तदुपरि सिन्दूरं भाले संलिप्तां मुक्तचिकुरां ताम्बूलपूरिताननां मुक्ताजालसमाकीर्णपूर्णेन्दुमुकुटोज्वलाम् नानालंकारभूषाङ्गीं जितकन्दर्परूपिणीम्, दक्षे वृषासनगतं लोहिताभः चतुर्भुजं दक्षिणे अंकुशं खड्गं वामे खेटकपालकौ विभ्रतं मुण्डमालाढ्यं रक्तवस्त्रं त्रिलोचनं ऊर्ध्वकेशं चन्द्रभूषं विभुं महाकामेश्वरं, स्नेहात् कारुण्यभावेन मुहुर्मुहुः संवीक्षन्तीं तं स्वयोनिं दर्शयित्वा मोहयन्तीं इमां महेश्वरीं चक्रेश्वरीं महात्रिपुरसुन्दरीं ध्यायेत् ।

व्याख्यार्थः— पञ्चब्रह्ममयश्रीमत्सिंहासनोपरिस्थिताम् (ब्रह्मादिपञ्चदेवमय पूर्वोक्तवत् सिंहासनमा वसेकी । निर्गु-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

णार्थमा यहाँ सहस्रदलकमल नहुँवाले पृथ्व्यादि पञ्चमहाभूतलाई कवली गरेर अर्थात् कब्जामाराखेर बसेकी) ज्ञानासनसमासीनां (ज्ञानासनमा अर्थात् दुईपैतलाजोडेरवसेकी। निर्गुणार्थमा ज्ञानमूर्ति) गलितचूलठोका (चुलो फुकाएकी। निर्गुणार्थमा विलाशबाट अलगरहेकी) सुस्तनीं (राम्रो स्तन भएकी। निर्गुणार्थमा विश्वम्भरा) मृदुसर्वाङ्गी (कोमल अर्थात् नरम शरीर भएकी। निर्गुणार्थमा सूक्ष्मातिसूक्ष्मरूपा) प्रथमपुष्पिणीं (पैलापाली रजस्वला भएकी। निर्गुणार्थमा अमृत चुहाइरहने विश्वसोमरूपिणी) रजोविन्दुसमायुक्तनीलाम्बरधरां (असर्द भएको रजको छिटाछाटी परेको नीलोटालो वेह्रेकी। निर्गुणार्थमा रजोगुणको केही भाव भएको तमोगुणात्मिका) यहाँरजोगुण मिश्रित तमोगुणाबाट पुण्य, पाप, संकल्प, विकल्प, कृत्य, अकृत्य, धर्म र अधर्म यति आठथोकको संहार गर्ने अर्थात् जीव दशानाश गरेर ब्रह्मपदमा पुराउने भन्ने बुझिन्छ) नीलोत्पलदलश्यामा (निर्कमल भैं श्यामवर्ण भएकी। निर्गुणार्थमा तापनसूचक नीर्कमल झैं वर्ण हुँदा मनोनाश वासनाक्षय गराउने) यौवनोमत्तविग्रहाम् (जवानीले मस्त भएकी। निर्गुणार्थमा अनुग्रहकारिणी) प्रशन्नां (खुशी भएकी। निर्गुणार्थमा सन्तोषरूपिणी) स्मेरवदनां (हँसिलोमुख भएकी। निर्गुणार्थमा परमानन्दरूपिणी) पाणिद्वयसमन्वितां (दुइवाहु भएकी। निर्गुणार्थमा "अ" र "ह" सुचक अहमात्मारूपिणी अर्थात् कुण्डलिनीरूपा) दक्षिणे शुद्धिगुटिकां वामे च

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मधुपात्रकम् धारयन्तीं (दाहिने बाहुलीमा मासुको टुक्रा र वायाँमा मद्यपात्र लिएकी। निर्गुणार्थमा "मांसः शिवः सुरा शक्तिः" भन्ने उक्ति हुँदा शिव शक्ति रूपा) परां (सबै भन्दा पर भएकी) साक्षात् (साँच्चिकै) जगन्मोहनकारिणीम् (जगतैलाई मोह गराउने अर्थात् भुलाउने। निर्गुणार्थमा सबै जीवलाई "मँ ब्रह्म हुँ" भन्ने विर्साउने) स्मरघूर्णत्रिनयनाम् कामातुर भएर तीन आँखा नचाइरहेकी। निर्गुणार्थमा विन्दुत्रयचालनशक्ति) कज्जलांकितलोचनां (नेत्रमा गाजल पहिरिएकी। निर्गुणार्थमा महानिद्रास्वरूपिणी) चतुष्मचन्दनं तदुपरि सिन्दूरं भाले संलिप्तां (निधारमा चतुष्मचन्दन त्यस-माथि सिंदुर घसेकी। निर्गुणार्थमा आत्मचतुष्टयरूप भएर सगुण समेत साथमा लिएकी) मुक्तचिकुरां झाक्तोफिजाएकी। निर्गुणार्थमा निर्विकारा) ताम्बूलपूरिताननां (पान खाएको मुख भएकी। निर्गुणार्थमा रजोगुणसूचक पान चपाएर निलेकी हुँनाले रजोगुण अन्तर्गभितसत्वगुणात्मिका) मुक्ता जालसमाकीर्णपूर्णेन्दुमुकुटोज्वलाम् (मोतिको जालले अडाएको पूर्णचन्द्र माथमा पहिरिएकी। निर्गुणार्थमा सत्वगुणात्मक स्थितिकलाबाट जेलिएको एक महाबिन्दुरूप संहारकला) नानारत्नविभूषांगीं (नानारत्नको गहना पहिरिएकी। निर्गुणार्थमा विश्वराज्ञी) जितकन्दर्परूपिणी (कन्दर्प भन्दा राम्री। निर्गुणार्थमा जगदादिकारणकारिणी) अव भैरवको वर्णन हुन्छ॥ दक्षे (तीनको दाहिने तिर) बृषासनगतं (साँढेचढेका।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गुणार्थमा धर्म्मरूप) लोहिताभं (लालवर्ण भएका। निर्गुणार्थमा सौभाग्यरूप) चतुर्भुजं (चारबाहु भएका। निर्गुणार्थमा चरआत्मारूप) दक्षिणे अंकुशं खड्गं वामे खेट-कपालकौ विभ्रतम् (दाहिनेमा अंकुश र खड्ग वायाँमा ढाल र कपालमात्र लिएका। निर्गुणार्थमा स्तंभनत्व अंकुश र मारणत्व खड्ग लिदा दक्षांग महाकालरूप, फेरि रक्षणत्त्व ढाल र जीवनत्व कपालपात्र लिदा वामांग महामृत्युञ्जयरूप) मुंडमालाढ्यं (मुंडमाला पहिरिएका। निर्गुणार्थमा ज्ञानवुद्धिविवेकरूप) रक्तवस्त्रं (रातो पोशाक पहिरिएका। निर्गुणार्थमा यहाँ संहारमूर्तिको साथमा हुँनाले रातो रागसूचक हुँनाले रागरूप) त्रिलोचनं (तीन नेत्र भएका। निर्गुणार्थमा सर्वसाक्षी) ऊर्ध्वकेशं (ठाडो कपाल भएका। निर्गुणार्थमा विरक्तरूप) चन्द्रभूषं (चन्द्र पहिरिएका। निर्गुणार्थमा परमामृतरूप) विभुं (व्यापक) महाकामेश्वरं (महाकामेश्वरलाई। निर्गुणार्थमा ब्रह्मलाई) अवफेरि शक्तिको वर्णन हुन्छ ॥ स्नेहात्का-रूण्यभावेन संवीक्षन्तीं मुहुर्मुहुः (प्रेमले दया गरेर कामेश्वरलाई वारंवार हेर्दै गरीरहेकी। निर्गुणार्थमा ब्रह्मलाई "एकोऽहं ननास्माम्" भन्ने मतलव पूर्तिकोलागी मूलप्रकृतिले दया र प्रेम दृष्टि दिईरहेकी) तं स्वयोनिं दर्शयित्वा मोहयन्तीम् (तीनलाई अर्थात् कामेश्वरलाई आफ्नो योनि देखाएर मोह पार्दी छँदी। निर्गुणार्थमा मूलप्रकृतिले ब्रह्मलाई प्राकृतिक नानाप्रकारको योनि देखाएर अर्थात् जन्मगराएर "म ब्रह्म हुं" भन्ने विर्साएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सांसारिक टण्टामा भुलाई रहेकी। इमां (यिनी) महेश्वरीं (ठूली ईश्वरीलाई) महात्रिपुरसुन्दरीं (महा त्रिपुरसुन्दरीलाई) ध्यायेत् (ध्यानगरोस्)

यसबाट वाङ्मयार्थ गर्दा संहारक्रमको महाषोडशीको उद्धार हुन्छ। अर्द्धरात्रीमा सबैलाई निद्राले सताएको हुँदा र सूर्यकोकिरण पनि वेपत्ता भइसकेको हुँदा उनै सरस्वती तुरीया-गायत्रीरूप वन्दछिन् र प्रातःकालमा जपिने गायत्रीमन्त्रमा अर्को एउटा पाद थपेर जपिन्छ। यिनको ध्यान यस्तो हुन्छ।

"मुक्ताविद्रुमहेमनीलधवलच्छायैर्मुखैस्त्रिक्षणैः ।
युक्तामिन्दुनिवद्धरत्नमुकुटां तत्त्वात्मवर्णात्मिकाम् ॥
गायत्रीं वरदाभयांकुशकुशाञ्छूत्रं कपालं गुणम् ।
शंखंचक्रमथारविन्दयुगलं हस्तैर्वहन्तीं भजे ॥"

यस श्लोकको भावार्थ यस्तो हुन्छ। "मोती झैं, मुगा झैं, सुनौला, नीलो र सेतो वर्णका पाँच मुख र हरेकमा तीन तीन नेत्र भएकी चन्द्रमा माथमा पहिरिएकी अंकुश, कुश, पाश, कपालपात्र, शंख, चक्र, रातोकमल र सेतो कमल अनि वर र अभयले युक्त दशवाहु भएकी गायत्रीको भजन गर्छु।"

यसको निर्गुणार्थको भाव यस्तो हुन्छ। "पाचमुखले पञ्चमहाभूतको, तीननेत्रले विन्दुत्रयको, चन्द्रपहिरिएकोले परमामृतको र दश भुजाले दश दिशाको सूचना हुन्छ।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो चतुस्पदीको जपबाट अथर्ववेदको महावाक्य "अयमात्मा ब्रह्म" को भावस्फुरण हुन्छ। त्यसको "अहं, इदं र त्वं" को भावको लेश हटाउनाको लागि पहिले सर्वाधिकार[1] रूपिणी निर्वाणसुन्दरीको आराधना गरेपछि। पूर्वोक्त उनैचक्रेश्वरी महात्रिपुरसुन्दरीको महासप्तदशीमहात्रिपुरसुन्दरीको रूप बन्दछ। तिनको ध्यान यस्तो हुन्छ।

"अमृतार्णवमध्यस्थं रक्तपद्मं विचिन्तयेत्।
कर्णिकायां शुभ्रवर्णमानन्दमयवेदिकाम्॥
ततः काच्युतरुद्रेशखुरकाढ्यं सदाशिव—।
फलकान्वितमुद्दिप्तं नानारत्नसमूहकैः॥
सिंहासनं तदूर्ध्वस्थं षड्दलाम्नायपंकजम्।
तदुपरिस्थितां देवीं तप्तकाञ्चनसन्निभाम्॥
विकीर्णकुन्तलां नग्नां चन्द्रार्द्धकृतशेखराम्।
मन्दस्मितास्यकमलां चन्द्रार्ककुंडलाननाम्॥
छिन्नभैरवमुंडस्रग्धरां तुंगकुचद्वयाम्।
नवयौवनसंपन्नां चारुदेहां चतुर्भुजाम्॥
पाशं चैवेक्षुकोदण्डं वामोर्ध्वाधः कराम्बुजाम्।
अंकुशं पञ्चबाणांश्च दक्षिणोर्ध्वाधतो घृताम्॥
ऋतुस्नातां स्फुरन्नेत्रां परब्रह्मस्वरूपीणीम्।
एवं ध्यायेत परारूपां महात्रिपुरसुन्दरीम्॥"

1. सर्वाधिकार : यो दीक्षाको विवरण हुँदा चर्चा हुनेछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अन्वयः—अमृतार्णवमध्यस्थं रक्तपद्मं कर्णिकायां शुभ्रवर्णं आनन्दमयवेदिकां, ततः काच्युतरूद्रेशखुरकाढ्यं सदाशिवफलकान्वितं नानारत्नसमूहकैः उद्दिप्तं सिंहासनं, तदूर्ध्वं षड्दलाम्नायपंकजं विचिन्तयेत्। तदुपरिस्थितां तप्तकाञ्चनसन्निभां विकीर्णकुन्तलां नग्नां चन्द्रार्द्धकृतशेखरां मन्दस्मितास्यकमलां चन्द्रार्ककुण्डलाननाम् छिन्नभैरवमुंडस्रग्धरां तुंगकुचद्वयां नवयौवनसंपन्नां चारुदेहां चतुर्भुजाम् पाशं ईक्षुकोदण्डं चैव वामोर्ध्वाधः कराम्बुजां अंकुशं पञ्चबाणान् च दक्षिणोर्ध्वाधतोघृतां ऋतुस्नातां स्फुरन्नेत्रां परब्रह्मस्वरूपिणीम् एवं रूपां महात्रिपुरसुन्दरीं ध्यायेत्।"

व्याख्यार्थः—अमृतार्णवमध्यस्थं (अमृतको समुद्रको बीचमा रहेको। निर्गुणार्थमा अनेक विश्वसोमहरूको बीचमा अर्थात् शून्याकाशमा) रक्तपद्मं (रातो कमल। निर्गुणार्थमा अनन्त ब्रह्माण्ड) कर्णिकायां (गट्टामा। निर्गुणार्थमा मूलप्रकृतिको अन्तरमा) शुभ्रवर्ण आनन्दमयवेदिकां (सेतो आनन्दले बनेको वेदिका। निर्गुणार्थमा केवल आनन्दरूप) ततः (अनि) काच्युतरुद्रेशखुरकाढ्यं सदाशिवफलकान्वितं (ब्रह्मा, विष्णु, रूद्र र महेश्वर खुट्टा र सदाशिव फलेक भएको। निर्गुणार्थमा यो अनाख्याको ध्यान हुँनाले सृष्ट्यादि पाँचकला) नानारत्नसमुहकैः उद्दिप्तं सिंहासनं (अनेक रत्न समूहले झल्किएको सिंहासन। निर्गुणार्थमा प्रकाश) तदूर्ध्वस्थं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

(त्यसमाथिरहेको) षड्दलाम्नायपंकजं (छ आम्नायात्मक छ वर्ण भएको छपाते कमल। निर्गुणार्थमा प्रणवात्मकनाद) विचिन्तयेत् (संझनु) तदुपरिस्थितांदेवीं (त्यसमाथि वसेकी देवी) तप्तकाञ्चनसन्निभां (तताएको सुवर्ण झैं वर्ण भएकी। निर्गुणाथमा परमसौभाग्यरूपिणी) विकीर्णकुन्तलां (झाँक्रो-फिजाएकी। निर्गुणार्थमा निर्विकारा) नग्नां (नाङ्गी। निर्गुणार्थमा मायातीता) चन्द्रार्द्धकृतशेखरां (माथमा चन्द्रपहिरिएकी। निर्गुणार्थमा परमामृतरूपिणी) मन्दस्मितास्यकमलां (मुस्कुराएकी। निर्गुणार्थमा परमानन्दरूपिणी) चन्द्रार्ककुंडलाननां (चन्द्र र सूर्यको कुंडल पहिरिएकी। निर्गुणार्थमा चीसो र तातो मिलाउने सीतोष्ण संतुतन शक्ति) छिन्नभैरवमुण्डस्रग्धरां (भैरवकोटाउकोकोमुंडमालापहिरिएकी। निर्गुणार्थमा भैरवलाई समेत अन्तर्लीन गराएकी) तुंगकुचद्वयाम् (स्पुष्टदुई स्तन भएकी। निर्गुणार्थमा विश्वम्भरा) नवयौवनसंपन्नां (भर्खरकी तरुणी। निर्गुणार्थमा विश्वयोनि) चारुदेहां (राम्रो देह भएकी। विश्वमोहिनी) चतुर्भुजां (चार वाहु भएकी। निर्गुणार्थमा आत्मचतुष्टयरूपा) पाशं चैवेक्षुकोदण्डं वामोर्ध्वाधः करावुजां अंकुशं पञ्चवाणान् च दक्षिणोर्ध्वाधतो धृतां (वायामाथि पाशं, तलउखुको धनु, दाहिने माथि अंकुश, तल पंचवाण हात्मा लिएकी। निर्गुणार्थमा पूर्ववत् जगद्वशीकरणमोहनस्तंभनजृम्भणशक्ती) ऋतुस्नातां (रजस्वलाबाट चोखिएर स्नान गरेकी। निर्गुणार्थमा गर्भ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धारण गर्ने योग्य अवस्था हुँदा अनुग्रहरूपा) स्फुरन्नेत्रां (स्फुरण भएको आँखा भएकी। निर्गुणार्थमा सर्वचक्षु) परब्रह्मस्वरूपिणीं (परब्रह्मरूप भएकी) एवं परारूपां महात्रिपुरसुन्दरीं (यस्ती राम्री सुन्दरीलाई) ध्यायेत (ध्यान गरोस्)

यस्तै दक्षिणाम्नायमा निर्वाणदक्षिणकाली, पूर्वाम्नायमा निर्वाणभुवनेश्वरी, पश्चिमाम्नायमा निर्वाणकुब्जिकाकोसम्म मात्रै आफ आफ्नो आम्नाएको सर्वाधिकारदीक्षा (निर्वाण दीक्षा) ग्रहण गरेर तुरीया सन्ध्या हुन्छ। तर उर्ध्वाम्नाय वा सर्वाम्नाय श्रीविद्यामा भने सर्वाधिकार दीक्षाग्रहण गरेर निर्वाणसुन्दरीको जप भएपछि पूर्वोक्त सप्तदशीमहात्रिपुरसुन्दरीको समेत तुरीया सन्ध्यामा जप हुन्छ।

तान्त्रिक मत दुईकल्पमा विभाजित हुन्छ त्यस विषयमा यस्तो छ।

"कालिका द्विविधा प्रोक्ता श्यामा रक्ता प्रभेदतः।
श्यामातु दक्षिणाप्रोक्ता रक्ता श्रीसुन्दरी माता॥"

अव एक कालीकल्प अर्को सुन्दरीकल्प। यिनमध्ये श्रीशंकरजीले कालीकल्प अपनाएर नीलक्रम ग्रहण गरेर श्मशानमा गएर कालीकल्पोक्त शवासन अर्थात मुर्दामाथि वसेर दन्तमाला अर्थात् मानिसको दातको मालाले जप गरी समाधिस्थ हुन थाले। उता श्रीनारायण भने श्रीकल्प सकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर आफ्नो शय्यामा गएर गन्धर्वक्रम ग्रहण गरी श्रीकल्पोक्त शवासन अर्थात् लंपसार परेर उत्तानो भएर आफै मुर्दा झैं सुतेर अक्षमालाले जपगरी समाधिस्थ हुन थाले। यी नीलक्रम र गन्धर्वक्रमको उपासना गर्ने तरिकामा धेरै नै अन्तर छ। उदाहरणको लागी "न्यासप्रिया तु श्रीविद्या कालिका मैथुनप्रिया॥" यस्तो उक्ति छ। अर्थात श्रीविद्यालाई न्यास र कालीलाई मैथुन प्यारो हुन्छ। अतः श्रीविद्योपासनामा न्यास र कालिकोपासनामा मैथुनको अत्यावश्यक हुन्छ। मेरो गुरुपरम्परा श्रीविद्याकल्पको हुँनाले न्यासको वैज्ञानिक रहस्यको एक झलक पूर्वपटलमा दर्शाएँ। मैथुनको पनि वैज्ञानिक रहस्यको उस्तै गहन होला कालीकल्पपरम्परा भएका साधकहरूमा त्यसको ज्ञान होला तर म अनभिज्ञ छु। यसकारणले उत्तराम्नायमा दक्षिणा र गुह्याको समष्टिरूप कामकलाकालीको विराड्रूप (यिनको मूर्ति श्री ३ स्वर्गीय महाराज जङ्गवहादुर राणाबुवाज्यूबाट मृगस्थलीमा विश्वरूप नामले स्थपित छन्) लाई महासमया मानेर लघुसाम्राज्यमेधा अलेखिनीविद्या ग्रहण गरेर कालीकल्पोक्त पाँचौ भाषासन्ध्या अर्थात् तुरीयातीतसन्ध्या हुन्छ। तर यस विषयमा म अनभिज्ञ छु। हाम्रो श्रीकल्पमा भने महात्रिपुरसुन्दरीको विराड्रूप महानिर्वाणत्रिपुरसुन्दरीलाई महासमया मानेर लघुसाम्राज्यमेधाको क्रम भएर भाषासन्ध्या हुन्छ। यसको रहस्य ज्यादै गहन हुँनाले सर्वाधिकारको वैज्ञानिक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्य र यो लघुसाम्राज्यमेधाको वैज्ञानिक रहस्यको वर्णन पछि पछि चर्चा गरी लेख्दै गर्ने छु भन्ने लाग्छ। यहाँ संक्षेपले मात्रै दर्शाउने चेष्टा गर्दछु।

यसको वर्णन गर्नु भन्दा पहिले एउटा कुरा संझन पर्नेछ। त्योके भने "काल[1]" र "समय[2]" पर्यायवाचक शब्द हुन्। तर तन्त्रशास्त्रले यी दुईलाई धेरै नै फरक मानेको छ। कस्तो भने "काल" भनेको वेला र त्यसको अवस्था "समय" हो। यो अति सूक्ष्मविचारले अनुभवगम्य गराई बुझ्न पर्ने कुरा हो सोही काल बनाउने महाकाल र तिनको अवस्था महासमय हुन्। यस्ता कालकी शक्ति कालिका वा काली समयकी शक्ति समया हुन्। काल र समय लोक लोकान्तरमा[3] सिमीतरूपका हुन्छन्। काल प्रत्येक लोकमा पृथक् पृथक् हुन्छ, समय भने जतातते एकसाथ लागु हुन्छ। जस्तोकि जुन समयमा यहाहाम्रो नेपालमा प्रातःकाल हुन्छ, सोही समयमा अमेरिकामा सायंकाल हुन्छ। अतः स्थानानुसारको काल भएपनि, समय त एकै हुन्छ। तर महाकाल र महासमय सर्वत्र एकनास हुन्छन्। सृष्टि, थिस्ति र संहार भएसम्म लोक लोकान्तरमा काल रहन्छ, त्यसपछि अनाख्यासम्म अर्थात् सबै विश्वसोमहरू समेत नभत्किएसम्म महाकाल रहन्छ।

---

1. काल = Time.
2. समय = Period or Condition of time.
3. लोकलोकान्तर = Spheres.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि फेरि सृष्टिको तर्खर नभएसम्म अर्थात् ब्रह्ममा "एकोऽहं नाना स्याम्" भन्ने भाव आएर अनुग्रह नभएसम्म शून्याव-स्थामा महासमयमात्र बाँकी रहन्छ। तिनै महासमयकी शक्ति महासमया हुन्। यसै अवस्थाको क्रमलाई "साम्राज्यक्रम" र त्यसको पनि चेतनारूप अनुभवरूपिणी शक्तिलाई "मेधा" भन्दछन्। अतः यसक्रमको दीक्षालाई "साम्राज्वमेधादीक्षा" भन्दछन्। यसमा गृहस्थाश्रममा रहेसम्म "लघुसाम्राज्यमेधा-दीक्षा" सम्म मात्रै हुन्छ। जव वान प्रस्थाश्रम ग्रहण हुन्छ, तव मात्रै "महासाम्राज्यमेधादीक्षा" प्राप्त हुन्छ। अतः महासाम्रा-ज्यमेधादीक्षाको र कालीकल्पको वारेमा म अनभिज्ञ छु, श्री-विद्याको लघुसाम्राज्यमेधाको वारेमा भने आफूले केही बुझेकोले चर्चा गर्दछु। साधारणसमया दुई प्रकारका हुन्छन्। एक समयावस्था, अर्को समयानित्या यिनमध्ये समयानित्या अर्थात् कामेश्वर्यादि षोडशनित्या अर्थात् तिथिनित्याको तान्त्रिकोपासनादर्पणमै वर्णन भईसकेको छ। समयावस्था यिनलाई समयाविद्या पनि भन्दछन, यिनीहरू अवस्था भेदले चारप्रकारका हुन्छन्। जाग्रदवस्थामा कामेश्वरीनित्या, स्वप्नावस्थामा वज्रेश्वरीनित्या, सुषुप्त्यवस्थामा भगमालिनी-नित्या र तुरीयावस्थामा महात्रिपुरसुन्दरीनित्या हुन। महा-समयको अवस्थानै महासमया हुन्, फेरि उनै महासमयको वन्ने, अड्ने, भत्कने, विलाउने र देखापर्ने यति पाँच अवस्था भेदले गर्दा महासमयाको पाँचै भेद छन्। ती यिनै हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"श्रीविद्या वगला चैव कालरात्रिस्तथैवच।
जयदुर्गा छिन्नमस्मा समयाः पंचकिर्तिताः॥"

अर्थात्:—"श्रीविद्या अर्थात् महानिर्वाणत्रिपुरसुन्दरी, निर्वाणवगला, निर्वाणकालरात्री, निर्वाणजयदुर्गा र निर्वाणछिन्नमस्ता हुन्।" यस क्रममा महासमय परब्रह्मरूप पाँचमुख तिन मध्ये माझमा रातो ज्ञानरूप सिंहमुख, वाँयासेतो धर्मरूपवृषभमुख र दाहिने कालो आधाररूपवराहमुख अनि त्यस सिंहमुख माथि कालो कालरूपमहिषमुख र त्यस माथि प्रकाशरूपज्योतिवक्र अनि त्यस भित्र विमर्शरूप सिद्धिकराली यस्ता पाँचमुख विसहात १२ नेत्र भएका महानिर्वाणभैरवको १६ अक्षरको मन्त्र, अनि ती महानिर्वाणभैरवको छातीमा अंकित भएको श्रीयन्त्रको विन्दुमा अन्तर्गत भएकी श्रीविद्यासमया महानिर्वाणेश्वरीत्रिपुरसुन्दरीको १६ मुख र १०८ हात भएको स्वरूपको १० कूट र ६ वीज भएको १६ अक्षरको मन्त्र, अनि तिनको वायव्य पट्टि एक मुख १८ हात भएकी बगलासमयाको २ कूट १४ बीज भएको १६ अक्षरको मन्त्र, ईशानपट्टि एक मुख २ हात भएकी कालरात्रीसमयाको ४ कूट १२ बीज भएको १६ अक्षरको मन्त्र, आग्नेय पट्टि ७ मुख ८ हात भएकी जयदुर्गासमयाको ४ कूट १० बीज भएको १६ अक्षरको मन्त्र, अनि नैऋत्य पट्टी छिन्नशिर २ हात भएकी छिन्नमस्तासमयाको ८ कूट र ८ बीजको १६ अक्षरको मन्त्रको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कर्म्म साङ्गोपाङ्ग गरी, नौ आत्मालाई तलदेखि माथिसम्म कुब्जिकाको नवरत्नविद्याले अनि फेरि माथिदेखि तलसम्म श्रीविद्यानवरत्नविद्याले अमृत सेचनगरी मनोवाग्गोचरागम्यरूप भएकी लघुसाम्राज्यमेधास्वरूपिणी श्रीविद्याको अलेखिनीविद्याको यथाशक्ति जप हुन्छ । यो भाषासन्ध्याको क्रम हो । यो लघुसाम्राज्यमेधादीक्षाग्रहणगर्नु भन्दा पहिले, कुब्जिकाको पंचरत्नविद्यामा ४ रत्नविद्या थपी नवरत्नविद्या पूर्णगरी, पूर्वोक्त बगलादि चारसमया विद्याको साथै श्रीविद्यानवरत्नविद्या पूर्ण गरी अलेखिनीविद्या ग्रहण गरिन्छ ।

कुब्जिका नवरत्न यिनैहुन्ः—अघोरकुब्जिका ॥१॥ बज्रकुब्जिका ॥२॥ समयाकुब्जिका ॥३॥ घोरकुब्जिका ॥४॥ बीरकुब्जिका ॥५॥ जयकुब्जिका ॥६॥ सिद्धिकुब्जिका ॥७॥ भोगकुब्जिका ॥८॥ मोक्षकुब्जिका ॥९॥

श्री विद्यानवरत्न यिनैहुन्ः—कामादिषोडशी ॥१॥ तारादिषोडशी ॥२॥ रमादिषोडशी ॥३॥ मायादिषोडशी ॥४॥ वागादिषोडशी ॥५॥ दिव्यषोडशी ॥६॥ पराषोडशी ॥७॥ निर्वाणषोडशी ॥८॥ मोक्षषोडशी ॥९॥

गृहस्थीहरूले सायंसन्ध्या निशासम्ममा गर्न हुने र संहारक्रममा विश्रान्ति गर्न नहुने हुँनाले तुरीयासन्ध्या पनि सायंसन्ध्या सिद्धिनासाथ गर्ने प्रथा छ । लघुसाम्राज्यमेधाको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीक्षितले त त्यसपछि आफ्नो निशापूजा समाप्त गरि तत्वशुद्धि गर्नु भन्दा अघि भाषासन्ध्या गर्नुपर्छ। गृहस्थीबाट ब्रह्मचारी भएमा ठीक ठीक याममा त्रिकालस्नान सहित पाँचै सन्ध्या गर्नपर्छ। अवधूताश्रममा भने स्वेच्छानियम हुन्छ, तर मन पवित्र राख्न पर्दछ। विदेशमा बाटोलाग्दा र लडाईमा भने गृहस्थीको समेत शूद्रवत् आचार हुँनाले स्वेच्छा नियम हुन्छ। जलसम्म पनि नमिले केवल मानसिक पूजा र जप गरेर सन्ध्याकर्म हुन्छ। यसवारेमा यस्तो आगमोक्ति छ।

"स्वेच्छानियमतो देवि स्नानसन्ध्यादिकं विना।
विदेशे च रणे चैव पथि शूद्रवदाचरेत् ॥
नदर्शयेत् कुलाचारं मनः पूतं समाचरेत् ॥"

कसैकसैको मतमा सावित्रीलाई वैष्णवी मानेर मध्याह्नमा र सरस्वतीलाई माहेश्वरी मानेर सायंमा ध्यानगरी जप्ने प्रथा छ। त्यस ध्यानको निर्गुणार्थको वारेमा मेरो परम्पराको नहुदा म अनभिज्ञ छु। संन्यासीहरूले भने शिखासूत्रत्यागी साथसाथै गायत्री समेत त्यागेर "शिवोऽहं" वनीसकेबाट मन्त्रपारायणरूप ४ सन्ध्यागर्दछन्। गृहस्थीहरूमा पनि क्रम-दीक्षाको प्रथा नभएको परम्परामा मन्त्रपारायणरूप सन्ध्या हुन्छ, अरे भन्ने सुनिन्छ। तर यो मन्त्रपारायणको विधान मेरो परम्परामा नहुँनाले म त्यस विषयमा अनभिज्ञ छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मैलेत आफ्नो परम्परानुसारको मात्र चर्चा गरीरहेको छु। अरू परम्परामा अरू नै किसिमको हुँदो हो सो मलाई थाहछैन। ऐले यत्तिकैमा यो पटल समाप्त गर्दछु। अब अर्को पटलमा तोरणविज्ञानको यथा ज्ञान वणन गर्नें छु।

इति श्रीसन्ध्याविज्ञानवर्णन्नाम पंचमः पटलः ॥

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठः पटलः

ॐ नमः परदेवतायै

"धर्मस्यतत्त्वं निहितं गुहायाम्" भन्ने उक्तिलाई आधार मानेर हाम्रा प्राचीन आर्यहरूले कलाद्वारा धर्मको तत्त्वको जागर्ति गराएर देवालयमा मूर्ति र चित्रादी टाँगने प्रथा राखेका हुन्। हालमा सोही कलातत्त्वको ज्ञान विलाएर जाँदा केवल मनोरञ्जन दृश्यको रूपमा परिणत भईरहेछ। त्यस विषयको यथार्थ पूर्णतया हुन नसके पनि मैले बुझेसम्म चर्चा गर्नेछु।

देवालयहरू र यागमण्डपहरूको जागर्तिगर्न[1] र चोख्याउनाको[2] लागी तोरण टाँगने प्रथा राखिएको हो। यागमण्डप अस्थायी[3] हुँनाले त्यसमा डोरीको वा काँचो धागोको तोरण वनाएर पात, फूल र रंगीचंगी कपडाहरू झुण्ड्याएर टाँगिन्छ। तर देवालयहरू स्थायी[4] हुँनाले तिनमा ढुंगा, माटा वा काठमा तत्त्वसूचक मूर्तिहरू अंकित गरेर आगमोक्त क्रमले टाँगिन्छ।

---

1. जागर्तिगर्न = Enlighten.
2. चोख्याउन = To purify.
3. अस्थायी = Temporary.
4. स्थायी = Permanent.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वप्रथम तोरण भनेको के हो त्यसबारेमा क्रमचिन्तामणितन्त्रमा यस्तो छ ।

"तोषणं जगदम्बायाः रमणंशिवशक्तयोः ।
नन्दनन्तु गणानाञ्च तोरणमुच्यते वुधैः ॥"

अन्वयः—जगदम्बायाः तोषणं, शिवशक्तयोः रमणं गणनां तु नन्दनं च वुधैः तोरणं (इति) उच्यते ।

व्याख्यार्थः—जगदम्बायाः (मूलप्रकृतिको) तोषणं (संतुष्टिः । भित्री अर्थमा मूलप्रकृतिको संतुष्टि नै संसारचक्रको नियमिक परिवर्तन) शिवशक्तयोः (शिव र शक्तिको । यहाँ व्याकरणको मतले पहिले "शक्ति" अनि "शिव" हुन पर्ने तर यसको विपरीत देखियो । यस्तै "शिवशक्त्यात्मकं जगत्" भन्ने अर्को आगमोक्ति पनि छ । यसमा "अइति ब्रह्म तत्रागतोऽहं" भन्ने निगमोक्तिलाई पुष्टि गरेर "शिव" भन्ने पदले "अकाररूप" अनुत्तरको परामर्शक, "शक्ति" भन्ने पदले "हकाररूप" अनुत्तरकै अनाहतरूपले केहि ठूलो भएको अर्थात् फुलेको परामर्शक भन्ने बुझिन्छ) रमणं (रमाई । भित्री अर्थमा "अ" र "ह" को रमाई भन्नाले "मकाररूप" अनुत्तर र अनाहतको विश्रान्ति हुने ठाउँको परामर्शक भन्ने बुझिन्छ) गणानां (गणहरूको । भित्री अर्थमा कामकलाको गण भन्नाले विन्दुत्रय अर्थात् तीन त्रिन्दु भन्ने बुझीन्छ)॥ नन्दनं (हर्षको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

उफ्राई। भित्री अर्थमा बिन्दुहरूको चाल भन्ने बुझिन्छ) यी तीन अर्थात् "तोषण", "रमण" र "नन्दन" भन्ने बुझाउनाको लागी यिनको अगाडि अगाडिको अक्षरहरू झिकेर "तोरणं" भनेर बुद्धिमानहंरूबाट भनियो।

अब यी तोरणहरू कस्ता हुन्छन् र कुन कुन कामको लागि कसरी प्रयोग हुन्छन् भन्ने बारेमा क्रमचिन्तामणि-तन्त्रमा यस्तो संकेतको उक्ति छ।

"पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः।
संहारः पश्चिमो ज्ञेयो ह्यन्तर्लीनस्तथोत्तरः॥
ऊर्ध्वश्चानुग्रहो भूयश्चाधो विश्रान्तिको भवेत्।
सपरीतरतं पूर्वे विपरीतन्तु दक्षिणे॥
पश्चिमे तु महेशानि मृगादिकरतं भवेत्।
उत्तरे ताण्डवरतमूर्ध्वे तु चणकाकृतिः॥
पाताले कामदं दिव्यं चुम्बनादिरतं भवेत्।
एतेषां भेदभावेन भुवनानि चतुर्दशः॥
चौराशीति शुभाकारा जायन्ते सिद्धिदाः शिवे।
साक्षादाकाररहितः परब्रह्म सनातनम्॥
कामकलाप्रभावेन रूपवान् भवति ध्रुवम्।
तस्या ब्रह्माण्डमुत्पन्नं तयैव परिवर्तते॥
तस्यां विलीयते तस्माज्जगत्कामकलात्मकम्।
तस्माद्रतासनानाञ्च स्वरूपाणां पृथक् पृथक्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पीठे पीठे तोरणानि पीठजाग्रत हे तवे ।
स्वाम्नायश्च परिज्ञाय स्थापितेषु यथाक्रमात् ॥
कुलामृतरसस्वादमुग्धं पीठं भवेच्छुभम् ।
स्वागमादेववोधव्यमिति संकेतमात्रतः ॥"

अन्वयः—पूर्वाम्नायः सृष्टिरूपः (ज्ञेयः), स्थितिरूपः दक्षिणः (ज्ञेयः), संकाररूपः पश्चिमः ज्ञेयः, तथा अन्तर्लीनः हि उत्तरः अनुग्रहः ऊर्ध्वः (ज्ञेयः)। भूयश्च अधः विश्रान्तिकः भवेत् । पूर्वे सपरीतरतं, दक्षिणे विपरीतरतं, हे महेशानि! पश्चिमे मृगादिकरतं भवेत। उत्तरे ताण्डवरतं, ऊर्ध्वे चणकाकृतिः, पाताले कामदं दिव्यं चुम्वनादिरतं भवेत । चतुर्दशः भुवनानां भेदभावेन एतेषां चौराशीति शुभाकाराः जायन्ते । आकाररहितं परब्रह्म-सनातनः कामकला प्रभावेन ध्रुवं रूपवान् भवति । ब्रह्माण्डं तस्याः उत्पन्नं, तया एव परिवर्तते, तस्यां विलीयते । तस्मात् (कारणात्) रतासनानां स्वरूपाणां पृथक् पृथक् क्रमेण पीठे पीठे स्थापितेषु (सत्सु), पीठं कुलामृतरसस्वादमुग्धं शुभं भवेत् । इति संकेतमात्रतः, स्वागमात् एव वोधव्यम् ।

साधारणार्थः—पूर्वाम्नाय सृष्टिरूप, दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप, उत्तराम्नाय अन्तर्लीनरूप, ऊर्ध्वाम्नाय अनुग्रहरूप र अधराम्नाय विश्रान्तिरूप हुन् । पूर्वाम्नायमा सपरीतरतासन, दक्षिणाम्नायमा विपरीतरतासन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिमाम्नायमा मृगादिकरतासन, उत्तराम्नायमा ताण्डवरतासन, ऊर्ध्वाम्नायमा चणकाकृतिरतासन र अधराम्नायमा चुम्वनादिरतासन हुन्छन् । चौध भुवनको (१४×६=८४) चौराशी शुभाकारका आसनहरू बन्दछन् । आकार अर्थात् स्वरूप नभएका सनातन परब्रह्म कामकलाको प्रभावले रूपवान् बन्दछन् । उनै कामकलाबाट ब्रह्माण्ड उत्पन्न भयो, हाल उनैबाट परिवर्तन भईरहेको छ फेरि पछि उनैमा लय हुँनेछ । त्यसउसले जगतै कामकलात्मक हो । त्यसकारणले पीठहरू जगाउनाको लागि तिनको आम्नाय जानेर फरक् फरक् क्रमले रतासनको रूपहरूको तोरण बनाएर टाँगनाले कुलामृतरसको स्वाद पाएर पीठ शुभ हुन्छ अर्थात् पीठका देवताहरू जाग्रत भएर शुभफल दिने हुन्छन् । हे महेशानि ! यो संकेतको कुरा मात्रै हो । यसको यथार्थ कुरा आफ आफ्नो आगमबाट अर्थात् परम्परानुसार गुरू मुखबाट बुझ्न पर्छ ।

तन्त्रमा यत्तिकै संकेत मात्रै गरेको छ । यसको रहस्य बहुतै गम्भीर छ । मैले पनि यथार्थ सबै कुरा बुझ्ने सौभाग्य पाएको छैन । आफ्ना श्रीगुरू, श्रीसुब्बा पं. बीरेन्द्रकेशरी अर्याल र श्रीकाजीमान् आचार्यद्वारा जतिसम्म जाने बुझेको छु, त्यतिसम्म यथा शक्ति वर्णन गर्ने चेष्टा गर्दछु ।

पीठ वा स्थापित देवता सबै ब्रह्मकै विविध प्रकारका सगुणरूप हुन् । आम्नाय र उपासनाको भेदले स्थूलमूर्ति अनेक प्रकारको कलपना भए पनि खास सूक्ष्मरूप त सबैको उही प्रणव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् ॐकार मात्रै हो । यस प्रणवको रूपनिर्माण[1] को बारेमा तान्त्रिकविज्ञनदर्पणमै चर्चा भईसकेको छ आम्नाय भेदुले गर्दा मूर्तिहरू मध्ये कुनैमा "अ कार" को कुनैमा "उ कारको" कुनैमा "मकारको", कुनैमा "नादको' र कुनैमा "बिन्दुको" कलाको प्रवलता[2] मा रूपनिर्माणत्व[3] निर्धारित भएको हुन्छ अर्थात् सोहि कलालाई विशेषरूप मानेर रूपको कल्पना हुन्छ। फेरि त्यसैमा कामकलाको ध्यानानुसार मन्त्र र मूर्ति बन्द छन्।

अब सर्वप्रथम कामकलाको ध्यानको वर्णन गर्दछु। कामकलाको दुई रूप हुन्छ। एउटा बिन्दुरूप अर्को भावरूप। तिनमध्ये विन्दुरूपको बारेमा यस्तो उक्ति छ।

"अग्रबिन्दु परिकल्पिताननामन्यबिन्दुरचितस्तनद्वयीम्।
नादबिन्दुरचना गुणास्पदां नौमिते परशिवे परां कलाम्॥"

यस उक्तिको व्याख्या गरेर यी तीन बिन्दुको र हार्द्ध कलात्मक योनिको स्वरूपको चित्रण समेत गरी तान्त्रिकविज्ञानदर्पणको तृतीय पटलमा चर्चा गरेकै छु। अव यहाँ कामकलाको भावको रूप दर्शाउन पर्‍यो। निगममा यस्तो उक्ति छ।

"अहमाकाराख्य सिद्धकामकलाम्॥"

---

1. रूपनिर्माण = Menifestation
2. प्रवलता = Force.
3. रूपानर्माणत्व = Point of menifestation.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात्:—"अहं" आकारबाट सिद्ध भएको कामकला हो।" यो "अहं" एउटा अपूर्व भाव हो। यसले यसको दोस्रो कसैलाई पनि सम्झदैन। "अ" वर्णमालाको पहिलो अक्षरको र प्रकाशरूप परशिवको सूचक हो भन्ने तान्त्रिक-विज्ञानदर्पणमा चर्चा भएकै छ। "काम्यते स्वात्मत्वेन परमार्थ विद्भिरिति कामः" अर्थात् "परमार्थ जान्नेहरूले जसको कामना अर्थात् चाहना गर्दछन् तिनी "काम" हुन्।" यसबाट "काम" भन्नाले परशिवरूप "अ" कार बुझियो। फेरि "ह" वर्ण-मालाको अन्तिम अक्षरको र विमर्शरूप पराशक्ति अर्थात् चिच्छक्तिको सूचक हो भन्ने पनि पूर्वोक्तपुस्तकमै चर्चा भएको छ। बीजकोशको मतले "क' आकाश, "ल" पृथ्वी र "आ" अनन्त सूचक हुँनाले "कला" भन्नाले आकाशदेखि पृथ्वीसम्म व्याप्त भएकी चिच्छक्तिरूप "ह" कार बुझीयो। अतः प्रकाश "अ" र विमर्श "ह" मिलेको प्रकाश विमर्शा-त्मक अहन्ताको ध्यान नै कामकलाको सूक्ष्मरूप अर्थात् भावरूप हो। यो रूप र विन्द्वात्मक रूप दुवैलाई पुष्टि गर्ने आगमोक्ति यस्तो छ।

"एकारोर्ध्वगतो बिन्दु मुखं भानुरधोगतौ।
स्तनौ दहनशीतांशू योनिर्हार्द्ध कला भवेत्॥
विन्दुं संकल्प्य वक्रन्तु तदधस्थात्कुचद्वयम्।
तदधः सपरार्द्धन्तु चिन्तयेत्तदधोमुखम्॥".

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस उक्तिको अनुसार साधारण बिन्द्वात्मक कामकलाको चित्रण तान्त्रिकविज्ञानदर्पणको तृतीय पटलमा दर्शाईसकेको छ। तर यसैं उक्तिको आधारले यिनको स्वरूप अवस्था भेदले फरक फरक प्रकारको बन्न जान्छ। प्रणवको बारेमा शक्तिसंगम तन्त्रमा यस्तो छ।

"अथातः संप्रवक्षामि निर्णयं प्रणवस्य च।
कलापंचकसंयुक्तस्तत्क्रमं श्रृणु पार्वति ॥
अकारश्च उकारश्च मकारश्च तृतीयकः।
नादश्चतुर्थो गदितः पञ्चमो बिन्दुरीरितः॥
ब्रह्मा बिष्णुश्च रूद्रश्च ईश्वरश्च सदाशिवः।
एते पञ्च महाप्रेताः प्रणवं च समन्विताः॥"

यस कुराको अलि पछि चर्चा हुँनेछ। फेरि सोही तन्त्रमा कामकलाको भावको बारेमा यस्तो छ।

"हंसरूपा कामकला तत्स्वरूपं निगद्यते ।
हकारेण वहिर्याति सकारेणविशेत् पुनः॥
हकारस्य सकारस्य लोपे कामकला भवेत्।
सोऽहमेतस्य देवेशि प्रणवः परिनिष्ठितः॥
जीवः पक्षद्वयत्यागात् प्रणवः परि कीर्तितः।
पराप्रासादविद्यायां एवमेव प्रकीर्तितम॥"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यस उक्तिको व्याख्या साऱ्है गहन हुँनाले यहाँ यसको अति सूक्ष्मतया भावार्थ मात्रै झल्काउँछु। पछि क्रमदीक्षा, महाषोढा र प्रासादीविद्याको चर्चा गरेर लेख्ने मौका मिलेमा यस्को आफूले जाने बुझेजति यथार्थ वाख्यागर्नेछु।

ऐले यसै उक्तिको आधारबाट भाव र मन्त्रको बारेमा चर्चा गर्दछु। मिश्रबिन्दु प्रकाश हुंनाले कामरूप "अ" कार र अरू दुई बिन्दुरूप विमर्श हुँनाले "ह" कार अनि संवित अर्थात हार्द्ध कलाकोरूप "सः" कार हुँनाले तिनकोरूपको भेद यस प्रकारको हुन जान्छ, जुन कुरा पूर्वोक्त तन्त्रोक्तिले दर्शाएको छ।

"अहं+सः=ऽहंसः"। फेरि "सः+अहम्=सोऽहं। यसै "सोऽहं (स्+ओ+ह्+म्) मा दुईपक्ष अर्थात् 'स' र 'ह' झिक्दा 'ओ' र 'म' मात्रै बाकिहुदा ॐ अर्थात प्रणवरूप =नाऽहं अर्कोतिर "हंसः" को एकिकरण हुँदा। "ह्सौः" उस्तै "सोऽहं" को एकीकरण हुँदा "स्हौः" बन्दछन्। अब काम-कलाको बिन्दुरूप, मन्त्ररूप र भावरूप सबैको सूचक आसन-रूप हो। त्यस विषयमा यथाज्ञान चर्चाको लागी आम्नाय र त्यसको आचारको विचार गर्नपर्छ। आचारको[1] बारेमा आगमोक्ति यस्तो छ।

1. आचार=Cult.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"पश्वाचारो भवेत् पूर्वे वीराचारस्तु पश्चिमे।
दक्षिणोत्तरयोरूर्ध्वे त्वाचारौ तावुभौ शिवे॥
विहाय सर्वं सर्वत्र कौलाचारः प्रशस्यते।"

अर्थात्ः—पूर्वाम्नायमा पश्वाचारले, पश्चिमाम्नायमा बीराचारले, दक्षिणाम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नायमा दुवै आचारले अर्थात् बीराचार र पश्वाचार मध्ये एउटाले उपासना हुन्छ। तर ती दुवै आचारलाई छाडेर कौलाचारले सबै आम्नायमा उपासना हुन सक्छ। फेरि अर्को आगमोक्ति यस प्रकारको छ।

"पशुर्देहाभिमानेन कायशुद्धिप्रधानतः।
जपपूजादिभिर्नित्यं महादेवीं समर्चयेत्॥
आत्माभिमानतोवीरः संतुष्टोचित्तशुद्धिना।
उपासयेन्महादेवीं भुक्तिमुक्तिफलाप्तये॥"

अर्थात्ः—पाशवकल्पको साधकले कायशुद्धिलाई प्रधान गराएर अर्थात् स्नानादिनीति र भक्षाभक्ष, स्पर्शास्पर्श इत्यादिको विचार राखी शरीर शुद्धपारी देहाभिमानले अर्थात् आफूलाई एउटा देहधारी व्यक्ति संझेर "दासोऽहं" भावले महादेवीको जपपूजादिले उपासना गर्नु। बीरकल्पको साधकले चित्तशुद्धिद्वारा अर्थात् आफ्नो चित्तशुद्ध गराएर संतुष्ट भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आत्माभिमानले अर्थात् आफूलाई आत्मारूप संभिएर सँधै चोखो मानी "सोऽहं" भावले उपासना गरी भुक्ति र मुक्ति प्राप्त गर्ने उपाय गरोस्। बिन्द्वात्मककामकलकाको अवस्थानुसार कस्तो कस्तो भएर रूप वद्लिन्छ भन्ने वारेमा सोहीतन्त्रमा यस्तो छ।

"ईकारार्द्धमतं बिन्दुमुखं भानुरधोगतौ।
तनौ दहनशीतांशूयोनेर्द्धन्द्वकला भवेत् ॥
हकारार्द्धपदे देखि ईकारैकारमीरितम्।
मुखं बिन्दुर्महेशानि तदधस्तुकुचद्वयम ॥
हकारार्द्धकलारूपं योनिचक्रं विदुः प्रिये।
अधोर्विन्दुर्महेशानि परारूपः प्रकीर्तितः ॥
योनिबिन्दुर्महेशानि तत्परारूपवान् भवेत्।
ऊर्ध्वबिन्दुर्महेशानि तदतीता प्रकीर्तिता ॥
चित्परातु द्वितीयस्तु तदतीता मुखे भवेत्।
सर्वातीता चन्द्ररूपा बोजादूर्ध्वं व्यवस्थिता ॥
वाचातीतां कलां विद्धि हकारोर्ध्वकलां शिवे।
इतिकामकलारूपं कीर्तितं तु मया तव ॥
काळीकामकळा देवीमुख्या हंसगता भवेत्।
इति संक्षेपतः प्रोक्तं किमन्यत् श्रोतुमिच्छसि ॥"

फेरि सर्वोल्लासतन्त्रमा यस्तो वचन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"हकारं शिव-बीजं स्यात् शक्ति-बीजं सकारकम् ।
जीवात्मानं नादरूपं बिन्दुं च परमात्मकम् ॥
विसर्गः कर्मसङ्गः स्यात् हंस-बीजं प्रकीर्त्तितम् ।
बिन्दुद्वयं विसर्गःस्यात् सृष्टिः स्थिति महेश्वरि ॥
एक-बिदुं लयेदेवि द्वि-बिन्दुं सृष्टिरूपकम् ।
त्रि-बिन्दुं स्थितिरूपं च बिन्दुमेकं लये पुनः ॥
शिवशक्तिमयं देहं जीवात्मा कर्मरूपकम् ।
परमात्मा बिन्दुरूपं हंस-बीजेन भाषितम ॥
सृष्टिस्थितिलयं ज्ञेयं हंस-बीजं सुलोचने ।
हंस-ज्ञाने भवेत् सृष्टि सोऽहं-ज्ञाने स्थिति प्रिये ॥
नाहं-ज्ञाने लयं देवि भावाभाव-प्रबोधकम् ॥"

यी उक्तिहरूको व्याख्या ज्यादा लामो र लेखद्वारा संझाउन पनि मुस्किल हुँदा यहाँ लेखिन । यस्को यथार्थ भावार्थ तल नक्सा सहितको तोरणको चर्चा हुँदा खुल्नेछ ।

छोटूकरीमा यी उक्तिहरूको मतलब यो हो कि "अवस्थानुसार हंसबीजको भाव र आम्नायभेदले संवित् सूचक योनिमा बिन्दुत्रयको चलाईले[1] गर्दा तिनको स्थान[2] फरक फरक हुन्छ । यो ईकारको आकारले चल्ने हुनाले 'ई' पनि कामकला सूचक हो ।" सो रूपहरूको नक्सा समेतको वर्णन यसै पटलमा हुने छ ।

1. चलाई = Movement. 2. स्थान = Position.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अव तोरणको बारेमा चर्चा गर्दछु।

प्रत्येक आम्नायमा कामकलाको अवस्था अर्थात् बिन्द्वात्मक कामकलाको रूप, प्रणवको अङ्गको प्रवल भाग अर्थात् कला, महावाक्य, भाव अनि आम्नाय यति पाँचै कुराको सूचक एउटा रतासनको मूर्ति कल्पना गरेर तोरणरूप बनेको हुन्छ। यी मूर्तिहरू 'ई' कारका सगुणरूप हुन्।

॥ पूर्वाम्नायः ॥



पूर्वाम्नायमा बिन्द्वात्मक कामकलाको अवस्था यस्तो हुन्छ, अनि रतासनको मूर्तिमा सपरीतरतासन अर्थात् कामदेवरूप पुरुष माथि र रतीरूप स्त्री तल रहेको कल्पना हुन्छ। अव यस विषयमा व्याख्या गर्दछु। पूर्वाम्नायमा पश्वाचार, पश्वाचारमा "दासोऽहं भावले उपासना हुन्छ। "दासोऽहं" भावमा आफूलाई जीवरूप "हंसः" र इष्टदेवलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मरूप "परमहंसः" संक्षिएर उपासना हुने हुँदा पूर्वाम्नायको भावको रूप "हंसः" हुन गयो। फेरि पूर्वाम्नाय सामवेदको रूप हुँदा यसको महावाक्य "तत्त्वमसि" हुन गयो। अनि दुई बिन्दुबाट सृष्टि हुँने हुँदा सम्वित्‌रूप त्रिकोणमाथि कोणवाहिर स्पष्टतया दुई बिन्दु रही एक मिश्रबिन्दुको भाव मात्रै संवित्‌को अन्तर्गर्भित भएर रहन्छ र माथि अंकित भएको रूप बन्दछ। फेरि पूर्वाम्नाय सृष्टिकला र प्रणवको सृष्टिकला ब्रह्माजीको[1] सत्ता "अकार" हुँदा यस कामकलाको कला "अ" हुन गयो। अतः अ + हंसः + तत्वमसि + विन्द्वात्मकामकलाको पूर्वोक्तरूप अर्थात् अवस्था + पूर्वाम्नाय यति पाँच मिलेकोबाट सगुण सपरीतरतासन बन्दछ। अर्थात् रतासनको[2] त्यो एउटा मूर्तिबाट पूर्वोक्त पाँचै कुरा सुचित हुन जान्छ। रतासन भनेको केही भने कामदेवरूप प्रकाश र रतीरूप विमर्शको विलासको अवस्थाको कल्पित मूर्ति हो। यसमा "अकार" प्रकाशरूप "कामः" लाई कामदेवमा र "ह" कार विमर्शरूप कलालाई रतीमा घटाएको हुन्छ। फेरि कामको दुई अण्डा शुक्लारुण दुई बिन्दु सुचक र लिङ्ग मिश्रबिन्दु सूचक अनि रतीको योनि संवित् सूचक मानिएको हुन्छ। सपरीतरतासनमा काम माथि-

1. ब्रह्माजीको सत्ता = Potential energy belonging to Solidity.

2. रतासन = Copulation or mingling of Potential and Kinetic energies.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिर र रती तलतिर रहेको मूर्ति "अकार" मा कामको प्रधानरूप[1] अर्थात् स्पष्टतया देखिने सकल हुनाले "अ" कलाको सूचक हुन गयो ॥१॥ पाशवकल्पको नियमिक रतासन सपरीतने हुँनाले "हंसः" भावको सूचक भयो ॥२॥ "अकार" सृष्टिकला हुँदा यो "पूर्बाम्नाय" को सूचक भयो ॥३॥ पूर्वाम्नाय सामवेदात्मक हुँनाले त्यसको महावाक्यानुसार कामबाट "तत्" भन्ने, कलाबाट "त्वं" भन्ने र दुवैजनाको गुप्तेन्द्रियको मेलबाट "असि" भन्ने बुझिनाले "तत्त्वमसि" महावांक्यको सूचक भयो ॥४॥ अनि फेरि यस आसनमा दुई बिन्दु-सूचक दुइ अण्डा सम्वित्—सूचक योनि माथि र मिश्रबिन्दु-सूचक लिङ्ग योनि भित्र दवेर रहेबाट पूर्वोक्तबैन्दवावस्थाको अर्थात् त्रिकोणको माथितिर दुई बिन्दु र बीचमा अर्थात् भित्रपट्टा मिश्रबिन्दु केवल आकाररूप मात्रै भएको सूचित भयो ॥५॥

। दक्षिणाम्नायः ॥



1, प्रधानरूप = Prominent-figure.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो दक्षिणाम्नायको बैन्दवावस्था हो। यसमा विपरीतरतासनको अर्थात् रती माथितिर र काम तलतिर रहेर रतगरीरहेको मूर्ति कल्पना हुन्छ। यस रतसनमा विमर्श सूचक रती वा कला माथि रहेर रत भएबाट प्रणवको "उ" कलाको प्रधानरूप देखिनाले "उ" सूचक हुन गयो ॥१॥ यस आम्नायमा पश्वाचारले पूर्वोक्तवत् "हंसः" भाव र बीराचारमा आत्माभिमानले इष्टदेवता र आफूलाई एउटै संझिएर उपासनाहुने हुँदा "सोऽहं" भाव हुनजाँदा यो मूर्ति "हंसः सोऽहं" भावको सूचक भयो ॥२॥ प्रणवको "उकार" स्थितिकला विष्णुको[1] सत्ता हुँनाले यो मूर्ति "दक्षिणाम्नाय" स्थितिकला को सूचक भयो ॥३॥ दक्षिणाम्नाय अथर्ववेदात्मक हुँनाले त्यसको महावाक्यानुसार रती कलाबाट "अयं", गुप्तेन्द्रियबाट "आत्मा" र कामबाट "ब्रह्म" भन्ने बुझिदा यो मूर्ति "अयमात्माब्रह्म" को सूचक भयो ॥४॥ यो आसनमा संवित्-सूचक योनिको दुईतिर विन्दुद्वय-सूचक दुई अण्डा रही मिश्रबिन्दु-सूचक लिङ्ग सोहि पंक्तिमा रही योनिमा भित्र घुस्दा केही भाग बाहिरै रहन जाँदा तीनोटै बिन्दु स्पष्टरूप भई तीन बिन्दुबाट स्थिति हुने सावित गराई मिश्रबिन्दु त्रिकोणगर्भित भई "पूर्ववत् बैन्दवावस्था" बन्दछ ॥५॥

---

1. विष्णुको सत्ता = Potential energy belonging to liquer.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ पश्चिमाम्नायः ॥



यो पश्चिमाम्नायको बैन्दवावस्था हो । यसमा मृगादि-करतासनको अर्थात् रती वा कलाको पछाडितिरबाट कामले रतगरीरहेको मूर्ति कल्पना हुन्छ । यस रतासनमा दुई मूर्ति जोल्ठिदा पहिले तिनको बीच अर्थात् गुप्तेद्रियमै अरुको दृष्टि पर्ने हुँदा प्रणवको "म" कलाको प्रधानरूप देखिएबाट "म" सूचक हुन गयो ॥१॥ यसमा बीराचारले उपासना हुने हुँनाले पूर्ववत् "सोऽहं" भावसूचक भयो ॥२॥ प्रणवको "मकार" संहारकला रुद्रको[1] सत्ता हुँदा यो मूर्ति "पश्चिमाम्नायको" सूचक भयो ॥३॥ पश्चिमाम्नाय ऋग्वेदात्मक हुँनाले त्यसको महावाक्यानुसार रती वा कलाबाट "प्रज्ञानं" र कामबाट "ब्रह्म" भन्ने बुझिनाले "प्रज्ञानं ब्रह्म" सूचक भयो ॥४॥

1. रुद्रको सत्ता = Potenlial energy belonging to Atom.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यो मृगादिकरतासनमा संवित्-सूचक योनिमा मिश्रबिन्दु-सूचक लिंग घुस्दा झण्डै तीनखण्डको एकखण्ड बाहिर पट्टि रहँदा यो मिश्रबिन्दुको पूर्णरूप र अरु दुई बिन्दु-सूचक दुई अण्डा संवित्-सूचक योनिबाट अलगरही केवल मिश्रबिन्दुलाई मात्र छोएबाट यी दुई बिन्दु केवल आकार मात्रकोरूप बनेर मिश्रबिन्दुलाई पुष्टि गरेको अर्थात् छोएकोले पूर्ववत् बैन्दवा-वस्था बन्यो र एक बिन्दुबाट संहार हुने सावित् भयो ॥५॥ अन्य अन्य थरीका पशुहरूसितको रतासनका मूर्त्तिहरू पनि यसैका अङ्ग हुन् ।

॥ उत्तराम्नायः ॥



यो उत्तराम्नायको बैन्दवावस्था हो। यसमा ताण्डव-रतासन अर्थात् दुवै रती वा कला र काम नाची नाची रवगरी रहेको मूर्ति कल्पना हुन्छ। नृत्य अर्थात् नाचबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घूर्णन-क्रिया[1] हुँदा र घूर्णन क्रिया वृत्ताकार[2] वा बिन्दुको सूचक हुँनाले प्रणवको बैन्दवकलाको प्रधानरूप देखिएबाट "बिन्दु" सूचक हुन गयो ॥१॥ पूर्वोक्तवत् उत्तराम्नाय उभयाचार अर्थात् दुवै पश्वाचार र बीराचारबाट उपासना हुने हुँदा "हंसः" भाव र "सोऽहं" भाव दुवै हुन पर्ने थियो तर यो उत्तराम्नाय अन्तर्लीनात्मक अर्थात् संहार भईसकेपछिको अवस्थाको हुँदा "हंसः" को आद्यक्षर "हकार" र सोऽहं" को आद्यक्षर "सकार" को बिन्दु र विसर्ग साथ ऐकीकरण भएर यिनको सामरस्य प्रकट गर्ने "औ" कारको आधारले यो मूर्ति "ह्सौः" भाव सूचक भयो ॥२॥ प्रणवको बिन्दु अनाख्याकला महेश्वरको सत्ता[3] हुदा यो मूर्ति उत्तराम्नायको सूचक भयो ॥३॥ उत्तराम्नाय यजुर्वेदात्मक हुँनाले त्यसको महावाक्यानुसार रती वा कलाबाट "अहं", कामबाट "ब्रह्म" र गुप्तेन्द्रियबाट "अस्मि" भन्ने बुझीनाले "अहंब्रह्मास्मि" सूचक भयो ॥४॥ यस रतासनमा नाच्दै रतहुने हुँनाले संवित्-सूचक योनिमा मिश्रबिन्दु-सूचक लिङ्गको करीव आधामात्रै भित्र घुसेबाट र दुई विन्दु-सूचक दुई अण्डा अलग भई योनिबाट धेरै नै फरक भएबाट अरू सबैको केवल आकार मात्रकोरूप बनेर मिश्रबिन्दु स्पष्टरूप बनेबाट पूर्वोक्त बैन्दवावस्था बन्न गयो ॥५॥

---

1. घूर्णन-क्रिया = Whirling-motion.
2. वृत्ताकार = Circle.
3. महेश्वरको सत्ता = Potential energy belonging to Gas.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ ऊर्ध्वाम्नाय ॥



यो उर्ध्वाम्नायको बैन्द्वावस्था हो। यस्मा चणकाकृति रतासन अर्थात् रती वा कला र काम दुवै जना उल्बीएर चनाको बान्की बनेर रतगरीरहेको मूर्ति कल्पना हुन्छ। चणकारबाट श्रृंगाटकरूप बनेर नाद बन्ने हुँदा यस मूर्तिबाट प्रणवको नादकलाको प्रधानरूप देखिएवाट "नाद" सूचक हुन गयो ॥१॥ उर्ध्वाम्नायमा पनि उभयाचारले उपासना हुने हुँनाले र यो अनुग्रहात्मक हुँदा अन्तर्लीनमा "ह्सौंः" भाव भईसकेर फेरि सृष्टि हुने भाव उत्पन्न हुँदा सोहि भाव उल्टिएर "स्हौंः" भाव हुन गयो ॥२॥ प्रणवको नादभाषाकला सदाशिवको सत्ता[1] हुँदा यो मूर्ति ऊर्ध्वाम्नायको सूचक भयो ॥३॥ फेरि ऊर्ध्वाम्नाय गायत्रीकोरूप हुँनाले यस्को महावाक्य "परोरजसेसावदोम्" हुन गयो ॥४॥ यो चणकाकृतिरतासनमा

1. सदाशिवको सत्ता = Potential enengy belonging to Electron.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मिश्रबिन्दुरूप लिंग संवित्रूप योनिमा रहँदा दुई बिन्दुरूप-अण्डाले समेत् योनिलाई आधा छोएकोले पूर्ववत् बैन्दवावस्था हुन आयो ॥८॥

॥ अधराम्नाय ॥



यो अधराम्नायको बैन्दवावस्था हो। यसमा चुम्वनादिरतासन अर्थात् रती वा कलाको योनिमा कामको औंला र कामको लिंग रतीले समाती रतीको मुखभित्र कामको निभ्रो अथवा कामको जिभ्रो कलाको योनिमा फेरि कलाले दुइ हातले कामको लिङ्ग समाई चुस्न लागेकोले विमर्शले प्रकाशको सत्ता खीचीरहेको मूर्ति कल्पना हुन्छ। यस मूर्तिको "वज्राकार" भएबाट "वज्र" कलाको सूचक भयो ॥१॥ अधराम्नायमा चीनाचारले उपासना हुनाले "हुँ फट्" भाव हुन गयो ॥२॥ "हुँ फट्" भाव हुनाले अधराम्नाय भयो ॥३॥ अधराम्नाय बौद्धमार्गीय हुँनाले यस्को महावाक्य "तारेतुत्तारेस्वाहा" हुन गयो ॥४॥ यस आसनमा कलाको हातमुखले कामको गुप्तेन्द्रिय छोपेकोले बिन्दुत्रयको आकाररूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रै रही योनि स्पष्टतमा रहेर पूर्ववत् बैन्दवावस्था हुन गयो ॥५॥ यस प्रकारको रहस्य वुझ्न खोज्ने कुरा त परै जाओस् "हाम्रा अघिका तान्त्रिकहरूले कुनै र कुनै रहस्यकै आधारमा यस्तो बनाएका होलान्" भन्नेसम्म पनि न संझी आफ्नो सांस्कृतिकलाका विरोधी विदेशीको आफू दलाल बनेको शुद्धि नपाई उनिहरूको हाहामा लागी आफू वुझ्क पाश्चात्य-सभ्य पाएको व्यक्ति वनी यस्ता रहस्यपूर्णकलाहरूलाई हस्सीको दृष्टीले हेर्छौं। फेरि हाम्रो प्राचीन लिपी "अ आ" इत्यादिलाई मारेर पाश्चात्य-लिपी "A.B.C." लाई जगाउँछौं। यसको मतलव केहो भने कसैको नाम "देवीवहादुर क्षेत्री" भए "डी०वी० क्षेत्री" भनेर हाम्रै देवनगरी लिपीमा लेखेर उ सभ्य व्यक्ति वन्दछ। उनिहरूकै लिपीमा "D.B. Kshetry" लेख्नु त योग्यनै हो तर हाम्रो लिपीमा छोटकरी लेखे "दे०व० क्षत्री" लेखे हुने नै थियो भन्ने लाग्छ। तर के गर्नु! हाम्रा सवै शास्त्रका रहस्यहरू हाम्रो आपसी ईर्ष्यार लालचले गर्दा पराईको हात पर्न जाँदा पराई विद्या पढ्नै पर्ने हुँदा यस्तो भएको होला। यसमा केही कटु लेख हुन गएमा क्षमापार्थी छु।

अव फेरि रतासन बारेमा विचार गरौं। पूर्वोक्त छ आम्नायभेदबाट वनेका छ प्रकारका मूर्तिहरू चौधभुवनको भेदले गर्दा (६×१४=८४) चौराशी प्रकारका वन्न गए। अर्थात् सपरीतरतासन एक भुवनमा एक किसिमको[1] भए

1. किसिम = Posture.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्को भुवनमा अर्कै किसिमको हुन्छ। तर यो सपरीतरतासनमा काम माथि र कला तल भएकोत हुनै पर्छ। एवं प्रकारले चौध किसिम वा प्रकारका सपरितरतासनहरू बन्न गये। यस्तै गरी अरू पाँच रतासहरूमा पनि प्रत्येकमा चौध चौध किसिमका बन्न गये। साधारण विचारबाट 'चौध भुवन' भन्नाले 'सत्यलोक देखि पाताल सम्मको चौध भुवन' भन्ने बुझिनाले 'भुवनै पिच्छे फरक फरक किसिमका रतासनहरू होलान्' भन्ने भान पर्न जान्छ। तर यहाँ यस्को वास्तविक रहस्य अर्कै छ। त्यो केहो भने शक्तितत्त्व दुई प्रकारका हुन्छन्। तिनमध्ये एक संगृहित[1] र अर्को कर्त्तृत्वशील[2] हुन्। यिनै शक्तितत्वको[3] प्रभावबाट बनेर भएकोलाई (भूयते "प्राप्तौ"। "भूसू धुभ्रस्जिभ्यश्छन्दसि" इतिक्युन्। भवन्त्युत्पद्यन्तेऽनेन करणे ल्युट्। भुवनम्) "भुवन" भन्ने संज्ञा भएको हो। पूर्वोक्त दुईमा प्रत्येकको सात सात विभाग हुँदा चौध विभाग भए। तिनमा संगृहीत शक्तिका विभाग यति हुन्। मुलाधार, स्वाधीष्ठान, मणिपुर, अनाहत, विशुद्धि, आज्ञा अनि ब्रह्मरन्ध्र। फेरि कर्त्तृत्वशील शक्तिका विभाग यति हुन्। गति,[4] ताप,[5] विद्युत्,[6] चुम्वक,[7] प्रकाश,[8] रसायन[9] अनि लय[10]। अनि

1. संगृहित = Potential.
2. कर्तृत्वशील = Kinetic.
3. शक्तितत्व = Energy.
4. गति = Motion.
5. ताप = Heat.
6. विद्युत = Electricity.
7. चुम्वक = Magent.
8. प्रकाश = Illumination.
9. रसायन = Chemistry.
10. लय = Synthesis.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि यी पूर्वोक्त रतासनका मूर्तिहरूबाट पूर्वोक्तपत् प्रणवकला, भाव, महावाक्य, बैन्दवावस्था र आम्नायभेद यति पाँच थोकको सूचित हुने हुँनाले यस मूर्तिलाई पञ्चमी वा पञ्चमीमूर्ति भन्दछन्। अतः यसप्रकारले पञ्चमीको चौराशी भेद बन्न गई राजाधिराजयोगको मतले चौराशी रतासन र हठयोगको मतले चौराशी योगासन हुन गये। प्रत्येक तत्त्वबाट बन्ने प्रत्येक मूर्ति–भेदको बारेमा म अनभिज्ञ छु। फेरि यो भन्दा बढी यस विषयमा जान्न सक्ने आश पनि लाचारीसाथ छाड्न परीरहेको छ। किनभने अनेक पुस्तक ग्रन्थहरूमा भिजे पनि सांकेतिक उक्तिहरू त फेला पर्न सकिएला, तर रहस्य भने विना गुरूमुख बुझ्न आकाशखेती जस्तो हुने हुनाले मेरा गुरुदेव, श्रीसुव्वा वीरेन्द्रकेशरी अर्याल् र श्रीकाजीमान अचाजूहरू जस्ता रहस्यज्ञ उपासकहरूले देह त्याग गरीसकेको र मेरो हतभाग्यले अनेक खोजीगर्दा पनि उपदेशदिने कुरा त परै जाओस् सरसल्लाह दिने व्यक्तिसम्म पनि पाउन सकिन। झन् चौराशी योगासनको बारेमा त म केही पनि जान्दिन। किनभने म हठयोगमा लागिन।

अब तोरण प्रयोगको कारण र तरीका संझाउनाकोलागी यहाँ अरू विशेष केही कुरा बताउने चेष्टा गर्दछु। सर्वशक्तिमान् जुन परब्रह्म वा ईश्वर हुन् उनि त निराकार निर्लेप र एकरस छन्। 'मेरो र तेरो' भन्ने अनेक प्रपञ्चको उनमा लेश मात्र पनि हुदैन। अतः उनको लेखि सबै एकनास छन। उनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कोही मनपर्ने कोही मननपर्ने हुनै सक्दैन। "यो मेरो उपासना गर्छ यसलाई माथि पुऱ्याउन पर्छ, यो मेरो उपासना गर्दैन, यसलाई तलै थचारी राख्न पर्छ।" भन्ने मानिसको जस्तो भावना उनमा कदापि हुँदैन। उनि त सर्वव्यापी छन् केवल साक्षीरूप भएर सबैको चालामाला हेरेर सच्चिदानन्दरूप बनीरहन्छन्। यस्ता जतातत्तै व्याप्त भएका ईश्वरको आवाहन र स्थापनको कारण के हो भने मानिसको विश्वास र भाव सिद्धगर्नाकोलागि ईश्वरको माथि बताए भैं सगुणरूपको कल्पना भएर आवाहनादि कर्म्म हुन्छ। "विश्वासः फलदायकः" अर्थात् विश्वासले नै फलदिन्छ" भनेर शास्त्रले भनेकै छ। सोहि विश्वासकोलागि कुनै वस्तुमा आवाहनादि गरी त्यसलाई ईश्वर मान्दछन्। फेरि भावको भेदले गर्दा प्रतिमा, यन्त्र❁, जल र कोरा पाषाणादि वा कुनै प्राकृतिक पदार्थमा आवाहनादि हुन्छ। अर्थात् मूर्तिमा खास त्यही देवताको मात्रै, यन्त्रमा सोही देवताको विभिन्न मूर्तिको, जल, पाषाणादिमा सो आम्नायको सबै देवताको भावना हुन्छ। अतः हाम्रो नेपालमा धेरै पीठहरुमा केवल कोरा पाषाणरूप मात्रै पाइन्छ। यस्को मतलव यो हो कि शैवहरूले कुनै एउटा पीठलाई एउटा देवता मानेको हुन्छ, सोही पीठलाई बौद्धहरूले उनिहरूको मतानुसार अर्कै देवता मानेको हुन्छ र दुवैथरीलाई त्यहाँ पूजा आजा गर्ने समानाधिकार प्राचीन परम्परानुसार प्राप्त

❁ यन्त्र भन्नाले यन्त्र र वेर दुवैलाई सूचित हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको हुन्छ। नेपालको प्रधान गुह्येश्वरी-पीठमा हामी सिद्धिलक्ष्मी, उग्रचण्डा, कुब्जिका र श्रीविद्यालाई सिद्धिकराली (गुह्यकाली) मा समष्टि मानेर क्रमार्चन गर्छौं। बौद्धहरू उनैलाई नैरात्मायोगिनी मानेर उनीहरूको मतानुसार अर्चन गर्छन्। यो वहिर्यागको कुरा भयो। अन्तर्यागमा त सबै कर्म मनमनै हुन्छ। वास्तवमा हामी आफै सर्वशक्तिमान् ब्रह्म हौं। अज्ञानवस आफूलाई चिन्न नसकी आफ्नो सो महान् शक्ति प्रयोग गर्न सक्तैनौं। उदाहरणकोलागी विचार गरौं। सर्कस हेर्दा कसैले तार माथि साइकल चढेर हिंडाएको देख्दा हामी छक्क पर्छौं, तर हाम्रो पनि उसकै जस्तो देह र अन्तस्करणादि सबै मौजूद छन्। तैपनि हामी त्यस्तो गर्न सक्तैनौं। किनभने हाम्रो त्यसो गर्ने आँट[1] छैन। आँटी हाल्यौं भने पनि गर्न खोज्नासाथ बाजीखान्छौं, किनभने हामीमा त्यसको हटौटीको[2] ज्ञान छैन। तसर्थ आफ्नो आँट दृढसंकल्पले[3] बढाएर यथायो ग्य परिश्रम गरेर हटौटीको अभ्यास गर्दा गर्दै ह्याउ[4] बढ्दछ र काम बन्दछ। हटौटी मात्रै जानेर पनि अभ्यास नगरे वकवेदान्ती भैं रही हुन पर्दछ। 'वकवेदान्ती' भनेको कस्तो भने मुखले भने "एको ब्रह्म द्वितीयो नास्ति" भनेर अरूलाई अनेक वेदान्तको उपदेश गर्दै हिडने "शिवोऽहं" भन्दै धाँचा पनि पारि टोपल्ने र "मैले ब्रह्म चिनी सकेको छु" भनेर आफ्नो

1. आँट = Will. 2. हटौटी = Process.
3. दृढसंकल्प = Strong-will. 4. ह्याउ = Will-power.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

धार्मिक कर्तव्य (निष्टाकर्म्म) केही पनि न गर्ने सबै व्यवहारिक पदार्थमा भने सँधै लग्गुहुने परस्त्री र परद्रव्यमा र्‍याल चुहाउँदै झगडा वोकेर अदालत धाउनेहरूले "वकवेदान्ती" को उपाधि प्राप्त गर्दछन्। अतः आफूलाई चिनेर अर्थात "मँ सर्वशक्तिमान् ईश्वर रहेछु" भन्ने दृढ निश्चय भाव उत्पन्न गराएर श्रीकृष्णादि र अरू महापुरषहरू झैं आफूमा रहेको महान्दिव्यशक्ति[1] प्रयोग गर्न सक्ने ह्याउ बढाउने हटौटीको अभ्यासलाई उपासना भन्दछन्। यही उपासना तीन श्रेणी वा तहमा विभाजित छन्। प्रथम श्रेणीलाई अधमोपासना (यो पशु-भावबाट हुन्छ), द्वितीय श्रेणीलाई मध्यमोपासना (यो वीर-भावबाट हुन्छ) अनि तृतीय श्रेणीलाई उत्तमोसना (यो दिव्यभावबाट हुन्छ) भन्दछन् ।

यो भावत्रयको व्याख्या गहन तथा विस्तृतरूपको हुँनाले र यहाँ अर्कै विषयको चर्चा भईरहेकोले यहाँ एक झलक मात्रै दर्शाएको हुँ। विशेष यसविषयमा यस पङ्क्तिको लेखको अर्को पुस्तकमा चर्चा गर्ने छु। पूर्वोक्त तीन प्रकारका उपासना मध्ये प्रथम श्रेणीका साधकहरूका लागि अधमोपासना लागु हुन्छ। यसमा ईश्वरलाई सगुणमूर्तिमान् संझी स्वामी, पिता-माता, दाज्यू-भाई, दिदी-बहिनी, छोराछोरी वा साथी-संगाती संझिएर आफूलाई उनको दास-दासी, छोराछोरी, दाज्यू-भाई दिदी-वहिनी, आमा-बाबु वा साथी-संगाती संझी उनै (ईश्वर)

1. महानदिव्यशक्ति = Celestual spiritual-energy.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा र आफूमा भेदभाव राखेर प्रेमपूर्वक मानिसको चाकडी स्याहार–सुसार गरे झैं गरी उपासना हुन्छ। यसमा सगुणमूर्ति कल्पना हुने हुँनाले मन्त्रार्थ पनि प्रथम कक्षा कै मनन हुन्छ। कल्पनामय संसार हुँनाले कल्पनाबाटै साकार वनेर इच्छानुसारको फल मिल्नसक्छ। मध्यमोपासनामा आफ्नो चेतनालाई र ईश्वरलाई मन्त्रार्थको द्वितीयकक्षामा घटाएर मनन गर्दा यन्त्रको कल्पना हुन जान्छ र आफूलाई यन्त्ररूप र ईश्वरलाई त्यसको अन्तर्गत अधीष्ठाता ईष्टदेवतारूप मानिएर आफ्नो हृत्पुंडरिकमा सगुणरूपको ध्यान भई आफ्नो साथमै ईश्वरको भावना भई इप्सितफल पाइन्छ। उत्तमोपासनामा आफ्नो आत्मालाई नै ईश्वर रूप परमात्मामा घटाएर मन्त्रार्थ उत्तमकक्षामा मनन गर्दा मन्त्रको एकाकारको कल्पना हुनजान्छ र आफूलाई आत्मारूप र सो आत्मालाई ईश्वर नै संझिएर उनको निर्गुणरूपमा आफ्नो एकाकार-वृत्ति जगाएर इप्सितफल पाइन्छ।

"आफैलाई वनाउने ईश्वरको मूर्ति आफूले बनाएर फेरि त्यसैलाई सर्वशक्तिमान् किन संम्झिएको ?" भन्ने वारेमा के हो भने हामी वास्तवमा सर्वशक्तिमान् ईश्वर नै हौं। अनुमन्ता, शक्ति, भोक्ता र भर्ता आफै वनेर अनेक प्रकारको चेष्टा गर्हीरहेछौं। अनुमन्तारूपले अनुमान गर्छौं, शक्तिरूपले त्यसको फल चालपाउँछौं। भोक्तारूपले त्यसको भोग गर्छौं अनि भर्तारूपले त्यस शक्तिलाई पुष्टि गर्छौं। तर अविद्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा अज्ञानले गर्दा हामीले आफूलाई चिन्न नसकी अविद्याले ढाकेको मनले अनेक संकल्प विकल्प गरी आफूलाई अदना जीवात्मा संझी अनेकरूपको कल्पना गरी नानातरहको योनिमा लर्खराउँछौं। अतः "मन एव मनुष्याणां कारणं वन्धमोक्षयोः" अर्थात् "मननै मानिसको वन्धन वा बाँधिने र मोक्ष वा फुस्कनेकारण हो।" भनेर शास्त्रले बताउँदछ।

ईश्वर जताततै व्याप्त भएपनि उनको आराधना गर्न एउटा अखडा वनाइन्छ। किनभने "यो ईश्वरको आराधना गर्ने चोखो ठाउँ हो यहाँ ईश्वर प्रत्यक्षरूपले विद्यमान छन्" भन्ने भाव सवैको मनमा उब्जनाले प्रकृतिबाट नै अर्थात् स्वभावैले मनको भाव केही नकेही ईश्वरतिर झुक्न जान्छ। तसर्थ यस्तो अखडालाई आफ-आफ्नो मतानुसार देवालय, गुम्वा, गिरजा, मसजीद इत्यादि नामले पुकार्दछन्। सवै मतले उनै निराकार, निर्लेप र एकरस सर्वशक्तिमान्को ईश्वर, शून्य, गड अथवा खोदा इत्यादि नाम-भेदले उपासना हुन्छ। उपासनाको तरिका आ-आफ्नो मतानुसार फरक फरक हुँनाले आराधना हुने अखडा पनि आफ आफ्नो मतानुसारले नै सुसज्जित भएको हुन्छ। अतः अर्काको धर्म्मको निन्दा गर्नु ठूलो भूल हो, पाप पनि हो। तर खेदको कुरात यो छकि हामीमा धेरै जसो पठित, सभ्य भएका व्यक्तिहरू हाम्रो सनातनधर्म्मलाई होच्याई इशाई आदि धर्म्मको प्रशंसा गर्छन्, फेरि नै ष्ठिक त्रिद्वान् ठहरीका उपासकाहरूमा पनि वैष्णवले शाक्तको र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शाक्तले वैष्णवको धव्वा उडाएर आर्य आर्यमै झगडा मचाई झन् धर्म्मकोनामले अनेक पाप गर्दछन्। अरू धर्म्मको वारेमा म केही जान्दिन; अव हाम्रो धर्मानुसार देवालयको चर्चा गर्दछु। ईश्वरको सगुणध्यानानुसार कल्पना भएको रूपको प्रतिमा, यन्त्र अथवा कलस, जलकुण्ड र कोरापाषाणादि मध्ये कुनै न कुनै वस्तु स्थापना गरीन्छ। कतै कतै त यन्त्र र मूर्ति दुवै चीज पनि स्थापित हुन्छन्। हाम्रो नेपालका ठूला ठूला आगममा त वेर● पनि स्थापित भएको हुन्छ। ("वेर" पनि यन्त्र जस्तै पञ्चमहाभूतात्मक देवताको देह-सूचक कल्पना गरीएको हुन्छ। यसमा त्वगादि अष्ट-धातुको प्रतिनिधि सुवर्णादि अष्ट-धातु, नौ आत्माको प्रतिनिधि हीरादि-नवरत्नहरूले युक्त भएको पञ्चमहाभूतको प्रतिनिधि पञ्चरङ्गी-धागोले वेरीएको ठूलो घडा, वाकस वा वालिष्ठमा के हो भन्ने भानपर्ने किसिमको हुन्छ। यन्त्रलाई सात्विकमूर्ति, प्रतिमालाई राजसिकमूर्ति र वेरलाई तामसिकमूर्ति मानिन्छ। त्यस कारणले साक्षात् ईश्वर नै संझिएर प्रतिमादि स्थापित हुन्छ र त्यसमा आवाहन र प्राणप्रतिष्ठादि कर्म हुन्छ।) अवाहन गर्दा अरू सवैको करकच्छपीमुद्राले र ऊर्ध्वाम्नाय तथा उत्तराम्नायका देवताहरूको-त्रिखण्डामुद्राले हुन्छ। अनि प्राण प्रतिष्ठामन्त्र मनन गर्दै मृगीमुन्द्राले प्राण प्रतिष्ठा हुन्छ। त्यसपछि जीवदानमन्त्र मनन गर्दै लेलिहान मुद्राले जीवनन्यास हुन्छ। यस कर्मको वैज्ञानिक

●वेरको रहस्य अति गहन हुनाले पछि पछिको लेखमा चर्चा गर्ने छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्य वहुतै गहन छ। यस्को चर्चा हुनु भन्दा पहिले अरू धेरै विषयको चर्चा भए पछि मात्रै यसको रहस्य वुझ्न सकीने हुँनाले पछि पछिको लेखमा यसको चर्चा गर्दै रहने छु। हालमा यो चर्चा गर्न नसकेमा क्षमापार्थी छु।

आवाहनादि प्राण प्रतिष्ठा भएपछि, हाम्रो यो कलेवरमा चैतन्यरूप जीव रहदा मात्रै कर्मशील अर्थात् कामगर्न र कामदिन सक्ने भए झैं प्रतिमा र यन्त्रादि पनि सचैतन्य भएर उपासकलाई पुरुषार्थचतुष्टय अर्थात् धर्म, अर्थ, काम र मोक्षदिने हुन्छन्। "जगत सबै ब्रह्ममय छँदैछ भने प्रतिमादि कलेवरलाई किन जगाउन पऱ्यो भने, शव अर्थात् मुर्दामा ब्रह्म व्याप्तै भएपनि चैतन्यरूप जीव न हुँनाले जड भए झैं प्राणप्रतिष्ठादि नभएको प्रतिमादिलाई जड संझिएर प्राणप्रतिष्ठादि गर्ने चलन भएको हो।

यहाँ तोरणको फाइदाको कुरा वताउनु भन्दा पहिले एउटा सानो कुरा दर्शाउनु छ। देवताको आराधना गर्ने उपाय दुई छन्। ती मध्ये एक जप अर्को अर्चन। जप प्रधान भएको यागको नाम पुरश्चरण अनि अर्चन (पूजा) प्रधान भएको यागको नाम अनुष्ठान हो। तर यी दुवैमा जप र अर्चन दुवैको आवश्यक हुन्छ। पुरश्चरणमा सामान्य किसिमले पूजा हुन्छ र विशेषरूपले जपगरी जपको गन्ती राखी संकल्पित संख्याको जप हुन्छ र त्यसको दशांश हवन, त्यस्को दशांस तर्पण, त्यसको दशांश मार्जन र त्यसको दशांश ब्राह्मण-भोजन हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यसमा हवनादिको साटो दशांशको डबल जप मात्रै पनि हुन्छ । यस्तो भएमा यागरूप पुरश्चरण हुन्छ । फेरि अनुष्टानमा विशेष पूजा र १०, २७, ५४ वा १०८ सम्म मात्रै मन्त्र–जप हुन्छ र बारभोजन हुन्छ । यसमा यत्तिकै मात्र गरे यागरूप अनुष्ठान र पशुवली जपान्तमा गरी पशुको कवन्धमांस अर्थात् गर्धनको मासुले षोडशाहुति अर्थात् १६ टुक्राले अग्निकुण्डमा हवन गरी कुलपुष्प र कुलामृतले देवतालाई तर्पण गरी बीरभोजन गरे यज्ञरूप अनुष्ठान हुन्छ । यो कर्म पाशवकल्पबाट हुँदैन । फेरि यसको क्रम पनि दुई प्रकारको हुन्छ । एक सोमादिक्रम र अर्को अर्चिरादिक्रम । जल र प्रतिमादिमा देवताको आवाहन भएर हुने सोमादियज्ञ र अग्निमा देवताको आवाहन भएर हुने अर्चिरादियज्ञ मानिन्छ । अतः तर्पण सोमादिक्रम र हवन अर्चिरादिक्रम हो । यो याग र यज्ञको वैज्ञानिक रहस्यको गहन विषय पछि पछिको लेखमा यथाज्ञान दर्शाउने छु । मैले त तोरणको प्रयोगको चर्चा गर्दा यस कुराको मोटामोटी ज्ञानको दर्कार पर्ने हुँनाले मात्रै यतिसम्म लेखेकोहुँ । प्रत्येक यागमा जप, अर्चन र हवन तीनैमा पञ्चमकारको प्रयोग अत्यावश्यक हुन्छ । 'मकार' भनेको के हो भने प्रकाश र विमर्शको अथवा आकर्षण र विकर्षणको विश्रान्ति धाम हो । जस्तै 'अहं' मा 'अ' कार रूप प्रकाश र 'ह' काररूप विमर्शको विश्रान्ति धाम 'मकार' को संयोग हुँदा 'अह' भन्ने निरर्थक शब्दको 'अहं' भन्ने सार्थक शब्द बनेर कामदिने भयो ,त्यस्तै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशरूप "अ" र विमर्शरूप "उ" को विश्रान्तिधाम "मकार" हुनाले "ॐ" कार रूप प्रणव बन्नगयो। त्यस्तै याग वा यज्ञमा विश्रान्ति धाम रूप पञ्चमकारको प्रयोग हुन्छ। जप, अर्चन र हवन यति तीनै थरीमा तीनै प्रकारको पञ्चमकारको प्रयोग हुन्छ। जपमा मौन, मन्त्र मनन, मन र (योनि) मुद्रा। अर्चनमा मद्य, मांस, मत्स्य, मुद्रा (रोटी) र मैथुन (रज र विन्दु विश्रित पदार्थ) यो आफ आफ्नो परपरानुसारको हुन्छ। कसैको मतमा पक्षीको अण्डामा रजबिन्दु हुनाले सोही र कसैको मतमा हयारिपुष्प अर्थात् करवीरकोफूल शिवको लिङ्ग मानेर त्यसमा विन्दुरूप श्रीखण्डचन्दन घसेर र योनिपुष्प अर्थात् अपराजितापुष्पलाई कालीको योनी मानेर त्यसमा रक्तचन्दन घसेर रजवनाई तीदुइको संयोग गराई विधि-विधानले भागलिंगामृतरूप बानाइन्छ। भगलिङ्गामृत नै सृष्टिको कारण हो जगतै भगलिङ्गामृतको रूपान्तर हो भन्ने प्रत्यक्ष देखिएकै छ। हवनमा मैथुन☙ मौन, मन्त्र, (मृगी वा हंसी) मुद्रा र मेधा (पूर्णाहुति)। मेरो परम्परामात साधारण पूजामा हाँसको फुल तथा महापूजामा पूर्वोक्तवत् श्रीखण्ड र रक्तचन्दन पनि प्रयोग हुन्छ। अरू परम्परामा कस्तो छ मलाई थाह छैन। यो अपराजिता र करवीर पुष्पको वारेमा वृहद्योनितन्त्रमा यस्तो छ।

☙ मैथुन = अग्निको गार्भाधानादि दशसंस्कार।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"शिखिपुच्छान्तरे योनिं संस्थाप्य प्रकृतिर्यदा।
कृष्णेऽभूत् परमेशानि तदा जाताऽपराजिता॥
शिखिपुच्छाद् विनिः सृत्य योनिर्जाता महीतले।
योनि चिह्नं स्थितं तत्र देवि कामकलात्मकम्॥
विष्णुक्रान्तं समासाद्य लालारूपोऽभवद्धरः।
योनिस्वरूपं तत् पुष्पं देव्याः प्रीतीकरं परम्॥
तत् पुष्पं परमेशानि रक्तचन्दनचर्चितम्।
पूजयेद्वीरभावीच योनिपूजाफलं लभेत्॥
हयारिपुष्पगर्भस्थशिवलिंगेन पार्वति।
मैथुनं जायते तेन शक्त्याभावेऽपिसुन्दरी॥
परपुष्पे क्षिपेद्गन्धं तत्रपुष्पंक्षिपेत्परम्।
तस्मादुद्धृत्य तत्त्वञ्च तर्पयेत् परदेवताम्॥"

भावार्थः—"कालीले आफ्नो योनि शिखिपुच्छ भन्ने लहराको टुप्पामा राखेर श्रीकृष्ण भइन, सोहि योन्याकारको अपराजितापुष्प वन्यो। विष्णुक्रान्त साथमा लिएर शिव लतारूप वने। त्यस पुष्पलाई रक्तचन्दनले लेपेर बीर-भावले पूजा गर्दा योनिपूजाको फल मिल्दछ। हयारिपुष्प अर्थात् करवीरपुष्पका भित्र रहेको शिवलिङ्गसित (गुरुले वताए बमोजिम तन्त्रोक्त मंत्रोच्चारण गर्दै हस्तक्रिया गरेर) सो योनि-पुष्पको मैथुन गराएर त्यसको रस झिकेर अर्थात् पूर्वोक्तवत् श्रीखण्ड र रक्तचन्दन मिश्रित गराएर परदेवताळाई तर्पणगर्नु।"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हयारीपुष्पमा लिङ्ग भएको वारेमा कुलचुडामणितन्त्रमा यस्तो छ।

"स्वलिङ्गं करवीरेषु संस्थाप्य पुरुषोत्तमः।
राधिका भून्महादेवः श्रृङ्गारानन्दहेतवे ॥
प्रकृतेर्लक्षणं यद्यद् शिखिपुच्छे महेश्वरि।
आत्मयोनिमिमां ज्ञात्वा स्वमूर्द्ध्नि धारयेद्धरिः॥"

भावार्थः—महादेवले (यहाँ विष्णु र शिवलाई ऐक्य संझिएर "पुरुषोत्तमः" भन्ने विशेषण भएको हो) आफ्नो लिङ्ग करवीरपुष्पमा राखेर श्रृंगारानन्दको लागि राधिका भए। शिखिपुच्छ अर्थात् अपराजिताको फूल योन्याकारादि प्रकृतिको लक्षण हुंनाले आफ्नो योनि संझिएर श्रीकृष्णले आफ्नो शिरमा पहिरिन्छ।"

यो पञ्चमकारको वैज्ञानिक रहस्यको गहन चर्चा पछिको लेखमा लेख्ने छु।

तन्त्रशास्त्रले र महाभागवत, पुरुषोत्तममहात्म्य र अन्य कुनै पुराणादिले श्रीकृष्णलाई कालीको अवतार र राधिकालाई शिवको अवतार मानेको छ। अझ तन्त्रले त रुक्मिणी आदि अष्टपटरानीहरूलाई समेत असिताङ्गादि अष्टभैरवको अवतार मानेको छ। पूर्वोक्त शास्त्रहरूले कृष्णलाई काली र वलराम-लाई विष्णु मनेको हुनाले विष्णुको दशावतारमा कृष्ण गणना न गई वलराम गनिएका हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अघोरमतमा अर्थात् अघोरीहरूको मतमा सप्तमकारको प्रयोग हुन्छ, त्यसमा पूर्वोक्त मद्यादि पंचमकारमा मल र मूत्र समेत् प्रयोग भई सप्तमकारको हुन्छ अरे। तिनलाई कापाली-कौलिक वामपन्थी भन्दछन्। यो मत गृहस्थाश्रमीलाई निषेध छ। श्रीमद्देवीभागवतको सप्तमस्कन्धमा पनि यस मतलाई निकै खण्डन गरेको छ।

अतः देवालयादिमा स्थापित देवताहरूको पनि विश्रान्तिधामको लागि मकाररूप गराएर पञ्चमीको मूर्तिहरू निर्माण गराएर तोरण बनाई राखिन्छन्। जुन आम्नायमा जुन भुवनको मतानुसार देवता संस्थापित भएको हुन्छ उसै मतको पञ्चमीमूर्ति मन्दिरको मूलद्वारको बाँया तिरबाट बायाँवर्तते[1] घेरेर राखिन्छ। यसमा सबै ८४ नै राख्न पर्दैन देवताको आवरणानुसारले घेरथोर गरी राखिन्छ। फेरि ध्यानोक्तप्रतिमा न भई अर्कै प्रतिमा वा कुनै पनि चिह्न नभएको कोरा पाषाणादि स्थापित भएको देवालयको मूलद्वार माथि एउटा सानो सकली ध्यानानुसारको प्रतिमा अंकित हुन्छ। आकाशढाकेर बनेको देवालयको बारेमा यस्तो हुन्छ। तर आकाश खुला भएको देवालयमा भने मूलद्वार नै देवताको संमुख मानिन्छ, कुनैमा दिक् अथवा दिशालाई नै तोरण मानिएर विशेष तोरण राखिदैन, राखीहाले पनि देवतामानिएको पदार्थलाई नागरूपको वा बुट्टारूपको तोरणको अनुकल्परूपले

---

1. बायाँवर्तले=Anti-clock-wise.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

घेरेर (हाम्रो नेपाल टुण्डीखेलको लुमडी पीठमा जस्तो गरी) राखिन्छ। यस्तोमा सकली मूर्ति अंकित गर्न जरूरत पर्दन। एक ठाउँबाट अर्को ठाउँमा सारेर स्थापना भएको देवालयमा भने आकाशखुला भएमा अष्टमातृकहरू तोरणको अभावमा स्थापना हुने हुन्छ। उदाहरणको लागी हाम्रो नेपालफर्पिंमा रहेको दक्षिणकालीपीठको बारेमा केही पुरानो कुराको चर्चा गरौं। प्रतापमल्लको पालामा कोरापाषाणरूप अमूर्ति भएर रहेकी श्रीदक्षिणकालीको पीठ मूर्तिरूप बनाएर लम्वकर्ण भट्टद्वारा तल सारिएको हो। कुनै कुनै इतिहासकारहरूको मतमा "जगदम्वा स्वयंले राजालाई 'मेरो मूर्ति स्थापना गर्नु' भनेर स्वप्नादिएबाट मूर्त्ति बनाउँदा 'यो मेरो गुह्यमूर्ति स्थापना नगर्नु' भन्ने फेरि स्वप्नाहुँदा सो मूर्ति आफ्नो दरवारमा स्थापना गरी अर्को मूर्त्ति वनाई लम्वकर्ण भट्टद्वारा स्थापना भएको हो" भन्ने छ। तर रहस्यज्ञ तान्त्रिक इतिहासकारहरूको मत भने अर्कै यस प्रकारको छ। "माथिको पीठ ज्यादा नै जाज्वलय जाग्रत भएर मानिसलाई संभाल्न ज्यादै मुस्किल पर्दा राजा-प्रताप मल्लले लम्वकर्ण भट्टसित सल्लाह गर्दा 'तल एउटामूर्ति स्थापना गरेर तेज खिच्नपर्छ' भन्ने राय दिदा राजाले दक्षिणकालीको गुह्यमूर्ति बनाई लम्वकर्ण भट्टलाई वोलाए। भट्टजीले सो मूर्ति देख्नासाथ 'अहो! महाराज! यो त उनैको मूर्ति भयो, यसबाट त झन् तेज बढेर जाज्वलय हुन्छ। यहाँ त अर्कै आम्नायको मूर्ति स्थापना गर्नु पर्छ। यो मूर्ति हजुरकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दरवारमा स्थापित हवस्' भनी भन्दा राजाले सो मूर्ति आफ्नो दरवारमा स्थापना गरे। अनि राजाको आज्ञाले सबै चाहिने जति सरसामान जुटाई ती लम्बकर्ण भट्टजीले अर्कै आम्नायात्मक उपाम्नायनायिका 'शुष्कमांसातिभिषणा' षड्भुजा चामुण्डाको 'शववाहना' मूर्ति बनाउन लगाई तीन नेत्र समेत नराखी दुई नेत्र मात्रै राखेर सो मूर्तिमा माथिको कोरा पाषाण पीठबाट जीवरूप सत्ता निकालेर सारी तल हालस्थापित भएको ठाउँमा ल्याई स्थापना गरे। माथिको जीवसत्ता-रहित कलेवररूप पाषाणलाई तहीँ अधोमुखपारी खाडलमा दवायी माथि एउटा ठूलो ढुङ्गोले ढाकी माईको विहार गर्ने ठाउँ बनाई त्यहाँ कोही पनि जान नहुने प्रथा राखि दिए।" माथिको कुरा भन्दा तलको कुरा पक्का जस्तो बुझिन्छ। किनभने माईको मूर्ति नै यो कुराको प्रमाण छ। यो मूर्ति चामुण्डाको भए पनि दक्षिणकालीको नै सत्तासारी प्राणप्रतिष्ठा भएबाट सो पीठ दक्षिणाम्नायत्मक भएर ती देवता दक्षिणकाली नै हुन गइन्। अतः दक्षिणाम्नायको मतले नै त्यस पीठमा दक्षिणकालीको सपर्या हुन्छ।

कुन कुन आम्नायमा कस्ता कस्ता किसिमले भुवन-भेद भएर के के क्रमले पंचमी-मूर्तिको तोरण रहन्छ भन्ने वारेमा मैले धेरै ग्रन्थहरू हेर्ने सौभाग्य पाएको छैन, फेरि आफ्ना पूर्वोक्त गुरुहरूबाहेक अरू कसैसित सत्संग गर्ने र सिखने मौका पनि नपाएकोले र कतै यस विषयको ग्रन्थ नै फेलापरे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनि यो रहस्यको कुरा हुनाले संकेतरूपमा लेखिएको हुन्छ विनागुरू त्यो बुझ्न नसकिने हुँदा, म अनभिज्ञ छु। यत्तिकैमा यो पटल समाप्त गर्छु। अब अर्को पटलमा नियमादिको बारेमा चर्चा गर्ने छु।

ईति श्रीतोरणविज्ञानवर्णन्नाम षष्ठः पटलः ॥

—:०:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ सप्तमः पटलः ॥

॥ ॐ नमः परदेबतायै ॥

नियम कसरी रह्यो भन्ने बारेमा मेरो विचार र केही शास्त्रोक्ति समेतको चर्चा गर्नें छु। यो नियम भनेर मैले वर्णन गर्न लागेको प्राकृतिक नियम होइन। त्यो त जो छ छँदैछ। मैले वर्णन गर्न लागेको धार्मिकनियम हो, जसको रूप हावा पानी र युगको परिवर्तनले वदल्दै लैजान्छ। अरू धर्मको बारेमा मलाई कुनै कुरा पनि थाह छैन हाम्रो आर्यधर्ममा भने सर्वप्रथम स्वास्थ्य नै ठीक राख्ने विचारले धर्म्मको नामले नियम सबै आर्यहरूमा एउटै कायम रह्यो। केही काल पछि आर्यहरू फैलिंदै गए, अनि आपसमा ईर्ष्याको उत्पत्ति भएबाट अनेक मतमतान्तर निस्किएर एक परम्परा अर्थात् समाजले आविष्कार गरेको रहस्य अर्कोलाई नवताउने नियन्त्रण रहन-गयो। हामीमा यस्तो खेदजनक वातावरण ऋग्वेदमा वसिष्ठ र विश्वामित्रको छेडछाडको ऋचाहरू लेखिएबाट सोही कालदेखि नै भए जस्तो बुझिन्छ। हाम्रा आर्षहरू पनि आधुनिक पाश्चात्य विद्वान् भन्दा कम विचारवान् थिएनन् वरू "आधुनिक पाश्चात्य भन्दा हाम्रा आर्षहरूको विचार गहिरो थियो" भन्नामा आत्युक्ति हुने छैन भन्ने मेरो मनमा लाग्छ। हाम्रा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आर्षहरूले पत्ता लगाएका कुरा जति संस्मरणको लागी संकेतरूप र सूत्ररूपमा राखिएर रहस्यहरू टुकडिएर आफ आफ्नो परम्परामा रहन गएको हुँदा एउटै व्यक्तिबाट ती सबै रहस्य पत्ता लगाउन अतिकष्ट र असंभव जस्तो हुन गयो। 'विज्ञान-शास्त्रको आमानै गणितशास्त्र हो' भन्ने सर्बविदितै कुरा हो। सो गणितशास्त्र हाम्रो तन्त्रशास्त्रबाट कसरी निस्कियो भन्ने एक झलक चतुर्थ पटलमा दर्शाएकै छु। मुसलमानहरूले पनि "हिसाबेहिन्द" भने र गणितशास्त्र हिन्दूबाटै पाएकोमा सावितै छन्। फेरि हिन्दू नै आर्यको सन्तान हुन्। अनि उतैबाट यो शास्त्र पश्चिम तिर गएको हुँदा "हाम्रा आर्षहरूले बनाएर चपाएको पाश्चात्यहरूले अनेक स्वादिष्ट परिकार मिलाएर निलीरहेंछन्" भन्ने कुरा सावित हुन्छ।

हामी आर्यहरूको यहि "अप्रकाश्यं गोपनीयं" भन्ने कपटले र पाश्चात्य रहनसहनको प्रेमले गर्दा शास्त्रको रहस्य हराई सक्यो, यस्तै हुँदै गयो भने पछि पछि यो नामेट भई हाम्रो कुलधर्म्म नै एउटा घृणाको र हस्सीको पात्र वन्ने छ। हाम्रो पूजा, हाम्रो मन्त्रप्रयोग अनि हाम्रो देवालयहरूको मूर्तिको विधर्म्मीहरूले अनेक तर्कवितर्क गरेर आलोचना गर्दा पनि उस्तै गरी हामी आर्यहरू मध्ये कुनै कुनैले वुझ्रुक वनेर हो मा हो मिलाएर हस्सी गरेर आफैलाई उडायौं। फेरि रहस्य बुझेका हामी आर्य मध्येका साधकहरू पनि उही "गोपनीयं" को नियम पालेर चुप भयौं। यसै विचारले गर्दा हाम्रो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वास्तविक रहस्य खिलाउदै छ। अतः हाम्री आमाको भावी सन्तानले तन्त्रशास्त्रको महत्व सम्झी खोजी गर्दै गएर उन्नतिशील वनुन् भन्ने अभिप्रायले आफूले जाने वुझे जति कुराको चर्चा गरीरहेछु।

माथि मैले मन्त्रादिहरूका धेरै कुरा र प्रयोगको तरिका समेत वताएँ। तर मेरो चित्तवृत्ति निरोध गर्ने र मन खालीपार्ने समर्थ नभएकोले ती सबै कर्म मबाट यथार्थ हुन सक्तैन। "मन सभाले र खाली राख्न पर्छ" भन्न जति सजिलो हुन्छ, सो काम गर्न त्यो भन्दा धेरै नै मुस्कील हुन्छ। अतः गुरू हुन सजिलो हुन्छ तर शिष्य वन्न वहुतै मुस्कील हुन्छ। हामीमा धेरै जसो पुस्तकको भरमा शिष्य नभईकन गुरू वनि हाल्यौं अनि उसै मस्त भयौं। खोजी गर्न केको टण्टो? आफूले नजानेको कुरा हुँदै होइन "तन्त्र मन्त्रमा रहस्य नै छैन यो फोश्रो त्याज्यवस्तु हो" भनिदिए विद्वद्वरहरूको वचन ठीक ठहरी हाल्छ। हुन पनि शास्त्रमा "यसो गरे यस्तो फल हुन्छ" भन्ने देखेर शिष्य नवनीकन स्वयं गुरू वनेर वा त्यस्तै गुरूको चेला वनेर शास्त्रोक्तिको रहस्यको कुनै ख्याल नराखी अर्थात् नबुझी शास्त्रमा लेखे जस्तो काम गर्दा कुनै पनि फल हुँदैन वरू तलमाथि पर्न गए त्यसको विपरीत फल भई खराव हुने संभव हुन्छ। अनि केही फल नभए "तन्त्रोक्ति झुट्टा कपोलकल्पित रहेछ" भनेर ठस्किएर, फेरि केही खराव भए "तन्त्रमा चल्दा खराव हुँदोरहेछ।" भनेर झस्किएर हामी विमुख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छौं। कुनै रहस्यज्ञ साधकले नै आन्तरिक कर्म समेत ठीक गर्दा पनि मन खाली हुन नसक्दा काम पूर्णतया सफल नभई मन जति मात्रामा खालि भएको हुन्छ, उतिमात्रा सम्मको मात्रै फल हुदा "यो शास्त्र नै झुट्टा रहेछ, यसबाट फल मिलेको भए पूरा नै हुने थियो, यति सम्म त काकतलीयबाट भयो" भनेर हामी हट्दछौं। फेरि अर्काथरीका व्यक्तिहरूले नैष्काम्यभाव अर्थात् बाहिरी फलको कुनै पनि उपेक्षा नराखने उपासकहरूको पूर्वजन्मार्जित वाहिरी व्यवहारीक छोटाबडाको दर्तापना देखेर छोटा वा साना हैसियतकालाई दुःखी र वडा वा ठूला हैंसियतकालाई सुखी संझिएर "यस उपासनाबाट भुक्ति र मुक्ति दुवै हुन पर्नेमा, खैः फलानाहरूलाई भुक्ति नै हातपर्न सकेन भने मुक्ति कसरी मिल्ला ?" भनेर नाक चेप्राउँछन्। हामीले वाहिरी दृष्टिकोणले देखेको भरले मात्रै ठूला विलासी र साना मजदूरहरूको मनको सन्तोष र आनन्द वा असन्तोष र छटपटी के छ सो कुरा थाहा हुन सक्तैन भने 'यो सुखभोगी सुखी र यो दुःखभोगी दुःखी' भनेर कसरी पारख हुन सक्छ ? असन्तोष तथा पीरको राँकोले जस्को हृदय जलीरहेको हुन्छ, त्यस्तो व्यक्तिलाई जतिसुकै वैभवपूर्ण भएपनि कसरी 'सुखी' संझनु ? फेरि जसमा सन्तोष र आनन्दरूपी धन छ त्यस्तो व्यक्तिलाई जतिसुकै कंगाल भए पनि कसरी दुःखी संझनु ? त्यसैले जो सन्तोषी र आनन्दी छ उसैले सुख भोग गरीरहेको हुन्छ। अतः नैष्काम्योपासनाबाट अलि अलि गरेर सन्तोषको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वृद्धि हुँदै जान्छ, त्यो अनुभावगम्य कुरा हो। सोही सन्तोषले आनन्द ल्याएर मुक्ति दिन्छ र अन्त्यमा भावरहित गराएर मनोनाश र वासनाक्षय गराएर मुक्ति समेत गराउँछ। सन्तानको हकमा उनिहरूकै कर्मको फल हुन्छ। किनभने सत्ययुग र तेत्रायुगमा पनि हिरण्यकशीपुको छोरा प्रह्लाद, पुलस्त्यऋषिको नाति रावण र यमदग्नि ऋषिको छोरा पशुराम जन्मे थे।

अब यहाँ अर्को विषयमा एउटा सानो लेख लेख्नु छ। "जीवोजीवस्य जीवनम्" भन्ने निगमोक्ति अनि "जीवानां जीवनं पयः" भन्ने आगमोक्ति भएबाट "एउटा जीवलाई खाएर अर्को जीव बाँच्दछ" भन्ने अनि 'पयस्' शब्दले 'दूध' र 'पानी' दुवै अर्थदिने हुँदा "पानी नै जीवनको आधार" भन्ने बुझिएबाट सवै वनस्पतिहरूमा जीव र पानीमा र दूधमा कीटाणुहरू❀ भएको कुरा हाम्रा उसकालका आर्ष महापुरुष-हरूमा ज्ञान थियो भन्ने कुरा सावित हुन्छ। अतः अरू अन्नपात सरह नै देवतालाई र पितृलाई समर्पण गरेर मासुमाछा खाने प्रथा निगमागमले चलाए। आफ्नो वघैचाका फूलहरूलाई मलजल गरेर स्याहार सुसार गरेर योग्य भएपछि टिपेर देवतालाई चढाएर तथा पशुपालन गरी हुर्काइ योग्य भएपछि देवतालाई वलिदान गरेर पूजागर्नु नै आर्यहरूको परम कर्तव्य

❀कीटाणुहरू=Bactiria

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुन गयो। उसकालमा फूल टिपेर देवतामा अर्पण गर्नु र पशु मारेर देवतामा बलिदिनुमा कुनै भेदभाव थियेन। किनभने फलफूल, झारपात र रूखबुटाहरूमा पनि जीव भएको कुरा (जो सन् १६१५ मा मात्रै पाश्चात्यहरूले थाह पाये) हाम्रा आर्यहरूले जानेका थिये। पहिले नैदिककालको यज्ञमा पशुयाग गर्दा पशुको देहको मर्मस्थानहरूमा[1] कण्डिकाहरू पढ्दै घुस्सा हानेर पशुमारेर त्यसको मासुले अग्निमा हवन हुन्थ्यो। यस्तो विधान अर्चिरादिक्रमको वैदिक यज्ञमा छ। तिनमध्ये सोमयज्ञ र सौत्रामणियज्ञ अद्यापि कतै कतै हुंदैछ। त्यसपछि तान्त्रिक विधानबाट सोमादिक्रमको यज्ञमा पनि पशुको रगतले तर्पण गर्ने प्रथा चल्यो। त्यसकालमा धातुको छूरी सम्ममात्रै बन्दो रहेछ। ठूला ठूला खड्गादि वनेको रहेन छ भन्ने बुझिन्छ, किनभने बीरतन्त्रमा यस्तो वचन छ।

"कृकाटिकायां संलग्न घर्षयेच्छूरिकां पशुम्।
मन्त्रमुच्चारयन् बीरश्चतुर्वर्गफलाप्तये ॥"

अर्थात्ः—"पशुको च्यापूमनिको हाडमा जोडेर मन्त्र पढ्दै धर्मार्थकाममोक्षको लागि छूरी घसेर रेटोस्।"

फेरि अर्को उक्ति अन्नदाकल्पमा यस्तो छ।

1. मर्मस्थान = Vitalpart.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"इत्थं निवेश्य च पशुं कृत्वा चोर्ध्वमुखंततः ।
मूलंसमुच्चरन् खड्गं घर्षयेच्छेदयेत् पशुम् ॥
यथा धारोष्णरुधिरं पशुकण्ठविनिर्गतम् ।
धारारूपं महादेव्यै पतेद्देवीमुखे मुहुः ॥"

अर्थात्:—"(यसप्रकाले चढाएर) पशुलाई माथितिर मुख फर्काएर मंत्र पढ्दै खड्गले रेटेर काट्नु । पशुको घाँटीबाट जति जति तातो रगतको धारा निस्कन्छ उति उति धारारूप महादेवीको मुखमा पर्दछ ।" खड्गको आकार बनेपछि अर्थात् एकै प्रकारमा छिन्न नसक्ने खड्ग बने पछि यस प्रकारले बलि दिने प्रथा चल्यो । यस कालसम्म यो सत्ययुगमा सत्यवती नाम भएको हाम्रो नेपालमै मात्र यस प्रकारको आगमपूजा थियो । त्यसपछि जब लाग्ने धारीलो घुंग्रिलो खड्ग बन्यो अनि पछि बनेका धेरै तन्त्रहरूमा यस्तो वचन हुन गयो ।

"चन्द्रहासेन खड्गेन छिन्द्यादेकप्रहारतः ।
उत्तिष्ठ्य हननं कूर्यात् नोपविश्य कदाचन ॥"

अर्थात्:—"पशुलाई चन्द्रहास (केही घुंग्रेको) खड्गले एकै चोटमा छिन्नु । उभिएर काट्नु वसेर नकाट्नु ।"

अनि धेरै परम्परा रतनको प्राचीन प्रथाबाट छेदनको प्रथामा ढल्किए । भारतका कुनै पीठमा पनि प्राचीन रतन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

परंपरा देखिदैन तर हाम्रो नेपालका पीठहरूमा भने यही प्राचीन रतनपरम्परा छँदैछ। अझै ठूला ठूला पीठहरूमा महिषरुधिराभिषेकको महान् विधान पर्व पर्वमा हुँदै छ जुन विधान अन्यत्र देशमा छैन। यो रतनप्रथा वहुतै प्राचीन हुँनाले यसको प्रमाण वहुतै अल्प शंख्यामा हुँदा प्रायः धेरै-जनालाई थाहा नै हवैन। हाम्रो यहाँका पीठहरूमा रतनको प्रथा हुँनाले हामी छेदनपरम्परा भएकाहरूले समेत रतन नै गर्छौं, तर प्रमाण सोधेमा रतनपरम्पराकैहरूमा पनि कुनै कुनैले मात्रै वताउन सक्लान्। सवै आफ आफ्नो परम्पराको कुरा मात्रै जान्दछन् र कुनै कुनै ग्रन्थपढ्दा आफ्नो परम्परामा प्रचलित कर्मको संकेतिक उक्ति पत्ता लगाई त्यसको रहस्य वुझ्न सकिन्छ, तर अन्य परम्पराको भने वोक्रेकुरा बुझेपनि रहस्य वुझ्न सोही परम्पराको गुरुमुख चाहिन्छ। त्यसउसले न्यास, ध्यान, जप र अन्तर्यागको क्रिया सवैको एउटै किसिमको भएपनि वहिर्याग र समयाचार अर्थात् पूजाको सरसामान, नियम र निष्ठाहरू फरक फरक हुन्छन्। अतः यस विषयमा आफ्नो विद्वत्ता देखाएर अर्काको प्रथालाई भुल ठहराउनुत आफ्नै तन्त्रको अज्ञान सावित गराएर आफू विद्वन्मूर्ख[1] वन्नु हुन्छ। हामी पर्वतेमा छेदन परम्परा छ, हाम्रो दशैंमा र देवालीमा मारहान्ने चलन भए पनि पीठहरूमा पीठकै परम्परानुसार गराउन पर्ने हुँनाले यहाँका पीठहरूमा

1. विद्वन्मूर्ख = Bookfull-blochead.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रै रतनगराउद्छौं। त्यस उसले रतनपरम्पराको बारेमा हामी के जान्न सक्तछौं? यस विषयको ज्ञान त देवब्राह्मण (दैउ भाजू), आचार्य (अचाजू) र बज्राचार्य (गुभाजू) हरूमा हुन्छ। तिनैमध्यका कुनै एउटा साधकबाट मैले पूर्वोक्त प्रमाण फेला पारेको हुं।

छेदन परम्परा र रतन परम्पराको भेद मैले जाने बुझे जति दर्शाउने चेष्टा गर्दछु। हामी छेदन प्रथावालाले खेचरवलि अर्थात् चराचुरुङ्गीको वलि र काँचो हाँसको फुल फोरेर वलि गर्न हुँदैन, तर चराचुरुङ्गीको मासु र हाँसको फुल अग्निपक्क गराएर चढाइन्छन्। उस्तै रतनप्रथावालाले वनस्पतिवलि र जलचरवलि अर्थात् कुष्माण्डादि फलहरूको र मत्स्यादि जल-जन्तुको वलिगर्न हुँदैन, तर नैवेद्यरूपमा फलफूल र अग्निपक्क जलचरको मासु चढाइन्छन्। जे पायो उही वलिगर्नेहरूको गुरुपरम्परा ठीक नहुँने हुनाले त्यसतासित तन्त्रविद्या सिक्नु हानिकारक हो। यस्तोमार मलाई परीसकेको छ। पहिलेको परिश्रम सबै विफल भएर पछि पं० धनदत्त शर्मा र श्रीसु० पं० वीरेन्द्रकेशरी अर्यालको उपदेश र सत्संगद्वारा अर्के बाटो लिन पर्‍यो।

अव हत्या तथा हिंसाको वारेमा केही चर्चा गरौं। हत्या भनेको मार्नु हो, हिंसा भनेको मारीहाल्नु होइन। "हिंसाकर्माभिचारः स्यात् परदुःखप्रदायकः" अर्थात् "हिंसाकर्म भनेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्कालाई दुःख दिनलाई अभिचार गर्नु हो" भन्ने आगमको र "नहन्यन्ते हन्यमाने शरीरे" अर्थात् "देह मारीदैमा (जीव) मर्दैन" भन्ने अनि "कंघातयति हन्तिकम्" अर्थात् "कसलाई मराउछ, कसलाई मार्छ" भन्ने श्रीकृष्णको वचनले समेत हिंसाकर्म्म भनेका मार्नेकाम नभई अर्कालाई दुःख दिनु भन्नाले पेचलगाउनु, चित्तदुखाउनु, मर्म पार्नु इत्यादि काम गर्नु हो। द्वापरयुगको अन्त्यतिर गीताको जन्म भएबाट त्यस कालका आर्यहरूमा "हिंसा" को मार्मिक रहस्यको ज्ञान घेरैमा हराउदै गएकोले श्रीकृष्णले अर्जुनलाई श्रोता वनाएर सो विर्सिएको रहस्य संझाएका रहेछन् भन्ने अनुमान हुन्छ श्रीकृष्णको स्वर्गारोहण भएपछि जवशास्त्रको मार्मिक रहस्यज्ञ-हरूको छ्याण्डव्याण्ड भयो, अनि प्रत्यक्षवादी विचार मानिसमा आउनलाग्यो; तर धर्म्मको नाताले मार्मिक रहस्य नवुझे पनि अन्धश्रद्धाको भरमा भएपनि हिन्दूधर्म्म कायम राख्न शास्त्रको मर्यादा भङ्ग गर्न सकेकन्, तर "हिंसा" को अर्थ "मार्नु" भन्ने र चलेको देखिने र बोलेको सुनिने जीवलाई मात्रै प्राणी र अरूलाई जड संझने हालका वैष्णवादिहरूको जस्तो संकुचित विचार उनिहरूमा पलाउँदै आइरहेको थियो, त्यस्तै अवस्थामा "अहिंसा परमो धर्म्म" भन्ने हिंसालाई "मार्नु" अर्थ लगाउने वौद्धधर्म निस्कियो र पूर्वोक्तवत् संकुचित विचार भएकाहरू त्यस धर्म्म तिर ओइरन थाले। ज्याः अनि त आफ्नो पूर्वोक्त संकुचित बिचार भए पनि त्यसलाई दवाएर गुरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वनेर यजमानी गर्ने हाम्रा बाजेहरूलाई पऱ्यो फत्र्याक् फत्र्याक्। अतः "हिंसा" को अर्थ "मार्नु" भन्ने नै मानेर "हाम्रो धर्ममा पनि त 'अहिंसा परमो धर्म्म' भन्ने छ।" भनी "सनातन धर्म्म यही हो" भनेर निम्वार्कादि ४ परम्पराको वैष्णवधर्म्म प्रचार गर्न लागे। एवं प्रकारले दश जना वैष्णव गुरूहरू वनेर आफ आफ्नो परम्परा वनाएर दश प्रकारको मठ स्थापना गरे। यस प्रमाणबाट हाम्रो सनातन कुलधर्म्म भन्दा धेरै पछि यो वैष्णवधर्म्म निस्किएको सावित हुन्छ। ती दश जना वैष्णवहरू मध्ये निम्वार्क, रामानन्द, राधावल्लभ र हरिव्यासको चारमठ मुख्य हुन्। यिनको वारेमा डा. आर. जी. भण्डाकरले निम्वार्कको मृत्यु सन् ११६२ को अडकल गरेका छन्। राधा-वल्लभ नामक मठ स्थापना गर्ने हरिवंश गोस्वामीको जन्म आग्रामा सन् १५५९ मा अथवा सन् १५०३ मा हुनुपर्छ। उनि उत्तर प्रदेशको सहारनपुर जिल्लाको देववनवास गाउँमा हुर्की जवान भएर वृन्दावन गई एउटा नयाँ प्रकारको वैष्णव धर्म्म प्रचार गरे। उनले आफ्नो ससुराबाट उपहाररूप एउटा राधावल्लभको प्रतिमा पाएबाट आफ्नो परम्पराको नाम "राधावल्लभ" भन्ने प्रचार गरी वृन्दावनमा सन् १५४१ अथबा १५८५ मा शानदार मठ गराये। हरिव्यास मठको संस्थापक हरिरामशुक्ल सन् १५१० मा जन्मिएर उमेर पुगे पछि हरि-व्यासमुनिको नामले प्रसिद्ध भये। उनि सन् १५५५ मा वृन्दावन गएर राधावल्लभ मतमा प्रवेश भये। अनि पछि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो मतले हरिव्यास भन्ने आफ्नै नामको परम्परामा मठ खडा गराये। रामानन्दको चाँहि सन् १५६० देखि १६८० भित्रमा जन्म भएको अनुमान हुन्छ। अनि बौद्ध मत ज्यादा प्रवल भएपछि अरू छ वैष्णव मठ खडा गराई वैष्णवगुरूहरूले संकुचित विचारले शंसयात्मा भएका आर्यहरूलाई बौद्ध हुन न दिन र बौद्ध भईसकेकालाई पनि आफ्नो मतमा ल्याउन अर्थात् वैष्णव वनाउन प्रयत्न गर्न लागे। तर त्यसकालमा रहस्यज्ञ आर्य पनि प्रशस्तै थिये उनिहरू आफ्नै मतमा शाक्त वनेरै अटल रही निम्नलिखित शास्त्रोक्ति कायम राखे।

"सर्वे शाक्ता द्विजाः प्रोक्ता न शैवा न च वैष्णवाः।
आदिशक्तिमुपासन्ति गायत्रीं वेदमातरम् ॥"

अर्थात्ः—"द्विज कहालिएका सवै आदिशक्ति वेदमाता गायत्रीको उपासक हुँनाले शाक्त नै हुन्। शैव पनि होइनन् वैष्णव पनि होइनन्।"

अनि शाक्तहरू पशुयाग-प्रबर्तक र वैष्णवहरू पशुयाग-निन्दक हुनजाँदा परस्परमा धुमधामको झगडा चलन थाल्यो। अनि धर्म्मको नामले पाप हुँन थाली कैयौंको ज्यान गुंन लाग्यो। अतः राजाराममोहनराय र उनको गुरु हरिहरानन्द भारति मिलेर आफ्नो गुरूपरंपराको सूत्रको पूर्णतया व्याख्या गरेर "महासिद्धधारतन्त्रको" आधारले "महानिर्वाण तन्त्र"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

को उत्पत्ति गराएर निम्नलिखित प्रमाणको पुष्टि गरेर अघि पुरीमा इन्द्रद्युम्नराजाले स्थापना गरेका वैष्णवमतको देवता श्रीकृष्ण, बलभद्र र सुभद्राको 'शाक्तमतको मूर्ति हो' भन्ने "शक्तिस्तु विमलादेवी जगन्नाथस्तु भैरवः" भन्ने सावित गरी जगन्नाथजीमा विशेष गरी भैरवीचक्रको प्रथा प्रचलित गराई वैष्णव र शाक्त दुवै थरीको मान्य गराई खानपिनमा समेत समान गराई मिलापत्र गराए। भैरवीचक्रको वारेमा उक्ति यस प्रकारको छ।

"प्रवृत्ते भैरवीचक्रे सर्वे वर्णा द्विजातयः।
निवृत्ते भैरवीचक्रे सर्वे वर्णाः पृथक् पृथक्॥"

अर्थात्ः—"भैरवीचक्रमा प्रवृत्त हुँदा अर्थात् भैरवी चक्रार्चन भएको वेलामा त्यस ठाउँमा सवै एकछत्त द्विज हुन्छन्, त्यसबाट निस्किए पछि सवै पृथक् पृथक् अर्थात् आफ आफ्नै जातका हुन्छन्।"

हाम्रा आर्षहरूको सर्वप्रथम स्वास्थ्यमा अनि वैज्ञानिकतामा[1] ध्यान गयो। अतः यिनै दुई कुराको विचारले हाम्रो आर्यधर्मको नियम रहन गयो। यस विषयमा आफ्नो बुद्धिले देखेको कुराको चर्चा गर्दछु। उस कालमा सवै धर्मप्रिय हुँनाले अधर्मदेखि डराउँदथे, किनभने लेशमात्रै पनि धर्मको

1. वैज्ञानिक = Pchychic-Science.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नियममा तलमाथि परे अधर्मी ठहरिनगई समाजबाट बहिष्कार हुन पर्दथ्यो। सभ्यतापाएका हुँनाले आर्यहरू मध्ये गुरु वन्ने र यजमानी इत्यादि ब्रह्मकर्म गर्ने र गराउने 'ब्राह्मण', राजकाज र शिष्य वनी ब्रह्मकर्म गर्ने अनि लडाईं भिडाईं गर्ने 'क्षत्रिय', फेरि कृषि र वेपारमा लागेर शिष्य बनेर ब्रह्म कर्म गर्ने 'वैश्य' भन्ने र रैथाने असभ्यहरूलाई दास बनाएर 'शूद्र' भन्ने गराएर चार वर्णको सृजना यजुर्वेद को कालमा भईसकेको बुझिन्छ। किन भने यजुर्वेदमा यस्तो उक्ति पाइन्छ।

"ब्राह्मणस्य मुखमासीत् बाहू राजन्यः कृतः" इत्यादि

अर्थात्:—"ब्राह्मणको मुख थियो भन्नाले ब्राह्मणको मुखले गर्ने काम अर्थात मन्त्रहरू पढेर यजमानी गर्ने काम थियो, क्षत्रिय भन्ने बाहुको कामबाट अर्थात् लडन्तभिडन्तबाट अनि वैश्य भन्ने उरूको कामबाट अर्थात् खेती र वेपारबाट जन्मिए अर्थात् हुन गए।"

यति भए पछि केहीकाल वितेर गयो अनि स्वास्थ्यतिर विचार गए पछि खानपिनको नियन्त्रण भयो। आचार्य भएर यजमानी काम गर्दा वरावर अर्काको घरमा गएर खाने गर्दा बेला वेलामा खानपिनको वखत गोलमाल हुँदा पाचनशक्ति[1] कम्ति हुने हुनाले ब्राह्मणलाई हतपती हजम हुन नसक्ने पदार्थ खान र पिउन निषेध भयो। राजकाज गरी ऐश आराम

1. पाचनशक्ति=Digestive-power.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरी वस्दा बेला बेलामा खान पाइने तर शारीरिक व्यायाम नहुने हुँदा क्षत्रियलाई ब्राह्मणलाई भन्दा केही बढी खानपीनको सुविधा भयो। वैश्यलाई खेती र वेपार गर्ने हुँनाले केही शारीरिक व्यायाम हुन जाने हुँनाले खानपिनमा क्षत्रियलाई भन्दा होलो भयो। तर विदेशमा वस्दा, कतै वाटो लाग्दा र लडाईंमा आफूले भने जस्तो खानपीनको नियम पुग्न नसक्ने हुँनाले "विदेशे च रणे चैव पथि शूद्रवदाचरेत्" अर्थात् "विदेशमा वस्दा, लडाईंमा जाँदा र कतै बाटो लाग्दा शूद्र झैं गर्नु अर्थात् शूद्रकै जस्तो आचार गरी स्नानसन्ध्यादि र खान-पिनमा निष्ठा गर्नु पर्दैन।" भनेर आगमले खानपीन र अचार-लाई स्वतन्त्र वनाई दियो।

अव नियमतिर विचार गरौं। "शालिग्राममा श्रीखण्ड जड, तुलसीपत्र र जलले नित्य पूजा गरी चरणामृत हरेक गृहस्थी द्विजले ग्रहण गर्नु" भन्ने शास्त्रोक्ति छ। यसको मतलव के हो भने शालिग्राममा इलेक्ट्रन (Electron) हुन्छ। अतः त्यसको साथमा श्रीखण्ड र जड राखेर पखालेको पानी नित्य आचमन गर्ने गरे प्रायशः क्यान्सरको रोग हुँदैन। त्यस्तै तुलसीको हावामा औलनाशकतत्व हुँनाले र कार्तिकमा अक्सर औल सर्ने याम हुँनाले कार्तिकमा तुलसीपूजाको ठूलो महिमा शास्त्रले वतायो। त्यसको पूजा गर्दा एकात घण्टा त्यसको हावा खान पर्ने त आवश्यक पर्ने नै भयो। एवं प्रकारले पूजाको र अरू कर्मको समेत वैज्ञानिक दृष्टिले हरेकमा मार्मिक रहस्य निहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भएको हुन्छ। त्यस विषयमा प्रसङ्गवश मैले जाने बुझे जति पछि पछिको लेखमा दर्शाउँदै गर्ने छु।

एवं प्रकारले "अग्नीषोमात्मकं जगत्"[1] भन्ने शास्त्रको वचन पूर्ति गरेर अर्चिरादिक्रममा अग्निमा अन्न र घिउले हवन अनि सोमादिक्रममा पुष्पादि र फलादि समेत जलले मूर्ति, यन्त्रादिमा तर्पण गरेर अन्न र पानी फेरी चिसो र तातोको नियन्त्रण गर्ने[2] वैज्ञानिक तरिकाबाट[3] यज्ञ–यागादिको विधान बन्यो। रुधिर तर्पणबाट (रुधिरको तातोपनाबाट अर्चिरादि-लाई र त्यसको झोलपनाबाट सोमादिलाई) दुबै अर्चिरादि र सोमादि यागलाई पुष्टि गर्छ। त्यस उसले विष्णु भगवान्‌को उद्देश्यले गरीने अश्वमेधयज्ञमा पनि घोडा काटेर त्यसको मासुले हवन हुन्थ्यो। त्यो कर्म कलियुगमा निशेध हुँनाले हाल निगममार्गले सोमयाग र आगममार्गले मांसाहुतिमहायाग हुन्छ। यी दुबैमा बोकाको मासुले हवन हुन्छ। यी सबैको वैज्ञानिक रहस्यको पछि पछिको लेखमा यज्ञ–यागादिको वर्णन गर्दा चर्चा गर्ने छु। निगमागमले पशुयागको यस्तो मुक्तकण्ठले प्रशंसा गरेको छ। फेरि हाम्रा पूर्वज आर्यहरूले वैदिककालदेखि नै यो कर्म गरी आएको कुरा इतिहास र पुराणादिमा प्रशस्त

1. अग्नीषोमात्मकं=अग्निश्च सोमश्च अग्नीषोमौ" तौ एव आत्मा यस्यतत्
2. नियन्त्रणगर्ने = Regulate.
3. वैज्ञानिक तरिका=Scientific-process.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मात्रामा देखिन्छ। तैपनि वैष्णव र द्विजबाट वैष्णव भई टोपलेका महात्माहरू आफ्नो संकुचित विचार प्रचार गरी मृगादि पशुको छालाको आसनमा बसेर आफ्ना इष्टदेवतालाई कस्तुरीको चन्दन र धूप समर्पण गर्दै पशुयागको निन्दा गर्दछन्। बंगालका धेरैजसो वैष्णवहरूका परम्परामा माछा-लाई "समुद्र र फल" अर्थात "समुद्रको फल" भनेर खान्छन्। झन हाम्रो नेपालमा त "मासुखान मन लागे खुरुक्क पसलबाट मासु किनेर वा वैभवशालीहरूको खसीपालामा अरूको हातबाट पशुपक्षीलाई काटकुट गराएर खाए भई हाल्छ। देवताको नामले हिंसा किन गर्न पर्‍यो?" भन्ने नयाँ शास्त्र बनाए र "देवान् पितृन् समभ्यर्च्य खादन् मांसं न दोषभाक्" अर्थात् "देवतालाई र पितृलाई समर्पण गरेर मासु खाए दोष लाग्दैन" भन्ने शास्त्रको वचनमा हरिताल लगाउन खोज्दै छन्। यस्ता महात्माहरूमा यो विनम्र निवेदन छ कि धर्ममा सबैलाई स्वतन्त्रता छ, सबै आफ आफ्नो रुचि अनुसारको धर्मावलम्बी हुन्छन्, फेरि पशुयागकर्म पनि आर्य धर्म-परिपालक हो "संशयात्मा विनश्यति" भने जस्तो संकुचित विचार भएका-हरूले यो कर्म गर्न हुँदैन गर्दैनन् पनि, त्यस्तै आफूले नगरे भएकै छ। त्यो कर्म गर्ने अरू आर्यभाइहरूको परनिन्दा गरेर धर्मको नाममा पाप किन कमाउनु? यसमा जति प्रयास गरेर घोक्रो सुकाएर नारा लगाए पनि आफूलाई दृढ विश्वास जमी सकेको र आफ्नो पुरुख्यौलीले गर्ने गरेको धर्म कुनै हालतमा पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रहस्यज्ञहरू र आफ्नो पूर्वजमा श्रद्धा भएका दृढसंकल्पवाला बीरहरूले छाड्ने छैनन्। यो कुरा ध्रुवसत्य छ।

अब चोखो र विटुलोको वारेमा चर्चा गरौं। संसारमा जे जति प्राणी र पदार्थहरू छन् ती सबै सम हुन् अर्थात् न चोखा न विटुला हुन्। चोखो र विटुलोको भाव त मनले कल्पना गरेको मात्रै हो। फेरि मनको पथप्रदर्शक आफ आफ्नो धर्मशास्त्रको उक्ति हो। उदाहरणको लागी विचार गरौं। गोमांसलाई विटुलो संझिएर हामी घिनाउँछौं। तर मुसलमान्‌-हरू सोही गोमांस चोखो संझिएर खान्छन्। फेरि गाईको गोवर र गहुत हामी अति पवित्र संझिएर प्रयोग गर्छौं। तर मुसलमान्‌हरू सोही गोवर र गहुत फोहोर संझिएर घिनाउछन्। हेरील्याए उनीहरू पनि हामी जस्तै मानवरूपी प्राणी हुन्। तैपनि आफ आफ्नो धर्मशास्त्रको प्रेरणाले मनमा यत्रो भेदभाव उठायो। अरू मतमतान्तरको धर्मशास्त्रको वारेमा भने मलाई केही पनि थाह छैन। हाम्रो धर्मशास्त्र भने स्वास्थ्य र वैज्ञानिक रहस्यतिर पूर्णदृष्टि दिएर विचारसाथ व्यवहारको समेत खयाल राखेर बनेको छ। कस्तो भने मानिसको नर्क खाने गाईको गोवरले पोतेर हामी गृहशुद्धि गर्छौं। तर मानिसको नर्कलाई छिः छिः दुर दुर गरेर छुन पनि घिनाएर हटाउँछौं। झन् त्यो वस्तु त सदैव हाम्रो पेटभित्र साथमा हुँदैछ। यस्तो हुँनाको कारण के हो भने गोवरमा रोगनाशकतत्त्व हुँनाले ग्राह्य र मानव नर्कमा रोगकारकतत्त्व

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हुँनाले त्याज्य भन्ने धमशास्त्रले ठहरायो। एवं सफाईमा आरोग्य र फोहोरमा रोगको संभावना हुँनाले धर्मशास्त्रको मर्यादा अनुसार आचार्य र गुरु बन्ने काममा त्रिकाल स्नान सन्ध्या गरी ज्यादै चोखिनीति गरी सात्विकी निष्ठामा रहनेहरू 'ब्राह्मण' भन्ने उत्तमोत्तम जातका, अनि सफासुघरमा रही स्नान सन्ध्यादि गरी राजसी निष्ठामा रहनेहरू 'क्षत्रिय' भन्ने मध्यमोत्तम जातका, फेरि खेती र बेपार गर्दा स्नान सन्ध्या गरे पनि मैला मानिस सितको संसर्ग हुने र बराबर लेनदेनमा झुट्ठा व्यवहार भईरहने हुंनाले तामसिक निष्ठामा रहने तिनलाई 'वैश्य' भन्ने अधमोत्तम जातका ठहराई धर्मशास्त्रले यी तिन उत्तम जातकालाई "द्विज" भन्ने उपाधि प्रदान गऱ्यो। अनि स्नान सन्ध्या र साफसुघरको परवा नराखी दासत्वधर्म कायम राखनेहरूलाई मध्यम जातको 'शूद्र' भन्ने, फेरि घृणितमा गनिएको पदार्थको व्यवहार गर्नेहरू अधम जातको 'अन्त्यजाति' भन्ने, अनि विधर्मी अर्थात् आर्यधर्मदेखि इतरका धर्म मान्नेहरूलाई अधमाधम जातका 'म्लेच्छजाति' भन्ने ठहराई मानिसलाई छ श्रेणीमा विभाजन गरी धर्मशास्त्रले छोटा र बडा भन्ने भेदभावको सृजना गऱ्यो। अनि उत्तम र मध्यम जातकाहरूलाई सुघरी र अधम जातकाहरूलाई फोहरी ठहराई अन्त्य जातिहरूबाट स्पर्शसम्म मात्र भएको पानी पनि पिउन धर्मशास्त्रले मनाई गरेबाट मानिसले मानिसलाई घृणा गर्ने अन्धविश्वासको सृजना भयो। तर यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सबै नियम उस कालको सामाजिक दृष्टिबाट सबै जना सोझा-सादा हुँनाले आफ आफ्ना धर्मको नियम पालन गरी अनुशासनमा रहने हुँनाले सबैको स्वास्थ्यरक्षा र कल्याणको लागि यो धर्मशास्त्रको विधान प्रशस्त मात्रामा आर्यहरूले अपनाए। अनि मानवपरिवारको वृद्धि हुँदै जाँदा परिस्थितिले मानिसलाई झन् झन् वाठो र छट्टू बनाउनलाग्यो र धर्मशास्त्रको अनुशासन अलि अलि गरेर भङ्ग हुन थाल्यो। आर्यहरूको संगठन हुनासाथ पूर्वोक्त प्रकारले काम बाँडेर चार वर्ण वनेको थियो त्यस काल-सम्म एउटैको तीन छोरा भए आफू आफूले रूचाएर अंगिकार गरेको कामबाट जात बन्दो रहेछ। किनभने 'मानव' र 'मनुष्य' भन्ने संज्ञाले नै यस कुरालाई स्पष्टीकरण गर्दछ। "मनो अपत्यं पुमान् मानवः वा मनुष्यः" अर्थात् "मनुको सन्तान मानव वा मनुष्य" भन्ने कुरा स्पष्टै देखिन्छ। त्यसो नभए विश्वामित्र क्षत्रियपुत्र भएर पनि ब्राह्मण हुन जोडगर्न थिएनन्। तर विश्वा-मित्रले यो प्रयास गर्नु भन्दा अघि नै विन्दुको नाताले जातवनि आफ आफ्नो जात अनुसारको कर्म गनपर्ने भएको रहेछ। जस्तो कि मकैको बीज पवित्र ठाउँमा रोपेर अंकुराएको बोटबाट फलेको मकै जत्तिको पवित्र र खानहुने हुन्छ, उस्तै सो बीज रसानमा रोपे पनि उत्तिकै पवित्र र खान हुने मकै उब्जन्छ। अतः वीरिणीपुत्र नारद, कुम्भपुत्र वशिष्ठ, ब्राह्मण भन्दा सानो जातकि कन्या अविवाहिता मत्स्यगन्धाका छोरा वेदव्यास र शुकीपुत्र शुकदेव विन्दुको नाताले ब्राह्मण र वेश्यापुत्री

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शकुन्तलाका पुत्र भरत क्षत्रिय बनेको देखिन्छ। त्यसपछि आफ्नो रुचिले वा परिस्थितिले गर्दा उपल्लो जातकाहरू मध्ये कुनै कुनै तल्लो जातको कर्ममा प्रवृत्त भएर जीवन वृत्ति चलाउन पर्दा कर्मबाट नभई बिन्दुबाट जात बन्ने प्रथा रह्यो, किनभने त्रेतायुगमा परशुराम र रावणपरिवार अनि द्वापरयुगमा द्रोणाचार्य र अश्वत्थामाहरूले क्षत्रिय कर्म गर्दा पनि ब्राह्मणनै ठहरीए। अनि जब आर्यखलक बढ्दै गए। अनि आपसी ईर्ष्या र द्वेष भाव बढ्दै गयो र जातिपातिमा आमाको पनि विचार हुन लाग्यो र सोही चार जातबाट ३६ वर्णभेद बन्न गए। त्यसपछि उत्तमोत्तमजातको जन्म भए पनि धेरै जसो ब्राह्मणहरूले भित्री आफ्नो ब्रह्मकर्म छाडेर पेटको लागि अर्कै वृत्तिमा लाग्न पर्ने भयो। त्यस अवस्थामा धेरैले हाहा गर्दा मेरुतन्त्रको यस उक्तिको भरपर्न पऱ्यो।

"ब्रह्मवीर्यं तथा क्षेत्रं संस्कारा ब्रह्मसंभवाः।
ब्राह्मणाऽऽचारणादब्रह्मविद्याभिर्ब्राह्मणो भवेत् ॥
यस्य वश्या वयं यस्य वाचामर्थोऽनुधावति।
एकस्मिँल्लक्षणे हीने वागर्थमनुधावति ॥
द्विहीनलक्षणो देवि स्वाचाराद्ब्राह्मणो भवेत्।
लक्षणत्रयहीनो यस्तन्त्रमार्गेणसिद्धयति ॥"

भावार्थः—"ब्राह्मणको बीर्य र क्षत्रियको बीर्य ब्रह्मबाट निस्किएको संस्कार अर्थात् ब्रह्मज्ञान प्राप्तभएका, ब्राह्मणको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आचारमा रहेरका र ब्रह्मविद्या (दीक्षा) ग्रहण गरेकाहरू ब्राह्मण हुन्छन्। (शिवले भन्छन) हामीलाई वशमा पार्ने आफ्नो वचनमा अर्थको अनुसरण गराउने यी पूर्वोक्त तीन लक्षण मध्ये एउटा मात्रै लक्षण नभए बचन सितै अर्थ गए भैं त्यो ब्राह्मणनै हुन्छ। दुई लक्षण नभए बाँकी रहेको एउटाको आचारले पनि ब्राह्मणनै हुन्छ। तीनै लक्षण नभए पनि तन्त्र-मार्गमा लाग्नाले सिद्ध हुन्छ अर्थात् ब्रह्मत्व जाँदैन।" यसउसले कलिका ब्राह्मणहरूलाई पाशवकल्पकै भएपनि तान्त्रिकदीक्षा दिलाएर मात्रै पूजनु पर्छ। फेरि तन्त्रमा यस्तो वचन छ।

"ये विप्राः शापनिर्दग्धा ब्रह्मकर्मविवर्जिताः।
तेषां तु कुलधर्मोऽयं भुक्तिमुक्तिस्तु साधनम् ॥
ये विप्राः पापसंजाताः शापनिर्दग्धविप्लुताः।
तेषां कुलाधिकारोऽयं मार्गस्यास्य प्रजायते ॥"

भावार्थः—"शाप परेर ब्रह्मकर्मबाट त्यागिएका विप्र-हरूको लागि यो कुलधर्म भुक्तिमुक्तिको साधन हो। पापले युक्त भएर शापले दग्ध भएकाहरूलाई पनि यो कुलधर्ममा अधिकार रहन्छ। अर्थात् व्यावहारिक किसिमबाट देह अपवित्र भएपनि मन पवित्र राखेर कुलधर्म ग्रहण गर्न सबैलाई अधिकार छ।" फेरि वृहद्वडवानलतन्त्रमा यस्तो छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

"अयोग्यानाञ्च विप्राणां न देयं कुलदीक्षणम् ।
श्रीपदाम्भोजसुरतान् चाण्डालानपि दीक्षयेत् ॥

अर्थात्:—"अयोग्य भएको विप्रलाई कुलमार्गको दीक्षा दिनु हुदैन, श्रीको भक्तिमा लठ भएको छ भने चाण्डाललाई पनि सो दीक्षा दिनहुन्छ ।"

यस्तो प्रथा रहेको मतलव के हो भने वैदिकमतमा "दासोऽहं" भावले उपासना देहाभिमानले हुँने हुँदा चोखो र विटुलोमा विचार राखी जातिपातिमा अधिकार निहित हुन्छ । तर तान्त्रिकमतमा आत्मा त सवैको सम नै हुनाले "सोऽहं" भावले उपासना आत्माभिमानले हुँने हुँदा मनको पवित्रताको विचारमा मात्र अधिकार निहित हुन्छ । योग्य भए अन्त्यजातको व्यक्तिलाई पनि क्रमदीक्षा ग्रहण गरेर पूर्णाभिषेक प्राप्त गरी कौलावधूत हुन ब्राह्मणजातको व्यक्ति सरह अधिकार छ । "मृतङ्गऋषि पोडे जातका थिए पछि ऋषिवर वनेर भैरवत्व प्राप्त गरे" भन्ने र "भिल्लिनी शवरी मुक्त भयिन्" भन्ने कुरा पुराणादिमा समेत देखिन्छ । क्रमदीक्षा ग्रहणगरी पूर्णाभिषेक हुँदाको वारेमा मेरुतन्त्रमा यस्तो वचन छ ।

"गतं शूद्रस्य शूद्रत्वं गता विप्रस्य विप्रता ।
दीक्षासंस्कारसंपन्ने जातिभेदो न विद्यते ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्णाभिषेकं कृत्वा तु यत्र कुत्र मृतोऽपि च ।
स एव देवीरूपः स्यात् स देवो धन्यतामियात् ॥"

भावार्थः—"दीक्षासंस्कार भए पछि अर्थात् क्रमदीक्षाको पूर्णसंस्कार भए पछि शूद्रको शूद्रत्व र विप्रको विप्रता गएर जाति भेद रहदैन । पूर्णाभिषेक भयीसके पछि त जहाँसुकै मरे पनि देवरूप भएर धन्य होइन्छ ।"

तर यस्तो उक्ति भए पनि यो वचन पारमार्थिक कर्ममा मात्रै लागु गराएर व्यावहारिक कर्ममा आफ आफ्नै जातको वनि परिस्थिति अनुसार समाजमा मिली आफ्नो गृहस्थाश्रम धर्मको प्रचलित रहनसहन कायम राख्नै पर्दछ । फेरि तन्त्रान्तरमा अर्को वचन प्रमाण यस्तो छ ।

"पूर्णाभिषेकसंयुक्तश्चाण्डालोऽपि भवेद्यदि ।
स ब्रह्मर्षि महेशानि नात्र कार्या विचारणा ॥
पूर्णाभिषेकहीनो य ऋषिवर्योऽपि पार्वति ।
स ब्राह्मणाधमः प्रोक्तस्त्वभिषेकी द्विजोत्तमः ॥"

भावार्थः—"पूर्णाभिषेक पाएको व्यक्ति चाण्डालै भए पनि त्यो ब्रह्मर्षि हो । हे पार्वति यसमा सन्देह छैन । पूर्णाभिषेक नपाएको उत्तमऋषिनै भएपनि त्यो ब्राह्मणाधम हो । अभिषेक पाएको भए द्विजोत्तम हो" यस उक्तिमा चाण्डाललाई भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मर्षि हुने रे ऋषिवर्यलाई द्विजोत्तम मात्रै किनभनेको हो भने ब्राह्मण ऋषि भए उसै ऋषिवर्य हुन्छ। अतः पूर्णाभिषेक नभएका अधमऋषि भएका द्विजोत्तम ऋषिवर्य हुन्। यसबाट स्पष्ट हुन्छ कि वैदिकमार्गले उपासना गर्ने जस्तो तान्त्रिक मार्गले उपासना गर्नामा जातिपातिमा कट्टरपना रहेर अधिकार निहित हुदैन। जोसुकैलाई पनि पराकाष्ठामा पुग्न समान अधिकार हुन्छ। माथि चर्चा भई सक्यो कि वैदिकोपासनामा "दाऽसोहं" भाव हुन्छ। अतः सोही "दा" भन्ने भाव हटाएर "सोऽहं" भाव ल्याएर देवरूप बन्नाको लागी गायत्री पछि दीक्षा ग्रहण गर्नै पर्ने आवश्यक हाम्रो सनातन कुलधर्ममा हुन गयो।

माथि वर्णन भए झैं गरी सुघर र मैलोको ध्यान विचार बाट जाति धर्मको उत्पत्ति हुनासाथ 'साना ठूला' अर्थात् 'छोटा बडा' भन्ने-भेदभावको जन्म भयो। "कर्म अनुसारको बुद्धि र संगत अनुसारको मानिस" भन्ने कुरा त अनुभवसिद्ध नै छ। अतः सानालाई हेलत्व र ठूलालाई पूज्यस्थान प्राप्त हुन गयो। त्यस बेला सबै आफ्ना आफ्ना जाति धर्मको नियम यथार्थ पालन गर्ने हुँदा जातमा छोटापन र बडापन निहित भयो। त्यसपछि ब्राह्मण र क्षत्रियमा बडापन प्राप्तिको लागी बराबर संघर्ष हुँदै गई कहिले ब्राह्मण कहिले क्षत्रिय ठूला भएका पुराणादिमा देखिएबाट सामर्थ्यमा छोटा बडापन निहित भएर ब्राह्मणको छल र क्षत्रियको बलको संघर्ष केही कालसम्म चल्यो। पनि अन्त्यमा सो छोटाबडापन वैभवतिर ढल्न गयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अद्यापि यही नियम कायम हुँनाले पैसाको लागी मानिसमा कर्तव्याकर्तव्यको विचार नभई हिरिक्क भएबाट जाल, पेच, चोरी, हिंसा[1] र हत्या[2] इत्यादिले जरा हाल्न थाल्यो। अनि धनी बडा र कंगाल छोटामा गनिन लागे। यो प्रभाव यति गहिरो सक्यो कि मानिसले धनीसित घुँडेनाता जोडेर आफन्त हुन खोज्छन्। तर आफन्तमा कोही कंगाल भए छिः छिः र दुरदुरगरी एक कोस पर भाग्छन्, अझ नचिने जस्तो गरी "नाता नै छैन" भन्न पनि बेर मान्दैनन्। तर विद्याले भने दिवंगत आत्मा वने पछि मात्रै ठूलो स्थान दिलाउने प्रथा अघिदेखि हालसम्म पनि प्रचलित भईरहेछ। त्यस्ता महानुभावहरूले जीवितावस्थामा कहिले पनि सुख र आरामको मुख नदेखे पनि दिवंगत आत्मा भए पछि ठूलो स्थान पाएको देखिन्छ। उदाहरणको लागी पाश्चत्य विद्वान्हरूमा सेक्सपिएर र होमर आदि हाम्रा विद्वानहरूमा आदिकवि श्रीभानुभक्त आचार्य र महाकवि श्रीलक्ष्मीप्रसाद देवकोटा आदिको जीवनी छँदैछ। "पूर्वोक्त दिवंगत आत्मा भए पछि मात्र ठूलो हुने व्यक्ति किन ठूलो हुन सकेन ?" भन्ने वारेलाई मेरो मनमा लागेको कुरा दर्शाउँछु त्यो भ्रम पनि हुन सक्छ। सच्चा विद्वान् र विचारवान् व्यक्ति पैसाको पछि लागेर अनेक

1. हिंसा = अर्काको चित्त दुखाउनु = to afflict mentel pain to others.
2. हत्या = अर्कालाइ मार्नु = Murder.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाङ्ग गर्न जान्दैन सो नजान्नु नै समाजमा स्वाले वन्नु हो। त्यसले स्वाङ्गी समाजलाई पागल देख्छ, समाजले त्यसलाई पागल देख्छ। त्यस्ता व्यक्तिले अर्काको दुःख हेर्न नसकी खर्च गर्दा ठगको सिकार पनि बन्न जाने संभव हुन्छ, फेरि सँधै आफ्नै विचारमा मग्न भई रहेर कुनै व्यावहारिक विषयको पनि पर्वा नगर्दा धनी वन्न सक्तैन; धनी नहुनु नै ठूलोमा नगन्निनु हो। "दाता दरिद्री कृपणी धनाढ्यः" भन्ने त छँदैछ। धनी व्यक्ति जतिसुकै कृपणी भएर त्यसबाट एकथोपा पानी पनि अर्कोले पाउने संभव नभए पनि ठूलोमा दर्ता भई नाक ठाडो गर्छ। तर विचारवान् लेखकहरू नमात्तिई नआँत्तिई नाक भुईं तिर फर्काएर कलमद्वारा आफ्नो विचार प्रकट गर्दै मनरूपि स्वर्गमा मग्न भईरहन्छ। यो कुरा त देखिदै छ कि जीवित कालका धनीहरू मध्ये घेरै जना देहत्याग गरे पछि मामूली व्यक्ति सरह प्रकृतिमा विलाउँछन्। उता लेखकहरू भने उनका लेखहरूले मानवहृदयमा जरागाडेसम्म अकुंराएर पलाउँदै अमर भई रहन्छन्। हालमा कालचक्रको परिवर्तनले गर्दा समताको जागर्ति र अन्धश्रद्धाको क्षय गराउने हावा जताततै चल्नथालेबाट समाजमा असन्तुष्टि अकुंराउन थाली-रहे छ र वैभवले पनि महत्व गुमाउँदै गईरहेछ। अतः सोही महत्व प्राप्तिको लागि कसैलाई रासनतिर, कसैलाई शासनतिर र कसैलाई भाषणतिर विचार गई देवासुर संग्राम झैं छल, कपट र ढोंगीपोतोले सिंगारिएको 'गफ' र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो तन मन खियाएर परिश्रमगरेको 'तपको' गर्दिघमासान परीरहेछ। 'गफमा' एक व्यक्ति वा एक दलको मात्र स्वार्थ सिद्धिको ध्येय हुन्छ, 'तपमा' भने देश, नरेश र सबै मानव-समाजको हितको ध्येय हुन्छ। यो 'गफ' र 'तप'को लडन्तको नतिजा आखिरमा कस्तो हुन आउने हो त्यस कुराको अनुमान गर्न सकिदैन। 'गफ' असत् हुँनाले दासत्वको र 'तप' सत् हुनाले स्वतन्त्रताको कारण हुन्। जे भए पनि यो कलियुग हो समाजमा जस्तो परिस्थितिको हावा वहेर जुन नियम बन्दछ वाहिरबाट उही नियम कायम राखी भित्र आफ्नो अन्तस्करण ठीक राखी उपासना गर्नु नै सच्चा उपासना हो। पुरानो वैदिककालको नियम राख्न खोज्नु ढोंग हो। यसको मतलव के हो भने समाज सुहाउँदो धर्म र रहनसहनमा वाहिरी मेलमिलाप राखी भित्र आफ्नै सनातन कुलधर्म अर्थात् (कुलोद्भवः कौलः) कौल बनेर उपासना गर्न पर्छ। अतः श्री १०८ शंकराचार्यजीको "यद्यपि शुद्धं लोकविरुद्धं नाचरणीयं नाचरणीयम्" अर्थात् "शुद्ध भए पनि लोकविरुद्धको काम नगर्नु नगर्नु" भन्ने वचन छ। फेरि वैष्णवहरू प्रवल भएको कालमा लेखिएको तन्त्रमा "अन्तः शाक्ता बहिः शैवाः सभायां वैष्णवामताः। नानारूपधराः कौलाः विचरन्ति महीतले" अर्थात् "भित्र शाक्त मतको वाहिर अर्काले हेर्दा शैव जस्तो सभामा भने वैष्णवमतको कुरा छाट्ने भएर अनेकतरहको छाँट् गरेर कौलहरु पृथ्वीमा घुम्दछन्।" भन्ने उक्ति छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनि राजा राममोहन रायले महानिर्वाणतन्त्र लेख्दा शाक्त र वैष्णवको मेल गराउने प्रयास हुन लाग्दा जनतामा कुल मागको रहस्यको केही ज्ञान गराएर त्यसमा प्रवृत्त गरउन आवश्यक पर्न जाँदा त्यस तन्त्रमा "अत एव मयाप्रोक्तं दुष्कृते प्रवलेकलौ। कुलाचारोऽपि सत्येन कर्तव्यो व्यक्तभावतः॥ गोपनाद्धीयते सत्यं न गुप्तिरनृतं विना। तस्मात् प्रकाशतः कुर्यात् कौलिकः कुलसाधनम्॥" अर्थात् "त्यसउसले म भन्दछु कि कलिप्रवल भएको खराव युगमा कुलाचार सत्य भावले प्रकाशसाथ गर्नु। गोप्यबाट सत्य हराउँछ झूट्टा नभई गुप्ति हुँदैन। त्यसकारणले कौलले कुलसाधन प्रकाशगरेर गर्नु।" भन्ने वचन छ। यी दुवै उक्तिको मत कायम राखेर हाम्रा नेपालका तान्त्रिक आचार्यहरू सन्ध्यागर्दा प्रकाश जस्तै गरी अक्षतपुञ्जमा अक्षताले नै पूजा गर्दछन्; आफ्नो आगमको पूजा भने अति गुप्त राखेर 'हरेराममा' समेत सामेल हुन्छन्।

षष्ठ पटलमा चर्चा भए वमोजिमको तोरणको कला यहाँ हाम्रो देवालयमा प्रशस्त मात्रामा पाइन्छ फेरि भोटतिर पनि यसको अनुकरण देखिन्छ। फेरि हाम्रो नेपालको दोलागिरी पवत (चाँगु डाँडाँ) को आग्नेय भागमा वीरभद्रानदीको संगममा अघि श्रीरामले सागरमा सेतुवन्धन गर्दा हनुमान्ले हिमालयपर्वतको श्रृङ्ग वोकी ल्याउँदा सो श्रृङ्गकेही वेर विसाई एउटा शिवलिङ्ग स्थापना गरी जलपान गरी "हनुमत्तीर्थ" भन्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस तीर्थको नामाकरण गरी आफू सो श्रृंग बोकेर गएका थिए। सोही पवित्रस्थापनमा वसी नारदऋषिको उपदेशले श्रीबाल्मीकीऋषिले वाल्मीकीरामायण नामक आदिकाव्य निर्माण गरेका हुन। यो कथा हस्तलिखित वंशावलीमा पाइन्छ। सो हनुमत्तीर्थमा आफ्नो काव्य समाप्त गरी बाल्मीकीश्वरनामले एक शिवलिंग समेत स्थापना गरे। अद्यापि यस तीर्थ हाम्रो भक्तपुरमा "हनुमान् घाट" भन्ने नामले प्रसिद्ध छ। पूर्वोक्त दुई शिवलिंग पनि छदैछन। अतः यस पृथ्वीको पूव भागको हाम्रो नेपाल र पश्चिम भागको ग्रीस साहित्य, कला र विज्ञानकी जननी हुन् भन्नामा अत्युक्ति होला जस्तो लाग्दैन।

अतः पाश्चात्य विज्ञानशास्त्र भन्दा हाम्रो विज्ञानशास्त्र धेरै अघि जन्मिएको बुझिन्छ। तर खेदको कुरा यो छ कि हामी विवश भएर उनिहरूलाई गुरुथापेर "विज्ञान भनेको के हो ?" भन्ने कुरादेखि सिक्न परीरहेछ। वैज्ञानिकरहस्यको यथार्थ तथ्य कुरा आजसम्म कसैले पत्ता लगाउन सकेको छैन। हाम्रो शास्त्रले जतिसम्म पत्ता लगाएको थियो तेत्तिकैमा हराएर गयो अर्थात् जतिसम्म पत्ता लागेको थियो, त्यो पनि संकेत-रूपमा रह्यो। अनि सोही संकेत-विद्या पनि गुरुमुखमा निहित भएकोले गुरुहरूको आपसी ईर्ष्या, र द्वेषको जरियाबाट "गोपनीयं" र "नदेयं परशिष्येभ्यः" भन्ने उक्ति वन्न गई अनेक गुरुपरम्परा बन्न जाँदा परस्परको छलफलको अभावले घट्दै गई नामेटै जस्तो भईसक्यो। उता पाश्चात्यहरूमा भने ईर्ष्या र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

द्वेष नहुँदा गुरुहरूले आफ्नो अनुभव स्पष्टतया लेखेर छाडेका हुँनाले त्यसबाट धमाधम चर्चा हुँदैछ र अधिकाले अठोट गरेका कति कुरालाई 'भ्रम' भन्ने सावित गराई सच्याएर नयाँ नयाँ रहस्य पत्ता लगाएर उन्नति गर्दैछन्। हामीले भने "आफ्नो शास्त्रमा विज्ञानको विषयमा यतिसम्मको कुरा छ।" भन्ने-सम्म पनि पत्ता लगाउन सकेका छैनौं। नयाँ अविष्कार गर्ने कुरा त बतासे भयो। हाम्रा आर्षहरूबाट कति कति वैज्ञानिक-रहस्य पत्ता लगाएर छाडेर गए त्यत्ति मात्रै पनि सबै फेला पार्न सके कति हुने थियो! यही विचारले आफ्नो गुरुपरम्परानुसार जे जति जानेको छु वेद र तन्त्रको संकेतोक्तिबाट वैज्ञानिक रहस्यको चर्चा गरी कलम घोटीरहेछु। अब अरू सुदीक्षित महानुभाव र विद्वद्वृन्दहरूले पनि यस्तै गरी वेद र तन्त्रबाट वैज्ञानिक रहस्यको उद्‌घाटन गरी लेख्ने कृपागर्नु भए, पछि हाम्रा भावी सन्तानलाई पाश्चात्य वैज्ञानिकहरूले जस्तै विचार विमर्श गर्न मौका पाउने संभव हुने थियो। एउटा परम्पराबाट एक विषयको विशेष ज्ञान मिले अर्को परम्पराबाट फेरि विशेष गरी अर्कै विषयको ज्ञान मिल्न सक्छ। फेरि कुनै कुनै सूत्रको अर्थ पनि परम्पराभेदले केही फरक हुने संभव हुन्छ। मैले आफ्नै गुरुपरम्परानुसार हादिमत श्रीविद्याकल्पमै पनि धेरै भेद हुँनाले आफ्नो भेदको मात्रै चर्चा गरीरहे छु। वास्तवमा मैले न संस्कृतमा न अंग्रेजीमा कुनै विद्या उपार्जन गरेर विश्व-विद्यालयबाट कुनै उपाधि प्राप्त गर्ने सौभाग्य पाउन सकें, न त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आफूले गुरुबाट पाएको कुलविद्यामा कुनै सिद्धि हासिल गर्न सकें। म जस्तो एउटा अदना व्यक्तिले यस्तो गहन विषयमा चर्चा गर्न खोज्नु त हत्केलाले सूर्य ढाक्न खोजे जस्तो हो। तैपनि म जस्तै भए पनि धेरै जनाको प्रयास हुन गए केही न केही नतिजा मिल्न सक्ने छ भन्ने आशा गर्दछु। हाम्रो नेपाल शास्त्रको खानी हो भन्ने कुरा सुविख्यात छ। म जस्तो अल्पज्ञले त कलम चलाउने दुःसाहस गरी रहेछु भने यहाँका वेदज्ञ र तन्त्रज्ञ विद्वान् पण्डित, आचार्य र बज्राचार्य महानुभावहरूबाट कोशिस भए नहुने कुरात केही छैन जस्तो लाग्छ। उहाँहरूमा मेरो यही विनम्र अनुरोध छ कि उहाँहरूबाट पनि मातृभूमिको नाक ठाडो गराउनाको लागि कलम चलाउने कष्ट उठोस्। मेरो यस लेखमा कुनै उचनिच परेको भए पाठक महानुभावहरूसित क्षमापार्थी छु। अब यत्तिकैमा यो पटल समाप्त गरी यस पुस्तकको लेख टुंग्याउछु। पाठक वर्गसित अर्को लेख नलेखेसम्मलाई बिदा हुन्छु। जय नेपाल !

॥ इति श्रीनियमविवरणन्नाम सप्तमः पटलः समाप्ति पूर्वक निगमागमवैज्ञानिकसारः ॥

॥ शुभम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

॥ शुद्धिपत्रम् ॥

पृष्ठ।	पंक्ति।	अशुद्ध।	शुद्ध।
१	५	दर्पषणमा।	दपणमा।
२	१०	बिदान।	निदान।
८	१५	घूर्णक्रिया।	घूर्णनक्रिया।
६	५	वभव।	वैभव।
११	१	पञ्चासद्वर्ण निर्णयम्।	पञ्चाशद्वर्णनिर्णयम्।
११	३	आयु घान्यासनं।	आयुधान्यासनं।
१५	२०	चुतुर्वकत्रं।	चतुर्वक्त्रं।
१६	७	नवलोछनं।	नवलोचनं।
१८	६	यथाः।	यथा।
१८	१७	षोडम भिर्दिव्यैः।	षोडशभिर्दिव्यैः।
१८	१८	पट्टिशं।	पट्टीशं।
२०	१६	वृहद्रुपं।	वृहद्रूपं।
२२	१६	मेपानां।	मेघानां।
२३	११	गौरवर्णसं।	गौरवर्णाभं।
२४	१७	मकरमाथि।	थकार मलरमाथि।
२६	१५	मृगमाथि।	यकार मृगमाथि।
३४	७	सुभ्रूललत्यबिम्बौष्ठी।	सुभ्रूललाटबिम्बौष्ठी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

३८	७	पूणो-दुवदनं ।	पूर्णेन्दुवदनं ।
५८	७	मुक्तकेशा ।	मुक्तकेशीं ।
६३	१६	व्रह्मप्रेत ।	व्रह्मप्रेत (Solidity) (यो तलको अंग्रजी माथी)
६८	८	पृषमे ।	वृषभे ।
७२	६	दिक्पलयः ।	दिक्पतयः ।
८८	८	Hupogastrio.	Hypogastric.
६१	१६	विशुद्धचक्र ।	विशुद्धिचक्र ।
६२	८	Carcic Plixus.	Cardiac Plexus.
१०४	३	अथकचक्र ।	अकथचक्र ।
११४	६	शील । शान्त ।	शीतल । शान्ति ।
११८	८	सूय ।	सूर्य ।
१२१	४	व्रहन ।	व्रह्म ।
१२७	१०	कलाकौ ।	कलाको ।
१४६	१३	अधिकार ।	अधिकारी ।
१४८	२०	गर्दछ ।	गर्दछु ।
१५६	१७	एकात्य ।	एकत्व ।
१६२	१४	लयंक्षयेदेहमध्यतः ।	लक्षयेदेहमध्यतः ।
१६२	१५	स्ति सृभिर्बुधः ।	स्तिसृभिर्बुधः ।
१६३	२१	सुविज्ञयो ।	सुविज्ञेयो ।
१६८	१७	VIrtical.	Virtical.
१७०	८	कातेर ।	काटेर ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१७६	१४	योगाभ्वास।	योगाभ्यास।
१९०	१३	नभिए।	नाभिस्थाने।
१९५	७	श्रीमन्त्रको।	श्रीयन्त्रको।
२०१	२२	Viltical.	Virtical.
२०२	७	खल = वि + ।	खल = वि॰ ।
२०२	९	$\sqrt{-१} + \sqrt{-१} = -१$।	$\sqrt{-१} \times \sqrt{-१} = -१$।
२०२	१२	Mani festation.	Manifestation.
२०३	४	$\frac{वि+^2}{खग^2}$	$\frac{वि^2}{खग^2}$
२१४	५	राह्लमम्स।	राह्लसम्म।
२१६	२	वद्र पसिद्ध।	तद्रूपसिद्ध।
२१६	२२	उपासजामा।	उपासनामा।
२२४	६	सौन्दर्य लहरी।	सौन्दर्यलहरी।
२२४	११	मूला घारे।	मूलाधारे।
२२५	१८	जुरो।	जूरो।
२३०	६	खवटांग।	खट्वांग।
२३२	८	निषठणां।	निषण्णां।
२३२	१६	चणक्राकाररूपेणा।	चणकाकाररूपेण।
२३३	७	क्षीरकुन्वेन्दुधवलां।	क्षीरकुन्देन्दुधवलां।
२३५	२२	पटलला।	पटलमा।
२४२	७	जापने।	जप्ने।
२४८	१६	थस्ति।	स्थिस्ति।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

२४६	६	साम्राज्वमेधा ।	साम्राज्यमेधा ।
२४६	८	बान प्रस्थाश्रम ।	वानप्रस्थाश्रम ।
२५७	१	पीठजामत हे तवे।	पीठजाग्रतहेतवे ।
२५७	२०	दक्षिमाम्नाय ।	दक्षिणाम्नाय ।
२७१	७	वस्त्या ।	वस्था ।
२७७	१०	फेला पर्न ।	फेलापार्न ।
२८५	२२	सार्कक ।	सार्थक ।
२८६	७	विश्रित ।	मिश्रित ।
२८६	११	योति ।	योनि ।
२९५	६	वताऐं ।	वताएँ ।
२९६	७	उपेक्षा ।	अपेक्षा ।
२९६	८	व्यवहारीक ।	व्यावहारिक ।
२९७	५	हिरण्यकशीपु ।	हिरण्यकशिपु ।
२९७	६	यमदग्नि ।	जमदग्नि ।
२९९	१५	कूर्यात् ।	कुर्यात् ।
३२२	१४	परांरहेछ ।	परीरहेछ ।

—:o:—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Q[P],2[E],23
RAN
2020

१४३५

वाल्मीकि विद्यापीठ-पुस्तकालयः

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu